# DIRECTORATE OF DISTANCE EDUCATON

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS - NEPALI

## SEMESTER-IV

भारतीय नेपाली  गद्याख्यान (कथा र उपन्यास)

**NEP(DE)-PG-C-401**

# BLOCK – 2

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U.,Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: ( O ) +91 0353-2776331/2699008

Fax:( 0353 ) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted,in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages. This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self-Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# भारतीय नेपाली गद्याख्यान (कथा र उपन्यास)

**BLOCK 1**

एकाइ 1 भारतेली नेपाली कथाको पृष्ठभूमि र विकासका चरणहरू

एकाइ 2 भारतेली नेपाली कथाको प्रवृत्तिगत अध्ययन

एकाइ 3 भारतेली नेपाली कथामा लोक जीवन, लोक संस्कृतिको चित्रण

एकाइ 4 आधुनिक नेपाली कथाको विकासमा भारतेली कथाकारको योगदानको मुल्याङ्कन

एकाइ 5 भारतेली नेपाली कथाको क्षेत्रमा भएका विविध प्रयोगपरक लेखन

एकाइ 6 आयामेली अवधारणा, लीलालेखन र भारतेली नेपाली कथा

एकाइ 7 भारतेली नेपाली कथामा क्षेत्रीय तथा आञ्चलिक विशेषता

**BLOCK 2**

एकाइ **8** भारतेली नेपाली उपन्यासको पृष्ठभूमि र यसको विकासका चरणहरू **. 7**

एकाइ **9** विषयवस्तु र संरचना शिल्पका दृष्टिले भारतेली नेपाली उपन्यासहरूको वर्गीकरण र विवेचना **.............................................................................38**

एकाइ **10** भारतेली नेपाली उपन्यासका प्रवृत्ति स्वच्छन्दतावादी**,** यथार्थवादी**,** प्रकृतवादी**,** अतियथार्थवादी**.....................................................................66**

एकाइ **11** भारतेली नेपाली उपन्यासमा प्रयुक्त संवाद र भाषिक वैशिष्ट्य **........94**

एकाइ **12** प्रयोगपरक भारतेली नेपाली उपन्यास **......................................... 118**

एकाइ १३ विसङ्गतिवाद तथा अस्तित्ववादका सन्दर्भमा भारतेली नेपाली उपन्यास **........................................................................................................ 146**

एकाइ **14** भारतेली नेपाली उपन्यासमा ऐतिहासिक सन्दर्भ र राजनैतिक परिप्रेक्ष्य **........................................................................................................ 173**

# BLOCK-2 भारतीय नेपाली  गद्याख्यान (कथा र उपन्यास)

**Introduction to block 2**

एकाइ **8** अन्तर्गत भारतेली नेपाली उपन्यासको पृष्ठभूमि र यसको विकासका चरणहरू रहेको छ। प्रस्तुत एकाइमा भारतेली नेपाली उपन्यासको पृष्ठभूमिबारे अध्ययन गर्दै यसका विकासका चरणहरूबारे अध्ययन गरिएको छ। प्रस्तुत एकाइको उद्देश्य भारतेली नेपाली उपन्यासलाई आधुनिक तीन चरणमा राखेर अध्ययन गर्नु रहेको छ भने भारतेली नेपाली कथाका विकासका चरणमा  नारीवादको प्रसङ्गबारे पनि अध्ययन गरिएको छ।

एकाइ **9** अन्तर्गत विषयवस्तु र संरचना शिल्पका दृष्टिले भारतेली नेपाली उपन्यासहरूको वर्गीकरण र विवेचना रहेको छ। कथामा प्रयुक्त विभिन्न विषयवस्तुबारे परिचय दिएको छ। कथाको विषयवस्तु र संरचना शिल्पबारे अध्ययन गर्दै भारतेली नेपाली उपन्यासहरूको अध्ययन गर्नु प्रस्तुत एकाइको उद्देश्य रहेको छ। प्रस्तुत एकाइमा विषयवस्तुका दृष्टि अन्तर्गत भारतेली नेपाली उपन्यासमा युद्धको सन्दर्भलाई पनि अध्ययन गरिएको छ।

एकाइ **10** अन्तर्गत भारतेली नेपाली उपन्यासका प्रवृत्ति स्वच्छन्दतावादी, यथार्थवादी, प्रकृतवादी, अतियथार्थवादी रहेको छ। भारतेली नेपाली उपन्यास जगतमा विभिन्न प्रवृत्तिहरू देखा पर्दछ तर उक्त केही प्रवृत्तिहरूलाई प्रस्तुत एकाइमा अध्ययन गर्नु उद्देश्य रहेको छ। उपन्यासको परिचय दिँदै गरिएको अध्ययनमा उक्त विविध प्रकारका प्रवृत्तिहरूबारे जानकारी दिएको छ। भारतेली नेपाली उपन्यासमा रहेका प्रमुख प्रवृत्तिहरू स्वच्छन्दतावादी, यथार्थवादी, प्रकृतवादी, अतियथार्थवादी यी चारलाई राखेर उपन्यासमा हेरिएको छ। स्वच्छन्दतावादी  प्रवृत्ति अन्तर्गत रूपनारायण सिंहको भ्रमर, अच्छा राई रसिकको लगन, शिवकुमार राईको डाकबङ्गला उपन्यास आदि पर्दछ। मुलुकबाहिर उपन्यासले यथार्थवादमा र यथार्थको प्रपीडित जगतमा प्रवेश,  मत्स्येन्द्र प्रधानको उपन्यास नीलकण्ठ, लीलबहादुर छेत्रीको बसाई, नेपाली उपन्यासपरम्परामा प्रकृतवादको झल्को लैनसिंह बाङ्गदेलको मुलुकबाहिर तथा लङ्गडाको साथीमा विशेष प्रयोग, इन्द्रबहादुर राईको आज रमिता छ यसैका प्रमाण हुन्। लैनसिंह बाङ्गदेलको लङ्गडाको साथी, अर्जुन निरौलाको घाम डुबेपछि यस्ता उपन्यास अतियथार्थवादी उपन्यास हुन्। उक्त विषयमाथि विस्तृत रूपमा अध्ययन गरिएको छ।

एकाइ **11** अन्तर्गत भारतेली नेपाली उपन्यासमा प्रयुक्त संवाद र भाषिक वैशिष्ट्य रहेको छ। भारतेली नेपाली उपन्यासमा प्रयुक्त संवाद र भाषिक वैशिष्ट्यबारे अध्ययन गर्नु प्रस्तुत एकाइको उद्देश्य रहेको छ। भारतेली विभिन्न उपन्यासहरूमा उक्त विषयलाई अध्ययन गरिएको छ।

एकाइ **12** अन्तर्गत प्रयोगपरक भारतेली नेपाली उपन्यास रहेको छ। उक्त एकाइमा प्रयोगबारे परिचय दिँदै प्रयोगपरक भारतेली नेपाली उपन्यासबारे अध्ययन गरिएको छ। आधुनिक भारतेली नेपाली उपन्यासमा के कस्ता प्रयोगहरू गरेका छन् त्यसबारे अध्ययन गर्नु प्रस्तुत एकाइको उद्देश्य देखिन्छ।

एकाइ **13** अन्तर्गत विसङ्गतिवाद तथा अस्तित्ववादका सन्दर्भमा भारतेली नेपाली उपन्यास रहेको छ। विसङ्गतिवाद तथा अस्तित्ववादी धाराका परिचय दिँदै भारतीय नेपाली उपन्यासको अध्ययन गर्नु प्रस्तुत एकाइको उद्देश्य रहेको छ। विसङ्गतिवाद तथा अस्तित्ववादीको विशेषताबारे पनि जानकारी गराइएको छ।। इन्द्रबहादुर राईको आज रमिता छ यस्तो औपन्यासिक कृति हो, जसले कथ्य र शैली दुवैको स्तरमा केही मात्रामा विसङ्गति प्रस्तुत गरेको छ। त्यो हिमाल यो जीवन देखि नै उपन्यास लेखनमा जुटेका असीत राईका पछिका यन्त्रणा र नयाँ क्षितिजको खोज जस्ता उपन्यासमा विसङ्गतिमूलक एवम् अस्तित्ववादी जीवनदृष्टि बोकेको पाइन्छ। नीलकण्ठ अस्तित्ववादी उपन्यास, प्रेम प्रधानका उदासीन रूखहरू उपन्यास आदिको अध्ययन गरिएको छ।

एकाइ **14** अन्तर्गत भारतेली नेपाली उपन्यासमा ऐतिहासिक सन्दर्भ र राजनैतिक परिप्रेक्ष्यय रहेको छ। नेपाली ऐतिहासिक र राजनैतिक उपन्यासहरूको अध्ययन गर्दै भारतेली नेपाली उपन्यासमा ऐतिहासिक सन्दर्भ र राजनैतिक परिप्रेक्ष्यबारे अध्ययन गर्नु प्रस्तुत एकाइको उद्देश्य देखिन्छ। विभिन्न उपन्यासहरूमा यस विषयलाई अध्ययन गरिएको छ।

# एकाइ 8 भारतेली नेपाली उपन्यासको पृष्ठभूमि र यसको विकासका चरणहरू

**संरचना**

8.0 उद्देश्य

8.1 परिचय

8.2 भारतेली नेपाली उपन्यासको पृष्ठभूमि

8.3 भारतेली नेपाली उपन्यासको विकासका चरणहरू

8.4 उपसंहार

8.5 सार

8.6 अनुशीलनी

8.7 अतिरिक्त अध्ययन

8.8 मूल्यवृद्धिको निम्ति उत्तर

## 8.0 उद्देश्य

भारतेली नेपाली उपन्यासको पृष्ठभूमि र यसको विकासका चरणहरूबारे जानकारी गराउनु प्रस्तुत एकाइको मुख्य उद्देश्य देखिन्छ। उक्त एकाइभित्र आधुनिक भारतेली नेपाली कथाको विभिन्न चरणहरूबारे अध्ययन गरिएको छ। भारतेली नेपाली कथाको विकास विभिन्न चरणहरू पार गर्दै भएको छ। यही कुराहरूको अध्ययन गर्नु प्रस्तुत एकाइको उद्देश्य रहेको छ।

## 8.1 परिचय

साहित्यका मुख्य ४ विधा (कविता, आख्यान नाटक, निबन्ध) मध्ये उपन्यास आख्यान विधा अन्तर्गत पर्दछ । जीवन जगतलाई नजिकबाट नियाल्ने, सरल सहज भाषामा अभिव्यक्ति दिने उपन्यास सर्वाधिक लोकप्रिय विधा हो । जीवनमा देखेका, भोगेका, सुनेका, अनुभव गरेका यथार्थलाई उपन्यासले

कलात्मक, रागात्मक किसिमले प्रस्तुत गर्दछ । उपन्यासले जीवनको अध्ययन गर्दछ । मानवीय मनका जटिलता, मनोग्रन्थीहरूलाई देखाउँदै पाठकलाई आकर्षित गर्छ । यसले रमणीयता, काल्पनिकताका साथै संघर्ष स्वच्छन्द, स्वाधीनताको बाटो पनि देखाउँछ । मनोरञ्जन गराउने, कौतूहलता जगाउने उपन्यास कथावस्तु, पात्र, घटना, परिवेश, भाषा शैली, उद्देश्यको संयोजनबाट निर्मित हुन्छ । जेहोस् उपन्यासले जीवनका द्वन्द्व, अन्तद्र्वन्द्व विरोधाभाष, विसङ्गति, विकृति, संवेदना, करुणा, हाँसो, रोदन, क्रन्दन ...आदि यथार्थ र समयले ल्याएका अनेक समस्यालाई देखाउँदै कल्पनालोक, मानसलोकको परिक्रमा गर्दै सिङ्गो जीवन जगतको चित्र खिच्छ ।उपन्यासले राजनीति, धर्म, संस्कार, संस्कृति भूगोल आदि विभिन्न विषयमा तुलो लगाउँदै समाजलाई ठम्याउने काम गर्छ । यसले वैज्ञानिक सत्यभन्दा परको मानसिक, काल्पनिक सत्यको खोजी गर्ने, अनेक रहस्यहरूको उद्घाटन गर्ने काम गर्छ (भण्डारी,२०७३ः १) ।उपन्यास पश्चिमी साहित्यको देन हो । यसको उद्गमस्थल इटलीलाई मानिए पनि यसलाई विधाको रूपमा स्थापना गर्ने काम अंग्रेजी साहित्यकार ड्यानियल डिफो (१७१७–१७८८) बाट भएको हो । उनलाई उपन्यासका जनक मानिन्छ । उपन्यासलाई प्रारम्भमा रोमान्स भनिन्थ्यो ।रोमान्स भन्नाले भावुक प्रेम र साहसको कथा बुझिन्थ्यो तर उपन्यासमा जीवनको यथार्थ पक्षको चित्रण हुन्छ । जीवनका विविध पक्षको चित्र उपन्यासले खिच्छ । उपन्यासलाई जीवनको आलोचनाका रूपमा डा.रवर्ट मूलरले अथ्याएका छन् । उपन्यास मानव चरित्रको चित्र हो भनेर भारतीय विद्वान् प्रेमचन्द भन्दछन्् । नेपाली समालोचक हृदयचन्द्र सिंह प्रधान उपन्यासलाई जीवन दर्शन र मानसिक प्रक्रियाको अध्ययनको रूपमा लिन्छन् ।

उपन्यास संस्कृत शब्द हो । (उप+नि+अस्+घञ्) अर्थात् अस् धातुमा उप र नि उपसर्ग सहित घञ् प्रत्यय लागेर उपन्यास शब्द बनेको छ ।उपको अर्थ नजिक, न्यासको अर्थ राख्नु, वा स्थापित गर्नु हो । यसरी उपन्यास शब्दले मानिसका नजिक राखिएको वस्तु भन्ने बुझाउँछ । उपन्यासलाई इटलीमा नोविले (ल्यखभिि भ), फ्रान्समा नोवेला (ल्यखभिि ब) र अंग्रेजीमा (ल्यखभ)ि भनिन्छ । अहिले उपन्यासले यथार्थ जीवनमा आधारित कल्पित गद्याख्यानलाई जनाउँछ । पहिले महाकाव्यले लिएको स्थान अहिले

उपन्यासले लिएको हुँदा उपन्यासलाई गद्य महाकाव्य पनि भनिन्छ । समष्टिमा पात्रहरूको माध्यमाट प्रदर्शित वास्तविक जीवन जगतको यथार्थ चित्रण गर्ने आख्यानत्मक वृहद् आकारको गद्य रचना उपन्यासक हो (पौडेल,२०६६ः १३५) ।शक्तिवल्लभ अर्यालको विराट पर्व (वि.सं.१८२७),भानुदत्तको हितोपदेश मित्रलाभ (वि.सं.१८३३), शक्तिवल्लभकै हास्यकदम्ब (वि.सं.१८५५), भवानीदत्त पाण्डेको मुद्राराक्षस (वि.सं.१८५८)...... स्वास्थानी व्रतकथा (वि.सं.१८७८), सुन्दरानन्द बाँडाको अध्यात्म रामायण.....आदि आख्यानात्मक कृतिहरू नेपाली साहित्यको प्राथमिक काल (वि.सं.१८२७–१९४५) मा फेला पर्दछन् ।

प्राथमिक हालको १२० वर्षका यो अवधिले नेपाली आख्यानका रूपरेखा कोर्ने वा पृष्ठभूमि तयार गर्ने काम गरेको पाइन्छ । प्रकाशित हुन नसकेका हस्तलिखित रूपमा रहेका, कतिपय बेनामे यी कृतिहरू अनुदित, रुपान्तरित हुन् ।धार्मिक भावना जगाउने, नैतिक शिक्षा दिने, मनोरञ्जन गराउने उद्देश्यले लेखिएको यी कृतिलाई उपन्यास भन्न नसकिए पनि नेपाली उपन्यासको अर्थात् आख्यानको स्वरूप फेला पार्न सकिन्छ ।

नेपाली साहित्यको माध्यिमिक काल वि.सं.१९४६–१९९०) मा वीरसिक्का (वि.सं.१९४६, उपन्यास तरङ्गिणी वि.सं.१९५९), सदाशिव शर्माको महेन्द्रप्रभा (वि.सं.१९५९), गिरीशवल्लभ जोशी वीरचरित्र (वि.सं.१९६०) विज्ञान विलाशको डा. सूर्य प्रसाद वि.सं....., र विभिन्न पत्रपत्रिका.... आदिको माध्यमद्वार नेपाली उपन्यासलाई प्रस्फुटित गराउन सहयोग पु¥याएको पाइन्छ । प्राथमिक कालीन गद्याख्यानको दायरा फराहिलो बनाउँदै लगिएको पाइन्छ ।

यस अवधिमा पनि उपदेश दिने भगवान भक्ति जगाउने, भावुक प्रेमकथा, वीरता प्रदर्शन गर्ने अद्भूत किसिमका वर्णन, जासूसी, तिलस्मी, ऐøयारी आदि विचित्र सामाजिक विषयवस्तु, अलौकिक वर्णन, अतिरञ्जना, रोमाञ्चक गद्याख्यान फेला पर्छन् जसले नेपाली उपन्यासको जग निर्माण गर्न सहयोग पु¥यायो ।माध्यमिक कालीन अलौकि,अद्भूत्,तिलस्मी –जासूसी प्रवृतिलाई चिर्दै १९९१ सालमा मौलिकता र यथार्थतालाई अंगाल्दै रुद्रराज पाण्डेको रूपमती उपन्यास आएपछि नेपाली उपन्यासमा आधुनिक काल सुरु भएको पाइन्छ।

Notes

उल्लेखित आधुनिक नेपाली उपन्यासको विकासक्रममा प्रतिनिधि उपन्यास र उपन्यासकार अनि तिनका प्रवृत्तिगत विशेषताकै पंक्तिमा अन्य उपन्यासकारहरू पंक्तिबद्ध भएको पाइन्छ । अझै पछिल्ला उपन्यासहरूमा उत्तरआधुनिकता, नारीवाद, द्वन्द्वात्मक भौतिकवाद, फ्रायडवाद, चरित्रप्रधान उपन्यास, वर्तमान जीवनका जटिलता विसङ्गति, विकृति, बिब्ल्याँटा परिस्थिति, नयाँनौला प्रयोगहरू तिखारिदै आइरहेका छन् ।

## 8.2 भारतेली नेपाली उपन्यासको पृष्ठभूमि

नाटक, महाकाव्य आदिको तुलनामा उपन्यास सबैभन्दा कलिलो विधा हो। आज महाकाव्यको गरिमामय स्थान उपन्यासले खोसिसकेको देखिन्छ। यसरी नाटकलाई पनि उपन्यासले महत्वाहीन पारिसकेको छ। उपन्यास विधा नयाँ भए पनि यो शब्द भने हाम्रो निति नयाँ होइन, कारण प्राय तेइससय वर्ष अघि भरत मुनिले आफ्ना नाट्य शास्त्रमा यसको उल्लेख गरेर शाब्दिक परिचय दिएका हुन्। साधारणत उप-न्यास उपन्यास हो, अथवा क्रमश नजीक राख्नु। यसप्रकार उपन्ययास भन्ने कुरो संस्कृत साहित्यबाट हामीले पाउन सकेनौ। दशकुमारचरित, कादम्बरी, वास्वदत्ता आदि जस्ता प्रेमात्मक आख्यानहरूले उपन्यासका झलक दिन चाहेका छन्। तर आधुनिक उपन्यासमा हाम्रो पूर्वीय संस्कृत साहित्यको कुनै देन छैन भने हुन्छ, यो नितान्त नयाँ विधा हो। हाम्रो भारतीय भाषाका जम्मै साहित्य बङ्गला, हिन्दी, नेपाली आदिमा यो अङ्ग्रेजी शिक्षा र साहित्यको देन भएर उपन्यास विधा देखा परेको हो। नेपाली साहित्यमा आधुनिक उपन्यास अङ्ग्रेजी, बङ्गला, हिन्दीबाट सरूवा भएर आएको हो। उर्दू साहित्यको प्रभाव पनि सँगसँगै ग्रहण गरेको हो। उपन्यास सम्बन्ध परिभाषा राख्न परे यहाँ पाश्चात्य र पूर्वीय विद्वानहरू एक से एक पाखुरा सुर्की सुर्की छात्ती बजार्दै अघि सर्छन्। यहाँ केवल हाम्रै भारतीय हिन्दी साहित्यका उपन्यास सम्राट प्रेमचन्दलाई मात्र अघि सारौँ। पाश्चात्य साहित्यमा फ्रेञ्च, रूसी, अङ्ग्रेजी जम्मै भाषाले समुचित रूपमा आधुनिक उपन्यासलाई सर्वोच्च शिखरमा पुऱ्याएका छन्। यस प्रकार फ्रेञ्च उपन्यासकारहरूमा बालजाक, अलेक्जाण्डर ड्यूमा, भिक्टर ह्यूगो, एमिल जोला, मोपासा, कामू, सात्र, टाल्सटाय, गोर्की र अङ्ग्रेजी साहित्यमा डानियल डिफो, हेनरी फिल्डिग, डिकन्स, हार्डी, आदि महान उपन्यासकार देखा परिसकेका छन्। यता नेपाली उपन्यास भने मोतीराम भट्टबाट आधुनिक गद्यको प्रारम्भ भएपछि मात्र संस्कृत, फारसी, उर्दू, हिन्दी

साहित्यका आख्यानहरूबाट आरम्भ हुन्छ। यसप्रकार वीरसिक्का, गुलाबकावली, हातिमताई, आलादिनको चिराग आदि आख्यानिक उपन्यास तयार भए।

सन् १९०२ देखि मात्र सर्वप्रथम काशीका सदाशिव शर्माले महेन्द्रप्रभा नामक मौलिक उपन्यास लेखेर उपन्यास उपन्यास तरंगिनी उपन्यास प्रधान पत्रिकामा प्रकाशित गरे। महेन्द्रप्रभामा लेखकले उपन्यास कला अनुरूप शिल्पकला र शैली सौन्दर्यको प्रदर्शन गर्न सफल भएको छ। सँगै उता नेपालबाट सन् १९०३ मा फारसी ऐयासी तिलस्मी प्रभावपूर्ण वीरचरित्र गिरिशवल्लभ जोशीले लिएर देखा पर्छन्। दुवै उपन्यासकार हिन्दीका उपन्यासकार देवकीनन्दन खत्रीबाट प्रभावित देखिन्छन्। जे होस् दुवै उपन्यासको ऐतिहासिक योगदान महत्वपूर्ण छ। यसपछि काशीकै दुई पत्रिका सुन्दरी र गोर्खालीमा क्रमश सदाशिव शर्माको सुन्दरीभूषण, रामप्रसाद सत्यालको कलावती, मधुवाला अनि पद्मनाभ सापकोटा वा विज्ञानविलासको डा. सूर्यप्रसाद जस्ता उपन्यास छापिए, तर मनोरञ्जको उद्देश्यले चन्द्रिका सँगसंगै खरसाङ्का प्रतिमानसिंह लामाले महाकाल जासूस सन् १९१८ मा नामक उपन्यास प्रकाशित गरेर उल्लेखनीय कार्य गरे।

सन् १९३६ मा रूपनारायणसिंहको भ्रमरले पाश्चात्य साहित्यको रोमान्टिक परम्पराको शिलान्यास गरेर नेपाली समाजलाई एक शताब्दी अघि पुऱ्याउँछ। यसरी दुई वर्षको मात्र फरक पारेर रूपमती र भ्रमर छापिएता पनि दुईवटामा वर्णित समाजमा शताब्दीको पार्थक्य छ। अङ्ग्रेजी र बङ्गला साहित्यको चूडान्त अध्ययन र मननले गर्दा वास्तविकता नभए पनि यिनकोकल्पना र दिवास्वप्नले एउटा अर्कै सभ्य नेपाली समाजको निर्माण भ्रमर मा हुन पुग्यो। जे होस् भ्रमरको धरातल अयथार्थिक नै किन नहोस यसको भाषा सुश्री र सुषमित, सुन्दर, सुसभ्य र सुरम्य र सुभाषिनी छ, शैली र शिल्प अपूर्व छ।

भ्रमरले फराकिलो पारेको उपन्यासको गोरेटोमा निर्विघ्न अघि बड्ने सामर्थ्य राख्ने कुनै नेपाली साहित्यकार सन् १९४७ सम्म जन्मन सकेन। महासमर काल यसै बित्यो, महासमरको प्रभाव र प्रतिक्रिया बोकेर यसकालमा कुनै उपन्यास सिर्जना हुन सकेन। भ्रमर ले कलकत्ता र वर्मासम्म पुऱ्याएका नेपाली अन्तराष्ट्रिय क्षेत्र फ्रान्स, वेलायत, इजिप्ट, मेसोपोटामिया, अफ्रिका, जापन, इटालीसम्म सशरीर पुगेर पनि साहित्यमा मूर्त हुन सकेन। यथार्थको यो विस्तृत धरातल र कटु, तिक्त र रोमाञ्चपूर्ण अनुभव उपन्यासमा साट्न कोही निस्केनन्। यसरी महेन्द्रप्रभा सन् १९०२ ले सुन्दरभूषण,

विलासिनी मधुवाला, कलावती, डा. सूर्यप्रसाद, दयाकी भावी, राजपूत रमणी, रूपमती, सुमति जस्ता सहयोगीहरू पाएर अन्त्यमा रोमाण्टिकभ्रमर सम्म आइपुगे पछि लामो विश्रान्ति लिनु परेको देखिन्छ। यस प्रकार नेपाली उपन्यासले महासमर कालमा कुनै खास महत्वपूर्ण विकास गर्न सकेन। यद्यपि एउटै उपन्यास भ्रमर यसकालको कोषे ढुङ्गा रूपमा हाम्रो समक्ष यथावत छ। यस कालका अन्य लेखक लैनसिंह बाङ्गदेल, शिवकुमार राई, इन्द्र सुन्दास, काशीबहादुर श्रेष्ठ, जी.छिरिङ, वीरेन्द्र सुब्बा, अच्छा राई रसिक आदिले यही महासमर कालमा कुनै उपन्यास कृति सिर्जना गर्न नसकेतापनि पछिबाट आफ्ना उपन्यास प्रकाशित गर्नसकेका छन्। लेखकको कालावधिलाई ध्यानमा राखेर पुस्तक रचनाकाललाई मात्र मान्यता नदिई यी सब लेखकहरूलाई महासमरकालीन उपन्यासकारहरूको रूपमा चर्चा गर्न चाहेको छ।

## 8.3 भारतेली नेपाली उपन्यासका विकासका चरणहरू-

शक्तिवल्लभ अर्यालको विराट पर्व (वि.सं.१८२७),भानुदत्तको हितोपदेश मित्रलाभ (वि.सं.१८३३), शक्तिवल्लभकै हास्यकदम्ब (वि.सं.१८५५), भवानीदत्त पाण्डेको मुद्राराक्षस (वि.सं.१८५८)...... स्वास्थानी व्रतकथा (वि.सं.१८७८), सुन्दरानन्द बाँडाको अध्यात्म रामायण.....आदि आख्यानात्मक कृतिहरू नेपाली साहित्यको प्राथमिक काल (वि.सं.१८२७–१९४५) मा फेला पर्दछन् ।

प्राथमिक हालको १२० वर्षका यो अवधिले नेपाली आख्यानका रूपरेखा कोर्ने वा पृष्ठभूमि तयार गर्ने काम गरेको पाइन्छ । प्रकाशित हुन नसकेका हस्तलिखित रूपमा रहेका, कतिपय बेनामे यी कृतिहरू अनुदित, रुपान्तरित हुन् । धार्मिक भावना जगाउने, नैतिक शिक्षा दिने, मनोरञ्जन गराउने उद्देश्यले लेखिएको यी कृतिलाई उपन्यास भन्न नसकिए पनि नेपाली उपन्यासको अर्थात् आख्यानको स्वरूप फेला पार्न सकिन्छ । सन् १९०२ देखि मात्र सर्वप्रथम काशीका सदाशिव शर्माले महेन्द्रप्रभा नामक मौलिक उपन्यास लेखेर उपन्यास उपन्यास तरंगिनी उपन्यास प्रधान पत्रिकामा प्रकाशित गरे। महेन्द्रप्रभामा लेखकले उपन्यास कला अनुरूप शिल्पकला र शैली सौन्दर्यको प्रदर्शन गर्न सफल भएको छ। सँगै उता नेपालबाट सन् १९०३ मा फारसी ऐयासी तिलस्मी प्रभावपूर्ण वीरचरित्र

गिरिशवल्लभ जोशीले लिएर देखा पर्छन्। दुवै उपन्यासकार हिन्दीका उपन्यासकार देवकीनन्दन खत्रीबाट प्रभावित देखिन्छन्। जे होस् दुवै उपन्यासको ऐतिहासिक योगदान महत्वपूर्ण छ। यसपछि काशीकै दुई पत्रिका सुन्दरी र गोर्खालीमा क्रमश सदाशिव शर्माको सुन्दरीभूषण, रामप्रसाद सत्यालको कलावती, मधुवाला अनि पद्मनाभ सापकोटा वा विज्ञानविलासको डा. सूर्यप्रसाद जस्ता उपन्यास छापिए, तर मनोरञ्जको उद्देश्यले चन्द्रिका सँगसंगै खरसाङका प्रतिमानसिंह लामाले महाकाल जासूस सन् १९१८ मा नामक उपन्यास प्रकाशित गरेर उल्लेखनीय कार्य गरे।

नेपाली साहित्यको माध्यिमिक काल वि.सं.१९४६–१९९०) मा वीरसिक्का (वि.सं.१९४६, उपन्यास तरङ्गिणी वि.सं.१९५९), सदाशिव शर्माको महेन्द्रप्रभा (वि.सं.१९५९), गिरीशवल्लभ जोशी वीरचरित्र (वि.सं.१९६०) विज्ञान विलाशको डा. सूर्य प्रसाद वि.सं....., र विभिन्न पत्रपत्रिका.... आदिको माध्यमद्वार नेपाली उपन्यासलाई प्रस्फुटित गराउन सहयोग पु¥याएको पाइन्छ । प्राथमिक कालीन गद्याख्यानको दायरा फराहिलो बनाउँदै लगिएको पाइन्छ ।

यस अवधिमा पनि उपदेश दिने भगवान भक्ति जगाउने, भावुक प्रेमकथा, वीरता प्रदर्शन गर्ने अद्भूत किसिमका वर्णन, जासूसी, तिलस्मी, ऐøयारी आदि विचित्र सामाजिक विषयवस्तु, अलौकिक वर्णन, अतिरञ्जना, रोमाञ्चक गद्याख्यान फेला पर्छन् जसले नेपाली उपन्यासको जग निर्माण गर्न सहयोग पु¥यायो। मौलिकता र यथार्थतालाई अंगाल्दै रुद्रराज पाण्डेको रूपमती उपन्यास आएपछि नेपाली उपन्यासमा आधुनिक काल सुरु भएको पाइन्छ। सन् १९३६ मा रूपनारायणसिंहको भ्रमरले पाश्चात्य साहित्यको रोमान्टिक परम्पराको शिलान्यास गरेर नेपाली समाजलाई एक शताब्दी अघि पुऱ्याउँछ। यसरी दुई वर्षको मात्र फरक पारेर रूपमती र भ्रमर छापिएता पनि दुईवटामा वर्णित समाजमा शताब्दीको पार्थक्य छ। अङ्ग्रेजी र बङ्गला साहित्यको चूडान्त अध्ययन र मननले गर्दा वास्तविकता नभए पनि यिनकोकल्पना र दिवास्वप्नले एउटा अर्कै सभ्य नेपाली समाजको निर्माण भ्रमर मा हुन पुग्यो। जे होस् भ्रमरको धरातल अयथार्थिक नै किन नहोस यसको भाषा सुश्री र सुषमित, सुन्दर, सुसभ्य र सुरम्य र सुभाषिनी छ, शैली र शिल्प अपूर्व छ।

आधुनिक कालको मिरमिरे रुद्रराज पाण्डेको रूपमतीबाट सुरु भई आजसम्म आइपुग्दा नेपाली उपन्यास विभिन्न चरणहरूमा विभिन्न नयाँ प्रवृत्ति र धाराहरू समावेश गर्दै अगाडि बढेको छ। आधुनिक कालको थालनीमा देखा पर्ने भारतीय नेपाली उपन्यासमा बाह्य यथार्थको चित्रण गर्ने प्रवृत्ति र कथानकप्रधान लेखनको प्रबलता देखिन्छ भने सन् २०६० सालदेखि मनोविज्ञानको प्रवेश भई सूक्ष्म यथार्थको प्रस्तुति पनि आरम्भ हुन्छ। यसै मनोविज्ञानको प्रभावबाट नै आत्मपरक एवम् अन्तर्मुखी जटिल उपन्यासहरू लेखिन थालेका पाइन्छन्। यस प्रभावले सन् १९६८ सम्म निरन्तरता पाए पनि त्यसपछि प्रयोगात्मक दुरूहता त्यागी जीवनमुखी प्रवृत्तिको अङ्गीकार गर्ने प्रवृत्ति पनि झ्याङ्गिएको पाइन्छ। यिनै मुख्य भिन्नताको आधारमा आधुनिक भारतेली नेपाली उपन्यासको समग्रतालाई तीन चरणमा विभाजन गरेर अध्ययन गर्नु उपयुक्त ठहर्दछ र यस विभाजनको मोटामोटी आकलन यसरी प्रस्तुत गर्न सकिन्छ-

क) प्रथम चरण – सन् १९३४- सन् १९६८

ख) द्वितीय चरण- सन् १९६८- सन् १९७८।

ग) तृतीय चरण- सन् १९७९सम्म।

**प्रथम चरण – सन् १९३४- सन् १९६८**

प्रथम चरणका उपन्यासले सामाजिक यथार्थका विविध रूपको चित्रण गरेको पाइन्छ। जसरी जुन विधि अपनाए तापनि यस चरणका उपन्यासमा मूलत बाह्य यथार्थको वर्णनमै केन्द्रित हुने साझा प्रवृत्ति पाइन्छ। आदर्शोन्मुख यथार्थवादी धाराका उपन्यासहरू लेखिए। स्वच्छन्दतावादी धाराकारूपनारायण सिंहको भ्रमर, अच्छा राई रसिकको लगन, शिवकुमार राईको डाकबङ्गला, उपन्यास पनि यसै चरणमा देखिए भने सामाजिक यथार्थको शान्ति, मन आदि उपन्यासहरू महत्वपूर्ण रहे। ऐतिहासिक यथार्थवादी धाराको प्रवेश डायमनशमशेर राणाको वसन्ती बाट भयो भने बाङ्गदेलको लङ्गडाको साथीले यथार्थवादी धारालाई भित्र्याएर केही भिन्नताको परिचय दियो। भ्रमरले फराकिलो पारेको उपन्यासको गोरेटोमा निर्विघ्न अघि बढ्ने सामर्थ्य राख्ने कुनै नेपाली साहित्यकार सन् १९४७ सम्म जन्मन सकेन। महासमर काल यसै बित्यो, महासमरको प्रभाव र प्रतिक्रिया बोकेर यसकालमा कुनै उपन्यास सिर्जना हुन सकेन। भ्रमर ले कलकत्ता र वर्मासम्म पुऱ्याएका नेपाली अन्तराष्ट्रिय क्षेत्र फ्रान्स, वेलायत, इजिप्ट, मेसोपोटामिया, अफ्रिका, जापन,

इटालीसम्म सशरीर पुगेर पनि साहित्यमा मूर्त हुन सकेन। यथार्थको यो विस्तृत धरातल र कटु, तिक्त र रोमाञ्चपूर्ण अनुभव उपन्यासमा साट्न कोही निस्केनन्। यसरी महेन्द्रप्रभा सन् १९०२ ले सुन्दरभूषण, विलासिनी मधुवाला, कलावती, डा. सूर्यप्रसाद, दयाकी भावी, राजपूत रमणी, रूपमती, सुमति जस्ता सहयोगीहरू पाएर अन्त्यमा रोमाण्टिकभ्रमर सम्म आइपुगे पछि लामो विश्रान्ति लिनु परेको देखिन्छ। यस प्रकार नेपाली उपन्यासले महासमर कालमा कुनै खास महत्वपूर्ण विकास गर्न सकेन। यद्यपि एउटै उपन्यास भ्रमर यसकालको कोषे ढुङ्गा रूपमा हाम्रो समक्ष यथावत छ। यस कालका अन्य लेखक लैनसिंह बाङ्गदेल, शिवकुमार राई, इन्द्र सुन्दास, काशीबहादुर श्रेष्ठ, जी.छिरिङ, वीरेन्द्र सुब्बा, अच्छा राई रसिक आदिले यही महासमर कालमा कुनै उपन्यास कृति सिर्जना गर्न नसकेतापनि पछिबाट आफ्ना उपन्यास प्रकाशित गर्नसकेका छन्। लेखकको कालावधिलाई ध्यानमा राखेर पुस्तक रचनाकाललाई मात्र मान्यता नदिई यी सब लेखकहरूलाई महासमरकालीन उपन्यासकारहरूको रूपमा चर्चा गर्न चाहेको

उल्लेखित आधुनिक नेपाली उपन्यासको विकासक्रममा प्रतिनिधि उपन्यास र उपन्यासकार अनि तिनका प्रवृत्तिगत विशेषताकै पंक्तिमा अन्य उपन्यासकारहरू पंक्तिबद्ध भएको पाइन्छ । अझै पछिल्ला उपन्यासहरूमा उत्तरआधुनिकता, नारीवाद, द्वन्द्वात्मक भौतिकवाद, फ्रायडवाद, चरित्रप्रधान उपन्यास, वर्तमान जीवनका जटिलता विसङ्गति, विकृति, बिब्ल्याँटा परिस्थिति, नयाँनौला प्रयोगहरू तिखारिदै आइरहेका छन् ।

यिनै प्रतिभा र उपन्यास लिएर विस्तार भएको प्रथम चरणका केही साझा विशेषताहरू निम्नलिखित छन्-

- कथानकप्रधान उपन्यासको प्रचलन हुनु,
- आदर्शवाद, स्वच्छन्दतावाद र यथार्थवादको मिश्रणमा उपन्यास रचिनु,
- बाह्य जगतका सामाजिक र ऐतिहासिक यथार्थको उद्घाटनको बाहुल्य हुनु,
- जीवन र जगतसम्बन्धी आधुनिक वस्तुवादी चिन्तनको आधारमा उपन्यास रच्नु,
- तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिनु,
- घटनालाई औपन्यासिकरण गर्नाका लागि विविध कलात्मक शैली र स्वरूपको विकास हुनु,

- समाज र परिवेशको प्रस्तुतिमा भावुकताको प्रयोग गरिनु,
- स्थूल यथार्थको वर्णन र व्याख्याको प्रधानता हुनु।

**द्वितीय चरण- सन् १९६८- सन् १९७८**

आधुनिक भारतीय नेपाली उपन्यासको यस चरणमा स्थूलताबाट सूक्ष्मतातिरको यात्रा पनि आरम्भ भयो। यस समयका उपन्यासहरू व्यक्तिमनको आन्तरिक चित्रणमा केन्द्रित रही सूक्ष्म यथार्थको अङ्कन गर्न पनि अग्रसर छन्। पाश्चात्य साहित्यका अनेकौँ वाद र विचारहरूले हुर्किने र फैलिने मौका पनि यसै समयका उपन्यासमा पाएको देखिन्छ भने व्यक्तिनिष्ठ लेखककै कुण्ठा व्यक्त गर्ने जचिल लेखनको विकास भएकाले शैली र चिन्तन दुवैमा क्लिष्टता थपिएको पनि स्पष्ट देखिन्छ। मनोविज्ञानको अत्यधिक प्रयोग यसको केन्द्रीय विशेषता हो भने प्रयोगात्मक प्रवृत्ति पनि यस चरणको एउटा पहिचान हो। विसङ्गतिवादी चिन्तनमा लेखिएका उपन्यासहरूमा इन्द्रबहादुर राईको आज रमिता छ महत्वपूर्ण रहेका छन्। प्रयोगवादी जटिलतालाई ओकिउयामा ग्वाइनको सुनाखरी, पिटर जे. कार्थकको प्रत्येक ठाउँ प्रत्येक मान्छे जस्ता उपन्यासले अगाडि बढाएका छन्। प्रयोगवादी धारासँगै तर विपरित ध्रुबमा रहेर प्रगतिवादी धाराको आगमन तथा विकास र आलोचनात्मक यथार्थवादी धाराको वर्चस्व पनि यस चरणको उत्तरार्धमा निकै प्रेरक सिद्ध भएको छ।

- प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग बढ्दै जानु,
- पाश्चात्य साहित्यप्रतिको अति मोह राख्नु तथा त्यसका विभिन्न सिद्धान्तहरू जस्तै- अस्तित्ववाद, प्रकृतवाद, दादावाद, अतियथार्थवाद, घनत्ववाद, भविष्यवाद आदिको अनुसरण गरिनु,
- कथानकमा भन्दा चरित्रको सूक्ष्मचित्रणमा केन्द्रित हुनु,
- यौनका जटिलतालाई बढी महत्व दिएर विविध कोणबाट प्रक्षेपण गर्नु,
- परम्परागत मूल्य र मान्यताको खुल्ला विरोध गरी यसलाई चुनौती दिनु,
- उपन्यासको विधागत विघटन र अन्तर्मिश्रणको प्रयास गरिनु,
- अर्थहीनता, दुर्बोधता, जटिलता र प्रतीकात्मकताको मिश्रणबाट विसङ्गतिको चित्रण गरिनु,
- प्रगतिवादी साहित्यको आरम्भले गर्दा समाजसचेत लेखनप्रति चासो हुनु,
- सामाजिक भ्रष्टाचार, पाखण्डीपना, विकृति एवम् विसङ्गतिको चित्रण गरिनु,

मिथकीय पुनर्सिर्जनको प्रयास थालिनु। आधुनिक कालमा आधुनिक जीवन, परिस्थिति, विचारसंग लेखनको आधुनिक टेकनिक शिल्प, कला, भावबोध, भाषा र शैली लिएर एकाएक नयाँ मोड दिने उपन्यास हो भ्रमर। यसरी तिलस्मी, जासुसी र गन्थने नेपाली उपन्यासलाई मुक्त गराएर नयाँ उज्यालो क्षितिज बोक्र भ्रमर ले भुन्भुनाउनु नै नेपाली साहित्यमा रोमान्टिक वातावरण जन्माउन भयो। सन् १९३६ मा भ्रमरले सूत्रपात गरेको रोमान्टिक भाव संसारको मुलुक बाहिर निकाली यथार्थताको वास्तविक ज्ञान र परिचय दिने श्रेय छ- लैनसिंह् वाङ्गदेललाई। यो प्रहार लर्तरो थिएन। यही यथार्थको वास्तविक बोध पछि माइतघर, लङ्गडाको साथी लाई मात्र होइन भारतको माटोमा डन्मेर हुर्की बडी जीवन सङ्गघर्षमा झेलिन्दै अङ्ग्रेज साहेबको शोषणले पीडित नेपाली छोरी मङ्गली लाई पनि हामीले चिन्न पायौँ। यसरी भारतीय नेपाली उपन्यासमा यथार्थ-संसार स्थापना पछि यही धरातलमा अर्को विशिष्ट औपन्यासिक कृति जन्मन्छ बसाइँ सन् १९५७ मा। विषयलाई विवादग्रस्त नबनाएर उपरोक्त उपन्यासकारहरूमध्ये पनि उपन्यास विधामा नयाँ मोड दिने अमूल्य योगदान दिने दीर्घकालीन सेवा गर्ने उपन्यासकारहरूलाई ऐतिहासिक परिप्रेक्ष्यमा उल्लेख गर्नु छ।

**तृतीय चरण- सन् १९७९सम्म**

आधुनिक भारतीय नेपाली उपन्यासमा जटिल कथ्य एवम् शैलीका प्रयोक्ताहरू पनि यस चरणमा समाजमुखी प्रवृत्ति लिएर देखिएका छन्। दौलतविक्रम विष्टतथा रमेश विकल क्रमश विसङ्गति र यौनप्रवृत्तिलाई छाडी सामाजिक विकृतिको चिरफारतिर उन्मुख रहेका छन्। लेखनको दुरुहता त्यागेर अधिकांश उपन्यासकारहरू सामाजिक सन्दर्भमा केन्द्रित रही जीवनमुखी साहित्य सिर्जनामा समाहित भएका छन्। समाजोपयोगी , सम्प्रेषणीय एवम् जीवनका समस्याको आलोचनात्मक व्याख्यामा उपन्यास पुन सामेल भएको प्रसङ्ग यहाँ उल्लेख्य एवम् स्मरणीय रहेको छ। तृतीय चरणका केही साझा औपन्यासिक विशेषताहरू निम्नलिखित छन्-

- समसामयिक सामाजिक भ्रष्टाचार, पाखण्डीपन, विकृति एवम् विसङ्गतिको आलोचनात्मक चित्रण गरिनु,
- साइबर संस्कृतिको चित्रण गरी त्यसबाट एक्लिएको मान्छेको विवशता देखाउनु,
- दलितचिन्तनको विस्तारपूर्वक प्रयोग गर्नु,

- उपन्यासलेखनमा डायस्पोराको अभिव्यक्ति पाइनु,
- प्रगतिवादी साहित्यको उत्कृष्टताले समाजको आमूल परिवर्तनप्रति जिम्मेवारी देखिनु,
- मिथकीय पुनर्सिर्जनको विशिष्ट प्रयोग हुनु,
- नारीवादी चिन्तनको विस्तार हुनु,
- कलात्मक व्यङ्ग्यलाई प्रधानता दिइनु।

सन् २०७९ देखिको समयमा समाजसँग सम्बन्धित आलोचनात्मक यथार्थवादी तथा प्रगतिवादी उपन्यासको लेखन विस्तार भएको हुनाले तृतीय चरणलाई प्रयोगवादी र समाजोन्मुख गरी दुई भागमा बाँड्न सकिन्छ भने समाजोन्मुख प्रवृत्तिले नै समकालीन उपन्यासको प्रतिनिधित्व गर्दछ। यसली नेपाली उपन्यासको उत्तरवर्ती चरणका रूपमा पनि वर्णन गरिएको छ। यसरी धुनिक भारतेली नेपाली उपन्यास आज आएर समाजका विसङ्गतिका कुनाकोप्चेराहरू नियाल्दै त्यसको यथार्थ चित्रण गर्न र तिनबाट मुक्तिका लागि प्रेरणा तथा मार्गदर्शन प्रदान गर्नमा लागिपरेको छ भने व्यक्तिगत जीवनका कुण्ठा र छाडा प्रवृत्तिका क्लिष्टता त्यागेर समकालीन सेरोफेरोमा केन्द्रित पनि रहेको छ। यही मूल स्वर र प्रवृत्ति नै पाठक र उपन्यासको सम्बन्ध कसिलो पारेर उपन्यासलाई आधुनिक युगको गद्यात्मक महाकाव्य बनाउनाका लागि सफल रहने देखिन्छ प्रयोगकालमा आएर भारतेली नेपाली उपन्यास घटनाको जगतबाट हटेर चरित्र तथा तिनका अन्तर्जगतमा केन्द्रित हुन पुगेको पाइन्छ। रोमान्टिक कालका उपन्यासमा पाइने कथानक र घटना विवरणको प्रधानताको साटो यहाँ आएर पात्र-पात्रका विचको र अझ बढी पात्रको स्वयम्सितको अन्तरविरोध र अन्तर्द्वन्द्व र अन्तर्द्वन्द्व नै धेरौजसो उपन्यासमा पाइन्छ जसले गर्दा यी उपन्यास चरित्रप्रधान र विश्लेषणात्मक बनेका छन्। मनोविशलेषण, अस्तित्ववादी चिन्तन, विसङ्गितबोध र व्याङ्ग्यात्मकता नै यस युगका उपन्यासका मूलभूत विशेषता रहेका छन्। यस कालका कवितामा शैलीगत प्रयोगधर्मिता बढी छ भने उपन्यासमा विचारतत्त्व र चिन्तनगत प्रयोगधर्मिता बढी छ। यस कालका प्रतिनिधि उपन्यासकारहरू हुन्- इन्द्रबहादुर राई, रवीन्द्र कुमार मोक्तान, प्रकाश कोविद, सुवास, असीत राई, सुरेश राई, नन्द हाङखिम, नकूल काडी, काजी प्रधान, हर्क योञ्जन विरही, शरद छेत्री, गोविन्द छेत्री, भगीरथ रावत, ओकियामा ग्वाइन, समीरण छेत्री,आदि।

## 8.4 भारतेली नेपाली कथाका विकासका चरणमा नारीवादको प्रसङ्ग

नारीवादका प्रसङ्गमा पनि भारतेली नेपाली कथाको अध्ययन आधुनिककालमा प्रखर रूपमा देखा पर्द्छ। पुरुषप्रधान समाजमा नारीहरूले भोग्नुपर्ने सामाजिक, राजनैतिक, व्यवहारिक एवम् मानसिक भेदभाव, त्यसबाट उत्पन्न हुने पीडा र तिनको मुक्ति चाहेर लेखिएका उपन्यासहरू नारीवादी हुन्छन्। यिनमा नारीका यौनलगायत अन्य स्वतन्त्रताको शङ्खघोष गरिएको हुन्छ। नेपालीमा हृदयचन्द्रसिंह प्रधानको स्वास्नीमान्छे, शोभा भट्टराईको अन्त्यहीन अन्त्य, पद्मावती सिंहको समानान्तर आकाश आदि यस्ता उपन्यास हुन्। नारीवाद राजनीतिक समतामूलक विचार बोकेका र सन् १९६० तिर सुरु भएको पुरुषप्रधान समाजविरूद्धको नारीआन्दोलन हो। यो लैङ्गिक विभेदका दृष्टिले हेर्दा जातीय मानिने विश्वका आधाभन्दा बढी सङ्ख्याका नारीहरूले साहित्यिक स्वतन्त्रताको शङ्खघोष गर्ने र परम्परालाई नारीका पक्षमा नवीकरण गर्ने अध्ययनको थालनी हो। पुरुषप्रधान समाजमा नारीले भोग्नुपर्ने पीडाको अभिव्यक्ति पनि नारीवादी लेखनमा हुने गर्छ भने यस्तो भेदभावबाट पूर्णत मुक्तिको आग्रह पनि यसमा रहेको हुन्छ। नारीवादी रचनाका केही मूलभूत विशेषताहरू यस प्रकार छन्,

- नारीका पक्षमा दृष्टिकोण बनाई त्यसको सफल प्रस्तुति दिनु।
- पुलिङ्गकेन्द्रीबाट रचनालाई स्त्रीलिङ्गीकेन्द्री बनाउनु।
- पितृसत्तात्मक मानसिकताका विरुद्ध विद्रोह र आक्रोश निकाल्नु।
- आफ्ना पीडा र कुण्ठालाई विनाहिच्किचाहट ओकल्नु आदि।

भारतेली नेपाली उपन्यासपरम्परामा नारीलाई आत्मनिर्णय गर्न पाउने अवस्थाको चित्रण प्रथम पहिलो रूपनारायण सिंहको **भ्रमर** उपन्यासमा गरिएको पाइन्छ। पाश्चात्य साहित्य र चिन्तनबाट प्रभावित सिंहले भ्रमरमा वीणा र मायालाई आफैँ प्रेमी र पति रोज्ने स्वतन्त्रता दिएका छन्। त्यसपछिका कतिपय उपन्यासमा नारीलाई कमजोर र पुरुषकी अदना सहयोगीका रूपमा लिने गरेको देखिन्छ। उत्तराधुनिक औपन्यासिक चेतको विकास सँगसँगै नारीवादी लेखनतर्फ अग्रसर बन्दै उपन्यासमा सामाजिक पृष्ठभूमिका यथार्थ कुराहरू हुबहू उतार्न अनि जीवन्त पात्रहरूको प्रयोग गर्न उपन्यासकारहरू अघि सरेको देखिन्छ। उपन्यास साहित्यका क्षेत्रमा सिक्किमले थोरै उपन्यास सिर्जना गरे पनि

गुणात्मकताका दृष्टिकोणमा सिक्किमेली उपन्यास साहित्य अब्बल रहेको छ। सिक्किममा उपन्यास लेखनको परम्परा सन् १९७०-को दशककै छेउछाउबाट शुरु भएको हो। सिक्किममा उपन्यास साहित्य भित्र्याउने श्रेय गंगा कप्तानलाई जान्छ। गंगा कप्तानको निर्दयी (१९६९) उपन्यास सिक्किमेली उपन्यास साहित्यको जेठो उपन्यास हो। सिक्किमका प्रथम उपन्यासकारको पगरी गुथेका गंगा कप्तानले जिउँदो लाश (१९७०), महत्वहीन कुमारीत्व (१९७०) - गरी सन् १९९०-अघि तीनवटा उपन्यास प्रकाशनमा ल्याइसकेका थिए। यसपछि उनले इन्दू उपन्यासको रचना (१९८८)-मा गरे पनि यसको प्रकाशन भने उनको मृत्युपछि २००५-मा भयो। गंगा कप्तानद्वारा सिर्जना गरिएको पृष्ठभूमिमा समीरण छेत्री प्रियदर्शी र अर्जुन निरौला जस्ता उपन्यासकारको उदयले सिक्किमेली उपन्यास साहित्यलाई माथि उठाउने काम गरेको छ। ऐतिहासिक परिप्रेक्ष्यमा लेखिएको समीरण छेत्री प्रियदर्शीको बलिवेदी (१९७०) र पोखिएको जिन्दगी (१९७१)-ले सिक्किमेली उपन्यास साहित्यलाई मल-जल गर्ने काम गरेको छ। यसपछि उपन्यास लेखनमा सशक्तताका साथ उदय भए अर्जुन निरौला। यसपछि सुवास दीपकको उपन्साय अभिषेक (१९८०), राधाकृष्ण शर्माको भन्न नसकेका कुरा (१९८३) र तुलसी शर्मा "कश्यप'-को सङ्कल्प (१९८८) उपन्यास प्रकाशन भए। यस दुइ दशकमा सिक्किमेली उपन्यास साहित्यले मलिलो माटो पाइसकेको थियो। १९८०-को दशकको अन्त्यमा आइपुग्दा अर्जुन निरौला घाम डुबेपछि (१९८९) उपन्यास लिएर आए। घाम डुबेपछि उपन्यास अघिल्ला उपन्यासहरूको तुलनामा परिष्कृत र परिमार्जित छ भने यो एउटा प्रयोदवादी उपन्यास हो। चेतन प्रवाह शैलीमा लेखिएको पहिलो भारतीय नपाली उपन्यासको पगरी लगाउन सफल घाम डुबेपछि उपन्यास नेपाली साहित्यको निम्ति एउटा विशिष्ट कृति बन्न पुगेको छ। यसरी १९९०-को दशक शुरु हुनअघि नै सिक्किममा उपन्यास साहित्यको निम्ति एउटा मलिलो पृष्ठभूमि तयार भइसकेको हामी पाउँछौं। ९०-को दशकदेखि यता सिक्किममा उपन्यास साहित्यको निम्ति उल्लेखनीय पहल भएको छ। मलिलो पृष्ठभूमिमा यहाँ भीम दाहाल, सानु लामा, पारसमणि शम, एम.डी. कार्की जस्ता उपन्यासकारहरूको उदय हुन्छ। समकालीन उपन्यास साहित्यमा उपन्यासकारहरूले विभिन्न दृष्टिकोण राखेका

छन् भने भाषा-शैली र प्रयोगधर्मिताको दृष्टिकोणमा यस अवधिमा सिक्किममा लेखिएका उपन्यास नेपाली साहित्यका निम्ति बहूमूल्य कृति पुगेका छन्।

उत्तराधुनिक औपन्यासिक चेतको विकास सँगसँगै नारीवादी लेखनतर्फ अग्रसर बन्दै उपन्यासमा सामाजिक पृष्ठभूमिका यथार्थ कुराहरू हुबहू उतार्न अनि जीवन्त पात्रहरूको प्रयोग गर्न उपन्यासकारहरू अघि सरेको देखिन्छ। उपन्यासमा खोक्रो प्रेम र आडम्बरी मायालाई पर राखी जीवन भोगाइका क्रममा देखापरेका अनेकौं पाटाहरूलाई उपन्यासकारहरूले इमान्दारितापूर्वक पस्किने कोशिश गरेका छन्। यतिमात्र होइन यस अवधिका उपन्यासमा सिक्किमको वास्तविक सामाजिक पृष्ठभूमिलाई खुल्लम-खुल्ला रूपमा प्रस्तुत गर्न खोजिएको छ। आञ्चलिक पृष्ठभूमिमा लेखिएका उपन्यासहरूमा उपन्यासकारहरू कतिपय प्रयोग गर्नमा अघि सरेका छन्। यसका साथै यस अवधिका उपन्यासले साहित्यप्रतिको छुट्टै धारणा पनि सिर्जना गराएका छन्। यसै अवधिमा भीम दाहाललाई उपन्यास लेखनकै क्षेत्रमा साहित्य अकादमी पुरस्कार प्राप्त हुनुबाट सिक्किममा उपन्यास साहित्यले उल्लेखनीय प्रगति गरेको स्पष्ट भएर जान्छ।

यस अवधिमा लेखिएका उपन्यासहरूलाई यसरी सूत्रात्मक रूपमा प्रस्तुत गर्नसकिन्छ-अभीष्टको खोज-हिमालचुली मन्तिर-द्रोह-विद्रोह-लक्ष्यतिर-सिँहासन।

समकालीन सिक्किमेली उपन्यास साहित्यमा भीम दाहालले आफ्नो छुट्टै स्थान निर्धारण गरेका छन्। २००६-को साहित्य अकादमी पुरस्कारद्वारा सम्मानित भीम दाहाल एक प्रयोगवादी सफल उपन्यासकार हुन्। उनका तीन उपन्यास यस अवधिमा प्रकाशन भएका छन्। भीम दाहाल पहिलो उपन्यास अभीष्टको खोज (१९९३)-बाट नै पूर्णतः स्थापित उपन्यासकारका रूपमा परिचित भएका हुन्। उनको द्रोह (२००२) र विद्रोह (२००५)-भन्दा अभीष्टको खोज अनेकौं महत्व का दृष्टिकोणमा माथिल्लो पंक्तिमा खड़ा भएको छ।

**अभीष्टको खोज** नायिका प्रधान उपन्यास हो र यसको कथानक नायिका केन्द्रित भएकोले उपन्यासमा नारीहरूको सामाजिक स्थान र महत्वलाई स्पष्ट पार्ने काम भएको छ। यस उपन्यासमा उपन्यासकार दाहालले नायिका

Notes

शान्तिलाई तेस्रो पुस्ताकी नारी चरित्रको रूपमा खड़ा गरेका छन्। यस उपन्यासमा नारीका तीन पुस्तालाई केलाउने काम भएको छ। उपन्यासमा पुरुषवर्गको शोषण र दमनलाई खुल्ला रूपमा प्रस्तुत गर्दै उपन्यासकारले नारीको विद्रोहात्मक स्वरूपलाई अघि सारेका छन्। सिक्किम भारतमा विलय भए अघिको र पछिको सामाजिक पृष्ठभूमिमा सिर्जना भएको यस उपन्यासमा दुवै ऐतिहासिक कालखण्डलाई उदाङ्गो पार्ने काम भएको छ। कसरी सिक्किममा तीव्रताका साथ सामाजिक परिवर्तन भयो त्यस कुरालाई उपन्यासकारले विशिष्ट शैलीमा प्रस्तुत गरेका छन्। सामाजिक संस्कार र परिवेश अनि व्यवस्थाले नारीहरूमाथि के-कस्ता प्रभाव पार्दछन् ती कुरालाई उपन्यासमा राम्रारी देखाइएको छ। अभीष्टको खोजको अर्को विशेषता हो, उपन्यासकारको भाषा-शैली। उपन्यासकारले उपन्यासमा जुन भाषा शैलीलाई प्रस्तुत गरेका छन्, त्यसले पाठकलाई आकर्षित पार्दछ। उनको भाषा-शैलीले प्रत्येक वर्गका पाठकलाई मोहित बनाउन सक्षम बनेको छ। दाहालको आञ्चलिक परिवेशमा लेखिएको अनि उत्तराधुनिक उपन्यास लेखनलाई भित्र्याइएको अभीष्टको खोज नेपाली साहित्यका निम्ति गहकिलो कृति बन्नपुगेका छन्।

दाहालको अर्को उपन्यास द्रोह संरचनात्मक दृष्टिकोणमा अभीष्टको खोज भन्दा भिन्नै रहेको छ। यस उपन्यासमा दाहालले उपन्यासलाई विभिन्न खण्डमा शीर्षक दिएर विभाजन गरेका छन्। यस उपन्यासको विशेषता केमा छ भने उपन्यासकारले पात्रहरूको चयनमा देखाएको चतुरपना। एकातिर उनी सूत्रात्मक रूपमा पात्रहरूको नामाकरण गर्छन् भने अर्कातिर समाजका प्रत्येक कुनाबाट उनले पात्रहरू टिपेका छन्। सिक्किमेली सामाजिक, राजनैतिक परिवेशमा लेखिएको यस उपन्यासमा उपन्यासकारको प्रगतिवादी दृष्टिकोण स्पष्ट देखिन्छ। भाषा-शैलीका दृष्टिकोणमा द्रोहमा आइपुग्दा दाहालको लेखन शैली अझ परिष्कृत र परिमार्जित भएको छ। उनी चरित्र चित्रण गर्नमा आफ्नो छुट्टैपना देखाउँछन् भने समाजको विकृति र विसङ्गतिलाई उनले खुल्ला रूपमा चित्रण गरेका छन्। राजनैतिक परिवेशमा आएको भ्रष्टाचारप्रति उनको तिखो व्यङ्ग्य रहेको छ। यस उपन्यासमा उनले ठाउँ-ठाउँमा असित व्यङ्ग्यको प्रयोग गरेका छन्, जो अघिल्लो उपन्यासमा कम थियो। पात्रहरूको चयन र नामाकरणमा उनले

अनौठो प्रयोग गरेका छन्। यस उपन्यासमा जिल्लाराम, विचारलाल, कैंजरबहादुर, एलबीकेसी राई जस्ता पात्रहरूले उपन्यासलाई अर्कै लोकमा पुऱ्याएको छ। यहाँ आइपुग्दा उनी सूत्रात्मक शैलीको पनि प्रयोग गर्न रूचाउँछन्। द्रोहको विशिष्टताकै कारण यस उपन्यासलाई साहित्य अकादमी पुरस्कारका निम्ति चयन गरिएको हो।
उनको तेस्रो उपन्यास विद्रोह–को पाठकीय ग्राफ अघिल्ला दुइ उपन्यासको तुलनामा केही तल झरेको छ। विशेष गरी विद्रोहमा आइपुग्दा भीम दाहाल मार्क्सवादी चिन्तनधाराबाट बढ़ी प्रभावित भएको पाइन्छ। उपन्यासमा जुन हिसाबमा साम्यवादी विद्रोह भएको छ त्यो शायद आजको परिवेशमा सम्भव पाठकलाई नलागेको हुनसक्छ। यद्यपि, सिक्किमको वास्तविक कथा बोकेको यस उपन्यासमा उपन्यासकारले जतिसक्दो जीवन्त पात्रहरू खड़ा गर्ने कोशिश गरेका छन्। उपन्यासकारको अभीष्ट प्रगतिवादी र साम्यवादी समाजको निर्माण गर्नु रहेको देखिन्छ। यद्यपि, विद्रोहको भाषा–शैली अझ परिष्कृत र परिमार्जित भएको छ अनि यहाँ आइपुग्दा भीम दाहाललाई शैली सम्राट भनेर भन्नसकिने स्थिति खड़ा भएको छ। आफ्ना तीन उपन्यासहरूमा प्रयुक्त भाषा–शैलीबाट भीम दाहाल साँच्चै नै शैली सम्राट बनेका छन्।
समकालीन सिक्किमेली उपन्यास साहित्यको कुरा गर्दा सानु लामाको आख्यान साहित्यको चर्चा नगरी पूरा हुँदैन। उनको हिमालचुली मन्तिर (१९९८) आत्मपरक शैलीमा लेखिएको आख्यानात्मक कृति हो। सानु लामाले यसलाई उपन्यासको दर्जा नदिए पनि यो औपन्यासिक रूपमा तयार गरिएको अनुभवन्यास हो। यो अनुभवन्यास आत्मपरक वृतान्त धारावाहिक शैलीमा लेखिएको छ। यसका मूल पात्र अनुभवन्यासकार लामा नै हुन् र यसका सम्पूर्ण घटनाहरू उनी वरिपरि घुमेका छन्। यस पुस्तकमा समावेश गरिएका कथाहरू सिक्किमका ग्रामीण परिवेशमा सिर्जना भएका छन्। सरल भाषा–शैलीमा कूल २० खण्डमा बाँड़िएको यस कृतिमा अनुभवन्यासकारले सिक्किमका विभिन्न ग्रामीण क्षेत्रहरूमा आफ्नो सरकारी कामका सिलसिलामा बिताएका ती तीता–मीठा पलका अनुभवहरूलाई रेखाङ्कित गरिएको छ। सिक्किमको ग्रामीण परिवेशलाई राम्रोसँग चिनेका अनि त्यसलाई केस्रा–केस्रा केलाउन सफल भएका

Notes

साहित्यकार सानु लामाको हिमालचुली मन्तिर नेपाली आख्यान साहित्यका निम्ति अमूल्य रत्न बन्नपुगेको छ।

सन् २००६-मा आएर सिक्किमबाट दुइवटा उपन्यास प्रकाशन भए। पहिलो एम.डी. कार्कीको सिँहासन र दोस्रो पारसमणि शमको लक्ष्यतिर! कार्कीद्वारा लिखित उपन्यास सिँहासनमा सिक्किमको भूत र वर्तमान परिवेशलाई उदाङ्गो पारिएको छ। यस उपन्यासमा वर्णित जनजीवन, घटना र ऐतिहासिक सन्दर्भहरू तथा मिथकीयको समायोजन गर्ने काम भएको छ। इन्द्रकीलको पृष्ठभूमिमा रचिएको यस उपन्यासमा वर्तमान राजनैतिक परिवेशका साथसाथै सिक्किमको ऐतिहासिक पृष्ठभूमिलाई पनि समातेर कथानकलाई अघि बढ़ाउने काम भएकोछ। लोक कथा, दन्ते कथा र ऐतिहासिक पृष्ठभूमिबाट उपन्यासलाई उठाउंँदै वर्तमानको सामाजिक पृष्ठभूमिमा देखा परेका विविध समस्या, विसङ्गति, विकृति आदिलाई उपन्यासकारले प्रस्तुत गरेका छन्। यो एउटा अतीतदेखि वर्तमानसम्मको यात्रा बोकेको एउटा प्रयोगवादी उपन्यास हो। उपन्यासको ऐतिहासिकतालाई लेखकको काल्पनिक कथावस्तुले ठाउँ-ठाउँमा मधुरो बनाएको भए पनि सिक्किमलाई चिनाउन यसले विशेष भूमिका निर्वाह गरेको छ। साधारण र सरल भाषा शैलीमा लेखिएको यो उपन्यास कुल २१ खण्डमा विभाजित छ।

नवोदित उपन्यासकार पारसमणि शमको लक्ष्यतिर उपन्यास विशुद्ध आञ्चलिक परिवेशमा लेखिएको प्रयोगवादी उपन्यास हो। उपन्यासमा शमले सिक्किमको पाण्डाम गाउँको सेरोफेरोमा जीवन्त पात्रहरूद्वारा आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक प्रसङ्गलाई टिप्दै उपन्यासलाई अघि बढाएका छन्। उपन्यासमा संवादको लगभग बहिष्कार गर्दै विवरणात्मक शैली अप्नाइएको छ। सरल र स्पष्ट वाक्य रचना, छोटा वाक्य गठनले उनको शैलीलाई सरल र मधुर बनाउने काम गरेको छ भने उपन्यासमा सिक्किमको ग्रामीण परिवेशलाई एउटै गाउँको कथाले बोकेको छ। उपन्यासमा प्रयुक्त पात्र-पात्रा जीवन्त छन् अनि ती सबै आ-आफ्नै ठाउँमा आ-आफ्नै प्रकारले प्रतिनिधित्व गर्न सक्षम बनेका छन्। कुल ३१ खण्डमा विभाजित यस उपन्यासको प्रत्येक खण्डमा एउटा कथा पाइन्छ तर ती उपकथाहरू उपन्यासकै कथानककै वरिपरि घुमेका छन्। उपन्यासकारको

विशेषता केमा रहेको छ भने यो उपन्यास शुरुबाट, बीचबाट अथवा अन्त्यबाट जुनै खण्डबाट अध्ययन गर्दा पनि उपन्यास सिद्धिँदा पाठकले मूल कथानकलाई समाउन सक्षम बन्नेछन्। गाउँ समाजको विकास र समृद्धिको क्रममा देखा परेका अनेकौं मोडहरूलाई उपन्यासकारले जुन हिसाबले प्रस्तुत गरेका छन् त्यो निक्कै घतलाग्दो छ। यसमा उपन्यासकारको अग्रगामी दृष्टिकोण अनि समयभन्दा तीव्रताका साथ अघि बढ़ेको परिकल्पनाले उपन्यासलाई रोचक बनाएको छ। यस उपन्यासमा मूल कथानक र उपकथा दुवै नै महत्वपूर्ण छन्। मूल कथाले धागोको काम गरेको छ भन उपकथाले फूलको। उपन्यासकार पारसमणि शमको पहिलो उपन्यास भए पनि लक्ष्यतिरले नौलो स्वाद र परिकार दिन सक्षम बनेको छ भन्न सकिन्छ। प्रयोगकालका प्रमुख उपन्यासकार इन्द्रबहादुर राई एउटै मात्र उपन्यास आज रमिता छ लेखेर उनी नेपाली उपन्यासको इतिहासमा आफ्नो छुट्टै स्थान सुरक्षित राख्न सफल छन्। सतही दृष्टिकोणबाट हेर्दा दार्जिलिङको सामाजिक तथा राजनैतिक जीवनको व्याख्याजस्तो लाग्ने यो उपन्यास वास्तवमा पृथ्वीमा मानिसको जीवनगत विसङ्गति, अनिश्चितता, अर्थहीनता र सीमाबद्धता तथा यिनलाई छोप्न उसले अपनाउने दाउपेच, आडम्बर अनि समाजको परम्परागत सत्ताको अजेयता देखी उसले लिने नैराश्य, जुगुप्सा र कुण्ठाको आश्रयको चित्रात्मक प्रस्तुतिमा उभिएको पिन्छ। कुनै एउटै केन्द्रीय विचारको धुरीमा उभिएर नरहेको यस उपन्यासमा पात्रहरूले स्वाभाविक जीवन पाएका छन् जसले गर्दा प्रत्येक पात्र आ-आफ्नो स्वतन्त्र व्यक्तित्व लिएर उभिन सकेको छ। लेखकको आड र आश्रय नपाईकनै पनि चरित्रप्रधान उपन्यासका जस्तै जीवन्त र स्वतन्त्र व्यक्तित्वपूर्ण पात्रको स्थिति हुनु आज रमिता छ को एउटा विशेष अभिप्राप्ति हो। काल र दृष्टिकोण तत्त्वको आधारमा केलाउँदा यस अभिप्राप्तिको बहुआयामिकता स्वत प्रस्टिन्छ। हास, वाक्चातुर्य, भाषिक प्राञ्जलता, प्रत्येक भाषिक तथा भाषातीत तत्त्वहरूको विवेकपूर्ण, सध्येय र सार्थक प्रयोग आदि उनका लेखन-शैलीगत विशेषता हुन्। सामान्य कुरामा जीवनको असाधारण गहिराइ र विशेषता देख्नसक्नु उनको प्रतिभाको परिचायक विशेषता हो। उपन्यास जीवनजस्तै अशृङ्खलित र अनिश्चिततापूर्ण तथा सुख दुखात्मक हुँदाहुँदै पनि आफ्नै एउटा समाजतन्त्रमा बाँधिन सफल छ। जीवन र मानव समाजका विविध दृष्टि, पक्ष, रुचि, र धारणाको मेला लागेको छ आड रमिता छ भित्र र यसैमा यो अद्वितीय छ। संरचनाको दृष्टिले मुलुकबाहिर जस्तै यो पनि एउटा प्रजातान्त्रिक

समाजतन्त्रसित मिल्दो कृति देखिन्छ। नयाँ युगको प्रारम्भिक दशकमा उपन्यासले आफूलाई कविताका तुलनामा प्रयोगकालीन परम्पराबाट उति पर पुऱ्याउन नसकेको देखिए तापनि शताब्दीको अन्तिम दशक तथा नयाँ सहस्राब्दीमा प्रवेश गर्नाका साथसाथै यस विधामा एउटा नयाँ सृजनशीलता र नवीन शैलीको विकास भएको देखिन्छ। पूर्ववर्ती युगको सृजनकेन्द्रमा उभिएका भारतीय उपन्यासकारहरूमा इन्द्रबहादुर राई, भीम दाहाल, छुदेन काबिमो, प्रेम प्रधान, मत्स्येन्द्र प्रधान, विक्रमबीर थापा, पिटर जे. कार्थक, असीत राई, विन्द्या सुब्बा, कृष्णसिंह मोक्तान, हायमानदास राई किरात, कृषणसिंह मोक्तान, सुवास घिसिङ, प्रकाश कोविद्, लोकनाथ उपाध्याय चापागाइँ, शरद छेत्री, पुष्पा राई, भगीरथ रावत, आदि हुन्। गद्याख्यानको एउटा मुख्य भेदका रूपमा उपन्यास अनन्त सृजनात्मक सम्भावना र असीम चयनगत विकल्पहरूले युक्त विधा हो। चलचित्र, नाटक र उपन्यामाझ विशेष रूपले मिल्दोजुल्दो कुरा के पाइन्छ भने यी प्रत्येक कलाक्षेत्रका दुई दुईवटा रूप हुन्छन्। लोकप्रचलित सहज लेखनका रूपमा देखापर्ने कृतिलाई व्यावसायिक वा कमर्सियल पनि भन्ने चलन छ। नेपाली उपन्यासको परम्परामा एकातिर रूपनारायण सिंह, लैनसिंह बाङ्गदेल, इन्द्रबहादुर राई, विन्दया सुब्बा र भीम दाहाल जस्ता उपन्यासकारहरू छन् जसका उपन्यासमा चिन्तनशीलता र बौद्धिकता अधिक रहने हुँदा ती गम्भीर साहित्यिक सौन्दर्यात्मक एवम् बौद्धिक रुचि भएका पाठकलाई मात्र मनपर्ने हुन्छन्। अर्कातिर प्रकाश कोविद्, यद्धवीर थापा, सुवास, ज्ञानेश्वर गिरी, जय धमाला आदिका उपन्यास छन् जसमा इतिवृत्तको सरल-सहज प्रवाहमयता, घटनाविवरणको प्रधानता र चिन्तनको न्यूनता विशेष रूपले देखा पर्दछन् जसले गर्दा मनोरञ्जनात्मक आनन्द तिनले पाठकली दिन्छन्। कति उपन्यासलेखकहरू यी दुवै थरीका माझबाट मध्यमवर्गी भई लेखिरहेका भेटिन्छन्। त्यस्ता उपन्यासकारहरूमा इन्द्र सुन्दास, शिवकुमार राई, पिटर जे. कार्थक, बिबि, एच तामङ, शरद् छेत्री, पुष्पा राई, लोकनाथ उपाध्याय चापागाई, देव भण्डारी आदि उल्लेखनीय छन्। यिनका उपन्यास सरल सोझो भाषा-शैली र प्रस्तुतीकरण तथा घटनामूलकताले गर्दा साधरण पाठक र बौद्धिकताका आग्रही पाठक दुवैले उत्तिकै मजा मानेर पढ्न सक्छन्। विशेष गरी यस्ता उपन्यासहरू मध्यमवर्गीय र मध्यम रुचिका पाठकहरूमाझ अधिक लोकप्रिय हुन्छन्। पिटर जे. कार्थकको प्रत्येक ठाउँ प्रत्येक मान्छे सन् १९७५, वि वि. एच. तामङको चुँडेका कतिपय धागाहरू, शरद् छेत्रीका अनुनाद, घात-प्रतिघात,

मृगतृष्णा आदि, राधाकृष्ण काफ्लेको भन्न नसकेका कुरा, गहीन उपाध्यायको खोजीमा, पुष्पा राईको भोलिको प्रतीक्षामा आदि यस्ता उपन्यासका नमुना हुन्। उत्तरबङ्गालको नक्सलपन्थी आन्दोलनलाई पृष्ठभूमिमा राखेर लेखेका चुँडेका कतिपय धागाहरू, मनोविश्लेषणका धारमा लेख्न खोजिएका भन्न नसकेका कुरा तथा नारीमुक्तिवादी चिन्तन र आन्दोलनको वैचारिक स्पर्श दिन खोजेको भोलिको प्रतीक्षामा बाहेक जम्मै यी उपन्यास सामाजिकता र प्रण्य परिण्यका प्रसङ्गसूत्रमा आ-आफ्नै पाराले बाँधिएका छन्। भीम दाहालको अभीष्टको खोज चाहिँ सन् १९७४ मा भारतमा सिक्किमको विलय भएपछि त्यहाँ सामाजिक नैतिक परिवर्तनको पृष्ठभूमिमा उभिएको यथार्थिक उपन्यास हो। वैचारिकताका दृष्टिले पारिजातकै पयो लाग्न रुचाउने उपन्यासकार दाहाल शैलीका दृष्टिले अभीष्ट देखि बिद्रोहसम्म नै ध्रुवचन्द्रको मार्ग हुँदै अघि हिँडिरहेका प्रतीत हुन्छन्। यीबाहेक पनि यस अवधिमा अरू निकैजना उपन्यासकारहरू देखा परेका छन् जसमध्ये उल्लेखनीय छन्- सुवास घिसिङ, ज्ञानेन्द्रप्रसाद घिमिरे, गङ्गा कप्तान, ज्ञानेश्वर गिरी, शेरमान थापा, रामलाल अधिकारी, मोहन दुखुन, टीका खाती, चित्र खाती, मनप्रसाद सुब्बा, मणिकुमार प्रधान, नीलम प्रधान, गीता शर्मा, पारसमणि सम, अनिल गुरुङ आदि।

## 8.5 उपसंहार

साहित्यका मुख्य ४ विधा (कविता, आख्यान नाटक, निबन्ध) मध्ये उपन्यास आख्यान विधा अन्तर्गत पर्दछ । जीवन जगतलाई नजिकबाट नियाल्ने, सरल सहज भाषामा अभिव्यक्ति दिने उपन्यास सर्वाधिक लोकप्रिय विधा हो । जीवनमा देखेका, भोगेका, सुनेका, अनुभव गरेका यथार्थलाई उपन्यासले कलात्मक, रागात्मक किसिमले प्रस्तुत गर्दछ । उपन्यासले जीवनको अध्ययन गर्दछ । मानवीय मनका जटिलता, मनोग्रन्थीहरूलाई देखाउँदै पाठकलाई आकर्षित गर्छ । यसले रमणीयता, काल्पनिकताका साथै संघर्ष स्वच्छन्द, स्वाधीनताको बाटो पनि देखाउँछ । मनोरञ्जन गराउने, कौतूहलता जगाउने उपन्यास कथावस्तु, पात्र, घटना, परिवेश, भाषा शैली, उद्देश्यको संयोजनबाट निर्मित हुन्छ । जेहोस् उपन्यासले जीवनका द्वन्द्व, अन्तद्र्वन्द्व विरोधाभाष, विसङ्गति, विकृति, संवेदना, करुणा, हाँसो, रोदन, क्रन्दन ...आदि यथार्थ र समयले ल्याएका अनेक समस्यालाई देखाउँदै कल्पनालोक, मानसलोकको

परिक्रमा गर्दै सिङ्गो जीवन जगतको चित्र खिच्छ । उपन्यासले राजनीति, धर्म, संस्कार, संस्कृति भूगोल आदि विभिन्न विषयमा तुलो लगाउँदै समाजलाई ठम्याउने काम गर्छ । यसले वैज्ञानिक सत्यभन्दा परको मानसिक, काल्पनिक सत्यको खोजी गर्ने, अनेक रहस्यहरूको उद्घाटन गर्ने काम गर्छ (भण्डारी,२०७३ः १) ।उपन्यास पश्चिमी साहित्यको देन हो । उपन्यासलाई प्रारम्भमा रोमान्स भनिन्थ्यो । रोमान्स भन्नाले भावुक प्रेम र साहसको कथा बुझिन्थ्यो तर उपन्यासमा जीवनको यथार्थ पक्षको चित्रण हुन्छ । जीवनका विविध पक्षको चित्र उपन्यासले खिच्छ । उपन्यासलाई जीवनको आलोचनाका रूपमा डा.रवर्ट मूलरले अथ्र्याएका छन् । उपन्यास मानव चरित्रको चित्र हो भनेर भारतीय विद्वान् प्रेमचन्द भन्दछन्् । नेपाली समालोचक हृदयचन्द्र सिंह प्रधान उपन्यासलाई जीवन दर्शन र मानसिक प्रक्रियाको अध्ययनको रूपमा लिन्छन् । सन् १९०२ देखि मात्र सर्वप्रथम काशीका सदाशिव शर्माले महेन्द्रप्रभा नामक मौलिक उपन्यास लेखेर उपन्यास उपन्यास तरंगिनी उपन्यास प्रधान पत्रिकामा प्रकाशित गरे। महेन्द्रप्रभामा लेखकले उपन्यास कला अनुरूप शिल्पकला र शैली सौन्दर्यको प्रदर्शन गर्न सफल भएको छ। सँगै उता नेपालबाट सन् १९०३ मा फारसी ऐयासी तिलस्मी प्रभावपूर्ण वीरचरित्र गिरिशवल्लभ जोशीले लिएर देखा पर्छन्। दुवै उपन्यासकार हिन्दीका उपन्यासकार देवकीनन्दन खत्रीबाट प्रभावित देखिन्छन्। जे होस् दुवै उपन्यासको ऐतिहासिक योगदान महत्वपूर्ण छ। यसपछि काशीकै दुई पत्रिका सुन्दरी र गोर्खालीमा क्रमश सदाशिव शर्माको सुन्दरीभूषण, रामप्रसाद सत्यालको कलावती, मधुवाला अनि पद्मनाभ सापकोटा वा विज्ञानविलासको डा. सूर्यप्रसाद जस्ता उपन्यास छापिए, तर मनोरञ्जको उद्देश्यले चन्द्रिका सँगसंगै खरसाङका प्रतिमानसिंह लामाले महाकाल जासूस सन् १९१८ मा नामक उपन्यास प्रकाशित गरेर उल्लेखनीय कार्य गरे। नाटक, महाकाव्य आदिको तुलनामा उपन्यास सबैभन्दा कलिलो विधा हो। आज महाकाव्यको गरिमामय स्थान उपन्यासले खोसिसकेको देखिन्छ। यसरी नाटकलाई पनि उपन्यासले महत्वाहीन पारिसकेको छ। उपन्यास विधा नयाँ भए पनि यो शब्द भने हाम्रो निति नयाँ होइन, कारण प्राय तेइससय वर्ष अघि भरत मुनिले आफ्ना नाट्य शास्त्रमा यसको उल्लेख गरेर शाब्दिक परिचय दिएका हुन्। साधारणत उप-न्यास उपन्यास हो, अथवा क्रमश नजीक राख्नु। यसप्रकार उपन्ययास भन्ने कुरो संस्कृत साहित्यबाट हामीले पाउन सकेनौ।

दशकुमारचरित, कादम्बरी, वास्वदत्ता आदि जस्ता प्रेमात्मक आख्यानहरूले उपन्यासका झलक दिन चाहेका छन्। तर आधुनिक उपन्यासमा हाम्रो पूर्वीय संस्कृत साहित्यको कुनै देन छैन भने हुन्छ, यो नितान्त नयाँ विधा हो। हाम्रो भारतीय भाषाका जम्मै साहित्य बङ्गला, हिन्दी, नेपाली आदिमा यो अङ्ग्रेजी शिक्षा र साहित्यको देन भएर उपन्यास विधा देखा परेको हो। नेपाली साहित्यमा आधुनिक उपन्यास अङ्ग्रेजी, बङ्गला, हिन्दीबाट सरूवा भएर आएको हो। उर्दू साहित्यको प्रभाव पनि सँगसँगै ग्रहण गरेको हो। उपन्यास सम्बन्ध परिभाषा राख्न परे यहाँ पाश्चात्य र पूर्वीय विद्वानहरू एक से एक पाखुरा सुर्की सुर्की छात्ती बजादैं अघि सर्छन्। यहाँ केवल हाम्रै भारतीय हिन्दी साहित्यका उपन्यास सम्राट प्रेमचन्दलाई मात्र अघि सारौँ। पाश्चात्य साहित्यमा फ्रेञ्च, रूसी, अङ्ग्रेजी जम्मै भाषाले समुचित रूपमा आधुनिक उपन्यासलाई सर्वोच्च शिखरमा पुऱ्याएका छन्।। धार्मिक भावना जगाउने, नैतिक शिक्षा दिने, मनोरञ्जन गराउने उद्देश्यले लेखिएको यी कृतिलाई उपन्यास भन्न नसकिए पनि नेपाली उपन्यासको अर्थात् आख्यानको स्वरूप फेला पार्न सकिन्छ । दुवै उपन्यासकार हिन्दीका उपन्यासकार देवकीनन्दन खत्रीबाट प्रभावित देखिन्छन्। जे होस् दुवै उपन्यासको ऐतिहासिक योगदान महत्वपूर्ण छ। यसपछि काशीकै दुई पत्रिका सुन्दरी र गोर्खालीमा क्रमश सदाशिव शर्माको सुन्दरीभूषण, रामप्रसाद सत्यालको कलावती, मधुवाला अनि पद्मनाभ सापकोटा वा विज्ञानविलासको डा. सूर्यप्रसाद जस्ता उपन्यास छापिए, तर मनोरञ्जको उद्देश्यले चन्द्रिका सँगसंगै खरसाङका प्रतिमानसिंह लामाले महाकाल जासूस सन् १९१८ मा नामक उपन्यास प्रकाशित गरेर उल्लेखनीय कार्य गरे। नेपाली साहित्यको माध्यिमिक काल वि.सं.१९४६–१९९०) मा वीरसिक्का (वि.सं.१९४६, उपन्यास तरङ्गिणी वि.सं.१९५९), सदाशिव शर्माको महेन्द्रप्रभा (वि.सं.१९५९), गिरीशवल्लभ जोशी वीरचरित्र (वि.सं.१९६०) विज्ञान विलाशको डा. सूर्य प्रसाद वि.सं....., र विभिन्न पत्रपत्रिका.... आदिको माध्यमद्वार नेपाली उपन्यासलाई प्रस्फुटित गराउन सहयोग पु¥याएको पाइन्छ । प्राथमिक कालीन गद्याख्यानको दायरा फराहिलो बनाउँदै लगिएको पाइन्छ ।

यस अवधिमा पनि उपदेश दिने भगवान भक्ति जगाउने, भावुक प्रेमकथा, वीरता प्रदर्शन गर्ने अद्भूत किसिमका वर्णन, जासूसी, तिलस्मी, ऐøयारी आदि विचित्र सामाजिक विषयवस्तु, अलौकिक वर्णन, अतिरञ्जना, रोमाञ्चक गद्याख्यान

फेला पर्छन् जसले नेपाली उपन्यासको जग निर्माण गर्न सहयोग पु¥यायो। मौलिकता र यथार्थतालाई अंगाल्दै रुद्रराज पाण्डेको रूपमती उपन्यास आएपछि नेपाली उपन्यासमा आधुनिक काल सुरु भएको पाइन्छ। सन् १९३६ मा रूपनारायणसिंहको भ्रमरले पाश्चात्य साहित्यको रोमान्टिक परम्पराको शिलान्यास गरेर नेपाली समाजलाई एक शताब्दी अघि पु¥याउँछ। यसरी दुई वर्षको मात्र फरक पारेर रूपमती र भ्रमर छापिएता पनि दुईवटामा वर्णित समाजमा शताब्दीको पार्थक्य छ। अङ्ग्रेजी र बङ्गला साहित्यको चूडान्त अध्ययन र मननले गर्दा वास्तविकता नभए पनि यिनकोकल्पना र दिवास्वप्नले एउटा अर्कै सभ्य नेपाली समाजको निर्माण भ्रमर मा हुन पुग्यो। जे होस् भ्रमरको धरातल अयथार्थिक नै किन नहोस यसको भाषा सुश्री र सुषमित, सुन्दर, सुसभ्य र सुरम्य र सुभाषिनी छ, शैली र शिल्प अपूर्व छ। आधुनिक कालको मिरमिरे रुद्रराज पाण्डेको रूपमतीबाट सुरु भई आजसम्म आइपुग्दा नेपाली उपन्यास विभिन्न चरणहरूमा विभिन्न नयाँ प्रवृत्ति र धाराहरू समावेश गर्दै अगाडि बढेको छ। आधुनिक कालको थालनीमा देखा पर्ने भारतीय नेपाली उपन्यासमा बाह्र्य यथार्थको चित्रण गर्ने प्रवृत्ति र कथानकप्रधान लेखनको प्रबलता देखिन्छ भने सन् २०६० सालदेखि मनोविज्ञानको प्रवेश भई सूक्ष्म यथार्थको प्रस्तुति पनि आरम्भ हुन्छ। यसै मनोविज्ञानको प्रभावबाट नै आत्मपरक एवम् अन्तर्मुखी जटिल उपन्यासहरू लेखिन थालेका पाइन्छन्। यस प्रभावले सन् १९६८ सम्म निरन्तरता पाए पनि त्यसपछि प्रयोगात्मक दुरूहता त्यागी जीवनमुखी प्रवृत्तिको अङ्गीकार गर्ने प्रवृत्ति पनि झ्याङ्गिएको पाइन्छ। प्रथम चरणका उपन्यासले सामाजिक यथार्थका विविध रूपको चित्रण गरेको पाइन्छ। जसरी जुन विधि अपनाए तापनि यस चरणका उपन्यासमा मूलत बाह्र्य यथार्थको वर्णनमै केन्द्रित हुने साझा प्रवृत्ति पाइन्छ। आदर्शोन्मुख यथार्थवादी धाराका उपन्यासहरू लेखिए। स्वच्छन्दतावादी धाराकारूपनारायण सिंहको भ्रमर, अच्छा राई रसिकको लगन, शिवकुमार राईको डाकबङ्गला, उपन्यास पनि यसै चरणमा देखिए भने सामाजिक यथार्थको शान्ति, मन आदि उपन्यासहरू महत्वपूर्ण रहे। ऐतिहासिक यथार्थवादी धाराको प्रवेश डायमनशमशेर राणाको वसन्ती बाट भयो भने बाङ्गदेलको लङ्गडाको साथीले यथार्थवादी धारालाई भित्र्याएर केही भिन्नताको परिचय दियो। भ्रमरले फराकिलो पारेको उपन्यासको गोरेटोमा निर्विघ्न अघि बड्ने सामर्थ्य राख्ने कुनै नेपाली साहित्यकार सन् १९४७ सम्म जन्मन सकेन। महासमर काल यसै बित्यो, महासमरको प्रभाव र प्रतिक्रिया बोकेर यसकालमा कुनै उपन्यास

सिर्जना हुन सकेन। भ्रमर ले कलकत्ता र वर्मासम्म पुऱ्याएका नेपाली अन्तराष्ट्रिय क्षेत्र फ्रान्स, वेलायत, इजिप्ट, मेसोपोटामिया, अफ्रिका, जापन, इटालीसम्म सशरीर पुगेर पनि साहित्यमा मूर्त हुन सकेन। यथार्थको यो विस्तृत धरातल र कटु, तिक्त र रोमाञ्चपूर्ण अनुभव उपन्यासमा साट्न कोही निस्केनन्। यसरी महेन्द्रप्रभा सन् १९०२ ले सुन्दरभूषण, विलासिनी मधुवाला, कलावती, डा. सूर्यप्रसाद, दयाकी भावी, राजपूत रमणी, रूपमती, सुमति जस्ता सहयोगीहरू पाएर अन्त्यमा रोमाण्टिकभ्रमर सम्म आइपुगे पछि लामो विश्रान्ति लिनु परेको देखिन्छ। यस प्रकार नेपाली उपन्यासले महासमर कालमा कुनै खास महत्वपूर्ण विकास गर्न सकेन। यद्यपि एउटै उपन्यास भ्रमर यसकालको कोषे ढुङ्गा रूपमा हाम्रो समक्ष यथावत छ। यस कालका अन्य लेखक लैनसिंह बाङ्गदेल, शिवकुमार राई, इन्द्र सुन्दास, काशीबहादुर श्रेष्ठ, जी.छिरिङ, वीरेन्द्र सुब्बा, अच्छा राई रसिक आदिले यही महासमर कालमा कुनै उपन्यास कृति सिर्जना गर्न नसकेतापनि पछिबाट आफ्ना उपन्यास प्रकाशित गर्नसकेका छन्। लेखकको कालावधिलाई ध्यानमा राखेर पुस्तक रचनाकाललाई मात्र मान्यता नदिई यी सब लेखकहरूलाई महासमरकालीन उपन्यासकारहरूको रूपमा चर्चा गर्न चाहेको छ। आधुनिक भारतीय नेपाली उपन्यासको यस चरणमा स्थूलताबाट सूक्ष्मतातिरको यात्रा पनि आरम्भ भयो। यस समयका उपन्यासहरू व्यक्तिमनको आन्तरिक चित्रणमा केन्द्रित रही सूक्ष्म यथार्थको अङ्कन गर्न पनि अग्रसर छन्। पाश्चात्य साहित्यका अनेकौँ वाद र विचारहरूले हुर्किने र फैलिने मौका पनि यसै समयका उपन्यासमा पाएको देखिन्छ भने व्यक्तिनिष्ठ लेखककै कुण्ठा व्यक्त गर्ने जचिल लेखनको विकास भएकाले शैली र चिन्तन दुवैमा क्लिष्टता थपिएको पनि स्पष्ट देखिन्छ। मनोविज्ञानको अत्यधिक प्रयोग यसको केन्द्रीय विशेषता हो भने प्रयोगात्मक प्रवृत्ति पनि यस चरणको एउटा पहिचान हो। विसङ्गतिवादी चिन्तनमा लेखिएका उपन्यासहरूमा इन्द्रबहादुर राईको आज रमिता छ महत्वपूर्ण रहेका छन्। प्रयोगवादी जटिलतालाई ओकिउयामा ग्वाइनको सुनाखरी, पिटर जे. कार्थकको प्रत्येक ठाउँ प्रत्येक मान्छे जस्ता उपन्यासले अगाडि बढाएका छन्। प्रयोगवादी धारासँगै तर विपरित ध्रुबमा रहेर प्रगतिवादी धाराको आगमन तथा विकास र आलोचनात्मक यथार्थवादी धाराको वर्चस्व पनि यस चरणको उत्तरार्धमा निकै प्रेरक सिद्ध भएको छ। मिथकीय पुनर्सिर्जनको प्रयास थालिनु। आधुनिक कालमा आधुनिक जीवन, परिस्थिति, विचारसंग लेखनको आधुनिक टेकनिक शिल्प, कला, भावबोध, भाषा र शैली लिएर एकाएक नयाँ मोड दिने उपन्यास हो भ्रमर। यसरी तिलस्मी,

जासुसी र गन्थने नेपाली उपन्यासलाई मुक्त गराएर नयाँ उज्यालो क्षितिज बोक्र भ्रमर ले भुन्भुनाउनु नै नेपाली साहित्यमा रोमान्टिक वातावरण जन्माउन भयो। सन् १९३६ मा भ्रमरले सूत्रपात गरेको रोमान्टिक भाव संसारको मुलुक बाहिर निकाली यथार्थताको वास्तविक ज्ञान र परिचय दिने श्रेय छ- लैनसिंह वाङ्गदेललाई। यो प्रहार लर्तरो थिएन। यही यथार्थको वास्तविक बोध पछि माइतघर, लङ्गडाको साथी लाई मात्र होइन भारतको माटोमा डन्मेर हुर्की बडी जीवन सङ्गघर्षमा झेलिन्दै अङ्ग्रेज साहेबको शोषणले पीडित नेपाली छोरी मङ्गली लाई पनि हामीले चिन्न पायौँ। यसरी भारतीय नेपाली उपन्यासमा यथार्थ-संसार स्थापना पछि यही धरातलमा अर्को विशिष्ट औपन्यासिक कृति जन्मन्छ बसाईँ सन् १९५७ मा। विषयलाई विवादग्रस्त नबनाएर उपरोक्त उपन्यासकारहरूमध्ये पनि उपन्यास विधामा नयाँ मोड दिने अमूल्य योगदान दिने दीर्घकालीन सेवा गर्ने उपन्यासकारहरूलाई ऐतिहासिक परिप्रेक्ष्यमा उल्लेख गर्नु छ। आधुनिक भारतीय नेपाली उपन्यासमा जटिल कथ्य एवम् शैलीका प्रयोक्ताहरू पनि यस चरणमा समाजमुखी प्रवृत्ति लिएर देखिएका छन्। दौलतविक्रम विष्टतथा रमेश विकल क्रमश विसङ्गति र यौनप्रवृत्तिलाई छाडी सामाजिक विकृतिको चिरफारतिर उन्मुख रहेका छन्। लेखनको दुरुहता त्यागेर अधिकांश उपन्यासकारहरू सामाजिक सन्दर्भमा केन्द्रित रही जीवनमुखी साहित्य सिर्जनामा समाहित भएका छन्। समाजोपयोगी , सम्प्रेषणीय एवम् जीवनका समस्याको आलोचनात्मक व्याख्यामा उपन्यास पुन सामेल भएको प्रसङ्ग यहाँ उल्लेख्य एवम् स्मरणीय रहेको छ। भ्रमरले फराकिलो पारेको उपन्यासको गोरेटोमा निर्विघ्न अघि बड्ने सामर्थ्य राख्ने कुनै नेपाली साहित्यकार सन् १९४७ सम्म जन्मन सकेन। महासमर काल यसै बित्यो, महासमरको प्रभाव र प्रतिक्रिया बोकेर यसकालमा कुनै उपन्यास सिर्जना हुन सकेन। यथार्थको यो विस्तृत धरातल र कटु, तिक्त र रोमाञ्चपूर्ण अनुभव उपन्यासमा साट्न कोही निस्केनन्। यसरी महेन्द्रप्रभा सन् १९०२ ले सुन्दरभूषण, विलासिनी मधुवाला, कलावती, डा. सूर्यप्रसाद, दयाकी भावी, राजपूत रमणी, रूपमती, सुमति जस्ता सहयोगीहरू पाएर अन्त्यमा रोमाण्टिकभ्रमर सम्म आइपुगे पछि लामो विश्रान्ति लिनु परेको देखिन्छ। यस प्रकार नेपाली उपन्यासले महासमर कालमा कुनै खास महत्वपूर्ण विकास गर्न सकेन। यद्यपि एउटै उपन्यास भ्रमर यसकालको कोषे ढुङ्गा रूपमा हाम्रो समक्ष यथावत छ। यस कालका अन्य लेखक लैनसिंह बाङ्गदेल, शिवकुमार राई, इन्द्र सुन्दास, काशीबहादुर श्रेष्ठ, जी.छिरिङ, वीरेन्द्र सुब्बा, अच्छा

राई रसिक आदिले यही महासमर कालमा कुनै उपन्यास कृति सिर्जना गर्न नसकेतापनि पछिबाट आफ्ना उपन्यास प्रकाशित गर्नसकेका छन्। लेखकको कालावधिलाई ध्यानमा राखेर पुस्तक रचनाकाललाई मात्र मान्यता नदिई यी सब लेखकहरूलाई महासमरकालीन उपन्यासकारहरूको रूपमा चर्चा गर्न चाहेको छ। उल्लेखित आधुनिक नेपाली उपन्यासको विकासक्रममा प्रतिनिधि उपन्यास र उपन्यासकार अनि तिनका प्रवृत्तिगत विशेषताकै पंक्तिमा अन्य उपन्यासकारहरू पंक्तिबद्ध भएको पाइन्छ । अझै पछिल्ला उपन्यासहरूमा उत्तरआधुनिकता, नारीवाद, द्वन्द्वात्मक भौतिकवाद, फ्रायडवाद, चरित्रप्रधान उपन्यास, वर्तमान जीवनका जटिलता विसङ्गति, विकृति, बिब्ल्याँटा परिस्थिति, नयाँनौला प्रयोगहरू तिखारिदै आइरहेका छन् सन् २०७९ देखिको समयमा समाजसँग सम्बन्धित आलोचनात्मक यथार्थवादी तथा प्रगतिवादी उपन्यासको लेखन विस्तार भएको हुनाले तृतीय चरणलाई प्रयोगवादी र समाजोन्मुख गरी दुई भागमा बाँड्न सकिन्छ भने समाजोन्मुख प्रवृत्तिले नै समकालीन उपन्यासको प्रतिनिधित्व गर्दछ। यसली नेपाली उपन्यासको उत्तरवर्ती चरणका रूपमा पनि वर्णन गरिएको छ। यसरी धुनिक भारतेली नेपाली उपन्यास आज आएर समाजका विसङ्गतिका कुनाकोप्चेराहरू नियाल्दै त्यसको यथार्थ चित्रण गर्न र तिनबाट मुक्तिका लागि प्रेरणा तथा मार्गदर्शन प्रदान गर्नमा लागिपरेको छ भने व्यक्तिगत जीवनका कुण्ठा र छाडा प्रवृत्तिका क्लिष्टता त्यागेर समकालीन सेरोफेरोमा केन्द्रित पनि रहेको छ। यही मूल स्वर र प्रवृत्ति नै पाठक र उपन्यासको सम्बन्ध कसिलो पारेर उपन्यासलाई आधुनिक युगको गद्यात्मक महाकाव्य बनाउनाका लागि सफल रहने देखिन्छ प्रयोगकालमा आएर भारतेली नेपाली उपन्यास घटनाको जगतबाट हटेर चरित्र तथा तिनका अन्तर्जगतमा केन्द्रित हुन पुगेको पाइन्छ। रोमान्टिक कालका उपन्यासमा पाइने कथानक र घटना विवरणको प्रधानताको साटो यहाँ आएर पात्र-पात्रका विचको र अझ बढी पात्रको स्वयम्सितको अन्तरविरोध र अन्तर्द्वन्द्व र अन्तर्द्वन्द्व नै धेरौजसो उपन्यासमा पाइन्छ जसले गर्दा यी उपन्यास चरित्रप्रधान र विश्लेषणात्मक बनेका छन्। मनोविशलेषण, अस्तित्ववादी चिन्तन, विसङ्गितबोध र व्याङ्ग्यात्मकता नै यस युगका उपन्यासका मूलभूत विशेषता रहेका छन्। यस कालका कवितामा शैलीगत प्रयोगधर्मिता बढी छ भने उपन्यासमा विचारतत्त्व र चिन्तनगत प्रयोगधर्मिता बढी छ। यस कालका प्रतिनिधि उपन्यासकारहरू हुन्- इन्द्रबहादुर राई, रवीन्द्र कुमार मोक्तान, प्रकाश कोविद, सुवास, असीत राई, सुरेश

Notes

राई, नन्द हाङखिम, नकूल काडी, काजी प्रधान, हर्क योञ्जन विरही, शरद छेत्री, गोविन्द छेत्री, भगीरथ रावत, ओकियामा ग्वाइन, समीरण छेत्री,आदि। सिक्किममा उपन्यास लेखनको परम्परा सन् १९७०-को दशककै छेउछाउबाट शुरु भएको हो। सिक्किममा उपन्यास साहित्य भित्र्याउने श्रेय गंगा कप्तानलाई जान्छ। गंगा कप्तानको निर्दयी (१९६९) उपन्यास सिक्किमेली उपन्यास साहित्यको जेठो उपन्यास हो। सिक्किमका प्रथम उपन्यासकारको पगरी गुथेका गंगा कप्तानले जिउँदो लाश (१९७०), महत्वहीन कुमारीत्व (१९७०)- गरी सन् १९९०-अघि तीनवटा उपन्यास प्रकाशनमा ल्याइसकेका थिए। यसपछि उनले इन्दू उपन्यासको रचना (१९८८)-मा गरे पनि यसको प्रकाशन भने उनको मृत्युपछि २००५-मा भयो। गंगा कप्तानद्वारा सिर्जना गरिएको पृष्ठभूमिमा समीरण छेत्री प्रियदर्शी र अर्जुन निरौला जस्ता उपन्यासकारको उदयले सिक्किमेली उपन्यास साहित्यलाई माथि उठाउने काम गरेको छ। ऐतिहासिक परिप्रेक्ष्यमा लेखिएको समीरण छेत्री प्रियदर्शीको बलिवेदी (१९७०) र पोखिएको जिन्दगी (१९७१)-ले सिक्किमेली उपन्यास साहित्यलाई मल-जल गर्ने काम गरेको छ। यसपछि उपन्यास लेखनमा सशक्तताका साथ उदय भए अर्जुन निरौला। यसपछि सुवास दीपकको उपन्साय अभिषेक (१९८०), राधाकृष्ण शर्माको भन्न नसकेका कुरा (१९८३) र तुलसी शर्मा "कश्यप'-को सङ्कल्प (१९८८) उपन्यास प्रकाशन भए। यस दुइ दशकमा सिक्किमेली उपन्यास साहित्यले मलिलो माटो पाइसकेको थियो। १९८०-को दशकको अन्त्यमा आइपुग्दा अर्जुन निरौला घाम डुबेपछि (१९८९) उपन्यास लिएर आए। घाम डुबेपछि उपन्यास अघिल्ला उपन्यासहरूको तुलनामा परिष्कृत र परिमार्जित छ भने यो एउटा प्रयोदवादी उपन्यास हो। चेतन प्रवाह शैलीमा लेखिएको पहिलो भारतीय नपाली उपन्यासको पगरी लगाउन सफल घाम डुबेपछि उपन्यास नेपाली साहित्यको निम्ति एउटा विशिष्ट कृति बन्न पुगेको छ। यसरी १९९०-को दशक शुरु हुनअघि नै सिक्किममा उपन्यास साहित्यको निम्ति एउटा मलिलो पृष्ठभूमि तयार भइसकेको हामी पाउँछौं। ९०-को दशकदेखि यता सिक्किममा उपन्यास साहित्यको निम्ति उल्लेखनीय पहल भएको छ। मलिलो पृष्ठभूमिमा यहाँ भीम दाहाल, सानु लामा, पारसमणि शम, एम.डी. कार्की जस्ता उपन्यासकारहरूको उदय हुन्छ।

समकालीन उपन्यास साहित्यमा उपन्यासकारहरूले विभिन्न दृष्टिकोण राखेका छन् भने भाषा–शैली र प्रयोगधर्मिताको दृष्टिकोणमा यस अवधिमा सिक्किममा लेखिएका उपन्यास नेपाली साहित्यका निम्ति बहूमूल्य कृति पुगेका छन्।

उत्तराधुनिक औपन्यासिक चेतको विकास सँगसँगै नारीवादी लेखनतर्फ अग्रसर बन्दै उपन्यासमा सामाजिक पृष्ठभूमिका यथार्थ कुराहरू हुबहू उतार्न अनि जीवन्त पात्रहरूको प्रयोग गर्न उपन्यासकारहरू अघि सरेको देखिन्छ। उपन्यासमा खोक्रो प्रेम र आडम्बरी मायालाई पर राखी जीवन भोगाइका क्रममा देखापरेका अनेकौं पाटाहरूलाई उपन्यासकारहरूले इमान्दारितापूर्वक पस्किने कोशिश गरेका छन्। यतिमात्र होइन यस अवधिका उपन्यासमा सिक्किमको वास्तविक सामाजिक पृष्ठभूमिलाई खुल्लम–खुल्ला रूपमा प्रस्तुत गर्न खोजिएको छ। आञ्चलिक पृष्ठभूमिमा लेखिएका उपन्यासहरूमा उपन्यासकारहरू कतिपय प्रयोग गर्नमा अघि सरेका छन्। यसका साथै यस अवधिका उपन्यासले साहित्यप्रतिको छुट्टै धारणा पनि सिर्जना गराएका छन्। यसै अवधिमा भीम दाहाललाई उपन्यास लेखनकै क्षेत्रमा साहित्य अकादमी पुरस्कार प्राप्त हुनुबाट सिक्किममा उपन्यास साहित्यले उल्लेखनीय प्रगति गरेको स्पष्ट भएर जान्छ।

## 8.6 सार

- जीवन जगतलाई नजिकबाट नियाल्ने, सरल सहज भाषामा अभिव्यक्ति दिने उपन्यास सर्वाधिक लोकप्रिय विधा हो ।
- उपन्यासले जीवनका द्वन्द्व, अन्तद्र्वन्द्व विरोधाभाष, विसङ्गति, विकृति, संवेदना, करुणा, हाँसो, रोदन, क्रन्दन ...आदि यथार्थ र समयले ल्याएका अनेक समस्यालाई देखाउँदै कल्पनालोक, मानसलोकको परिक्रमा गर्दै सिङ्गो जीवन जगतको चित्र खिच्छ।
- सन् १९०२ देखि मात्र सर्वप्रथम काशीका सदाशिव शर्माले महेन्द्रप्रभा नामक मौलिक उपन्यास लेखेर उपन्यास उपन्यास तरंगिनी उपन्यास प्रधान पत्रिकामा प्रकाशित गरे।
- आधुनिक नेपाली उपन्यासको विकासक्रममा प्रतिनिधि उपन्यास र उपन्यासकार अनि तिनका प्रवृत्तिगत विशेषताकै पंक्तिमा अन्य

उपन्यासकारहरू पंक्तिबद्ध भएको पाइन्छ । अझै पछिल्ला उपन्यासहरूमा उत्तरआधुनिकता, नारीवाद, द्वन्द्वात्मक भौतिकवाद, फ्रायडवाद, चरित्रप्रधान उपन्यास, वर्तमान जीवनका जटिलता विसङ्गति, विकृति, बिब्ल्याँटा परिस्थिति, नयाँनौला प्रयोगहरू तिखारिदै आइरहेका छन्।

## 8.7 अनुशीलनी

१. भारतेली नेपाली उपन्यासको पृष्ठभऊमि र यसको विकासका चरणहरूबारे अध्ययन गर।

२. भारतेली नेपाली उपन्यासमा आधुनिक चरण।

## 8.8 अतिरिक्त अध्ययन

घनश्याम नेपाल- नेपाली साहित्यको परिचयात्मक इतिहास

कृष्णचन्द्रसिंह प्रधान- नेपाली उपन्यास र उपन्यासकार

कृष्णहरि बराल, नेत्र एटम- उपन्यास सिद्धान्त र नेपाली उपन्यास

इन्द्रबहादुर राई- नेपाली उपन्यासका आधारहरू

असीत राई- भारतीय नेपाली साहित्यको इतिहास

डा. राजकुमारी दाहाल- नेपाली आञ्चलिक उपन्यास

## 8.9 मूल्यवृद्धिको निम्ति उत्तर तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस-

**तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस–**

1. भारतेली नेपाली उपन्यासको पृष्ठभूमि

______________________________________________

______________________________________________

____________________________

(अङ्क १. को मूल्यवृद्धिको निम्ति विद्यार्थीहरूले ८.३ को खण्डमा उत्तर खोज्न सक्नेछन्।)

2. भारतेली नेपाली उपन्यासका विकासका चरणहरू

________________________________________________________

________________________________________________________

________________________________________________________

(अङ्क २. कोमूल्यवृद्धिको निम्ति विद्यार्थीहरूले ८.४ को खण्डमा उत्तर खोज्न सक्नेछन्।)

# एकाइ 9 विषयवस्तु र संरचना शिल्पका दृष्टिले भारतेली नेपाली उपन्यासहरूको वर्गीकरण र विवेचना

**संरचना**

9.0 उद्देश्य

9.1 परिचय

9.2 विषयवस्तु र संरचना शिल्प

9.3 विषयवस्तु र संरचना शिल्पका दृष्टिले भारतेली नेपाली उपन्यासहरूको वर्गीकरण र विवेचना

9.4 विषयवस्तुका दृष्टि अन्तर्गत भारतेली नेपाली उपन्यासमा युद्धको सन्दर्भ

9.5 उपसंहार

9.6 सार

9.7 अनुशीलनी

9.8 अतिरिक्त अध्ययन

9.9 मूल्यवृद्धिको निम्ति उत्तर

## 9.0 उद्देश्य

उपन्यासको आफ्नै विषयवस्तु र संरचना शिल्प हुन्छ। विभिन्न विषयवस्तुलाई उपन्यासकारले आफ्नो शिल्पकारिताको दृष्टिले उपन्यास लेखेका हुन्छन्। भारतेली नेपाली उपन्यासहरूको विषयवस्तु र संरचना शिल्पका दृष्टिले वर्गीकरण र विवेचनाबारे अध्ययन गर्नु प्रस्तुत एकाइको उद्देश्य रहेको छ। कस्ता कस्ता विषयलाई भारतीय उपन्यासकारहरूले आफ्ना उन्यासमा ठाउँ दिएका छन् र त्यसको संरचना कस्तो रहेको छ भन्ने कुराको अध्ययन गर्नु प्रस्तुत एकाइको उद्देश्य रहेको देखिन्छ।

## 9.1 परिचय

साहसीक उपन्यास रहस्य, रोमाञ्च, चमत्कार, साहसिक यात्रा, रहस्यको गाँठो फुकाउने तिलस्मी प्रवृत्ति एवम् नायक एवम् खलनायकका पक्षहरूबीच लडाइँ हुने ऐय्यारी प्रवृत्ति साहसिक उपन्यासमा पाइन्छ। यस्तो उपन्यास घटनाप्रधान हुन्छन् र चिनमा मानवीय पात्रहरूले पनि असम्भव कार्यहरू गर्दछन्। यस्ता उपन्यासले यथार्थको चित्रण नगरी अतिमानवीय श्रृङ्गारिक प्रणयलीला आदि वर्णन गरेर पाठकलाई मनोरञ्जन दिन खोजेका हुन्छन्। ऐतिहासिक उपन्यास लेखकको जन्मभन्दा अगाडि घटिसकेको घटनालाई लिएर लेखिएको उपन्यास ऐतिहासिक हुन्छ, यद्धपि कसैले यसलाई लेखकको एक-दुई पिँढी-अगाडिको घटनामा आधारित हुने कुरा पनि बताएका छन् भने कसैले चाहिँ लेखकले प्रत्यक्ष अनुभव गर्नुभन्दा अगाडिको चरित्रबारे लेखिएका उपन्यासलाई ऐतिहासिक मानेका छन्। यसमा इतिहासको विषयवस्तु मुख्य रूपमा आएको हुन्छ। इतिहासको घटना र व्यक्तिको यसमा इतिहासको कुनै महत्वपूर्ण युग, घटना, साहसिक वीर पुरुषको चरित्रचित्रणका अध्ययन र चिन्तन गर्ने लेखकले मात्र सफल तिहासिक उपन्यास लेख्न सक्छ। लेखकको कल्पनालाई युगसत्य, घटनासत्य र व्यक्तिसत्यको आभास दिँदै उपन्यासलाई कलात्मक रूपमा प्रस्तुत गर्दा यसले जीवन्तता पाउँछ। यसमा नाटकीयताको प्रबलता रहन्छ भने ऐतिहासिक र आख्यानात्मक दुवै थरी चरित्रहरू हुन सक्छन् साथै घटना पनि यथार्थ र काल्पनिक दुवै आउन सक्छन्। सांस्कृतिक उपन्यास कुनै समयको संस्कृति देखाउने उद्देश्यले लेखिएको उपन्यासलाई सांस्कृतिक उपन्यास भनिन्छ। यस्ता उपन्यासमा संस्कार, परम्परा, रीतिरिवाज, रहनसहन आदिको विस्तृत व्याख्या गरिएको हुन्छ। यस्ता उपन्यासमा भने पौराणिक, ऐतिहासिक वा धुनिक समयको संस्कारचित्रणमा बढी जोड दिएका हुन्छन्। सामाजिक उपन्यासमा व्यक्ति, परिवार तथा सामाजिक समस्यालाई यथार्थ रूपमा प्रस्तुत गर्ने सामाजिक आदर्शका रूपमा चित्रण गर्ने, मानवीय कोमल भावनाको प्रस्तुति दिँदै नैतिक शिक्षा दिने जस्ता उद्देश्य रहेका देखिन्छन्। समाजको बाह्य पक्षलाई बढी चित्रण गर्ने यस्ता उपन्यासमा घटनाको प्रधानता तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग र वर्णनात्मक शैली पाइन्छ। मनोवैज्ञानिक उपन्यास व्यक्तिमनका आन्तरिक यथार्थ उद्घाटन गर्ने उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भनिन्छ। फ्रायडको अचेतन, कामवृत्ति र ग्रन्थिसिद्धान्त, एडलरको व्यक्तित्वरचना तथा जुङ्गको सामूहिक अचेतनजस्ता सिद्धान्तहरूका आधारमा यस्ता उपन्यासको रचना फ्रायड एडलर र जुङ्गका सिद्धान्तले साहित्यलाई अत्यधिक प्रभावित गरेका छन्।

Notes

मानसिक विश्लेषणबाट व्यक्तिको आन्द्राभुडी खोतल्ने यस्ता उपन्यासमा मनोविकृतिको चित्रण र त्यसको कारण प्रस्तुत गरिएको हुन्छ। कुनै कारणले टुट्न गएको अहम् विभिन्न परिस्थितिबाट विकृत भएको मानसिकता, तृप्त चाहनाहरूले जन्माएका कुण्ठा नैराश्य, असामान्य स्थिति र विभिन्न ग्रन्थिहरूको विश्लेषण यस्तो उपन्यासको विषय हुन्छ। आञ्चलिक उपन्यासले स्थानीय रङ्गविवरणलाई विशेष महत्व दिएर चर्चा गर्दछ। उपन्यासका विभिन्न तत्त्वहरू हुन्छन्। यिनै तत्त्वहरूको संयोजन तथा विलयन भेर उपन्यासले आफ्नो सग्लो रूप वा बिम्ब धारणा गर्दछ। उपन्यासका लागि आवश्यक तत्त्वहरूलाई छुट्टाछुट्टै राख्ता त्यसले अस्तित्व प्राप्त गर्न सक्तैन। कथानक, चरित्र, पर्यावरण, भाषा, सारवस्तु, प्रतीक र बिम्ब गति र लय आदि सबै तत्त्वहरूलाई एकीकृत गरी तिनको सम्मिलनबाट एटा पूर्ण रूप दिने काम शिल्पपद्धतिको हो। लेखकले चाहेअनुरूप उपन्यासको ढाँचा निर्माण गर्ने गर्छ भने पाठकलाई नवीन अनुभूति, विशिष्ट प्रभाव र उत्कृष्ट सौन्दर्य प्रदान गर्ने काममा शिल्पको प्रमुख हात हुन्छ। उपन्यासमा लोकप्रिय बनाउने कार्य शिल्पको पद्धतिमा नै आरूढ रहन्छ भने उपन्यासमा कलात्मकताको निर्वाह पनि यसैले गर्न सहयोग पुऱ्याउँछ। सीधा वर्णनको परम्पराबाटविकसित भेर आजको अवस्थामा आइपुग्ने क्रममा उपन्यासले अनेकौँ प्रकारका शिल्पपद्धति अङ्गीकार गरेको देख्न सकिन्छ। तृतीय पुरुषलाई उछिनेर प्रथम पुरु। तथा द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिनु नवीन शिल्पको एउटा उदाहरण हो। एउटै कथानक पनि दृष्टिविन्दुको परिवर्तनले भिन्न प्रतीत हुन्छ भने यसले उपन्यासको जीवनलाई नैबदलिदिन्छ। एउटा चरित्रको सट्टा अर्को चरित्रको हेराइलाई प्राथमिकता दिनासाथ उपन्यासको अवस्था परिवर्तन हुन्छ। यस सन्दर्भमा हिजोआज चलेको अनायकको प्रयोग निकै महत्वपूर्ण छ। वर्णनको तरिकाले प्रभावका ढाँचाहरूलाई पूर्णत फरक पारिदिन सक्छ। प्रतीक, बिम्ब र उपहासको आयोजनाले कथ्यका अभिव्यञ्जनात्मक क्षमतालाई अकल्पनीय ढङ्गले बढाइदिन्छ। सोझा तथा समथर विष्यवस्तुहरू स्वैरकल्पनात्मक ढङ्गले वा मिथकको प्रयोगका कारण अगाडि बढ्दा त्यसको शक्ति नै कैं देखा पर्छ। ध्रुबचन्द्र गौतमको अलिखित ध. च. गोतामेको यहाँदेखि त्यहाँसम्म मा देखिने फरकलाई यसै सन्दर्भमा व्याख्या गर्न सकिन्छ। यस्ता अनेक क्रिया र स्थापनाको एकत्वका लागि महत्वपूर्ण संशक्ति हो।

## 9.2 विषयवस्तु र संरचना शिल्प

विषयवस्तुका आधारमा उपन्यासलाई विभिन्न भागमा विभाजन गरिएको पाइन्छ।जस्तै- साहसिक, ऐतिहसिक, सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक, राजनैतिक, आञ्चलिक, वैचारिक, विज्ञान, जीवनमूलक, मिथकीय, जासुसी उपन्यास।

साहसीक उपन्यास रहस्य, रोमाञ्च, चमत्कार, साहसिक यात्रा, रहस्यको गाँठो फुकाउने तिलस्मी प्रवृत्ति एवम् नायक एवम् खलनायकका पक्षहरूबीच लडाइँ युद्ध हुने ऐय्यारी प्रवृत्ति साहसिक उपन्यासमा पाइन्छ। यस्तो उपन्यास घटनाप्रधान हुन्छन् र चिनमा मानवीय पात्रहरूले पनि असम्भव कार्यहरू गर्दछन्। यस्ता उपन्यासले यथार्थको चित्रण नगरी अतिमानवीय श्रृङ्गारिक प्रणयलीला आदि वर्णन गरेर पाठकलाई मनोरञ्जन दिन खोजेका हुन्छन्। रहस्यमय भुमरीको सिर्जना, बलात्कार, अत्यचारजस्ता कुतूहल र सनसनी मच्चाउने घटना वर्णन गरी पाठकलाई आनन्द दिलाउनु यिनको उद्देश्य हुन्छ। यसमा लेखकीय कल्पनाशक्तिको भूमिका निकै महत्वपूर्ण हुन्छ। नेपालीमा गिरीशवल्लभ जोशीको वीरचरित्र, सदाशिव शर्माको महेन्द्रप्रभा आदि यस्ता उपन्यास हुन्।

ऐतिहासिक उपन्यास लेखकको जन्मभन्दा अगाडि घटिसकेको घटनालाई लिएर लेखिएको उपन्यास ऐतिहासिक हुन्छ, यद्धपि कसैले यसलाई लेखकको एक-दुई पिँढी-अगाडिको घटनामा आधारित हुने कुरा पनि बताएका छन् भने कसैले चाहिँ लेखकले प्रत्यक्ष अनुभव गर्नुभन्दा अगाडिको चरित्रबारे लेखिएका उपन्यासलाई ऐतिहासिक मानेका छन्। यसमा इतिहासको विषयवस्तु मुख्य रूपमा आएको हुन्छ। इतिहासको घटना र व्यक्तिको यसमा इतिहासको कुनै महत्वपूर्ण युग, घटना, साहसिक वीर पुरुषको चरित्रचित्रणका अध्ययन र चिन्तन गर्ने लेखकले मात्र सफल तिहासिक उपन्यास लेख्न सक्छ। लेखकको कल्पनालाई युगसत्य, घटनासत्य र व्यक्तिसत्यको आभास दिँदै उपन्यासलाई कलात्मक रूपमा प्रस्तुत गर्दा यसले जीवन्तता पाउँछ। यसमा नाटकीयताको प्रबलता रहन्छ भने ऐतिहासिक र आख्यानात्मक दुवै थरी चरित्रहरू हुन सक्छन् साथै घटना पनि यथार्थ र काल्पनिक दुवै आउन सक्छन्। हिजोआज व्यङ्ग्यात्मक र प्रहसनात्मक रूपमा पनि ऐतिहासिक उपन्यास लेखिन थालिएको छ भने पहिले लेखिएका कुनै उपन्यासली पुन व्यङ्ग्य गरेर वा प्यारोडी बनाएर लेखिने उपन्यासलाई पनि यसैअन्तर्गत राखेर चर्चा गर्न थालिएको छ। सांस्कृतिक उपन्यास कुनै समयको संस्कृति देखाउने उद्देश्यले लेखिएको उपन्यासलाई सांस्कृतिक उपन्यास भनिन्छ। यस्ता उपन्यासमा संस्कार, परम्परा, रीतिरिवाज, रहनसहन आदिको विस्तृत व्याख्या गरिएको हुन्छ। यस्ता

**Notes**

उपन्यासमा भने पौराणिक, ऐतिहासिक वा धुनिक समयको संस्कारचित्रणमा बढी जोड दिएका हुन्छन्। सामाजिक उपन्यास समाजमा अवस्थित वर्ग, व्यवहार दि विभिन्न अवस्थालाई विषयवस्तु बनाएर सामाजिक उपन्यास रचिन्छ। यस्तो उपन्यासमा कुनै समयको समाजको आर्थिक स्थिति सुख दुख, रिसराग, अन्याय एवम् अत्याचार, प्रेम, बिछोड जस्ता पक्षहरूलाई आधार बनाएर यस्ता उपन्यास लेखिन्छन्।

सामाजिक उपन्यासमा व्यक्ति, परिवार तथा सामाजिक समस्यालाई यथार्थ रूपमा प्रस्तुत गर्ने सामाजिक आदर्शका रूपमा चित्रण गर्ने, मानवीय कोमल भावनाको प्रस्तुति दिँदै नैतिक शिक्षा दिने जस्ता उद्देश्य रहेका देखिन्छन्। समाजको बाह्य पक्षलाई बढी चित्रण गर्ने यस्ता उपन्यासमा घटनाको प्रधानता तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग र वर्णनात्मक शैली पाइन्छ मनोवैज्ञानिक उपन्यास व्यक्तिमनका आन्तरिक यथार्थ उद्घाटन गर्ने उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भनिन्छ। फ्रायडको अचेतन, कामवृत्ति र ग्रन्थिसिद्धान्त, एडलरको व्यक्तित्वरचना तथा जुङ्गको सामूहिक अचेतनजस्ता सिद्धान्तहरूका आधारमा यस्ता उपन्यासको रचना फ्रायड एडलर र जुङ्गका सिद्धान्तले साहित्यलाई अत्यधिक प्रभावित गरेका छन्। मानसिक विश्लेषणबाट व्यक्तिको आन्द्राभुडी खोतल्ने यस्ता उपन्यासमा मनोविकृतिको चित्रण र त्यसको कारण प्रस्तुत गरिएको हुन्छ। कुनै कारणले टुट्न गएको अहम् विभिन्न परिस्थितिबाट विकृत भएको मानसिकता, तृप्त चाहनाहरूले जन्माएका कुण्ठा नैराश्य, असामान्य स्थिति र विभिन्न ग्रन्थिहरूको विश्लेषण यस्तो उपन्यासको विषय हुन्छ। नेपालीमा गोविन्दगोठालेको पल्लो घरको झ्याल र अर्पणा, विजय मल्लको अनुराधा, विश्वेश्वरप्रसाद कोइरालाको नरेन्द्र दाइ आदि यस्तै उपन्यास हुन्।

राजनीतिक उपन्यासको विषयवस्तु सामाजिक राजनीति र त्यसबाट उत्पन्न स्थिति हुन्छ। कुनै निश्चित राजनैतिक चरित्र, घटना, आन्दोलन, द्वन्द्वस घतप्रतिघात आदि विषयको प्रस्तुति यस्तो उपन्यासमा हुन्छ। राजनैतिक घटना नै कालान्तरमा इतिहास बन्ने हुँदा ऐतिहासिक र राजनैतिक उपन्यासको नजिकैको साइनो हुन्छ। नेपालीका खडगबहादुर सिंहको विद्रह, लीलाध्वज थापाको शान्ति र पञ्चायत आदि राजनीतिक उपन्यास हुन्।

आञ्चलिक उपन्यासले स्थानीय रङ्गविवरणलाई विशेष महत्व दिएर चर्चा गर्दछ। वर्णित स्थानको भूबनौट एवम् सम्पूर्ण व्यवहारको केन्द्रीकृत रूप स्थापना गर्नु आञ्चलिक उपन्यासको उद्देश्य हुन्छ। नेपालीमा शङ्कर कोइरालाको खैरिनीघाट अनि हिरण्य भोजपुरेको छिटेन, विनोदप्रसाद धितालको उज्यालो हुनुअघि, तारानाथ शर्माको ओझेल पर्दा आढ्चलिकतातर्फ उन्मुख रामार् उदाहरण हुन्। सहरियाभन्दा गुर्गम गाउका पिछडिएका व्यक्तिको चित्रणमा यस्ता उपन्यास केन्द्रित रहन्छन्।

वैचारिक उपन्यास कुनै गम्भीर चिन्तन, दर्शन वा विचारधारा प्रस्तुत गर्ने उद्देश्यले लेखिएका उपन्यासलाई वैचारिक उपन्यास भनिन्छ। पाश्चात्य मुलुकमा देखा परेका विभिन्न वाद र सिद्धान्तले साहित्यलाई अत्यधिक प्रभाव पारेपछि यस्ता उपन्यास सिर्जना हुन थालेका हुन्। नेपालीमा हृदयचन्द्रसिंह प्रधानको एक चिहान, डी.पी. अधिकारीको आशमाया, पारिजातको शिरीषको फूल, सरुभक्तको पागल बस्ती आदि वैचारिक उपन्यास हुन्।

विज्ञान उपन्यास दैनिक जीवनको संसारभन्दा विज्ञान र प्रविधिको संलग्नताका कारण भिन्न भएको संसारको परिवेशमा रचित उपन्यासलाई विज्ञान-उपन्यास भनिन्छ। विज्ञानका अनेक चम्तकृतिको काल्पनिक उद्घाटन गर्ने यस्ता उपन्यासले नयाँनयाँ र रोचक अविष्कारका सम्भावना देखाएका हुन्छन्। विकसित यान्त्रिक सभ्यताको प्रस्तुतिद्वारा तार्किक वातावरण र पात्रहरूको क्रियाकलाप स्थापना गर्ने यस्ता उपन्यास भविष्यका मार्गदर्शक हुन्छन्। यिनमा वैज्ञानिक उन्नति र त्यसका सन्दर्भमा समाज र मानवको नवीन व्याख्या पनि हुन्छ। विज्ञानको महत्व दर्शाउने, यथार्थमा आधारित कल्पना सजाउने तथा रोमाञ्चकता पैदा गर्ने यस्ता उपन्यासहरू पश्चिमी दुनियाँमा विज्ञान र प्रविधिको विकाससँगै देखा परेका हुन्। नेपालीमा सरुभक्तको एउटा अभिनवको आत्मकथा, मुक्ति उपाध्याय बरालको हिमाली आदि यस्तै उपन्यास हुन्।

जीवनीमूलक उपन्यास कुनै राष्ट्रिय वा अन्तराष्ट्रिय ख्यातिप्राप्त व्यक्तिको जीवनलाई प्रतिपाद्ध विषय बनाएर रचना गरिएको जीवनीमूलक उपन्यासमा तथ्यका साथै औपन्यासिक कल्पनाको कला पनि रहेको हुन्छ। जीवनी कुनै व्यक्तिको जीवनका तथ्य र कार्यहरूको अन्वेषणआत्मक वर्णन हो भने उपन्यासमा त्यस्तो जीवनीको प्रस्तुतिमा पनि कलात्मक अन्विति रहन्छ। नेपालीमा लैनसिंह बाङ्देलको रेम्ब्रान्ट महत्वपूर्ण

जीवनीमूलक उपन्यास हो। यसमा सत्रौँ शताब्दीका महान कलाकार रेम्ब्रान्टको दुखी जीवनलाई यथार्थपरक ढङ्गमा चित्रण गरिएको छ।

मिथकीय उपन्यास आदिम मानवका अन्तरमा लुकेछिपेका काल्पनिक भावना व्यक्त गर्ने पुराण, दन्त्यकथा, एवम् अन्य जनश्रुतिमा पाइने कथाहरू नै मिथक हुन्। यिनै मिथकको विषयवस्तुलाई प्रस्तुत गरेर लेखिएका मिथकीय उपन्यासमा आजको यथार्थ सन्दर्भ पनि सिर्जना गरिएको हुन्छ। मिथकको पुनर्सिर्जनबाट पनि जीवनक जटिलताहरू उद्घाटन गरिएका जस्ता उपन्यासमा पाठकको मनस्थितिलाई आकर्षण गर्ने कला हुन्छ। नेपालीमा विश्वेश्वरप्रसाद कोइरालाका सुम्निमा तथा मोदिआइन, मदनमणि दीक्षितको माधवी अनि राजेश्वर देवकोटाको द्वन्द्वको अवसान आदि उपन्यासहरू मिथकीय विषयवस्तुमा आधारित छन्।

जासुसी उपन्यासको सारवस्तुका रूपमा अपराधको अनुसन्धान र दोषीको चिनारी आएको हुन्छ। अपराध र अपराधीका बारेमा तथा तिनका अनुसन्धानको स्वरूपका बारेमा मान्छे अत्यन्त रूचिले नै रोमाञ्चक कार्यप्रति दृष्टि दिन्छ। यसमा उपन्यासकारले आफ्नो रहस्यमय कल्पना र स्वैरकल्पनाको जोडाइबाट यथार्थको सिर्जना गरी रोमाञ्चक उपन्यासले रचना गर्दछ। तार्किक तथा तथ्यको धेरैतर्फबाट चिरफार गर्न सक्ने लेखकले नै जासुसी उपन्यास लेख्न सक्छ। त्यस्तो उपन्यासमा अपराधी को हो भन्ने कुराको द्विविधा सिर्जना गरी अन्त्यमा त्यसको समाधान गरिन्छ। यस्तो कार्यमा अनुसन्धान तहकिकात, निरीक्षण, परीक्षण तथा व्याख्या गरी चतुर जासुसले सबैको चित्त बुझाउँछ। नेपालीमा दीर्घबाहुको डा. डेमोन र मेजरको सर्प नि एस.पी. आशाको नक्कली औँठी आदि जासुसी उपन्यास हुन्।

उपन्यासका विभिन्न तत्त्वहरू हुन्छन्। यिनै तत्त्वहरूको संयोजन तथा विलयन भेर उपन्यासले आफ्नो सग्लो रूप वा बिम्ब धारणा गर्दछ। उपन्यासका लागि आवश्यक तत्त्वहरूलाई छुट्टाछुट्टै राख्ता त्यसले अस्तित्व प्राप्त गर्न सक्तैन। कथानक, चरित्र, पर्यावरण, भाषा, सारवस्तु, प्रतीक र बिम्ब गति र लय आदि सबै तत्त्वहरूलाई एकीकृत गरी तिनको सम्मिलनबाट एटा पूर्ण रूप दिने काम शिल्पपद्धतिको हो। लेखकले चाहेअनुरूप उपन्यासको ढाँचा निर्माण गर्ने गर्छ भने पाठकलाई नवीन अनुभूति, विशिष्ट प्रभाव र उत्कृष्ट सौन्दर्य प्रदान गर्ने काममा शिल्पको प्रमुख हात हुन्छ। उपन्यासमा लोकप्रिय बनाउने कार्य शिल्पको पद्धतिमा नै आरूढ रहन्छ भने उपन्यासमा कलात्मकताको निर्वाह पनि यसैले गर्न सहयोग पुऱ्याउँछ। सीधा

वर्णनको परम्पराबाटविकसित भेर आजको अवस्थामा आइपुग्ने क्रममा उपन्यासले अनेकौँ प्रकारका शिल्पपद्धति अङ्गीकार गरेको देख्न सकिन्छ। तृतीय पुरुषलाई उछिनेर प्रथम पुरु। तथा द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिनु नवीन शिल्पको एउटा उदाहरण हो। एउटै कथानक पनि दृष्टिविन्दुको परिवर्तनले भिन्न प्रतीत हुन्छ भने यसले उपन्यासको जीवनलाई नैबदलिदिन्छ। एउटा चरित्रको सट्टा अर्को चरित्रको हेराइलाई प्राथमिकता दिनासाथ उपन्यासको अवस्था परिवर्तन हुन्छ। यस सन्दर्भमा हिजोआज चलेको अनायकको प्रयोग निकै महत्वपूर्ण छ। वर्णनको तरिकाले प्रभावका ढाँचाहरूलाई पूर्णत फरक पारिदिन सक्छ। प्रतीक, बिम्ब र उपहासको आयोजनाले कथ्यका अभिव्यञ्जनात्मक क्षमतालाई अकल्पनीय ढङ्गले बढाइदिन्छ। सोझा तथा समथर विष्यवस्तुहरू स्वैरकल्पनात्मक ढङ्गले वा मिथकको प्रयोगका कारण अगाडि बढ्दा त्यसको शक्ति नै कैं देखा पर्छ। ध्रुबचन्द्र गौतमको अलिखित ध. च. गोतामेको यहाँदेखि त्यहाँसम्म मा देखिने फरकलाई यसै सन्दर्भमा व्याख्या गर्न सकिन्छ। यस्ता अनेक क्रिया र स्थापनाको एकत्वका लागि महत्वपूर्ण संशक्ति हो।

उपन्यासमा प्रयुक्त हुने क्रिया, घटना र द्वन्द्वलाई प्रस्तुत गर्नाका लागि सामान्यत उपन्यासकारले दृश्यात्मक, परिदृश्यात्मक, नाटकीय र चित्रात्मक शिल्पपद्धतिहरू प्रयोग गरेको हुन्छ। दृश्यको रूपमा कुनै घटनालाई प्रस्तुत गरेर त्यसको नजिकबाट निरीक्षण गर्ने शिल्पको पद्धति दृश्यात्मक हुन्छ। त्यस्तो पद्धति कहिले त सिनेमाटोग्राफी का रूपमा पनि प्रयुक्त हुन्छ। ध्रुबचन्द्र गौतमको अलिखित उपन्यासमा यस्तो पद्धतिको राम्रो प्रयोग गरिएको छ। यसले अन्तर्निरीक्षणको सहज सम्भावना प्रदान गर्दछ। परिदृश्यात्मक पद्धतिमा कथानकको वर्तमानलाई स्पष्ट व्याख्या गर्न भूतकालिक अवस्था अर्थात पूर्वदीप्तिलाई अगाडि सारिन्छ। वर्तमान र भूतकालको सम्मिश्रण गरेर उपन्यासलाई गति दिनका लागि यस्तो कलाप्रविधि नै उपयुक्त हुन्छ। विजय मल्लको अनुराधा ध. च गोतामेका घामका पाइलाहरू, ध्रुवचन्द्र गौतमको उपसंहार अर्थात चौथो अन्त्य, तारानाथ शर्माको झझल्कोमा यस्तो प्रविधि प्रयोग गरेर चरित्र र त्यससँग घटेका घटनालाईपृष्ठभूमिका रूपमा बुझाउन सकिने परिवेश सिर्जना गरिएको छ। नाटकीय शिल्पकोपद्धतिचाहिँ मन्द गतिका लागि आवश्यक हुन्छ। विशेष गरी पात्रहरूबीच सेवाद गराई द्वन्द्वलाई सटीक पाराले उपस्थित गर्दा वा प्रदर्शनात्मक विधिबाट चरित्रचित्रण गर्दा प्रयोग हुन्छ। यसले उपन्यासलाई नाटकीय प्रभाव दिन्छ र पाठकलाई चरित्रको स्वयम् जानकारी प्रदान गर्दछ। चित्रात्मक पद्धतिमा उपन्यासकारले प्राकृतिक घटनाका चित्रहरू मात्र

होइन पात्रको मनको अवस्थालाई कति हदसम्म प्रभावित गरेको छ वा त्यसले उसको मनस्थितामा कस्तो उथुलपुथुल सिर्जना गरेको छ भन्ने कुराको चित्रण यसले गरेको हुन्छ। लैनसिंह बाङ्गदेलको मुलुकबाहिरमा मसिनीले रनेसँग आफ्नी दिदी म्याउचीको बारेमा सोद्धा उत्पन्न मनस्थितिको चित्र र त्यहाँ भएको आरोह-अवरोहको स्थिति अत्यन्त प्रभावोत्पादक लाग्दछ। त्यस्तै भोगोलिक दृश्यलाई मानिसको मनस्थितिसंग समायोजित गरेको चित्रात्मक पद्धतिले उपन्यासको प्रभावकारितामा वृद्धि गर्दछ। लैनसिंह बाङ्गदेलको माइतघरमा सानीको निराशा तथा विचलित अवस्थाको प्रकृतिको भयङ्कर तथा आक्रामक अवस्था अनि लङ्गडाको साथीमा लङ्गडाको बैचन अवस्था र प्रकृतिको विध्वंसात्मक स्थितिलाई जोडेर पाठकको मानसिकतामा कारुणिकता र त्रासद वातावरण सिर्जना गरिएको छ। यस्ता विभिन्न पद्धतिहरूको प्रयोग आधुनिक उपन्यासमा अत्यधिक रूपले भइ नै रहेको छ।

उपन्यासको प्रस्तुतिमा दैनिकी, पत्रात्मक तथा चेतनाप्रवाह का पद्धतिहरू पनि प्रयोगमा आउँछन्। आत्मपरक कथानकका रूपमा उपन्यासको रचना हुँदा अर्थात् प्रथम पुरुष दृष्टिबिन्दुका रूपमा उपन्यासको रचना हुँदा दैनिकीको संरचनाले सम्पूरण उपन्यासको शिल्प निर्माण हुन्छ भने पात्रहरूबीच पत्रका रूपमा सन्देश आदनप्रदान भेकै आधारमा पनि उपन्यासको निर्माण भएको हुन्छ।

चेतनाप्रवाह पद्धति आधुनिक उपन्यासको महान् उपल्बधि हो। यसले मानवमनका संवेदनाग्रहण, विचार, अनुभूति र सम्झनाहरूको निरन्तर प्रवाह र आख्यानात्मक चरित्रका मानसिक प्रक्रियामा हुने त्यस्तो मिश्रणको प्रतिनिधित्व गर्ने साहित्यिक पद्धतिलाई बुझाउँछ। सुरुमा चेतनाप्रवाह शब्द प्रयोग गर्ने व्यक्ति अमेरिकाका मनोवैज्ञानिक विलियम जेम्स हुन्। उनले PRINCIPLES OF PSYCHOLOGY मा यसको विस्तृत चर्चा गरेका छन्। साहित्यमा जेम्स ज्वायसको ULYSSES ले निकै प्रसिद्ध दिलाएको यस पदध्तिको अझै विकास मार्सल प्राउस्त, भर्जनिया उल्फ, विलियम फकनर आदिका उपन्यासहरूमा पाउन सकिन्छ। पात्रको मस्तिष्कलाई नाटकीकृत रूपमा बाहिर देखाउने यस्तो प्रविधिले उपन्यासको कथानक सङ्गठित गर्ने परम्परागत पद्धतिली पछाडि धकेलिदिएको छ। नेपालीमा विजय मल्ल र ध्रुबचन्द्र गौतमका उपन्यासहरूमा यस्तो पद्धति अँगालिएको छ। यसैको अर्को रूपमा देखिने आन्तरिक एकालाप तथा स्वतन्त्र साहचर्य प्रविधिले पनि उपन्यासलाई निकै हदसम्म परम्परादेखि टाढा हुत्याएको पाइन्छ। आन्तरिक एकालापको प्रयोग

पारिजातका अधिकांश उपन्यास, विश्वेश्वरप्रसाद कोइरालाका नरेन्द्र दाइ तथा तीन घुम्तीलगायत अनेकौँ उपन्यासमा पाइन्छ भने स्वतन्त्र साहचर्यचाहिँ पारिजातको महत्ताहीन, ध्रुबचन्द्र गौतमका अन्त्यपछि र बालुवामाथि, मञ्जुलको छेकुडोल्मा, ओकिउयामा ग्वाइनको सुनाखरी, सुस्मिता नेपालको मेरा छातीका कोलाजहरू, तेराखको सर्वजा आदिमा प्रयोग गरिएको छ। अल्बर्ट कामु, जाँ पाल सार्त्र, स्यामुअल बेकेट आदिका उपन्यासमा पनि यस्ता प्रयोगहरू पर्याप्त पाइन्छन्।

हिजोआज लेखिएका आधुनिक उपन्यासहरू शिल्पका नवीन पद्धतिका कारण अझ नौला र कर्षक बनेका छन्। प्रयोगात्मक प्रवृत्तिका नयाँ उपन्यास अधिउपन्यास, अउपन्यास आदिको विकास हेर्दा उपन्यासको प्रयोगहरू तथा असित व्यङ्ग्य को प्रयोगद्वारा उपन्यासका पात्रहरूप्रति उपहास जन्माउने कार्यहरू पनि अचेल भिरहेका छन्। त्यस्तै कतिपय उपन्यासहरू त उपन्यासजस्ता नभई विभिन्न निबन्धका सङ्ग्रह हुन् कि भन्ने भान पनि हुन्छ। लरेन्स स्टर्नको TRISTRAM SHANDY देखि नै सुरु भेका यस्ता शिल्पपद्धतिहरू जेम्स ज्वायस, भर्जिनिया उल्फ, ब्रेइन, स्टान बास्टो आदिले प्रयोग गरेका छन्। नेपालीमा ध्रुवचन्द्र गौतम, मञ्जुल, पिटर जे. कार्थक, ओकिउयामा ग्विन, बानीरा गिरी, कविताराम, सरूभक्त, नयनराज पाण्डे, सुस्मिता नेपाल दि उपन्यासकारहरूले विभिन्न खालका नयाँ शिल्प प्रयोग गरेर उपन्यासलाई अझै विकसित गराइरहेको देखिन्छ। असित व्यङ्ग्य तथा कार्टुन नक्कल लाई गुन्टारको झै प्रभावकारी ढङ्गमा ध्रुबचन्द्र गौतमले अलिखित, दुविधा, अग्निदत्त अग्निदत्त लगायतका उपन्यासमा प्रयोग गरेका छन् भने सूत्रात्मकताको नौलो रीति फूलको आतङ्कमा बसालेका छन्।

आत्मजीवनलाई उपन्यासको रूपमा प्रयोग गरेर वास्तविकता र काल्पनिकताको भेद हटाउन खोज्ने प्रविधि पनि प्रयोग गरिएको पाइन्छ। यसले पाठकलाई अनन्त भ्रमको संसारमा लैजान्छ। यो तथ्य कल्पनाको दोलाँध हो। ध्रुवचन्द्र गौतमले बाढी, शोभा भट्टराईले अन्त्यहीन अन्त्य, कृष्ण धारावासीले आधा बाटोजस्ता आत्मजीवनीमूलक उपन्यास लेखेका छन्। अभिव्यक्तिगत इमान्दारीका दृष्टिले सह्राहनीय हुँदाहुँदै पनि औपन्यासिक दृष्टिले यसलाई उनको कमजोरी ठानिन्छ किनभने उपन्यासले गर्ने पुनर्निर्माण वा वास्तविकताको भ्रम यसले दिन सक्तैन।

सोझो तथा रैखिक कथानकका ठाउँमा पूर्वदीप्ति तथा पूर्वसङ्केतको प्रयोग हुनु, भरिलो तथा सङ्गठित कथानकका ठाउँमा कथानकविहीन तथा क्षीण कथानक

सिर्जना गर्नु, वर्णनात्मक पद्धतिका ठाउँमा दृश्यात्मक तथा नाटकीय पद्धति बढी प्रयुक्त हुनु, लौकिक नायकका ठाउँमा अनायक को प्रचलन सुरु हुनु तथा बहुनायकत्वको विकास हुनु, पत्रात्मक तथा डायरी प्रविधिको प्रयोग गरिनु, प्रथम पुरुष दृष्टिविन्दुमा बढी ध्यान दुनु, मिथकको पुनर्सिर्जना गर्नु, अधिउपन्यास रचना गरेर आत्मसचेत लेखनमा प्रवृत्त हुनु, चेतनाप्रवाद शैलीको प्रयोग गरिनु आत्मकथालाई औपन्यासीकरण गर्नु, वैकल्पिक अन्त्य गरिनु आदि आधुनिक नेपाली उपन्यासको शिल्पपद्धतिका विशेषता हुन्।

वर्णात्मक उपन्यासमा उपन्यासकार स्वयम्ले घटना, पात्र, देशकाल-वातावरण आदिको वर्णन एवम् विश्लेषण गर्दछ भने त्यो वर्णनात्मक उपन्यास हुन्छ। तृतीय पुरुष दृष्टिबिन्दु रहने हुनाले यस्तो उपन्यासमा पात्रका बानी, विचार र स्वरूपको सीधा र प्रत्यक्ष वर्णन हुन्छ। लैनसिंह बाङ्गदेलको मलुकबाहिर, इन्द्रबहादुर राईको आज रमिता छ आदि वर्णात्मक उपन्यास हुन्।

प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको उपन्यास आत्मकथात्मक हुन्छ। यसमा पात्रले घटनाहरू आत्मकथा कै रूपमा प्रस्तुत गरेको हुन्छ र यसले आत्मसंस्मरणकै अभिव्यक्ति प्रकट गर्दछ। यस्तो उपन्यासमा घटनाहरूको बाहुल्यभन्दा चरित्रउद्घाटनमा जोड दिइएको हुन्छ। नेपालीमा विजय मल्लको अनुराधा, पारिजातको शिरिषको फूल र अन्तर्मुखी मदनमणि दीक्षितको माधवी, ध्रुवचन्द्र गौतमको अलिखित आदि पनि यस्तै उपन्यास हुन्।

पत्रात्मक उपन्यासमा सम्पूर्ण औपन्यासिक घटना, कार्यव्यापार र चरित्र पत्रकै आधारमा निर्धारण हुन्छ। पत्रलेखक नै मूल नायकका रूपमा देखा पर्दछ र अन्य पात्रहरू असीमित हुन सक्छन्। यसमा पात्रको वैयक्तिक भावनाको स्वतन्त्र अभिव्यक्ति हुन्छ र पात्रहरू उपन्यासकारको कुशलतामा मूर्त भएर देखिन्छन्। अङ्ग्रेजीमा अठारौँ शताब्दीमा चलेको प्रविधिमा स्यामुएल रिचर्डसनको पामेला र क्लारेसा तथा नेपालीमा असीत राईको पहिरो जाने पहाड यो पत्रात्मक उपन्यासका नमुना हुन्।

दैनिक जीवनका घटनालाई सम्झनाका लागि डायरीमा टिपेर राखिएको लेखनलाई डायरी भनिन्छ। यही दैनिकीमा आधारित भएर लेखिएका उपन्यासलाई डायरी उपन्यास भनिन्छ। यसमा मूलत एउटै पात्रको डायरी लेखिने हुँदा पात्रसङ्ख्या कम हुन्छ। मनोवैज्ञानिक उपन्यासमा डायरी शैलीको प्रयोग खास गरी पात्रको

भावग्रन्थिको विश्लेषण तथा स्थापित नभए तापनि पारिजातको अन्तर्मुखीमा यसको आंशिक प्रयोग छ।

व्यक्तिको चेतनामा समयको प्रवाह निरन्तर भइरहेको हुन्छ। व्यक्तिको जीवनको भूत, वर्तमान र भविष्य जसको  स्मृति र सम्झनाशक्तिका माध्यमबाट व्यक्त गर्न सकिन्छ किनभने व्यक्तित्व भन्नु नै व्यक्तिको सम्झनाहरूको योग हो। यही सिद्धान्तमा आधारित भएर चेतनाप्रवाह शैलीमा पात्रका असङ्गत कल्पना र चेतनाको सीधा प्रक्षेपनद्वारा उसको स्वभावको विश्लेषण गरिन्छ। आत्मलाप अनुक्रम को सम्भावना नभे पनि चेतनाको प्रवाह देखाएर पात्रको व्यक्तित्वको सही प्रदर्शन गर्न सकिन्छ जुन अन्य संवाद वा विधिमा सम्भव हुँदैन। स्वतन्त्र अवस्थामा रहँदा हाम्रो चिनतनको कुनै डोरेटो हुँदैन, तर्क हुँदैन भन्ने आधारमा चेतनाप्रवाह शैलीको प्रयोग भएको हुन्छ। नेपालीमा अर्जुन निरौलाको घाम डुबेपछि, मञ्जुलको छेकुडोल्मा, ध्रुबचन्द्र गौतमको उपसंहार अर्थात चौथो अन्त्य, उपन्यासमा चेतनाप्रवाह शैलीको सटीक प्रयोग गरिएको छ। विजय मल्लको अनुराधामा भने यसको आँशिक प्रयोग छ।

## 9.3 विषयवस्तु र संरचना शिल्पका दृष्टिले भारतेली नेपाली उपन्यासहरूको वर्गीकरण र विवेचना

विषयवस्तुका आधारमा उपन्यासलाई विभिन्न भागमा विभाजन गरिएको पाइन्छ।जस्तै- साहसिक, ऐतिहसिक, सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक, राजनैतिक, आञ्चलिक, वैचारिक, विज्ञान, जीवनमूलक, मिथकीय, जासुसी उपन्यास।

ऐतिहासिक उपन्यास लेखकको जन्मभन्दा अगाडि घटिसकेको घटनालाई लिएर लेखिएको उपन्यास ऐतिहासिक हुन्छ, यद्धपि कसैले यसलाई लेखकको एक-दुई पिँढी-अगाडिको घटनामा आधारित हुने कुरा पनि बताएका छन् भने कसैले चाहिँ लेखकले प्रत्यक्ष अनुभव गर्नुभन्दा अगाडिको चरित्रबारे लेखिएका उपन्यासलाई ऐतिहासिक मानेका छन्। यसमा इतिहासको विषयवस्तु मुख्य रूपमा आएको हुन्छ। इतिहासको घटना र व्यक्तिको यसमा इतिहासको कुनै महत्वपूर्ण युग, घटना, साहसिक वीर पुरुषको चरित्रचित्रणका अध्ययन र चिन्तन गर्ने लेखकले मात्र सफल तिहासिक उपन्यास लेख्न सक्छ। लेखकको कल्पनालाई युगसत्य, घटनासत्य र व्यक्तिसत्यको आभास दिँदै उपन्यासलाई कलात्मक रूपमा प्रस्तुत गर्दा यसले जीवन्तता पाउँछ। यसमा नाटकीयताको प्रबलता रहन्छ भने ऐतिहासिक र

Notes

आख्यानात्मक दुवै थरी चरित्रहरू हुन सक्छन् साथै घटना पनि यथार्थ र काल्पनिक दुवै आउन सक्छन्। हिजोआज व्यङ्ग्यात्मक र प्रहसनात्मक रूपमा पनि ऐतिहासिक उपन्यास लेखिन थालिएको छ भने पहिले लेखिएका कुनै उपन्यासली पुन व्यङ्ग्य गरेर वा प्यारोडी बनाएर लेखिने उपन्यासलाई पनि यसैअन्तर्गत राखेर चर्चा गर्न थालिएको छ। नेपालीमा डायमनशमशेर राणाको वसन्ती, सेतो बाघ, सत्प्रयास आदि सुन्दरप्रसाद शाहका त्रिफ्ट, प्रतिवाद आदि, श्रीकृष्ण श्रेष्ठको जङ्गबहादुर र भीमसेन थापा आदि तथा एस.पी. आशाको महासामान्त ऐतिहासिक उपन्यासका राम्रा उदाहरण हुन्। समकालीन सिक्किमेली उपन्यास साहित्यमा भीम दाहालले आफ्नो छुट्टै स्थान निर्धारण गरेका छन्। २००६-को साहित्य अकादमी पुरस्कारद्वारा सम्मानित भीम दाहाल एक प्रयोगवादी सफल उपन्यासकार हुन्। उनका तीन उपन्यास यस अवधिमा प्रकाशन भएका छन्। भीम दाहाल पहिलो उपन्यास अभीष्टको खोज (१९९३)-बाट नै पूर्णतः स्थापित उपन्यासकारका रूपमा परिचित भएका हुन्। उनको द्रोह (२००२) र विद्रोह (२००५)-भन्दा अभीष्टको खोज अनेकौं महत्व का दृष्टिकोणमा माथिल्लो पंक्तिमा खड़ा भएको छ। अभीष्टको खोज नायिका प्रधान उपन्यास हो र यसको कथानक नायिका केन्द्रित भएकोले उपन्यासमा नारीहरूको सामाजिक स्थान र महत्वलाई स्पष्ट पार्ने काम भएको छ। यस उपन्यासमा उपन्यासकार दाहालले नायिका शान्तिलाई तेस्रो पुस्ताकी नारी चरित्रको रूपमा खड़ा गरेका छन्। यस उपन्यासमा नारीका तीन पुस्तालाई केलाउने काम भएको छ। उपन्यासमा पुरुषवर्गको शोषण र दमनलाई खुल्ला रूपमा प्रस्तुत गर्दै उपन्यासकारले नारीको विद्रोहात्मक स्वरूपलाई अघि सारेका छन्। सिक्किम भारतमा विलय भए अघिको र पछिको सामाजिक पृष्ठभूमिमा सिर्जना भएको यस उपन्यासमा दुवै ऐतिहासिक कालखण्डलाई उदाङ्गो पार्ने काम भएको छ। कसरी सिक्किममा तीव्रताका साथ सामाजिक परिवर्तन भयो त्यस कुरालाई उपन्यासकारले विशिष्ट शैलीमा प्रस्तुत गरेका छन्। सामाजिक संस्कार र परिवेश अनि व्यवस्थाले नारीहरूमाथि के-कस्ता प्रभाव पार्दछन् ती कुरालाई उपन्यासमा राम्रारी देखाइएको छ। दाहालको अर्को उपन्यास द्रोह संरचनात्मक दृष्टिकोणमा अभीष्टको खोज भन्दा भिन्नै रहेको छ। यस उपन्यासमा दाहालले उपन्यासलाई विभिन्न खण्डमा शीर्षक दिएर विभाजन गरेका छन्। यस उपन्यासको विशेषता केमा छ भने उपन्यासकारले पात्रहरूको चयनमा देखाएको चतुरपना। एकातिर उनी सूत्रात्मक रूपमा पात्रहरूको नामाकरण गर्छन् भने अर्कातिर समाजका

प्रत्येक कुनाबाट उनले पात्रहरू टिपेका छन्। सिक्किमेली सामाजिक, राजनैतिक परिवेशमा लेखिएको यस उपन्यासमा उपन्यासकारको प्रगतिवादी दृष्टिकोण स्पष्ट देखिन्छ। राजनैतिक परिवेशमा आएको भ्रष्टाचारप्रति उनको तिखो व्यङ्ग्य रहेको छ। यस उपन्यासमा उनले ठाउँ-ठाउँमा असित व्यङ्ग्यको प्रयोग गरेका छन्, जो अघिल्लो उपन्यासमा कम थियो। पात्रहरूको चयन र नामाकरणमा उनले अनौठो प्रयोग गरेका छन्।

सांस्कृतिक उपन्यास कुनै समयको संस्कृति देखाउने उद्देश्यले लेखिएको उपन्यासलाई सांस्कृतिक उपन्यास भनिन्छ। यस्ता उपन्यासमा संस्कार, परम्परा, रीतिरिवाज, रहनसहन आदिको विस्तृत व्याख्या गरिएको हुन्छ। यस्ता उपन्यासमा भने पौराणिक, ऐतिहासिक वा धुनिक समयको संस्कारचित्रणमा बढी जोड दिएका हुन्छन्। मदनमणि दीक्षितको माधवी उत्तरवैदिक समाजको संस्कारको वृहत चित्रण गर्ने राम्रो सांस्कृतिक उपन्यास हो। तारानाथ शर्माका नेपालदेखि अमेरिकासम्म र झझल्को पनि सांस्कृतिक उपन्यास हुन्।

सामाजिक उपन्यास समाजमा अवस्थित वर्ग, व्यवहार दि विभिन्न अवस्थालाई विषयवस्तु बनाएर सामाजिक उपन्यास रचिन्छ। यस्तो उपन्यासमा कुनै समयको समाजको आर्थिक स्थिति सुख दुख, रिसराग, अन्याय एवम् अत्याचार, प्रेम, बिछोड जस्ता पक्षहरूलाई आधार बनाएर यस्ता उपन्यास लेखिन्छन्।

सामाजिक उपन्यासमा व्यक्ति, परिवार तथा सामाजिक समस्यालाई यथार्थ रूपमा प्रस्तुत गर्ने सामाजिक आदर्शका रूपमा चित्रण गर्ने, मानवीय कोमल भावनाको प्रस्तुति दिँदै नैतिक शिक्षा दिने जस्ता उद्देश्य रहेका देखिन्छन्। समाजको बाह्य पक्षलाई बढी चित्रण गर्ने यस्ता उपन्यासमा घटनाको प्रधानता तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग र वर्णनात्मक शैली पाइन्छ। नेपाललीमा अधिकांश उपन्यासहरू जस्तै- रूद्रराज पाण्डेको रूपमति, रूपनारायम सिंहको भ्रमर, लैनसिंह बाङ्गदेलको मुलुकबाहिर, लीलबहादुर क्षेत्रीको बसाइँ, लीलाध्वज थापाको मन दि सामाजिक उपन्यास हुन्। नेपाली समाज उच्च, मध्यम र निम्न गरी तीन वर्गमा विभाजित छ। उच्चवर्गले प्रयोग गर्ने भाषा गम्भीर औपचारिक र स्तरीय हुन्छ। संस्कृत तत्सम शब्दका प्रयोगले बोझिलो हुने हुँदा यो भाषा सर्वसाधारणका लागि कठिनजस्तै हिन्छ। रूपनारायणसिंहको भ्रमर उपन्यासमा मूलत यस्तै प्रकारको भाषा प्रयोग गरिएको छ। निम्नवर्गले बोल्ने भाषा अनौपचारिक हुने भएकाले तद्धव शब्दको बढी

प्रयोग गरिएको छ। निम्नवर्गले बोल्ने भाषा अनौपचारिक हुने भेकाले तद्भव शब्दको बढी प्रयोग हुने गर्छ। बोलचालको भाषामै व्यक्त हुने हुँदा यो सामान्य स्तरको हुन्छ र थेगोका साथै अपूर्ण वाक्यको प्रयोग पनि प्रशस्तै हुन्छ। यो भाषा सबै स्तरका मानिसले सजिलै बुझ्न सक्छन्। मध्यवर्गले प्रयोग गर्ने भाषा उच्च र निम्न दुवै वर्गको विशेषताबाट प्रभावित हुन्छ। धेरैजसो उपन्यासका भाषामा यस्तो विशेषता पाउन सकिन्छ। सन् १९३६ मा रूपनारायणसिंहको भ्रमरले पाश्चात्य साहित्यको रोमान्टिक परम्पराको शिलान्यास गरेर नेपाली समाजलाई एक शताब्दी अघि पुऱ्याउँछ। यसरी दुई वर्षको मात्र फरक पारेर रूपमती र भ्रमर छापिएता पनि दुईवटामा वर्णित समाजमा शताब्दीको पार्थक्य छ। अङ्ग्रेजी र बङ्गला साहित्यको चूडान्त अध्ययन र मननले गर्दा वास्तविकता नभए पनि यिनकोकल्पना र दिवास्वप्नले एउटा अर्कै सभ्य नेपाली समाजको निर्माण भ्रमर मा हुन पुग्यो। जे होस् भ्रमरको धरातल अयथार्थिक नै किन नहोस यसको भाषा सुश्री र सुषमित, सुन्दर, सुसभ्य र सुरम्य र सुभाषिनी छ, शैली र शिल्प अपूर्व छ।

मुलुकबाहिर निम्नवर्गीय नेपाललीहरूको सामाजिक जीवनको यथार्थ चित्रण गर्ने उपन्यास भएकाले यसमा सरल, स्वाभाविक र आकर्षक भाषाको प्रयोग गरिएको छ। जीवनका विभिन्न पक्षलाई प्रस्तुत गरिएकाले भाषा पनि यथार्थवादीबाटै चिपिएको हुनुपर्छ भन्ने मान्यता राखी सामाजिक धरातल टेकेको विश्वासिलो भाषाको प्रयोग बाङ्गदेलले गरेका छन्।

मनोवैज्ञानिक उपन्यास व्यक्तिमनका आन्तरिक यथार्थ उद्घाटन गर्ने उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भनिन्छ। फ्रायडको अचेतन, कामवृत्ति र ग्रन्थिसिद्धान्त, एडलरको व्यक्तित्वरचना तथा जुङ्गको सामूहिक अचेतनजस्ता सिद्धान्तहरूका आधारमा यस्ता उपन्यासको रचना फ्रायड एडलर र जुङ्गका सिद्धान्तले साहित्यलाई अत्यधिक प्रभावित गरेका छन्। मानसिक विश्लेषणबाट व्यक्तिको आन्द्राभुडी खोतल्ने यस्ता उपन्यासमा मनोविकृतिको चित्रण र त्यसको कारण प्रस्तुत गरिएको हुन्छ। कुनै कारणले टुट्न गएको अहम् विभिन्न परिस्थितिबाट विकृत भएको मानसिकता, तृप्त चाहनाहरूले जन्माएका कुण्ठा नैराश्य, असामान्य स्थिति र विभिन्न ग्रन्थिहरूको विश्लेषण यस्तो उपन्यासको विषय हुन्छ। नेपालीमा गोविन्दगोठालेको पल्लो घरको झ्याल र अर्पणा, विजय मल्लको अनुराधा, विश्वेश्वरप्रसाद कोइरालाको नरेन्द्र दाइ आदि यस्तै उपन्यास हुन्। आत्म कथात्मक परिपाटीमा प्रारम्भ र अन्त भएको प्रेम प्रधानको उपन्यास उदासिन रूखहरू

उपन्यासको औपन्यासिक संरचना विस्तारणले औपन्यासिक परम्परा र प्रवृत्तिमा देखा परेका यथार्थवादी, अति यथार्थवादी, प्रगतिवादी तथा स्वच्छन्दतावादी जस्ता विकास क्रमका घुम्तीहरु पार गर्दै मनोविश्लेषणात्मक प्रवृत्ति अन्तर्गत फ्रायडीय मनोविश्लेषण पूर्वाभास र पद्धतिलाई एकातिर अंगालेको देखिन्छ भने, अर्कोतिर दोस्रो विश्वयुद्धपछि खासगरी युरोपका दुईजना साहित्यकार जिनपर्ल सार्त्रे र अल्वेयर कामुका अस्तित्ववादी चिन्तन र जीवन दर्शनका चस्काहरु यदा कदा प्रतिविम्बित भएको पाइन्छ | सुनियोजित घट्ना भन्दा पनि आकस्मिक घट्ना र त्यसको परिणामबाट संचालित मानव जीवन वास्तवमा घट्नै घटनाको अन्तहीन शुरुआत र श्रृङ्खला हो र त्यसबाट उत्पन्न विरोधाभास नै विसंगतिको पर्याय हो भन्ने संकेत उपन्यासको यस पंक्तिमा प्रतिफलन हुन्छ उदासीन रुखहरुमा पाश्चात्य विद्वानहरुले मानेका उपन्यासको छ तत्व विधामा :– कथावस्तु, पात्र, चरित्र, चित्रण, कथापोकथन, देशकाल, शैली र उद्देश्यहरु सम्पूर्णता मा सन्तोषजनक निर्वाह भएको पाइन्छ | यस उपन्यासमा मान्छेको मानसिक स्थिति, वृत्तिहरु र वैयक्तिक जीवनलाई नजिकबाट हेर्ने, पढ्ने र चिन्तन गरिएका छन् सङ्घर्षशील जीवन बाँच्ने कोशिस उपन्यासभित्र जिउँदो पाइन्छ |' अर्को उपन्यास प्रयोगको मसिन उप्रयास रहेको छ। विज्ञान साहित्यमा साइन्स फिक्सनको प्रयोग पश्चिमे मुलूकतिर धेरै गरिएको थाहा लाग्छ तर साइन्स फिक्सन केवल कल्पनाको उडान र फेंटेसीमा नै मूल रूपमा आधारित हुनेहुनाले विशेषत छुन यसले भावनालाई यथार्थ र मूल्य जीवनको मानव : सक्तैन| यथार्थ रूपमा मानव जीवनसँग सम्बन्धित भएको प्रमाणिक एवम् सत्यमा आधारित साइन्स फिक्सनले मात्र आधुनिक विज्ञान जडित साहित्यको सफलीभूत खेतीसक्षम एवं उत्पादनमूलक बन्न पुगेको हुन्छ वर्तमान युगमा मानिसलाई, प्रयोगको तुल्याइएको कुरो सत्यको एक पक्ष हो भने नवाविष्कृत मेसिनहरुको प्रयोगद्वारा मानिसले ज्ञानको नवीन क्षितिज कोरेको कुरो त्यसको अर्को पक्ष हो | आज विज्ञानको अभूतपूर्व विकास अघि मानव नतमस्तक छ | आध्यात्मिकताले मानिसलाई महात्मा बनायो, विज्ञानले महामानव | ... "साहित्य ज्ञानविज्ञान-, धर्म दर्शनको वा आध्यात्म-तात्विक कतिपय तिनैका तर होइन दास तन्तुहरु भने साहित्यका सुक्त वा प्राविधिक प्रक्षेप भएका छन्

राजनीतिक उपन्यासको विषयवस्तु सामाजिक राजनीति र त्यसबाट उत्पन्न स्थिति हुन्छ। कुनै निश्चित राजनैतिक चरित्र, घटना, आन्दोलन, द्वन्द्वस घतप्रतिघात आदि विषयको प्रस्तुति यस्तो उपन्यासमा हुन्छ। राजनैतिक घटना नै कालान्तरमा

इतिहास बन्ने हुँदा ऐतिहासिक र राजनैतिक उपन्यासको नजिकैको साइनो हुन्छ। नेपालीका खडगबहादुर सिंहको विद्रह, लीलाध्वज थापाको शान्ति र पञ्चायत आदि राजनीतिक उपन्यास हुन्।

आञ्चलिक उपन्यासले स्थानीय रङ्गविवरणलाई विशेष महत्व दिएर चर्चा गर्दछ। वर्णित स्थानको भूबनौट एवम् सम्पूर्ण व्यवहारको केन्द्रीकृत रूप स्थापना गर्नु आञ्चलिक उपन्यासको उद्देश्य हुन्छ। नेपालीमा शङ्कर कोइरालाको खैरिनीघाट अनि हिरण्य भोजपुरेको छिटेन, विनोदप्रसाद धितालको उज्यालो हुनुअघि, तारानाथ शर्माको ओझेल पर्दा आढ्चलिकतातर्फ उन्मुख रामार् उदाहरण हुन्। सहरियाभन्दा गुर्गम गाउका पिछडिएका व्यक्तिको चित्रणमा यस्ता उपन्यास केन्द्रित रहन्छन्। नवोदित उपन्यासकार पारसमणि शमको लक्ष्यतिर उपन्यास विशुद्ध आञ्चलिक परिवेशमा लेखिएको प्रयोगवादी उपन्यास हो। उपन्यासमा शमले सिक्किमको पाण्डाम गाउँको सेरोफेरोमा जीवन्त पात्रहरूद्वारा आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक प्रसङ्गलाई टिप्दै उपन्यासलाई अघि बढाएका छन्। उपन्यासमा संवादको लगभग बहिष्कार गर्दै विवरणात्मक शैली अप्नाइएको छ। सरल र स्पष्ट वाक्य रचना, छोटा वाक्य गठनले उनको शैलीलाई सरल र मधुर बनाउने काम गरेको छ भने उपन्यासमा सिक्किमको ग्रामीण परिवेशलाई एउटै गाउँको कथाले बोकेको छ। उपन्यासमा प्रयुक्त पात्र-पात्रा जीवन्त छन् अनि ती सबै आ-आफ्नै ठाउँमा आ-आफ्नै प्रकारले प्रतिनिधित्व गर्न सक्षम बनेका छन्। कुल ३१ खण्डमा विभाजित यस उपन्यासको प्रत्येक खण्डमा एउटा कथा पाइन्छ तर ती उपकथाहरू उपन्यासकै कथानककै वरिपरि घुमेका छन्। उपन्यासकारको विशेषता केमा रहेको छ भने यो उपन्यास शुरुबाट, बीचबाट अथवा अन्त्यबाट जुनै खण्डबाट अध्ययन गर्दा पनि उपन्यास सिद्धिँदा पाठकले मूल कथानकलाई समाउन सक्षम बन्नेछन्। गाउँ समाजको विकास र समृद्धिको क्रममा देखा परेका अनेकौं मोडहरूलाई उपन्यासकारले जुन हिसाबले प्रस्तुत गरेका छन् त्यो निक्कै घतलाग्दो छ। यसमा उपन्यासकारको अग्रगामी दृष्टिकोण अनि समयभन्दा तीव्रताका साथ अघि बढेको परिकल्पनाले उपन्यासलाई रोचक बनाएको छ। यस उपन्यासमा मूल कथानक र उपकथा दुवै नै महत्वपूर्ण छन्। मूल कथाले धागोको काम गरेको छ भन उपकथाले फूलको। उपन्यासकार पारसमणि शमको पहिलो उपन्यास भए पनि लक्ष्यतिरले नौलो स्वाद र परिकार दिन सक्षम बनेको छ भन्न सकिन्छ।

वैचारिक उपन्यास कुनै गम्भीर चिन्तन, दर्शन वा विचारधारा प्रस्तुत गर्ने उद्देश्यले लेखिएका उपन्यासलाई वैचारिक उपन्यास भनिन्छ। पाश्चात्य मुलुकमा देखा परेका विभिन्न वाद र सिद्धान्तले साहित्यलाई अत्यधिक प्रभाव पारेपछि यस्ता उपन्यास सिर्जना हुन थालेका हुन्। नेपालीमा हृदयचन्द्रसिंह प्रधानको एक चिहान, डी.पी. अधिकारीको आशमाया, पारिजातको शिरीषको फूल, सरुभक्तको पागल बस्ती आदि वैचारिक उपन्यास हुन्। प्रयोगकालका प्रमुख उपन्यासकार इन्द्रबहादुर राई एउटै मात्र उपन्यास आज रमिता छ लेखेर उनी नेपाली उपन्यासको इतिहासमा आफ्नो छुट्टै स्थान सुरक्षित राख्न सफल छन्। सतही दृष्टिकोणबाट हेर्दा दार्जिलिङको सामाजिक तथा राजनैतिक जीवनको व्याख्याजस्तो लाग्ने यो उपन्यास वास्तवमा पृथ्वीमा मानिसको जीवनगत विसङ्गति, अनिश्चितता, अर्थहीनता र सीमाबद्धता तथा यिनलाई छोप्न उसले अपनाउने दाउपेच, आडम्बर अनि समाजको परम्परागत सत्ताको अजेयता देखी उसले लिने नैराश्य, जुगुप्सा र कुण्ठाको आश्रयको चित्रात्मक प्रस्तुतिमा उभिएको पाइन्छ।

विज्ञान उपन्यास दैनिक जीवनको संसारभन्दा विज्ञान र प्रविधिको संलग्नताका कारण भिन्न भएको संसारको परिवेशमा रचित उपन्यासलाई विज्ञान-उपन्यास भनिन्छ। विज्ञानका अनेक चम्तकृतिको काल्पनिक उद्घाटन गर्ने यस्ता उपन्यासले नयाँनयाँ र रोचक अविष्कारका सम्भावना देखाएका हुन्छन्। विकसित यान्त्रिक सभ्यताको प्रस्तुतिद्वारा तार्किक वातावरण र पात्रहरूको क्रियाकलाप स्थापना गर्ने यस्ता उपन्यास भविष्यका मार्गदर्शक हुन्छन्। यिनमा वैज्ञानिक उन्नति र त्यसका सन्दर्भमा समाज र मानवको नवीन व्याख्या पनि हुन्छ। विज्ञानको महत्व दर्शाउने, यथार्थमा आधारित कल्पना सजाउने तथा रोमाञ्चकता पैदा गर्ने यस्ता उपन्यासहरू पश्चिमी दुनियाँमा विज्ञान र प्रविधिको विकाससँगै देखा परेका हुन्। नेपालीमा सरुभक्तको एउटा अभिनवको आत्मकथा, मुक्ति उपाध्याय बरालको हिमाली आदि यस्तै उपन्यास हुन्।

जीवनीमूलक उपन्यास कुनै राष्ट्रिय वा अन्तराष्ट्रिय ख्यातिप्राप्त व्यक्तिको जीवनलाई प्रतिपाद्ध विषय बनाएर रचना गरिएको जीवनीमूलक उपन्यासमा तथ्यका साथै औपन्यासिक कल्पनाको कला पनि रहेको हुन्छ। जीवनी कुनै व्यक्तिको जीवनका तथ्य र कार्यहरूको अन्वेषणआत्मक वर्णन हो भने उपन्यासमा त्यस्तो जीवनीको प्रस्तुतिमा पनि कलात्मक अन्विति रहन्छ। नेपालीमा लैनसिंह बाङ्देलको रेम्ब्रान्ट महत्वपूर्ण

जीवनीमूलक उपन्यास हो। यसमा सत्रौँ शताब्दीका महान कलाकार रेम्ब्रान्टको दुखी जीवनलाई यथार्थपरक ढङ्गमा चित्रण गरिएको छ।

मिथकीय उपन्यास आदिम मानवका अन्तरमा लुकेछिपेका काल्पनिक भावना व्यक्त गर्ने पुराण, दन्त्यकथा, एवम् अन्य जनश्रुतिमा पाइने कथाहरू नै मिथक हुन्। यिनै मिथकको विषयवस्तुलाई प्रस्तुत गरेर लेखिएका मिथकीय उपन्यासमा आजको यथार्थ सन्दर्भ पनि सिर्जना गरिएको हुन्छ। मिथकको पुनर्सिर्जनबाट पनि जीवनक जटिलताहरू उद्घाटन गरिएका जस्ता उपन्यासमा पाठकको मनस्थितिलाई आकर्षण गर्ने कला हुन्छ। नेपालीमा विश्वेश्वरप्रसाद कोइरालाका सुम्निमा तथा मोदिआइन, मदनमणि दीक्षितको माधवी अनि राजेश्वर देवकोटाको द्वन्द्वको अवसान आदि उपन्यासहरू मिथकीय विषयवस्तुमा आधारित छन्। आधुनिक भारतीय नेपाली उपन्यासको यस चरणमा स्थूलताबाट सूक्ष्मतातिरको यात्रा पनि आरम्भ भयो। यस समयका उपन्यासहरू व्यक्तिमनको आन्तरिक चित्रणमा केन्द्रित रही सूक्ष्म यथार्थको अङ्कन गर्न पनि अग्रसर छन्। पाश्चात्य साहित्यका अनेकौँ वाद र विचारहरूले हुर्किने र फैलिने मौका पनि यसै समयका उपन्यासमा पाएको देखिन्छ भने व्यक्तिनिष्ठ लेखककै कुण्ठा व्यक्त गर्ने जचिल लेखनको विकास भएकाले शैली र चिन्तन दुवैमा क्लिष्टता थपिएको पनि स्पष्ट देखिन्छ। मनोविज्ञानको अत्यधिक प्रयोग यसको केन्द्रीय विशेषता हो भने प्रयोगात्मक प्रवृत्ति पनि यस चरणको एउटा पहिचान हो। विसङ्गतिवादी चिन्तनमा लेखिएका उपन्यासहरूमा इन्द्रबहादुर राईको आज रमिता छ महत्वपूर्ण रहेका छन्। प्रयोगवादी जटिलतालाई ओकिउयामा ग्वाइनको सुनाखरी, पिटर जे. कार्थकको प्रत्येक ठाउँ प्रत्येक मान्छे जस्ता उपन्यासले अगाडि बढाएका छन्। प्रयोगवादी धारासँगै तर विपरित ध्रुबमा रहेर प्रगतिवादी धाराको आगमन तथा विकास र आलोचनात्मक यथार्थवादी धाराको वर्चस्व पनि यस चरणको उत्तरार्धमा निकै प्रेरक सिद्ध भएको छ। मिथकीय पुनर्सिर्जनको प्रयास थालिनु। आधुनिक कालमा आधुनिक जीवन, परिस्थिति, विचारसंग लेखनको आधुनिक टेकनिक शिल्प, कला, भावबोध, भाषा र शैली लिएर एकाएक नयाँ मोड दिने उपन्यास हो भ्रमर।

जासुसी उपन्यासको सारवस्तुका रूपमा अपराधको अनुसन्धान र दोषीको चिनारी आएको हुन्छ। अपराध र अपराधीका बारेमा तथा तिनका अनुसन्धानको स्वरूपका बारेमा मान्छे अत्यन्त रूचिले नै रोमाञ्चक कार्यप्रति दृष्टि दिन्छ। यसमा उपन्यासकारले आफ्नो रहस्यमय कल्पना र स्वैरकल्पनाको जोडाइबाट यथार्थको

सिर्जना गरी रोमाञ्चक उपन्यासले रचना गर्दछ। तार्किक तथा तथ्यको धेरैतर्फबाट चिरफार गर्न सक्ने लेखकले नै जासुसी उपन्यास लेख्न सक्छ। त्यस्तो उपन्यासमा अपराधी को हो भन्ने कुराको द्विविधा सिर्जना गरी अन्त्यमा त्यसको समाधान गरिन्छ। यस्तो कार्यमा अनुसन्धान तहकिकात, निरीक्षण, परीक्षण तथा व्याख्या गरी चतुर जासुसले सबैको चित्त बुझाउँछ। नेपालीमा दीर्घबाहुको डा. डेमोन र मेजरको सर्प नि एस.पी. आशाको नक्कली औँठी आदि जासुसी उपन्यास हुन्।

वर्णात्मक उपन्यासमा उपन्यासकार स्वयम्ले घटना, पात्र, देशकाल-वातावरण आदिको वर्णन एवम् विश्लेषण गर्दछ भने त्यो वर्णनात्मक उपन्यास हुन्छ। तृतीय पुरुष दृष्टिबिन्दु रहने हुनाले यस्तो उपन्यासमा पात्रका बानी, विचार र स्वरूपको सीधा र प्रत्यक्ष वर्णन हुन्छ। लैनसिंह बाङ्गदेलको मलुकबाहिर, इन्द्रबहादुर राईको आज रमिता छ आदि वर्णात्मक उपन्यास हुन्। उपन्यासमा प्रयुक्त हुने क्रिया, घटना र द्वन्द्वलाई प्रस्तुत गर्नाका लागि सामान्यत उपन्यासकारले दृश्यात्मक, परिदृश्यात्मक, नाटकीय र चित्रात्मक शिल्पपद्धतिहरू प्रयोग गरेको हुन्छ। दृश्यको रूपमा कुनै घटनालाई प्रस्तुत गरेर त्यसको नजिकबाट निरीक्षण गर्ने शिल्पको पद्धति दृश्यात्मक हुन्छ। त्यस्तो पद्धति कहिले त सिनेमाटोग्राफी का रूपमा पनि प्रयुक्त हुन्छ। ध्रुबचन्द्र गौतमको अलिखित उपन्यासमा यस्तो पद्धतिको राम्रो प्रयोग गरिएको छ। यसले अन्तर्निरीक्षणको सहज सम्भावना प्रदान गर्दछ। परिदृश्यात्मक पद्धतिमा कथानकको वर्तमानलाई स्पष्ट व्याख्या गर्न भूतकालिक अवस्था अर्थात पूर्वदीप्तिलाई अगाडि सारिन्छ। वर्तमान र भूतकालको सम्मिश्रण गरेर उपन्यासलाई गति दिनका लागि यस्तो कलाप्रविधि नै उपयुक्त हुन्छ। विजय मल्लको अनुराधा ध. च गोतामेका घामका पाइलाहरू, ध्रुवचन्द्र गौतमको उपसंहार अर्थात चौथो अन्त्य, तारानाथ शर्माको झझल्कोमा यस्तो प्रविधि प्रयोग गरेर चरित्र र त्यससँग घटेका घटनालाईपृष्ठभूमिका रूपमा बुझाउन सकिने परिवेश सिर्जना गरिएको छ। नाटकीय शिल्पकोपद्धतिचाहिँ मन्द गतिका लागि आवश्यक हुन्छ। विशेष गरी पात्रहरूबीच सेवाद गराई द्वन्द्वलाई सटीक पाराले उपस्थित गर्दा वा प्रदर्शनात्मक विधिबाट चरित्रचित्रण गर्दा प्रयोग हुन्छ। यसले उपन्यासलाई नाटकीय प्रभाव दिन्छ र पाठकलाई चरित्रको स्वयम् जानकारी प्रदान गर्दछ। चित्रात्मक पद्धतिमा उपन्यासकारले प्राकृतिक घटनाका चित्रहरू मात्र होइन पात्रको मनको अवस्थालाई कति हदसम्म प्रभावित गरेको छ वा त्यसले उसको मनस्थितामा कस्तो उथुलपुथुल सिर्जना गरेको छ भन्ने कुराको चित्रण यसले गरेको हुन्छ। लैनसिंह बाङ्गदेलको

मुलुकबाहिरमा मसिनीले रनेसँग आफ्नी दिदी म्याउचीको बारेमा सोद्धा उत्पन्न मनस्थितिको चित्र र त्यहाँ भएको आरोह-अवरोहको स्थिति अत्यन्त प्रभावोत्पादक लाग्दछ। त्यस्तै भोगोलिक दृश्यलाई मानिसको मनस्थितिसंग समायोजित गरेको चित्रात्मक पद्धतिले उपन्यासको प्रभावकारितामा वृद्धि गर्दछ। लैनसिंह बाङ्गदेलको माइतघरमा सानीको निराशा तथा विचलित अवस्थाको प्रकृतिको भयङ्कर तथा आक्रामक अवस्था अनि लङ्गडाको साथीमा लङ्गडाको बैचन अवस्था र प्रकृतिको विध्वंसात्मक स्थितिलाई जोडेर पाठकको मानसिकतामा कारुणिकता र त्रासद वातावरण सिर्जना गरिएको छ। यस्ता विभिन्न पद्धतिहरूको प्रयोग आधुनिक उपन्यासमा अत्यधिक रूपले भइ नै रहेको छ। पत्रात्मक उपन्यासमा सम्पूर्ण औपन्यासिक घटना, कार्यव्यापार र चरित्र पत्रकै आधारमा निर्धारण हुन्छ। पत्रलेखक नै मूल नायकका रूपमा देखा पर्दछ र अन्य पात्रहरू असीमित हुन सक्छन्। यसमा पात्रको वैयक्तिक भावनाको स्वतन्त्र अभिव्यक्ति हुन्छ र पात्रहरू उपन्यासकारको कुशलतामा मूर्त भएर देखिन्छन्। अङ्ग्रेजीमा अठारौँ शताब्दीमा चलेको प्रविधिमा स्यामुएल रिचर्डसनको पामेला र क्लारेसा तथा नेपालीमा असीत राईको पहिरो जाने पहाड यो पत्रात्मक उपन्यासका नमुना हुन्। व्यक्तिको चेतनामा समयको प्रवाह निरन्तर भइरहेको हुन्छ। व्यक्तिको जीवनको भूत, वर्तमान र भविष्य जसको स्मृति र सम्झनाशक्तिका माध्यमबाट व्यक्त गर्न सकिन्छ किनभने व्यक्तित्व भन्नु नै व्यक्तिको सम्झनाहरूको योग हो। यही सिद्धान्तमा आधारित भएर चेतनाप्रवाह शैलीमा पात्रका असङ्गत कल्पना र चेतनाको सीधा प्रक्षेपनद्वारा उसको स्वभावको विश्लेषण गरिन्छ। आत्मलाप अनुक्रम को सम्भावना नभे पनि चेतनाको प्रवाह देखाएर पात्रको व्यक्तित्वको सही प्रदर्शन गर्न सकिन्छ जुन अन्य संवाद वा विधिमा सम्भव हुँदैन। स्वतन्त्र अवस्थामा रहँदा हाम्रो चिनतनको कुनै डोरेटो हुँदैन, तर्क हुँदैन भन्ने आधारमा चेतनाप्रवाह शैलीको प्रयोग भएको हुन्छ। नेपालीमा अर्जुन निरौलाको घाम डुबेपछि, उपन्यासमा चेतनाप्रवाह शैलीको सटीक प्रयोग गरिएको छ। अङ्ग्रेजी र बङ्गला साहित्यको चूडान्त अध्ययन र मननले गर्दा वास्तविकता नभए पनि यिनकोकल्पना र दिवास्वप्नले एउटा अर्कै सभ्य नेपाली समाजको निर्माण भ्रमर मा हुन पुग्यो। जे होस् भ्रमरको धरातल अयथार्थिक नै किन नहोस यसको भाषा सुश्री र सुषमितछ। अपूर्व शिल्प र शैली ,छ सुभाषिनी र सुरम्य र सुसभ्य ,सुन्दर , संरचनाको दृष्टिले मुलुकबाहिर जस्तै यो पनि एउटा प्रजातान्त्रिक समाजतन्त्रसित मिल्दो कृति देखिन्छ। नयाँ युगको प्रारम्भिक दशकमा उपन्यासले आफूलाई कविताका तुलनामा

प्रयोगकालीन परम्पराबाट उति पर पुऱ्याउन नसकेको देखिए तापनि शताब्दीको अन्तिम दशक तथा नयाँ सहस्राब्दीमा प्रवेश गर्नाका साथसाथै यस विधामा एउटा नयाँ सृजनशीलता र नवीन शैलीको विकास भएको देखिन्छ।

## 9.4 विषयवस्तुका दृष्टि अन्तर्गत भारतेली नेपाली उपन्यासमा युद्धको सन्दर्भ

साहसीक उपन्यास रहस्य, रोमाञ्च, चमत्कार, साहसिक यात्रा, रहस्यको गाँठो फुकाउने तिलस्मी प्रवृत्ति एवम् नायक एवम् खलनायकका पक्षहरूबीच लडाइँ युद्ध हुने ऐय्यारी प्रवृत्ति साहसिक उपन्यासमा पाइन्छ। यस्तो उपन्यास घटनाप्रधान हुन्छन् र चिनमा मानवीय पात्रहरूले पनि असम्भव कार्यहरू गर्दछन्। यस्ता उपन्यासले यथार्थको चित्रण नगरी अतिमानवीय श्रृङ्गारिक प्रणयलीला आदि वर्णन गरेर पाठकलाई मनोरञ्जन दिन खोजेका हुन्छन्। रहस्यमय भुमरीको सिर्जना, बलात्कार, अत्यचारजस्ता कुतूहल र सनसनी मच्चाउने घटना वर्णन गरी पाठकलाई आनन्द दिलाउनु यिनको उद्देश्य हुन्छ। यसमा लेखकीय कल्पनाशक्तिको भूमिका निकै महत्वपूर्ण हुन्छ। नेपालीमा गिरीशवल्लभ जोशीको वीरचरित्र, सदाशिव शर्माको महेन्द्रप्रभा आदि यस्ता उपन्यास हुन्। नेपाली उपन्यासहरू युद्धलाई विषयवस्तु बनाई लेखिएका उपन्यासहरू थुप्रै छन् । जस्तै बी. पी. कोइरालाको **मोदिआइन्**, दौलतविक्रम विष्टको **चपाइएको अनुहार आदि।** यता भारतबाट भने युद्धलाई विषयवस्तु बनाएर लेखिएको उपन्यास हो शिवकुमार राईको **डाक बङ्गला** हो। सन् १९५७ मा जन कथाकार शिवकुमार राई दोस्रो महायुद्धको विभीषिकाका शिकार भएका वर्मेली नेपाली परिवारहरू र दार्जिलिङका नेपाली जीवनको चित्रण गर्न डाक वङ्गला उपन्यस स्थापना गर्छन्। भारतेली उपन्यासकार सुवास घिसिङका उपन्यासहरूमा पनि युद्धको विषयवस्तु पाइन्छ। उनको **लुङखुम क्याम्प** सन् १९६८ फौजी दाजु भाइहरूको सङ्घर्षमय कथाको यथार्थतालाई समात्न सकेका छन्। अर्को उपन्यासकार नन्द हाङ्खिमका उपन्यास **अर्को अनुहार** १९७१ युद्धको विकृतिपूर्ण परिणति र यौन कुण्ठालाई उद्घाषित गर्ने प्रक्रियामा लिखित छ। सन् १९८० मा प्रकाशित उपन्यास **लड्न जन्मेकाहरू** ले भने गोविन्द शर्माको दीर्घकालीन साधना र लगनलाई सफलीभूत परिणतिमा पुऱ्याएको छ। द्वितीय महायुद्धको पृष्ठभऊमिमा लिखित यस उपन्यास हो यो। युद्धको विभीषिकालाई सुदक्षसाथ प्रवाहपूर्ण सुन्दर

शैलीमा जीवन्त रूपमा प्रकाश पार्नमा गोविन्द शर्मा सफल छन्। यसै गरी असीत राईको एउटा युग एउटा संसार पनि युद्धको विषयमा लेखिएको उपन्यास हो।

## 9.5 उपसंहार

विषयवस्तुका आधारमा उपन्यासलाई विभिन्न भागमा विभाजन गरिएको पाइन्छ।जस्तै- साहसिक, ऐतिहसिक, सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक, राजनैतिक, आञ्चलिक, वैचारिक, विज्ञान, जीवनमूलक, मिथकीय, जासुसी उपन्यास।

साहसीक उपन्यास रहस्य, रोमाञ्च, चमत्कार, साहसिक यात्रा, रहस्यको गाँठो फुकाउने तिलस्मी प्रवृत्ति एवम् नायक एवम् खलनायकका पक्षहरूबीच लडाइँ हुने ऐय्यारी प्रवृत्ति साहसिक उपन्यासमा पाइन्छ। यस्तो उपन्यास घटनाप्रधान हुन्छन् र चिनमा मानवीय पात्रहरूले पनि असम्भव कार्यहरू गर्दछन्। यस्ता उपन्यासले यथार्थको चित्रण नगरी अतिमानवीय श्रृङ्गारिक प्रणयलीला आदि वर्णन गरेर पाठकलाई मनोरञ्जन दिन खोजेका हुन्छन्। रहस्यमय भुमरीको सिर्जना, बलात्कार, अत्यचारजस्ता कुतूहल र सनसनी मच्चाउने घटना वर्णन गरी पाठकलाई आनन्द दिलाउनु यिनको उद्देश्य हुन्छ। यसमा लेखकीय कल्पनाशक्तिको भूमिका निकै महत्वपूर्ण हुन्छ। ऐतिहासिक उपन्यास लेखकको जन्मभन्दा अगाडि घटिसकेको घटनालाई लिएर लेखिएको उपन्यास ऐतिहासिक हुन्छ, यद्धपि कसैले यसलाई लेखकको एक-दुई पिँढी-अगाडिको घटनामा आधारित हुने कुरा पनि बताएका छन् भने कसैले चाहिँ लेखकले प्रत्यक्ष अनुभव गर्नुभन्दा अगाडिको चरित्रबारे लेखिएका उपन्यासलाई ऐतिहासिक मानेका छन्। यसमा इतिहासको विषयवस्तु मुख्य रूपमा आएको हुन्छ। इतिहासको घटना र व्यक्तिको यसमा इतिहासको कुनै महत्वपूर्ण युग, घटना, साहसिक वीर पुरुषको चरित्रचित्रणका अध्ययन र चिन्तन गर्ने लेखकले मात्र सफल तिहासिक उपन्यास लेख्न सक्छ। अभीष्टको खोज नायिका प्रधान उपन्यास हो र यसको कथानक नायिका केन्द्रित भएकोले उपन्यासमा नारीहरूको सामाजिक स्थान र महत्वलाई स्पष्ट पार्ने काम भएको छ। यस उपन्यासमा उपन्यासकार दाहालले नायिका शान्तिलाई तेस्रो पुस्ताकी नारी चरित्रको रूपमा खड़ा गरेका छन्। यस उपन्यासमा नारीका तीन पुस्तालाई केलाउने काम भएको छ। उपन्यासमा पुरुषवर्गको शोषण र दमनलाई खुल्ला रूपमा प्रस्तुत गर्दै उपन्यासकारले नारीको विद्रोहात्मक स्वरूपलाई अघि सारेका छन्। सिक्किम भारतमा विलय भए अघिको र पछिको सामाजिक पृष्ठभूमिमा सिर्जना भएको यस उपन्यासमा दुवै ऐतिहासिक

कालखण्डलाई उदाङ्गो पार्ने काम भएको छ। कसरी सिक्किममा तीव्रताका साथ सामाजिक परिवर्तन भयो त्यस कुरालाई उपन्यासकारले विशिष्ट शैलीमा प्रस्तुत गरेका छन्। सामाजिक संस्कार र परिवेश अनि व्यवस्थाले नारीहरूमाथि के-कस्ता प्रभाव पार्दछन् ती कुरालाई उपन्यासमा राम्रारी देखाइएको छ। दाहालको अर्को उपन्यास द्रोह संरचनात्मक दृष्टिकोणमा अभीष्टको खोज भन्दा भिन्नै रहेको छ। यस उपन्यासमा दाहालले उपन्यासलाई विभिन्न खण्डमा शीर्षक दिएर विभाजन गरेका छन्। यस उपन्यासको विशेषता केमा छ भने उपन्यासकारले पात्रहरूको चयनमा देखाएको चतुरपना। एकातिर उनी सूत्रात्मक रूपमा पात्रहरूको नामाकरण गर्छन् भने अर्कातिर समाजका प्रत्येक कुनाबाट उनले पात्रहरू टिपेका छन्। सिक्किमेली सामाजिक, राजनैतिक परिवेशमा लेखिएको यस उपन्यासमा उपन्यासकारको प्रगतिवादी दृष्टिकोण स्पष्ट देखिन्छ। राजनैतिक परिवेशमा आएको भ्रष्टाचारप्रति उनको तिखो व्यङ्ग्य रहेको छ। यस उपन्यासमा उनले ठाउँ-ठाउँमा असित व्यङ्ग्यको प्रयोग गरेका छन्, जो अघिल्लो उपन्यासमा कम थियो। पात्रहरूको चयन र नामाकरणमा उनले अनौठो प्रयोग गरेका छन्। सांस्कृतिक उपन्यास कुनै समयको संस्कृति देखाउने उद्देश्यले लेखिएको उपन्यासलाई सांस्कृतिक उपन्यास भनिन्छ। यस्ता उपन्यासमा संस्कार, परम्परा, रीतिरिवाज, रहनसहन आदिको विस्तृत व्याख्या गरिएको हुन्छ। यस्ता उपन्यासमा भने पौराणिक, ऐतिहासिक वा ध्रुनिक समयको संस्कारचित्रणमा बढी जोड दिएका हुन्छन्। मदनमणि दीक्षितको माधवी उत्तरवैदिक समाजको संस्कारको वृहत चित्रण गर्ने राम्रो सांस्कृतिक उपन्यास हो। सामाजिक उपन्यासमा व्यक्ति, परिवार तथा सामाजिक समस्यालाई यथार्थ रूपमा प्रस्तुत गर्ने सामाजिक आदर्शका रूपमा चित्रण गर्ने, मानवीय कोमल भावनाको प्रस्तुति दिँदै नैतिक शिक्षा दिने जस्ता उद्देश्य रहेका देखिन्छन्। समाजको बाह्य पक्षलाई बढी चित्रण गर्ने यस्ता उपन्यासमा घटनाको प्रधानता तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग र वर्णनात्मक शैली पाइन्छ। नेपाललीमा अधिकांश उपन्यासहरू जस्तै- रूद्रराज पाण्डेको रूपमति, रूपनारायम सिंहको भ्रमर, लैनसिंह बाङ्गदेलको मुलुकबाहिर, लीलबहादुर क्षेत्रीको बसाइँ, लीलाध्वज थापाको मन दि सामाजिक उपन्यास हुन्। नेपाली समाज उच्च, मध्यम र निम्न गरी तीन वर्गमा विभाजित छ। उच्चवर्गले प्रयोग गर्ने भाषा गम्भीर औपचारिक र स्तरीय हुन्छ। संस्कृत तत्सम शब्दका प्रयोगले बोझिलो हुने हुँदा यो भाषा सर्वसाधारणका लागि कठिनजस्तै हिन्छ। रूपनारायणसिंहको भ्रमर उपन्यासमा मूलत यस्तै प्रकारको भाषा प्रयोग

गरिएको छ। निम्नवर्गले बोल्ने भाषा अनौपचारिक हुने भएकाले तद्भव शब्दको बढी प्रयोग गरिएको छ। सन् १९३६ मा रूपनारायणसिंहको भ्रमरले पाश्चात्य साहित्यको रोमान्टिक परम्पराको शिलान्यास गरेर नेपाली समाजलाई एक शताब्दी अघि पुऱ्याउँछ। यसरी दुई वर्षको मात्र फरक पारेर रूपमती र भ्रमर छापिएता पनि दुईवटामा वर्णित समाजमा शताब्दीको पार्थक्य छ। अङ्ग्रेजी र बङ्गला साहित्यको चूडान्त अध्ययन र मननले गर्दा वास्तविकता नभए पनि यिनकोकल्पना र दिवास्वप्नले एउटा अर्कै सभ्य नेपाली समाजको निर्माण भ्रमर मा हुन पुग्यो। जे होस् भ्रमरको धरातल अयथार्थिक नै किन नहोस यसको भाषा सुश्री र सुषमित, सुन्दर, सुसभ्य र सुरम्य र सुभाषिनी छ, शैली र शिल्प अपूर्व छ।  मुलुकबाहिर निम्नवर्गीय नेपाललीहरूको सामाजिक जीवनको यथार्थ चित्रण गर्ने उपन्यास भएकाले यसमा सरल, स्वाभाविक र आकर्षक भाषाको प्रयोग गरिएको छ। जीवनका विभिन्न पक्षलाई प्रस्तुत गरिएकाले भाषा पनि यथार्थवादीबाटै चिपिएको हुनुपर्छ भन्ने मान्यता राखी सामाजिक धरातल टेकेको विश्वासिलो भाषाको प्रयोग बाङ्गदेलले गरेका छन्। मनोवैज्ञानिक उपन्यास व्यक्तिमनका आन्तरिक यथार्थ उद्घाटन गर्ने उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भनिन्छ। फ्रायडको अचेतन, कामवृत्ति र ग्रन्थिसिद्धान्त, एडलरको व्यक्तित्वरचना तथा जुङ्गको सामूहिक अचेतनजस्ता सिद्धान्तहरूका आधारमा यस्ता उपन्यासको रचना फ्रायड एडलर र जुङ्गका सिद्धान्तले साहित्यलाई अत्यधिक प्रभावित गरेका छन्। मानसिक विश्लेषणबाट व्यक्तिको आन्द्राभुडी खोतल्ने यस्ता उपन्यासमा मनोविकृतिको चित्रण र त्यसको कारण प्रस्तुत गरिएको हुन्छ। आत्म कथात्मक परिपाटीमा प्रारम्भ र अन्त भएको प्रेम प्रधानको उपन्यास उदासिन रूखहरू उपन्यासको औपन्यासिक संरचना विस्तारणले औपन्यासिक परम्परा र प्रवृत्तिमा देखा परेका यथार्थवादी, अति यथार्थवादी, प्रगतिवादी तथा स्वच्छन्दतावादी जस्ता विकास क्रमका घुम्तीहरु पार गर्दै मनोविश्लेषणात्मक प्रवृत्ति अन्तर्गत फ्रायडीय मनोविश्लेषण पूर्वाभास र पद्धतिलाई एकातिर अंगालेको देखिन्छ भने, अर्कोतिर दोस्रो विश्वयुद्धपछि खासगरी युरोपका दुईजना साहित्यकार जिनपर्ल सार्त्रे र अल्वेयर कामुका अस्तित्ववादी चिन्तन र जीवन दर्शनका चस्काहरु यदा कदा प्रतिविम्बित भएको पाइन्छ |राजनीतिक उपन्यासको विषयवस्तु सामाजिक राजनीति र त्यसबाट उत्पन्न स्थिति हुन्छ। कुनै निश्चित राजनैतिक चरित्र, घटना, आन्दोलन, द्वन्द्वस घतप्रतिघात आदि विषयको प्रस्तुति यस्तो उपन्यासमा हुन्छ। राजनैतिक घटना नै कालान्तरमा इतिहास बन्ने हुँदा

ऐतिहासिक र राजनैतिक उपन्यासको नजिकैको साइनो हुन्छ। नेपालीका खडगबहादुर सिंहको विद्रह, लीलाध्वज थापाको शान्ति र पञ्चायत आदि राजनीतिक उपन्यास हुन्। आञ्चलिक उपन्यासले स्थानीय रङ्गविवरणलाई विशेष महत्व दिएर चर्चा गर्दछ। वर्णित स्थानको भूबनौट एवम् सम्पूर्ण व्यवहारको केन्द्रीकृत रूप स्थापना गर्नु आञ्चलिक उपन्यासको उद्देश्य हुन्छ। वैचारिक उपन्यास कुनै गम्भीर चिन्तन, दर्शन वा विचारधारा प्रस्तुत गर्ने उद्देश्यले लेखिएका उपन्यासलाई वैचारिक उपन्यास भनिन्छ। पाश्चात्य मुलुकमा देखा परेका विभिन्न वाद र सिद्धान्तले साहित्यलाई अत्यधिक प्रभाव पारेपछि यस्ता उपन्यास सिर्जना हुन थालेका हुन्। नेपालीमा हृदयचन्द्रसिंह प्रधानको एक चिहान, डी.पी. अधिकारीको आशमाया, पारिजातको शिरीषको फूल, सरुभक्तको पागल बस्ती आदि वैचारिक उपन्यास हुन्। प्रयोगकालका प्रमुख उपन्यासकार इन्द्रबहादुर राई एउटै मात्र उपन्यास आज रमिता छ लेखेर उनी नेपाली उपन्यासको इतिहासमा आफ्नो छुट्टै स्थान सुरक्षित राख्न सफल छन्। विज्ञान उपन्यास दैनिक जीवनको संसारभन्दा विज्ञान र प्रविधिको संलग्नताका कारण भिन्न भएको संसारको परिवेशमा रचित उपन्यासलाई विज्ञान-उपन्यास भनिन्छ। जीवनीमूलक उपन्यास कुनै राष्ट्रिय वा अन्तराष्ट्रिय ख्यातिप्राप्त व्यक्तिको जीवनलाई प्रतिपाद्ध विषय बनाएर रचना गरिएको जीवनीमूलक उपन्यासमा तथ्यका साथै औपन्यासिक कल्पनाको कला पनि रहेको हुन्छ। जीवनी कुनै व्यक्तिको जीवनका तथ्य र कार्यहरूको अन्वेषणआत्मक वर्णन हो भने उपन्यासमा त्यस्तो जीवनीको प्रस्तुतिमा पनि कलात्मक अन्विति रहन्छ। नेपालीमा लैनसिंह बाङ्देलको रेम्ब्रान्ट महत्वपूर्ण जीवनीमूलक उपन्यास हो। यसमा सत्रौँ शताब्दीका महान कलाकार रेम्ब्रान्टको दुखी जीवनलाई यथार्थपरक ढङ्गमा चित्रण गरिएको छ। मिथकीय उपन्यास आदिम मानवका अन्तरमा लुकेछिपेका काल्पनिक भावना व्यक्त गर्ने पुराण, दन्त्यकथा, एवम् अन्य जनश्रुतिमा पाइने कथाहरू नै मिथक हुन्। यिनै मिथकको विषयवस्तुलाई प्रस्तुत गरेर लेखिएका मिथकीय उपन्यासमा आजको यथार्थ सन्दर्भ पनि सिर्जना गरिएको हुन्छ। जासुसी उपन्यासको सारवस्तुका रूपमा अपराधको अनुसन्धान र दोषीको चिनारी आएको हुन्छ। अपराध र अपराधीका बारेमा तथा तिनका अनुसन्धानको स्वरूपका बारेमा मान्छे अत्यन्त रूचिले नै रोमाञ्चक कार्यप्रति दृष्टि दिन्छ। यसमा उपन्यासकारले आफ्नो रहस्यमय कल्पना र स्वैरकल्पनाको जोडाइबाट यथार्थको सिर्जना गरी रोमाञ्चक उपन्यासले रचना गर्दछ। तार्किक तथा तथ्यको धेरैतर्फबाट चिरफार गर्न सक्ने लेखकले नै जासुसी उपन्यास लेख्न

Notes

सक्छ। त्यस्तो उपन्यासमा अपराधी को हो भन्ने कुराको द्विविधा सिर्जना गरी अन्त्यमा त्यसको समाधान गरिन्छ। यस्तो कार्यमा अनुसन्धान तहकिकात, निरीक्षण, परीक्षण तथा व्याख्या गरी चतुर जासुसले सबैको चित्त बुझाउँछ। नेपालीमा दीर्घबाहुको डा. डेमोन र मेजरको सर्प नि एस.पी. आशाको नक्कली औँठी आदि जासुसी उपन्यास हुन्। वर्णात्मक उपन्यासमा उपन्यासकार स्वयम्ले घटना, पात्र, देशकाल-वातावरण आदिको वर्णन एवम् विश्लेषण गर्दछ भने त्यो वर्णनात्मक उपन्यास हुन्छ।

## 9.6 सार

- विषयवस्तुका आधारमा उपन्यासलाई विभिन्न भागमा विभाजन गरिएको पाइन्छ।जस्तै- साहसिक, ऐतिहसिक, सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक, राजनैतिक, आञ्चलिक, वैचारिक, विज्ञान, जीवनमूलक, मिथकीय, जासुसी उपन्यास।
- साहसीक उपन्यास रहस्य, रोमाञ्च, चमत्कार, साहसिक यात्रा, रहस्यको गाँठो फुकाउने तिलस्मी प्रवृत्ति एवम् नायक एवम् खलनायकका पक्षहरूबीच लडाइँ हुने ऐय्यारी प्रवृत्ति साहसिक उपन्यासमा पाइन्छ।
- कथानक, चरित्र, पर्यावरण, भाषा, सारवस्तु, प्रतीक र बिम्ब गति र लय आदि सबै तत्त्वहरूलाई एकीकृत गरी तिनको सम्मिलनबाट एटा पूर्ण रूप दिने काम शिल्पपद्धतिको हो।

## 9.7 अनुशीलनी

- उपन्यासको विषयवस्तु र संरचना शिल्पबारे अध्ययन गर्नुहोस्।
- भारतेली नेपाली उपन्यासमा विषयवस्तु र संरचना शिल्पको वर्गीकरण र विवेचना बारे अध्ययन गर्नुहोस्।
- युद्ध सम्बन्धी लेखिएका उपन्यासहरूको चर्चा

## 9.8 अतिरिक्त अध्ययन

घनश्याम नेपाल- नेपाली साहित्यको परिचयात्मक इतिहास

कृष्णचन्द्रसिंह प्रधान- नेपाली उपन्यास र उपन्यासकार

कृष्णहरि बराल, नेत्र एटम- उपन्यास सिद्धान्त र नेपाली उपन्यास

इन्द्रबहादुर राई- नेपाली उपन्यासका आधारहरू

असीत राई- भारतीय नेपाली साहित्यको इतिहास

डा. राजकुमारी दाहाल- नेपाली आञ्चलिक उपन्यास

## 9.9 मूल्यवृद्धिको निम्ति उत्तर तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस-

**तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस-**

1. उपन्यासको विषयवस्तु र संरचना शिल्प

___________________________________________

___________________________________________

___________________________________________

(अङ्क 1. को मूल्यवृद्धिको निम्ति विद्यार्थीहरूले 9.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्।)

**2.** भारतेली नेपाली उपन्यासको विषयवस्तु र संरचना शिल्प वर्गीरकण र विवेचना

___________________________________________

___________________________________________

___________________________________________

(अङ्क २. को मूल्यवृद्धिको निम्ति विद्यार्थीहरूले ९.३ को खण्डमा उत्तर खोज्न सक्नेछन्।)

3. भारतेली नेपाली उपन्यासमा युद्धको सन्दर्भ

___________________________________________

___________________________________________

___________________________________________

(अङ्क ३ को मूल्यवृद्धिको निम्ति विद्यार्थीहरूले ९.४ को खण्डमा उत्तर खोज्न सक्नेछन्।)

# एकाइ 10 भारतेली नेपाली उपन्यासका प्रवृत्ति स्वच्छन्दतावादी, यथार्थवादी, प्रकृतवादी, अतियथार्थवादी

**संरचना**

10.0 उद्देश्य

10.1 परिचय

10.2 भारतेली नेपाली उपन्यासको प्रवृत्ति

10.2.1 स्वच्छन्दतावादी

10.2.2 यथार्थवादी

10.2.3 प्रकृतवादी

10.2.4 अतियथार्थवादी

10.3 उपसंहार

10.4 सार

10.5 अनुशीलनी

10.6 अतिरिक्त अध्ययन

10.7 मूल्यवृद्धिको निम्ति उत्तर

## 10.0 उद्देश्य

भारतेली नेपाली उपन्यासका विविध प्रवृत्तिहरू रहेको पाइन्छ। भारतीय नेपाली उपन्यासकारहरूले विभिन्न प्रवृत्तिहरू अप्नाएर उपन्यास सिर्जना गरेका छन् जसमध्ये स्वच्छन्दतावादी, यथार्थवादी, प्रकृतवादी, अतियथार्थवादी प्रवृत्ति मुख्य देखिन्छ। उक्त प्रवृत्तिलाई आत्मसात गरी लेखिएका उपन्यासलाई प्रस्तुत एकाइमा अध्ययन गर्नु मुख्य उद्देश्य रहेको छ।

## 10.1 परिचय

उपन्यासको व्युत्पत्ति उप+न्यास हो । यसबाट केही कुरा वा विषयवस्तुलाई अगाडि राख्नु वा पस्किनु भन्ने बुझिन्छ । कुनै विषयवस्तुलाई टपक्क टिपेर पाठकको आँखाअगाडि त्यसको सपाट चित्र प्रस्तुत गर्नु नै उपन्यासकारको रचनाधर्मिता हो ।

नेपाली वाङ्मयमा उपन्यासको आफ्नै महत्ता र स्थान छ । तुलनात्मक रूपमा अरू विधाभन्दा कान्छो यो विधाको विकास र विस्तार विक्रमको २००० पछाडिको कालखण्डमा भएको हो । कालक्रमिक विवेचना गर्ने हो भने पनि यसको इतिहास ७०–८० वर्षको मात्र छ । विशेषतः हिन्दी उपन्यास, अझ खासगरी तिलस्मी र जासुसी हिन्दी उपन्यास तत्कालीन नेपाली युवाहरूबीच औधि पढिन्थे। एकछिन विवेचना गरौं सुरुवातका नेपाली साहित्यमा रोपित उपन्यासहरूको । नेपाली भाषासाहित्यको इतिहासलाई सर्सर्ती विश्लेषण गर्दा 'रूपमती' र 'भ्रमर' नै आधुनिक नेपाली उपन्यासका पुराना वंशज हुन् ।

हिन्दी साहित्यमा पन्त, प्रसाद, निरालाको हिन्दी पुनर्जागरणकालीन स्वच्छन्दतावादपछि यसले विविध विश्वसाहित्यलाई अनुचित र मौलिक दुवै रूपमा आत्मसात् गर¥यो । अर्कोतिर विश्वयुगीन भाषिक मापदण्ड र साहित्यिक मापदण्डमा खरो उत्रिएको अंग्रेजी भाषासाहित्यको व्यापक र विहंगम प्रभाव हिन्दी साहित्यमा प¥यो ।

अंग्रेजी भाषा साहित्यमा दरो पकड भएका आम भारतीयहरूले पश्चिमा साहित्यलाई दोस्रो विश्वयुद्धपश्चात् अझ धेरै आत्मसात् गरे । तत्कालीन परिवेशमा भारतीय भएर पनि अंग्रेजीलाई आफ्नो वाक्साधनाको माध्यम बनाउने थुप्रै समकालीन लेखकहरू भारतमा विद्यमान थिए । यसका सर्वोत्तम उदाहरण 'गीताञ्जली' र त्यसका स्रष्टा रवीन्द्रनाथ टैगोर हुन् । टैगोरका अधिकांश कालजयी कृतिहरूको भाषा अंग्रेजी छ । टैगोरको पुस्तापछि यो भाषामा युगीन अभिव्यञ्जना दिने समकालीन साहित्यकारहरूमा 'मालगुडी'का लेखक आरके नारायणलगायत थुप्रै छन् । यसको मनग्य प्रभाव 'विद्या नपाए काशी जानू' भन्ने उखानमा वर्णन भएझैं तत्कालीन समयमा नेपालबाट अध्ययनको सिलसिलामा काशीलगायत भारतका अरू ठाउँहरूमा पुगेका नेपालीमा प¥यो । यो कडीका ज्वलन्त उदाहरण बीपी कोइराला हुन् । २००७ सालको प्रजातान्त्रिक आन्दोलनसँगसँगै बेलायती सेनामा र भारतीय सेनामा कार्यरत थुप्रै नेपालीहरूले पहिलो र दोस्रो विश्वयुद्ध लडे । नेपालीहरू विश्व मानचित्रमा पहिलो पटक मुखरित भए । यो मुखरितासँगै थुप्रै नयाँ चेतना र सञ्चेतनाका स्तरहरू नेपाली साहित्यमा प्रकट भए । उता प्रवासको दार्जीलिङ र कालिम्पोङबाट पनि नेपाली साहित्यमा थुप्रै साहित्यकारहरू आएर स्थापितसमेत भइसकेका थिए । प्रवासी नेपाली साहित्यमा माटो सुँघेर ऋण, गरिबी या अवसरको

Notes

खोजीमा मुग्लानिएका आम तह र तप्काका भाइहरूको सुस्केरा बग्रेल्ती सुसेलिएको पाइन्छ । यो लहरमा रूपनारायण सिंहको 'भ्रमर' उच्च कोटिको प्रथम नेपाली मौलिक उपन्यास हो । मुग्लानले आत्मसात् गरेको माटो सुँघेर भाग्रु परेको अवस्था, गरिबी, अशिक्षा र विस्थापनको साझा कोलाज हो 'भ्रमर' । नेपाली उपन्यासको फाँटबाट 'भ्रमर' लाई झिकिदिनासाथ नेपाली उपन्यासको औपन्यासिक विकासक्रम नै ठप्प हुन्छ ।

उपन्यासले जीवनको अध्ययन गर्दछ । मानवीय मनका जटिलता, मनोग्रन्थीहरूलाई देखाउँदै पाठकलाई आकर्षित गर्छ । यसले रमणीयता, काल्पनिकताका साथै संघर्ष स्वच्छन्द, स्वाधीनताको बाटो पनि देखाउँछ । मनोरञ्जन गराउने, कौतूहलता जगाउने उपन्यास कथावस्तु, पात्र, घटना, परिवेश, भाषा शैली, उद्देश्यको संयोजनबाट निर्मित हुन्छ । जेहोस् उपन्यासले जीवनका द्वन्द्व, अन्तद्र्वन्द्व विरोधाभाष, विसङ्गति, विकृति, संवेदना, करुणा, हाँसो, रोदन, क्रन्दन ...आदि यथार्थ र समयले ल्याएका अनेक समस्यालाई देखाउँदै कल्पनालोक, मानसलोकको परिक्रमा गर्दै सिङ्गो जीवन जगतको चित्र खिच्छ । उपन्यासले राजनीति, धर्म, संस्कार, संस्कृति भूगोल आदि विभिन्न विषयमा तुलो लगाउँदै समाजलाई ठम्याउने काम गर्छ । यसले वैज्ञानिक सत्यभन्दा परको मानसिक, काल्पनिक सत्यको खोजी गर्ने, अनेक रहस्यहरूको उद्घाटन गर्ने काम गर्छ उपन्यासलाई प्रारम्भमा रोमान्स भनिन्थ्यो । रोमान्स भन्नाले भावुक प्रेम र साहसको कथा बुझिन्थ्यो तर उपन्यासमा जीवनको यथार्थ पक्षको चित्रण हुन्छ । जीवनका विविध पक्षको चित्र उपन्यासले खिच्छ । उपन्यासलाई जीवनको आलोचनाका रूपमा डा.रवर्ट मूलरले अथ्र्याएका छन् । उपन्यास मानव चरित्रको चित्र हो भनेर भारतीय विद्वान् प्रेमचन्द भन्दछन्् । नेपाली समालोचक हृदयचन्द्र सिंह प्रधान उपन्यासलाई जीवन दर्शन र मानसिक प्रक्रियाको अध्ययनको रूपमा लिन्छन् ।

उपन्यास संस्कृत शब्द हो । (उप+नि+अस्+घञ्) अर्थात् अस् धातुमा उप र नि उपसर्ग सहित घञ् प्रत्यय लागेर उपन्यास शब्द बनेको छ । उपको अर्थ नजिक, न्यासको अर्थ राख्नु, वा स्थापित गर्नु हो । यसरी उपन्यास शब्दले मानिसका नजिक राखिएको वस्तु भन्ने बुझाउँछ । उपन्यासलाई इटलीमा नोविले (ल्यखभिि्भ), फ्रान्समा नोवेला (ल्यखभिि्ब) र अंग्रेजीमा (ल्यखभ)ि भनिन्छ । अहिले उपन्यासले यथार्थ जीवनमा आधारित कल्पित गद्याख्यानलाई जनाउँछ । पहिले

महाकाव्यले लिएको स्थान अहिले उपन्यासले लिएको हुँदा उपन्यासलाई गद्य महाकाव्य पनि भनिन्छ । समष्टिमा पात्रहरूको माध्यमाट प्रदर्शित वास्तविक जीवन जगतको यथार्थ चित्रण गर्ने आख्यानत्मक वृहद् आकारको गद्य रचना उपन्यासक हो (पौडेल,२०६६ः १३५) ।शक्तिवल्लभ अर्यालको विराट पर्व (वि.सं.१८२७),भानुदत्तको हितोपदेश मित्रलाभ (वि.सं.१८३३), शक्तिवल्लभकै हास्यकदम्ब (वि.सं.१८५५), भवानीदत्त पाण्डेको मुद्राराक्षस (वि.सं.१८५८)...... स्वास्थानी व्रतकथा (वि.सं.१८७८), सुन्दरानन्द बाँडाको अध्यात्म रामायण.....आदि आख्यानात्मक कृतिहरू नेपाली साहित्यको प्राथमिक काल (वि.सं.१८२७–१९४५) मा फेला पर्दछन् । यस अवधिमा पनि उपदेश दिने भगवान भक्ति जगाउने, भावुक प्रेमकथा, वीरता प्रदर्शन गर्ने अद्भूत किसिमका वर्णन, जासूसी, तिलस्मी, ऐøयारी आदि विचित्र सामाजिक विषयवस्तु, अलौकिक वर्णन, अतिरञ्जना, रोमाञ्चक गद्याख्यान फेला पर्छन् जसले नेपाली उपन्यासको जग निर्माण गर्न सहयोग पु¥यायो ।माध्यमिक कालीन अलौकि,अद्भूत्,तिलस्मी –जासूसी प्रवृतिलाई चिर्दै १९९१ सालमा मौलिकता र यथार्थतालाई अंगाल्दै रुद्रराज पाण्डेको रूपमती उपन्यास आएपछि नेपाली उपन्यासमा आधुनिक काल सुरु भएको पाइन्छ । सन् १९३६ मा रूपनारायणसिंहको भ्रमरले पाश्चात्य साहित्यको रोमान्टिक परम्पराको शिलान्यास गरेर नेपाली समाजलाई एक शताब्दी अघि पुऱ्याउँछ। यसरी दुई वर्षको मात्र फरक पारेर रूपमती र भ्रमर छापिएता पनि दुईवटामा वर्णित समाजमा शताब्दीको पार्थक्य छ। अङ्ग्रेजी र बङ्गला साहित्यको चूडान्त अध्ययन र मननले गर्दा वास्तविकता नभए पनि यिनकोकल्पना र दिवास्वप्नले एउटा अर्कै सभ्य नेपाली समाजको निर्माण भ्रमर मा हुन पुग्यो। जे होस् भ्रमरको धरातल अयथार्थिक नै किन नहोस यसको भाषा सुश्री र सुषमित, सुन्दर, सुसभ्य र सुरम्य र सुभाषिनी छ, शैली र शिल्प अपूर्व छ। भ्रमरले फराकिलो पारेको उपन्यासको गोरेटोमा निर्विघ्न अघि बड्ने सामर्थ्य राख्ने कुनै नेपाली साहित्यकार सन् १९४७ सम्म जन्मन सकेन। महासमर काल यसै बित्यो, महासमरको प्रभाव र प्रतिक्रिया बोकेर यसकालमा कुनै उपन्यास सिर्जना हुन सकेन। भ्रमर ले कलकत्ता र वर्मासम्म पुऱ्याएका नेपाली अन्तराष्ट्रिय क्षेत्र फ्रान्स, वेलायत, इजिप्ट, मेसोपोटामिया, अफ्रिका, जापन, इटालीसम्म सशरीर पुगेर पनि साहित्यमा मूर्त हुन सकेन। मौलिकता र यथार्थतालाई अंगाल्दै रुद्रराज पाण्डेको रूपमती उपन्यास आएपछि नेपाली उपन्यासमा आधुनिक काल सुरु भएको पाइन्छ। सन् १९३६ मा रूपनारायणसिंहको भ्रमरले पाश्चात्य

साहित्यको रोमान्टिक परम्पराको शिलान्यास गरेर नेपाली समाजलाई एक शताब्दी अघि पुऱ्याउँछ। यसरी दुई वर्षको मात्र फरक पारेर रूपमती र भ्रमर छापिएता पनि दुईवटामा वर्णित समाजमा शताब्दीको पार्थक्य छ। अङ्ग्रेजी र बङ्गला साहित्यको चूडान्त अध्ययन र मननले गर्दा वास्तविकता नभए पनि यिनकोकल्पना र दिवास्वप्नले एउटा अर्कै सभ्य नेपाली समाजको निर्माण भ्रमर मा हुन पुग्यो। जे होस् भ्रमरको धरातल अयथार्थिक नै किन नहोस यसको भाषा सुश्री र सुषमित, सुन्दर, सुसभ्य र सुरम्य र सुभाषिनी छ, शैली र शिल्प अपूर्व छ। आधुनिक कालको मिरमिरे रुद्रराज पाण्डेको रूपमतीबाट सुरु भई आजसम्म आइपुग्दा नेपाली उपन्यास विभिन्न चरणहरूमा विभिन्न नयाँ प्रवृत्ति र धाराहरू समावेश गर्दै अगाडि बढेको छ। आधुनिक कालको थालनीमा देखा पर्ने भारतीय नेपाली उपन्यासमा बाह्य यथार्थको चित्रण गर्ने प्रवृत्ति र कथानकप्रधान लेखनको प्रबलता देखिन्छ भने सन् २०६० सालदेखि मनोविज्ञानको प्रवेश भई सूक्ष्म यथार्थको प्रस्तुति पनि आरम्भ हुन्छ। यसै मनोविज्ञानको प्रभावबाट नै आत्मपरक एवम् अन्तर्मुखी जटिल उपन्यासहरू लेखिन थालेका पाइन्छन्। यस प्रभावले सन् १९६८ सम्म निरन्तरता पाए पनि त्यसपछि प्रयोगात्मक दुरूहता त्यागी जीवनमुखी प्रवृत्तिको अङ्गीकार गर्ने प्रवृत्ति पनि झ्याङ्गिएको पाइन्छ। प्रथम चरणका उपन्यासले सामाजिक यथार्थका विविध रूपको चित्रण गरेको पाइन्छ। जसरी जुन विधि अपनाए तापनि यस चरणका उपन्यासमा मूलत बाह्य यथार्थको वर्णनमै केन्द्रित हुने साझा प्रवृत्ति पाइन्छ। आदर्शोन्मुख यथार्थवादी धाराका उपन्यासहरू लेखिए। स्वच्छन्दतावादी धाराकारूपनारायण सिंहको भ्रमर, अच्छा राई रसिकको लगन, शिवकुमार राईको डाकबङ्गला, उपन्यास पनि यसै चरणमा देखिए भने सामाजिक यथार्थको शान्ति, मन आदि उपन्यासहरू महत्वपूर्ण रहे। ऐतिहासिक यथार्थवादी धाराको प्रवेश डायमनशमशेर राणाको वसन्ती बाट भयो भने बाङ्गदेलको लङ्गडाको साथीले यथार्थवादी धारालाई भित्र्याएर केही भिन्नताको परिचय दियो। भ्रमरले फराकिलो पारेको उपन्यासको गोरेटोमा निर्विघ्न अघि बढ्ने सामर्थ्य राख्ने कुनै नेपाली साहित्यकार सन् १९४७ सम्म जन्मन सकेन। सरदार रुद्रराज पाण्डेको 'रूपमती'ले तत्कालीन नेपाली समाजलाई आदर्शवादतिर उन्मुख गराएको छ । यही प्रसङ्गमा लैनसिंह वाङ्देल देखा पर्छन् । वाङ्देलका उपन्यासमा आदर्शवाद र यथार्थवादको साझा कोलाज पाइन्छ । यथार्थवादी उपन्यासकार वाङ्देल नेपाली औपन्यासिक फाँटका एकदमै उम्दा उपन्यासकार हुन् ।

यही प्रकरणमा बीपी कोइराला भीडबाट पृथक् रहेर फ्रायडीय दृष्टिकोण र विवेचना एवं प्रखर मनोवैज्ञानिक यथार्थवादी चेत बोकेर नेपाली उपन्यासको फाँटमा देखा परे । उनले नेपाली उपन्यासको विस्तार र प्रसारणमा अहम् भूमिका खेले र नेपाली उपन्यासको औपन्यासिक कार्यदिशालाई नै युगान्तकारी परिवर्तन गरे ।

यही प्रसंगमा रमेश विकलका कथा, भवानी भिक्षुको 'त्यो फेरि फर्केला' जस्ता सशक्त कथाहरूको आविर्भाव यही कालखण्डमा भयो । अब नेपाली उपन्यास आदर्शवादभन्दा पृथक् रहेर यथार्थवादी हुन थाल्यो । यथार्थवादमै अरू प्रगतिशील लेखकहरूले इँटा थप्ने काम गरे । पारिजात, खग्रेन्द्र संग्रौला जस्ता साहित्यकारहरू नेपाली उपन्यासको फाँटमा देखा परे । नेपाली औपन्यासिक विधाले धेरै प्रवृत्ति, मोड़, परम्परा र प्रयोगका घुम्तीहरू नाघिसकेको छ | हाम्रो साहित्यिक संसारमा पाश्चात्य साहित्यको प्रयोग, परम्परा र प्रभावका पूर्वाभासहरु प्रतिविम्बित हुनु सभ्यताका लक्षण हुन्, अझ त्यस्ता प्रवृत्ति र प्रभावलाई हाम्रै सांस्कृतिक परिवेश र परिपाटीमा उतार्न सकिए साहित्य अध्ययन, मनन र चिन्तनका दिशामा थप योगदान हुनेछ | प्रस्तुत उपन्यास यही दिशातर्फको एउटा सत्प्रयास हो |"

## 10.2 भारतेली नेपाली उपन्यासको प्रवृत्ति

प्रथम चरणका उपन्यासले सामाजिक यथार्थका विविध रूपको चित्रण गरेको पाइन्छ। जसरी जुन विधि अपनाए तापनि यस चरणका उपन्यासमा मूलत बाह्य यथार्थको वर्णनमै केन्द्रित हुने साझा प्रवृत्ति पाइन्छ। आदर्शोन्मुख यथार्थवादी धाराका उपन्यासहरू लेखिए। स्वच्छन्दतावादी धाराकारूपनारायण सिंहको भ्रमर, अच्छा राई रसिकको लगन, शिवकुमार राईको डाकबङ्गला, उपन्यास पनि यसै चरणमा देखिए। सन् २०७९ देखिको समयमा समाजसँग सम्बन्धित आलोचनात्मक यथार्थवादी तथा प्रगतिवादी उपन्यासको लेखन विस्तार भएको हुनाले तृतीय चरणलाई प्रयोगवादी र समाजोन्मुख गरी दुई भागमा बाँड्न सकिन्छ भने समाजोन्मुख प्रवृत्तिले नै समकालीन उपन्यासको प्रतिनिधित्व गर्दछ। यसली नेपाली उपन्यासको उत्तरवर्ती चरणका रूपमा पनि वर्णन गरिएको छ। यसरी धुनिक भारतेली नेपाली उपन्यास आज आएर समाजका विसङ्गतिका कुनाकोप्चेराहरू नियाल्दै त्यसको यथार्थ चित्रण गर्न र तिनबाट मुक्तिका लागि प्रेरणा तथा मार्गदर्शन प्रदान गर्नमा लागिपरेको छ। आत्म कथात्मक परिपाटीमा प्रारम्भ र अन्त भएको यस

उपन्यासको औपन्यासिक संरचना विस्तारणले औपन्यासिक परम्परा र प्रवृत्तिमा देखा परेका यथार्थवादी, अति यथार्थवादी, प्रगतिवादी तथा स्वच्छन्दतावादी जस्ता विकास क्रमका घुम्तीहरु पार गर्दै मनोविश्लेषणात्मक प्रवृत्ति अन्तर्गत फ्रायडीय मनोविश्लेषण पूर्वाभास र पद्धतिलाई एकातिर अंगालेको देखिन्छ भने, अर्कोतिर दोस्रो विश्वयुद्धपछि खासगरी युरोपका दुईजना साहित्यकार जिनपर्ल सार्त्रे र अल्वेयर कामुका अस्तित्ववादी चिन्तन र जीवन दर्शनका चस्काहरु यदा कदा प्रतिविम्बित भएको पाइन्छ | नेपाली औपन्यासिक विधाले धेरै प्रवृत्ति, मोड़, परम्परा र प्रयोगका घुम्तीहरू नाघिसकेको छ | हाम्रो साहित्यिक संसारमा पाश्चात्य साहित्यको प्रयोग, परम्परा र प्रभावका पूर्वाभासहरु प्रतिविम्बित हुनु सभ्यताका लक्षण हुन्, अझ त्यस्ता प्रवृत्ति र प्रभावलाई हाम्रै सांस्कृतिक परिवेश र परिपाटीमा उतार्न सकिए साहित्य अध्ययन, मनन र चिन्तनका दिशामा थप योगदान हुनेछ |

### 10.2.1 स्वच्छन्दतावादी

यथार्थको बन्धन भाँची स्वच्छन्द जीवनको वकालत गरेर लेखिने उपन्यास नै स्वच्छन्दतावादी उपन्यास हुन्छ। उन्मुक्त प्रेमको चित्रण, पात्रको विभिन्न ठाउँमा भ्रमण, प्रकृतिको मनोहर चित्रण तथा ईश्वरीय रहस्यको प्रस्तुतिमा यस्तो उपन्यासको रूचि रहन्छ। भाषालाई पनि सौन्दर्यपरक आह्लादका साथ यसले उपयोग गरेको हुन्छ। रूपनारायण सिंहको भ्रमर, शिवकुमार राईको डारबङगला, आदि यस्ता उपन्यास हुन्।

कोरा नीतिनियम र आदर्शका पर्खालहरू ढाल्दै फ्रान्स र बेलाइतमा उन्नाइसौ शताब्दीमा चलेको आन्दोलनको नाम स्वच्छन्दतावाद हो। नवपरिष्करवादी साहित्यलेखनका बिरुद्धमा जन्मिएको अनि भावुकता र संवेगलाई प्रधानता दिएर नियमको कडा छेकबारली तोडी स्वतन्त्रताको बाटो अन्वेषण गर्ने भेकाले स्वच्छन्दतावादमा जीवनबाट पलायनमा आनन्दित हुने प्रवृत्ति पनि रहन्छ। स्वच्छन्दतावादी उपन्यासको मूलभूत विशेषताहरूमा वैयक्तिक अनुभवलाई प्राथमिकता दिएर प्रस्तुत गर्नु हो। सहज र स्वच्छन्दताका साथ कथाको भावपूर्ण वर्णन गर्नु हो। सौन्दर्य र वैचित्र्यको समायोजन गरी नयाँपनको सिर्जना गर्नु हो। राष्ट्रियता र मानवतावादलाई स्थान दिनु हो। परिवर्तन र क्रान्तिमा जोड दिनु हो।भाषामा सहज आलाङ्कारिकताको मोहकता हुनु हो। सौन्दर्यको पारखी भई वर्णन र विश्लेषण गर्नु हो। नेपाली उपन्यासका क्षेत्रमा स्वच्छन्दतावाद अङ्ग्रेजी, बङ्गला र हिन्दीको प्रभावबाट

प्रवेश गरेको हो। दार्जिलिङ्मा अङ्ग्रेजी र बङ्गाली भाषामा निकै दक्ष रहेका उपन्यासकार रूपनारायण सिंहको भ्रमर बाट यसले नेपाली उपन्याससाहित्यमा प्रवेश पायो। स्वच्छन्दतावादी धारामै रचना गरिएका अन्य उपन्यासहरूमा रूपनारायण सिंहकै बिजुली ( अपूर्ण), अच्छा राई रसिकको लगन, शिवकुमार राईको डाकबङगला, समीरण प्रियदर्शीको पोखिएको जिन्दगी जस्ता उपन्यासहरू छन्। स्वच्छन्दतावादी उपन्यासको परम्परा दार्जिलिङ्मै हुर्केको र उच्चतामा पुगेको देखिन्छ। सस्ता उपन्यासली स्वच्छन्दतावादी भन्ने गरिएको पनि पाइन्छ तर त्यस्तो भन्नु नेपाली स्वच्छन्दतावादी उपन्यासकै अवमूल्यन गर्नु र कलात्मकताको अपहेलना गर्नु हो भन्नेतर्फ सबैको ध्यान पुग्नुपर्छ। स्वच्छन्दावादी नेपाली उपन्यासका प्रार्मभकर्ता र उत्कृष्ट प्रयोगकर्ता रूपनारायण सिंह हुन् भने स्वच्छन्दतावादी नेपाली उपन्यासचाहिँ **भ्रमर** हो। सुरूमा उत्कृष्ट उपन्यास आएकाले नै अन्य स्वच्छन्दतावादी उपन्यासकार र उपन्यास यसको छायामा पहिँलिएका देखिन्छन्। भ्रमर उपन्यासमा शेखरको चरित्र एवम् स्वच्छन्दतालाई अत्यन्त मीठो भाषामा प्रस्तुत गरिएको छ। भ्रमर उपन्यास स्वच्छन्दतावादी गुणधर्मलाई पालन गरेर मानवतावादी आदर्शप्राप्तिका लागि लेखिएको छ। यसमा संरटनागत सचेतता पाइन्छ साथै त्यसको आङ्गिक सङ्गठन पनि अध्याय, उपखण्ड तथा शीर्षकहरूका माध्यमबाट गरेको भने कथानक र चरित्रको संयोजन पनि उत्कृष्ट छ। शेखरको क्रियाकलाप, वर्णात्मक र भाषिक सौन्दर्य तथा व्यञ्जनाले गर्दा भ्रमरमा मोहनी भरिएको छ। **अच्छा री रसिक** को **लगन** उपन्यासमा संयोग र वियोगको दार्जिलिङ्गे मनस्थितिलाई चित्रण गरेको छ। यसमा केवल भावुकता मात्र नभेर सामाजिक विसङगतिको प्रस्तुति र त्यसप्रतिको व्यङ्ग्य पनि साकार बनेको आभास हुन्छ। यसले क्रान्तिकारी कदमका साध सुधारवादी भावना प्रकट रहेको छ। **शिवकुमार राई** स्वच्छन्दतावादी उपन्यासका क्षेत्रमा रूपनारायण सिंहपछिका महत्वपूर्ण प्रतिभा हुन्। उनका **डाकबङ्गला** उपन्यास प्रकाशित छ। दार्जिलिङको नेपाली समाजको घुमन्ते प्रवृत्ति नायक चन्द्रप्रकाशको अनेकौ केटीहरूसितको प्रेमसम्बन्ध र उत्ताउलो व्यवहार यसमा सजीव रूपले प्रकट भेका छन्। आवेगमा आएर प्रेम गर्ने यस्ता अल्लारेहरू दायित्वबोधको व्यभिचारीबाट प्रताडित रत्नाको जीवनकथा प्रस्तुत गरेको छ। नेपाली

समाजको न्यून आर्थिक, स्थिति, युवाहरूमा रहेको वास्नात्मक विकृति तथा सङ्घर्षका कथाहरू डाकबङगला उपन्यासका मूल मर्म हुन्। यसले शिल्प र सङ्गठनलाई कसिलो पार्दै यथार्थ र स्वच्छन्दको मिश्रण गरेर आदर्शप्राप्तिको लक्ष्य राखेको छ।

धरनीधर शर्मा कोइराला, सूर्य विक्रम ज्ञावली, महानन्द सापकोटा हरुको जातिवादी धारा प्रवाहलाई नयाँ स्वच्छन्दवादी युगले निषेध गर्दै भारतेली नेपाली साहित्यले आधुनिकतामा भरखरै प्रवेश गरेको समय थियो त्यो। आधुनिक स्वच्छन्दवादी सैद्धान्तिक धाराको शैशवकालीन आवस्थामा पनि यतिका उत्कृष्ट र परिमार्जित उपन्यास रच्नु लरतरको कार्य होइन। यी दुवै उपन्यासकारहरुले तत्कालीन नेपाली समाजको र जनछन गरिदिएका चित्रण प्रकारको जुन जीवनको -, ती चित्रणको बोधहरु आजपर्यान्त यथावत छ अनि भविश्यत पिड़ीलाई पनि रहने छ। रोमान्टिक कालका उपन्यासमा पाइने कथानक र घटना विवरणको प्रधानताको साटो यहाँ आएर पात्र-पात्रका विचको र अझ बढी पात्रको स्वयम्सितको अन्तरविरोध र अन्तर्द्वन्द्व र अन्तर्द्वन्द्व नै धेरौजसो उपन्यासमा पाइन्छ जसले गर्दा यी उपन्यास चरित्रप्रधान र विश्लेषणात्मक बनेका छन्। अर्कातिर प्रकाश कोविद्, यद्धवीर थापा, सुवास, ज्ञानेश्वर गिरी, जय धमाला आदिका उपन्यास छन् जसमा इतिवृत्तको सरल-सहज प्रवाहमयता, घटनाविवरणको प्रधानता र चिन्तनको न्यूनता विशेष रूपले देखा पर्दछन् जसले गर्दा मनोरञ्जनात्मक आनन्द तिनले पाठकली दिन्छन्। विक्रमबीर थापा पूर्वाञ्चल भारतका एकजना उल्लेखनीय गद्याख्यान लेखकका रूपमा यस अवधिमा उदाएका छन्। रोमान्स, इतिहास, समसामायिक आञ्चलिकवास्तवता र आख्यानको निकै राम्रो समन्वय राखी लेखिएका उनका विगतको परिवेशभित्र सन् १९८३, टिस्टादेखि सतलजसम्म सन् १९८६ र माटो बोल्दो हो २००७ उपन्यासहरू प्रकाशित छन्। बीसौँ शताब्दीको मोनालिसा सन् १९९७ कथासङ्ग्रहका लागि सन् १९९९ मा साहित्य अकादमी पुरस्कारद्वारा पुरस्कृत भए तापनि कथाका तुलनामा उपन्यासमा नै उनको उर्वर्ताको साथै प्रौढता पनि अधिक रहेको देखिन्छ। यदि वास्त्वमा र आख्यानात्मकताको परस्पर सम्पुटित प्रयोग नै समकालीन आख्यानको स्वभाव हो भने उनका उपन्यासमा यो स्वभाव प्रमुख चिनारीस्वरूप उपस्थित पाइन्छ। औपन्यासिक उपाधिका रूपमा राजनैतिक उपन्यास लेखनको परम्परा स्थापनतर्फ अग्रसर भारतीय लेखकहरूका ताँतीमा उपन्यासकार विक्रमबीर थापा पनि खुकुलो तरिकाले तर स्पष्टतासित उभिएका

देखिन्छन्।उपन्यास, कथा र कविताजस्ता एकाधिक साहित्यविधामा कलम चलाउने असीत राईको लेखकीयता उपन्यास विधाभित्रै अधिक उर्वर्तासित प्रकट भएको पाइन्छ। त्यो हिमाल यो जीवन सन् १९६७ देखि नै उपन्यास लेखनमा जुटेका असीत राईका एक दर्जन भन्दा बढी उपन्यासहरू प्रकाशित छन्। सुरूका उपन्यासमा देखिने वैचारिक अलमल, अन्योल र अस्पष्टता पछिका यन्त्रणा सन् १९०० र नयाँ क्षितिजको खोज सन् १९८७ जस्ता उपन्यासमा आइपुग्दा धेरै सङ्गलिएको र स्पष्ट रूपमा देखिन्छ। विस्ङ्गतिमूलक एवम् अस्तित्ववादी जीवनदृष्टि बोकेका उनका उपन्यास गहन अध्ययन र दर्शनका भन्दा अधिक सहजग्राह्य भावात्मकता, समकालीन वास्ततवता तथा क्षीण कलेवरका नै बढी पाइन्छन्। राजनैतिक सचेतता उनका पछिल्ला उपन्यासमा हलुका पाइला चाल्दै भित्रिएको देखिन्छ। नयाँ क्षितिजको खोजका लागि उनी सन् १९८१ को साहित्य अकादमी पुरस्कारले सम्मानित भए।

असीत राईले जस्तै सुरुमा रोमान्सेली स्वच्छन्दताका उपन्यास लेखेर पछिबाट स्थानीय राजनैतिक सन्दर्भ र संचेतनालाई वाणी दिन उपन्यास लेख्ने अर्को उल्लेखणीय उपन्यासकार हुन् भगीरथ रावत। उनको ओस, बिरानो, र आफ्नत पछि प्रकाशित भएका बास सल्किरहेछ र माटोको माया विशेष गरी राजनैतिक नेपाली उपन्यासको विकासका सन्दर्भमा निक्कै महत्वका देखिन्छन्। तर सन् १९८० को दशकको उत्तरार्धमा दार्जिलिङका पहाडी महकुमाहरूमा भएको राजनैतिक आन्दोलन र उथुलपुथुलपछि भने उनको सृजनोत्साह पुन जागिउठ्ने देखिएको छैन। इतिहास, ऐतिहासिकता र आख्यान लेखन मात्र ठान्ने सामान्य धारणाबाट बाहिर ल्येर इतिहाससरह वस्तुतथ्यात्मक इतिवृत्तका रूपमा प्रस्तुत गरिदिएकोछ। यसै गरी भारतको स्वाधीनतासँगसँगैदेखि गद्याख्यानका क्षेत्रमा निरन्तर सृजनशील रूपमा देखा परिरहने तर चर्चा-परिचर्चा र प्रचार प्रसारको नगरबाट टाढै रहेका एकजना मौन साधक हुन् हायमानदास री किरात। उनको सानो उपन्यास होय च्याङ्बा सन् २००४ ले एकातिर शताब्दीको किनार छुन आँटेका यी मौन साहित्यिक तपस्वीको निरन्तर उर्वर स-जनासामर्थ्यका अघि तन्नेरी पुस्ताका अरू स्रष्टा र पाठकलाई समेत नतमस्तक तुल्याउँदछ भने अर्कोतिर लघुऔपन्यासिक संरचनाको आख्यान रचनातर्फ एउटा स्पष्ट दृष्टान्त प्रस्तुत गरेर साहित्यका आलोचक अध्येयताहरूसमक्ष एउटा दह्रो चुनौती पनि प्रस्तुत गर्दछ। भारतीय नेपाली उपन्यासको विकासका सन्द्रभमा कुरा गर्दा प्राय उल्लेख नगरिँदै आएको एटा निकै ठुलो अध्याय हो स्वच्छन्दतावादी लेखन

Notes

र प्रकाश कोविद् को उपन्यास जगत। सामान्यतया हलुका मनोरञ्जनात्मक रोमाञ्चक वा व्यावसायिक उपन्यासका लेखकका रूपमा हेरिने प्रकाश कोविदका तीन दर्जन भन्दा बढी उपन्यासहरू र लगभग आधा दर्जन कथा सङ्ग्रहहरूका अतिरिक्त एउटा नाटक सङ्ग्रह प्रकाशित छन्। आख्यानका पाठकहरू तयार पार्ने काममा उनका उपन्यास निकै उपयोगी रहेका हुन्। रूपनारायण सिंहको भ्रमरबाट थालेको स्वच्छन्दतावादी आख्यान लेखन उनीपछिका शिवकुमार राई, अच्छा री रसिक, इन्द्र सुन्दास, रवीन्द्रकुमार मोक्तान, कृष्णसिंह मोक्तान, नरबहादुर दाहाल, ज्ञानेश्वर गिरी, जय धमाला आदि क्रमश रूपमा देखिँदै आउँछ र त्यसले सर्वाधिक व्यापकता पाउँछ प्रकाश कोविद् मा एर। उनको अर्को जन्म, नोयो, तर कहिले, र चालीस दिन तथा सुवासको मने र लुङ्खुम क्याम्प जस्ता उपन्यासहरू आख्यान कला र युगीन वास्तवताको अङ्कनका दृष्टिले पनि निकै राम्रा कृति हुन् तापनि तिनको उचित मूल्याङ्कन भएको देखिँदैन। उपन्यासभन्दा पनि कथा लेखनमा कोविद अझ परिपक्व र गम्भीर देखिन्छन्। भारतीय नेपाली उपन्यासको विकासबारे कुरा गर्नुपर्दा प्रकाश कोविद् निश्चय नै एउटा ध्यान दिन योग्य अध्यायका रूपमा उभिन आउँछन्।

भ्रमर ले कलकत्ता र वर्मासम्म पुऱ्याएका नेपाली अन्तराष्ट्रिय क्षेत्र फ्रान्स, वेलायत, इजिप्ट, मेसोपोटामिया, अफ्रिका, जापन, इटालीसम्म सशरीर पुगेर पनि साहित्यमा मूर्त हुन सकेन। यथार्थको यो विस्तृत धरातल र कटु, तिक्त र रोमाञ्चपूर्ण अनुभव उपन्यासमा साट्न कोही निस्केनन्। यद्यपि एउटै उपन्यास भ्रमर यसकालको कोषे ढुङ्गा रूपमा हाम्रो समक्ष यथावत छ। मिथकीय पुनर्सिर्जनको प्रयास थालिनु। आधुनिक कालमा आधुनिक जीवन, परिस्थिति, विचारसंग लेखनको आधुनिक टेकनिक शिल्प, कला, भावबोध, भाषा र शैली लिएर एकाएक नयाँ मोड दिने उपन्यास हो भ्रमर। यसरी तिलस्मी, जासुसी र गन्थने नेपाली उपन्यासलाई मुक्त गराएर नयाँ उज्यालो क्षितिज बोक्र भ्रमर ले भुन्भुनाउनु नै नेपाली साहित्यमा रोमान्टिक वातावरण जन्माउन भयो।

## 10.2.2 यथार्थवादी

यथार्थवादी विषयवस्तु भए तापनि उद्देश्यका रूपमा आदर्शको प्रस्तुतीकरण हुने उपन्यास यथार्थवादी हुन्छ। सामाजिक विषय, यथार्थ चरित्र आए पनि समस्याको समाधानको लागि नियति र आदर्श विचारको सहयोग लिएर यसमा आदर्श समाजको कल्पना गरिएको हुन्छ। यस्ता उपन्यासमा कतैकतै अस्वाभाविक सहनशीलता अतिमानवीय क्रियाकलाप, सहानुभूति र चरित्रको परिवर्तन देखाएको

हुन्छ। यथार्थवादको आधार भौतिकवाद हो। यसमा वास्तविक संसारलाई सत्य स्वीकारेर गरेर त्यसका घटना र चरित्रलाई क्रमबद्ध विकासका आधारमा बुझ्ने गरिन्छ। प्रत्यक्ष जगतली आत्मसात गरेर यथार्थवादले सार्वजनीन सत्यको खोजी गर्दछ। सामान्य एवम् मूर्त चीदले यसमा प्रश्रय पाउँछ। यथार्थवादमा व्यङ्गयात्मकता उद्गार हुन्छ, सत्य एवम तथ्यको वस्तुगत चिश्रण हुन्छ र लौकिक वास्तविकता र सङ्घर्षको क्रियात्मक रूपले मानिसलाई नयाँ भविष्यनिर्माणमा प्रवृत्त गराउँछ भन्ने विश्वास हुन्छ। उपन्यासमा यथार्थवाद भनेको लेखनको इमान्दारी हो।

मुलुकबाहिरमा आइपुगेर सन् १९४८ मा नेपाली उपन्यासले यथार्थवादमा र यथार्थको प्रपीडित जगतमा प्रवेश गर्छ। यथार्थता यसभन्दा अघिका उपन्यासहरूमा थिएन भन्ने होइन- वीरचरित्रमा पश्चिम नेपाली भौगोलिक र राणाकालिक याथार्थ्य छ, रूपमतीका गृहकालहरू र सामाजिक अवस्थति यथार्थिक छन्। भ्रमरका भारतीय रैथाने नेपालीहरू यथार्थ हुन्। तर तीमा क्रमश उदृष्टि आद्भुत्य, नैतिकता, रोमान्टिक्त्व छन्। यथार्थ साधन थियो। अभ यथार्थ आफैँमा साध्य भयो। आफूमै प्राप्तिको एउटा कार्यक्रम वाद। रूपमतीको नैतिक आदर्श र भ्रमरको रोमान्टिक आदर्शको प्रतिक्रियामा नेपाली उपन्यासक्रममा मुलुकबाहिरको लेखन र सङ्कल्पना छ। पहाडखण्डका हलोकोदालो चलाउने गरिब, अशिक्षित, निर्धा प्राणीहरू प्रतिवर्ष आफ्नो मुलुक छोडी हजारौको सङ्ख्यामा भारतवर्ष तथा वर्मा पस्छन् मुग्लान आई यहाँ बसोबास गरी जीविका चलाएर कालान्तरमा यही रैथाने भएर बस्छन्। प्रवासमा आएपछि उनीहरू फेरि मुलुक फर्किने मनै गर्दैनन्। जुन मुलुक गरीब छ, जहाँ आफूलाई सुख छैन, स्वतन्त्रता छैन, केवल गरीब श्रमजीवीहरूको आत्मक्रन्दन सुनिन्छ, जहाँ आफूलाई सभ्यताको तथा मनुष्यताको राँको छैन, जहाँ दरिद्र आत्माको नग्न चात्र छ त्यो मुलुकमा फेरि को फर्कने मन गर्छ आफ्नो मुलुकको दरिद्रता सम्झेर उनीहरूको अन्तरात्मा झसङ्ग हुन्छ। आफ्नो मुलुक छाडी प्रवास पस्दा उनीहरूको अवस्था कस्तो थियो त्यो उनीहरू सम्झन्छन्। मुगलान पसेपछि उनीहरूका आँखा उघ्रन्छन्। उनीहरूका विचार र दृष्टि पनि बद्लिदै जान्छन्। आज लाखौ सङ्ख्यामा ममुलुक छाडी मुगलान पस्नेजति दुखी प्राणी छन्। तिनको आत्मकथा यही। बाङ्गदेलले नेपाली उपन्याससाहित्यमा यथार्थवाद आरूढ गराइदिनुभयो। बाङ्देलको दोस्रो उपन्यास माइत घर सुन्दर उपन्यास कृति हो। यथार्थ्यको विवेचना, मानवव्यवहारलाई यहाँ प्राकृतिकीय दृष्टिकोण छ।

सिंह, लैनसिंह बाङ्गदेल, इन्द्रबहादुर राई, विन्दया सुब्बा र भीम दाहाल जस्ता उपन्यासकारहरू छन् जसका उपन्यासमा चिन्तनशीलता र बौद्धिकता अधिक रहने हुँदा ती गम्भीर साहित्यिक सौन्दर्यात्मक एवम् बौद्धिक रुचि भएका पाठकलाई मात्र मनपर्ने हुन्छन्। अर्कातिर प्रकाश कोविद्, यद्धवीर थापा, सुवास, ज्ञानेश्वर गिरी, जय धमाला आदिका उपन्यास छन् जसमा इतिवृत्तको सरल-सहज प्रवाहमयता, घटनाविवरणको प्रधानता र चिन्तनको न्यूनता विशेष रूपले देखा पर्दछन् जसले गर्दा मनोरञ्जनात्मक आनन्द तिनले पाठकली दिन्छन्। कति उपन्यासलेखकहरू यी दुवै थरीका माझबाट मध्यमवर्गी भई लेखिरहेका भेटिन्छन्। त्यस्ता उपन्यासकारहरूमा इन्द्र सुन्दास, शिवकुमार राई, पिटर जे. कार्थक, बिबि, एच तामङ, शरद् छेत्री, पुष्पा राई, लोकनाथ उपाध्याय चापागाई, देव भण्डारी आदि उल्लेखनीय छन्। यिनका उपन्यास सरल सोझो भाषा-शैली र प्रस्तुतीकरण तथा घटनामूलकताले गर्दा साधरण पाठक र बौद्धिकताका आग्रही पाठक दुवैले उत्तिकै मजा मानेर पढ्न सक्छन्। विशेष गरी यस्ता उपन्यासहरू मध्यमवर्गीय र मध्यम रुचिका पाठकहरूमाझ अधिक लोकप्रिय हुन्छन्। पिटर जे. कार्थकको प्रत्येक ठाउँ प्रत्येक मान्छे सन् १९७५, वि वि. एच. तामङको चुँडेका कतिपय धागाहरू, शरद् छेत्रीका अनुनाद, घात-प्रतिघात, मृगतृष्णा आदि, राधाकृष्ण काफ्लेको भन्न नसकेका कुरा, गहीन उपाध्यायको खोजीमा, पुष्पा राईको भोलिको प्रतीक्षामा आदि यस्ता उपन्यासका नमुना हुन्। उत्तरबङ्गालको नक्सलपन्थी आन्दोलनलाई पृष्ठभूमिमा राखेर लेखेका चुँडेका कतिपय धागाहरू, मनोविश्लेषणका धारमा लेख्न खोजिएका भन्न नसकेका कुरा तथा नारीमुक्तिवादी चिन्तन र आन्दोलनको वैचारिक स्पर्श दिन खोजेको भोलिको प्रतीक्षामा बाहेक जम्मै यी उपन्यास सामाजिकता र प्रण्य परिण्यका प्रसङ्गसूत्रमा आ-आफ्नै पाराले बाँधिएका छन्। भीम दाहालको अभीष्टको खोज चाहिँ सन् १९७४ मा भारतमा सिक्किमको विलय भएपछि त्यहाँ सामाजिक नैतिक परिवर्तनको पृष्ठभूमिमा उभिएको यथार्थिक उपन्यास हो। वैचारिकताका दृष्टिले पारिजातकै पयो लाग्न रुचाउने उपन्यासकार दाहाल शैलीका दृष्टिले अभीष्ट देखि बिद्रोहसम्म नै ध्रुवचन्द्रको मार्ग हुँदै अघि हिँडिरहेका प्रतीत हुन्छन्। यीबाहेक पनि यस अवधिमा अरू निकैजना उपन्यासकारहरू देखा परेका छन् जसमध्ये उल्लेखनीय छन्- सुवास घिसिङ, ज्ञानेन्द्रप्रसाद घिमिरे, गङ्गा कप्तान, ज्ञानेश्वर गिरी, शेरमान थापा, रामलाल अधिकारी, मोहन दुखुन, टीका खाती, चित्र खाती,

मनप्रसाद सुब्बा, मणिकुमार प्रधान, नीलम प्रधान, गीता शर्मा, पारसमणि सम, अनिल गुरुङ आदि।

भारतीय नेपाली उपन्यासको विकासका सन्द्रभमा कुरा गर्दा प्राय उल्लेख नगरिँदै आएको एटा निकै ठुलो अध्याय हो स्वच्छन्दतावादी लेखन र प्रकाश कोविद् को उपन्यास जगत। सामान्यतया हलुका मनोरञ्जनात्मक रोमाञ्चक वा व्यावसायिक उपन्यासका लेखकका रूपमा हेरिने प्रकाश कोविदका तीन दर्जन भन्दा बढी उपन्यासहरू र लगभग आधा दर्जन कथा सङ्ग्रहहरूका अतिरिक्त एउटा नाटक सङ्ग्रह प्रकाशित छन्। आख्यानका पाठकहरू तयार पार्ने काममा उनका उपन्यास निकै उपयोगी रहेका हुन्। रूपनारायण सिंहको भ्रमरबाट थालेको स्वच्छन्दतावादी आख्यान लेखन उनीपछिका शिवकुमार राई, अच्छा री रसिक, इन्द्र सुन्दास, रवीन्द्रकुमार मोक्तान, कृष्णसिंह मोक्तान, नरबहादुर दाहाल, ज्ञानेश्वर गिरी, जय धमाला आदि क्रमश रूपमा देखिँदै आउँछ र त्यसले सर्वाधिक व्यापकता पाउँछ प्रकाश कोविद् मा एर। उनको अर्को जन्म, नोयो, तर कहिले, र चालीस दिन तथा सुवासको मने र लुङ्खुम क्याम्प जस्ता उपन्यासहरू आख्यान कला र युगीन वास्तवताको अङ्कनका दृष्टिले पनि निकै राम्रा कृति हुन् तापनि तिनको उचित मूल्याङ्कन भएको देखिँदैन। उपन्यासभन्दा पनि कथा लेखनमा कोविद अझ परिपक्क र गम्भीर देखिन्छन्। भारतीय नेपाली उपन्यासको विकासबारे कुरा गर्नुपर्दा प्रकाश कोविद् निश्चय नै एउटा ध्यान दिन योग्य अध्यायका रूपमा उभिन आउँछन्।

लीलबहादुर छेत्री" अनि "लैनसिहं बाडदेल" यी समकालीन उपन्यासकारहरु नेपाली सामाजिक उपन्यास क्षेत्रका मूल स्तम्भहरु हुन,। समाज अनि यीनीहरुको कृति दर्पणहुन जस्तै छाॅंया-, समाजमा जे देख्यो त्यस्तै अभिव्यक्त गर्ने यी लेखद्धयको कला साॅंच्चै अतुलनीय छ। समय प्रतिको सचेतना, भौतिक वातावरण र भौतिक जीवनको भोगाइहरुको यथार्थवादी विष्लेषण अनि चिन्तनहरुले यी लेखद्धयलाई यथार्थवादी सामाजिक उपन्यासकारको लहरमा उभ्याएको कुरालाई नकार्न सकिन्न। यी दुवै उपन्यासहरु स्वच्छन्दवादी सामाजिक उपन्यासहरु हुनुमा कोइ शंका छैन। यी दुवै उपन्यासहरु भारतेली नेपाली साहित्यको विकाश क्रमको कालखण्डको परिप्रेक्षमा र साहित्य सैद्धान्तिक धारा प्रवाहहको आधारमा त्यसबेला लेखिएका हुन जतिबेला नेपाली उपन्यासले भरखरै आधुनिकतामा पाइला चालीरहेका थिए। धरनीधर शर्मा कोइराला, सूर्य विक्रम ज्ञावली, महानन्द

सापकोटा हरुको जातिवादी धारा प्रवाहलाई नया॑ स्वच्छन्दवादी युगले निषेध गर्दै भारतेली नेपाली साहित्यले आधुनिकतामा भरखरै प्रवेश गरेको समय थियो त्यो। आधुनिक स्वच्छन्दवादी सैद्धान्तिक धाराको शैशवकालीन आवस्थामा पनि यतिका उत्कृष्ट र परिमार्जित उपन्यास रच्नु लरतरको कार्य होइन। यी दुवै उपन्यासकारहरुले तत्कालीन नेपाली समाजको र जन – छन गरिदिएका चित्रण प्रकारको जुन जीवनको, ती चित्रणको बोधहरु आजपर्यान्त यथावत छ अनि भविश्यत पिड़ीलाई पनि रहने छ। इन्द्रबहादुर राईको आज रमिता छ सन् १९६४ उपन्यासमा दार्जिलिङको त्तकालीन सामाजिक, राजनैतिक एवम् आर्थिक पक्षको वर्णन पाइन्छ। सन् १९८६ मा प्रकाशित लीलबहादुर क्षेत्रीको आढ्चलिक उपन्यास ब्रह्मापुत्रका छेउ-छाउ मा असम राज्यअन्तर्गत बग्ने ब्रह्मापुत्र नदीका छेउछाउमा पर्ने क्षेत्रहरूलाई कथाञ्चल बनाएर त्यहाँका बासिन्दाहरूको सर्वाङ्गीण चित्रण वर्णन गरिएको पाइन्छ। कथावस्तुकै माध्यद्वारा असमका नेपालीहरूको सामाजिक, राजनैतिक आर्थिक र शैक्षिक पक्षलाई यथावत चित्रित गर्न उपन्यासकार सफल भएका छन्।

प्रेम प्रधानका उदासीन रूखहरू नामक उपन्यास एक प्रयोगकालीन उपन्यास हो। प्रधान आफ्नो मन्तव्य यसरी पोख्छन् – "यस उपन्यासमा मैले मान्छेको मानसिक स्थिति, विविध मानसिक वृत्तिहरु र वैयक्तिक आन्तरिक जीवनलाई नै बढ़ी हेर्ने, छाम्ने, पढ्ने, दृश्यावलोकन गर्ने र बुझ्ने कोशिश गरेको छु | मान्छे एक सामाजिक प्राणी हो र उ समाजमा बसेर विविध सामाजिक स्थिति र परिवेशसँग संघर्ष गर्दै बाँचे पनि उसको वैयक्तिक जीवन हुन्छर उसको वैयक्ति जीवन र स्वतन्त्रताको खोज गर्ने कोशिश यसभित्र छ | ... यस उपन्यासको प्रकाशनले नेपाली भाषा र साहित्य सेवाको निम्ति मलाई पूर्ण प्रेरित गरेको" लेख्छन् अझ सो पुरस्कारले आगोमा घिउको काम झैं थप प्रोत्साहन पाएको अनुमान हामी सहजै गर्न सक्छौं | डा. जीवन नामदुंगद्वारा अभिव्यक्त "मनोविश्लेषणात्मक भावभूमिमा उभेका 'उदासीन रुखहरु'" शीर्षक भूमिकाको सार-संक्षेप पुस्तकबाट यस्तो छ – "पाश्चात्य साहित्यका औपन्यासिक प्रवृत्ति सम्मत चेतना प्रवाहमा लेखिएका प्रयोगात्मक, प्रतीकात्मक केही राम्रा उपन्यास हरुको क्रममा 'उदासीन रुखहरु'-को मौलिक ठाउँ थपना छ | आत्म कथात्मक परिपाटीमा प्रारम्भ र अन्त भएको यस उपन्यासको औपन्यासिक संरचना विस्तारणले औपन्यासिक परम्परा र प्रवृत्तिमा देखा परेका यथार्थवादी, अति यथार्थवादी, प्रगतिवादी तथा स्वच्छन्दतावादी जस्ता विकास

क्रमका घुम्तीहरु पार गर्दै मनोविश्लेषणात्मक प्रवृत्ति अन्तर्गत फ्रायडीय मनोविश्लेषण पूर्वाभास र पद्धतिलाई एकातिर अंगालेको देखिन्छ भने, अर्कोतिर दोस्रो विश्वयुद्धपछि खासगरी युरोपका दुईजना साहित्यकार जिनपर्ल सार्त्रे र अल्वेयर कामुका अस्तित्ववादी चिन्तन र जीवन दर्शनका चस्काहरु यदा कदा प्रतिविम्बित भएको पाइन्छ | सुनियोजित घट्ना भन्दा पनि आकस्मिक घट्ना र त्यसको परिणामबाट संचालित मानव जीवन वास्तवमा घट्नै घटनाको अन्तहीन शुरुआत र श्रृङ्खला हो र त्यसबाट उत्पन्न विरोधाभास नै विसंगतिको पर्याय हो भन्ने संकेत उपन्यासको यस पंक्तिमा प्रतिफलन हुन्छ – 'मलाई लाग्यो म पनि त्यो आकाशमा उड़िरहेको कागजको टुक्रा झैं अनिश्चित दिशाहीन हुँदै गइरहेको छु अनि डाँड़ाको जीर्ण र उदासीन रुखहरु झैं केवल अनिश्चितता निस्सरिता रिक्तता र शून्यता बोकेर उभिरहेको छु |' --- नेपाली औपन्यासिक विधाले धेरै प्रवृत्ति, मोड़, परम्परा र प्रयोगका घुम्तीहरू नाघिसकेको छ | हाम्रो साहित्यिक संसारमा पाश्चात्य साहित्यको प्रयोग, परम्परा र प्रभावका पूर्वाभासहरु प्रतिविम्बित हुनु सभ्यताका लक्षण हुन्, अझ त्यस्ता प्रवृत्ति र प्रभावलाई हाम्रै सांस्कृतिक परिवेश र परिपाटीमा उतार्न सकिए साहित्य अध्ययन, मनन र चिन्तनका दिशामा थप योगदान हुनेछ | प्रस्तुत उपन्यास यही दिशातर्फको एउटा सत्प्रयास हो |"

प्रेमकै शब्दहरुमा 'पुस्तक लेख्ने र प्रकाशन गर्ने पनि ठूलै आँट हुनुपर्दो रहेछ | उमेर निक्कै छिप्पिएपछि पनि कहिले नथाक्ने लेखकहरुका सूचीमा शिवको नाम दर्ता गर्न सकिन्छ' तर उनले पुस्तककारमा देख्न नपाएका 'व्यक्ति : अभिव्यक्ति' पुस्तकमा प्रकाशित लेख 'खड़ेरीको मौसमसितै सन्दर्भ उदासीन रुखहरु'मा शिव प्रधान भन्दछन् – 'मानवीय र विसधति पक्षहरुलाई सविस्तार चित्रण गर्दै प्रेम प्रधानले भारतीय नेपालीहरुमा आइपरेका समस्याको चित्रण राम्ररी गरेका छन् | ... उदासीन रुखहरुमा पाश्चात्य विद्वानहरुले मानेका उपन्यासको छः विधामा तत्व – कथावस्तु, पात्र, चरित्र, चित्रण, कथापोकथन, देशकाल, शैली र उद्देश्यहरु सम्पूर्णता मा सन्तोषजनक निर्वाह भएको पाइन्छ | यस उपन्यासमा मान्छेको मानसिक स्थिति, वृत्तिहरु र वैयक्तिक जीवनलाई नजिकबाट हेर्ने, पढ्ने र चिन्तन गरिएका छन् सङ्घर्षशील जीवन बाँच्ने कोशिस उपन्यासभित्र जिउँदो पाइन्छ |'

प्रयोगको मेसिन

अघिल्लो साल २००१मा नै लेखि सिद्धयाएको यस पुस्तकबारे 'आफ्नो भनाइ'मा प्रेम लेख्छन् "मेरो प्रथम उपन्यास 'उदासीन रुखहरु' सन् १९९९मा प्रकाशित

भइसकेको थियो अनि सो पुस्तकलाई साहित्य अकादेमी दिल्लीले सन् २००२ मा 'साहित्य अकादेमी पुरस्कार' प्रदान गरेपछि मैले थन्काइराखेको उपन्यास प्रकाशन गर्ने उत्साह, प्रेरणा र हौसला स्वत गरें अनुभव जागेको मनमा :|

"विज्ञान साहित्यमा साइन्स फिक्सनको प्रयोग पश्चिमे मुलुकतिर धेरै गरिएको थाहा लाग्छ तर साइन्स फिक्सन केवल कल्पनाको उडान र फेंटेसीमा नै मूल रूपमा आधारित हुनेहुनाले विशेषतयथार्थ र मूल्य जीवनको मानव : भावनालाई यसले छुन सक्तैन | यथार्थ रूपमा मानव जीवनसँग सम्बन्धित भएको प्रमाणिक एवम् सत्यमा आधारित साइन्स फिक्सनले मात्र आधुनिक विज्ञान जडित साहित्यको सफलीभूत खेतीसक्षम एवं उत्पादनमूलक बन्न पुगेको हुन्छ |"

विज्ञानका अध्यापक श्री प्रेम प्रधानले मनोवैज्ञानिक पृष्ठभूमिमा लेख्नुभएको प्रयोगको मेसिन उनको पुर्व कृति 'उदासीन रुखहरु' कै सम्प्रसारित स्वरूप बोकेर हामी समक्ष देखा परेको अनि आफ्नो मन्तव्य प्रकट गर्दै उत्तर बङ्ग विश्वविद्यालयका डा मोहन . भन्छन् दाहाल .पी, "वर्तमान युगमा मानिसलाई, प्रयोगको तुल्याइएको कुरो सत्यको एक पक्ष हो भने नवाविष्कृत मेसिनहरुको प्रयोगद्वारा मानिसले ज्ञानको नवीन क्षितिज कोरेको कुरो त्यसको अर्को पक्ष हो | आज विज्ञानको अभूतपूर्व विकास अघि मानव नतमस्तक छ | आध्यात्मिकताले मानिसलाई महात्मा बनायो, विज्ञानले महामानव | ... "साहित्य ज्ञानविज्ञान-, धर्मदर्शनको वा आध्यात्म- दास होइन तर तिनैका कतिपय तात्विक तन्तुहरु भने साहित्यका सुक्त वा प्राविधिक प्रक्षेप भएका छन् | ..."

'दियालो स्वर्ण जयन्ती अंक'मा शरद् छेत्रीद्वारा निरुपणमा यो लेख्छन् – "भारतीय नेपाली साहित्यमा विज्ञान अनि मनोविज्ञानको आधार लिएर रचनाहरु सिर्जना गर्नमा पोख्त रचनाकार श्री प्रेम प्रधान लिखित उपन्यास 'प्रयोगको मेसिन' सन् २००९रोचक भएको प्रकाशित नै आरम्भतिर को- कृति हो | उनको पहिलो उपन्यास 'उदासीन रुखहरु' सन् १९९९अनि थियो भएको प्रकाशित मा- त्यस मनोविश्लेषणपूर्ण–कृतिको निम्ति रचनाकारलाई सन् २००२तहको राष्ट्रिय को- 'साहित्य अकादेमी पुरस्कार'-द्वारा सम्मानित पनि गरिएको थियो | फेरि उहाँको कथासंग्रह 'कालो सर्प'(सन् १९९५फ्रायडेली परेका देखा कथाहरुमा परेका मा-( मनोविश्लेषण पाठकहरुमाझ निकै चचित बनेका थिए | तर अघिल्लो उपन्यास वा अघिल्ला कथाहरुमा भन्दा बेग्लैतौरमा विज्ञान र मनोविश्लेषणलाई समावेश गर्ने गजबको क्रम उपन्यास 'प्रयोगको मेसिन' प्राप्त हुनाले गर्दा यस नवीनतम कृति

विशिष्ट पुग्न गएको बोध हुँदछ पाठकहरुलाई | यस उपन्यासमा पुरुष प्रधान समाजमा नारी जातिले भोग्न परेका विविध शोषणहरुका चित्रण मात्र नरहेर नारीमा जागेको चेतना र विद्रोहहरु समेत पाइन्छन् | सचेत हुनाले मानिस जीवित छन् र प्रयोगको मेसिन बनेर शोषण खपिबस्नु तर्फ चेतनाले निरन्तर प्रहार गर्दछ, अस्वीकार गर्दछ, फलत जान्छ बढ्दै लगातार संघर्ष :| आमुख लेखमा लेखकले भनेका छन्, -"... उपन्यासमा केही मात्रामा फ्रायडेली यौन मनोविश्लेषण, नारी मुक्ति चेतना, विसंगति, निस्सारता र अस्तित्ववाद का केही बुँदाहरु पनि प्रयुक्त भएका होलान् | ..." तथा, ती पक्षहरु ग्रहण गर्दै परीक्षण नलीमा शिशु निर्माणार्थ नायिकामा गरिएको एकान्तवासको निर्णय दृढ देखिनाले यस कृति पठनमा बेग्लै स्वाद पाइन्छ | त्यस प्रकारले श्री प्रेम प्रधानले अत्यन्त कौशलतापूर्वक मनोविश्लेषणात्मक अध्ययन र विज्ञानको प्रयोगलाई समन्वित पारी उपन्यास 'प्रयोगको मेसिन' तयार पार्नु भएको छ | मूलत प्रेम प्रधान प्रयोगपरक उपन्यासकार हुन्।

आधुनिक उपन्यास साहित्यका क्षेत्रमा सिक्किमले थोरै उपन्यास सिर्जना गरे पनि गुणात्मकताका दृष्टिकोणमा सिक्किमेली उपन्यास साहित्य अब्बल रहेको छ। सिक्किममा उपन्यास लेखनको परम्परा सन् १९७०-को दशककै छेउछाउबाट शुरु भएको हो। सिक्किममा उपन्यास साहित्य भित्र्याउने श्रेय गंगा कप्तानलाई जान्छ। गंगा कप्तानको निर्दयी (१९६९) उपन्यास सिक्किमेली उपन्यास साहित्यको जेठो उपन्यास हो। सिक्किमका प्रथम उपन्यासकारको पगरी गुथेका गंगा कप्तानले जिउँदो लाश (१९७०), महत्वहीन कुमारीत्व (१९७०)- गरी सन् १९९०-अघि तीनवटा उपन्यास प्रकाशनमा ल्याइसकेका थिए। यसपछि उनले इन्दू उपन्यासको रचना (१९८८)-मा गरे पनि यसको प्रकाशन भने उनको मृत्युपछि २००५-मा भयो। गंगा कप्तानद्वारा सिर्जना गरिएको पृष्ठभूमिमा समीरण छेत्री प्रियदर्शी र अर्जुन निरौला जस्ता उपन्यासकारको उदयले सिक्किमेली उपन्यास साहित्यलाई माथि उठाउने काम गरेको छ। ऐतिहासिक परिप्रेक्ष्यमा लेखिएको समीरण छेत्री प्रियदर्शीको बलिवेदी (१९७०) र पोखिएको जिन्दगी (१९७१)-ले सिक्किमेली उपन्यास साहित्यलाई मल-जल गर्ने काम गरेको छ। यसपछि उपन्यास लेखनमा सशक्तताका साथ उदय भए अर्जुन निरौला। यसपछि सुवास दीपकको उपन्साय अभिषेक (१९८०), राधाकृष्ण शर्माको भन्न नसकेका कुरा (१९८३) र तुलसी शर्मा "कश्यप'-को सङ्कल्प (१९८८) उपन्यास प्रकाशन भए। यस दुइ दशकमा सिक्किमेली उपन्यास साहित्यले मलिलो माटो पाइसकेको थियो। १९८०-को दशकको अन्त्यमा आइपुग्दा अर्जुन निरौला घाम

डुबेपछि (१९८९) उपन्यास लिएर आए। घाम डुबेपछि उपन्यास अघिल्ला उपन्यासहरूको तुलनामा परिष्कृत र परिमार्जित छ भने यो एउटा प्रयोदवादी उपन्यास हो। चेतन प्रवाह शैलीमा लेखिएको पहिलो भारतीय नपाली उपन्यासको पगरी लगाउन सफल घाम डुबेपछि उपन्यास नेपाली साहित्यको निम्ति एउटा विशिष्ट कृति बन्न पुगेको छ। यसरी १९९०-को दशक शुरु हुनअघि नै सिक्किममा उपन्यास साहित्यको निम्ति एउटा मलिलो पृष्ठभूमि तयार भइसकेको हामी पाउँछौं।

९०-को दशकदेखि यता सिक्किममा उपन्यास साहित्यको निम्ति उल्लेखनीय पहल भएको छ। मलिलो पृष्ठभूमिमा यहाँ भीम दाहाल, सानु लामा, पारसमणि शम, एम.डी. कार्की जस्ता उपन्यासकारहरूको उदय हुन्छ। समकालीन उपन्यास साहित्यमा उपन्यासकारहरूले विभिन्न दृष्टिकोण राखेका छन् भने भाषा-शैली र प्रयोगधर्मिताको दृष्टिकोणमा यस अवधिमा सिक्किममा लेखिएका उपन्यास नेपाली साहित्यका निम्ति बहूमूल्य कृति पुगेका छन्। उत्तराधुनिक औपन्यासिक चेतको विकास सँगसँगै नारीवादी लेखनतर्फ अग्रसर बन्दै उपन्यासमा सामाजिक पृष्ठभूमिका यथार्थ कुराहरू हुबहू उतार्न अनि जीवन्त पात्रहरूको प्रयोग गर्न उपन्यासकारहरू अघि सरेको देखिन्छ। उपन्यासमा खोक्रो प्रेम र आडम्बरी मायालाई पर राखी जीवन भोगाइका क्रममा देखापरेका अनेकौं पाटाहरूलाई उपन्यासकारहरूले इमान्दारितापूर्वक पस्किने कोशिश गरेका छन्। यतिमात्र होइन यस अवधिका उपन्यासमा सिक्किमको वास्तविक सामाजिक पृष्ठभूमिलाई खुल्लम-खुल्ला रूपमा प्रस्तुत गर्न खोजिएको छ। आञ्चलिक पृष्ठभूमिमा लेखिएका उपन्यासहरूमा उपन्यासकारहरू कतिपय प्रयोग गर्नमा अघि सरेका छन्। यसका साथै यस अवधिका उपन्यासले साहित्यप्रतिको छुट्टै धारणा पनि सिर्जना गराएका छन्। यसै अवधिमा भीम दाहाललाई उपन्यास लेखनकै क्षेत्रमा साहित्य अकादमी पुरस्कार प्राप्त हुनुबाट सिक्किममा उपन्यास साहित्यले उल्लेखनीय प्रगति गरेको स्पष्ट भएर जान्छ।

यस अवधिमा लेखिएका उपन्यासहरूलाई यसरी सूत्रात्मक रूपमा प्रस्तुत गर्नसकिन्छ-अभीष्टको खोज-हिमालचुली मन्तिर-द्रोह-विद्रोह-लक्ष्यतिर-सिँहासन। समकालीन सिक्किमेली उपन्यास साहित्यमा भीम दाहालले आफ्नो छुट्टै स्थान निर्धारण गरेका छन्। २००६-को साहित्य अकादमी पुरस्कारद्वारा सम्मानित भीम दाहाल एक प्रयोगवादी सफल उपन्यासकार हुन्। उनका तीन उपन्यास यस अवधिमा प्रकाशन भएका छन्। भीम दाहाल पहिलो उपन्यास अभीष्टको खोज (१९९३)-बाट

नै पूर्णतः स्थापित उपन्यासकारका रूपमा परिचित भएका हुन्। उनको द्रोह (२००२) र विद्रोह (२००५)-भन्दा अभीष्टको खोज अनेकौं महत्व का दृष्टिकोणमा माथिल्लो पंक्तिमा खड़ा भएको छ।

अभीष्टको खोज नायिका प्रधान उपन्यास हो र यसको कथानक नायिका केन्द्रित भएकोले उपन्यासमा नारीहरूको सामाजिक स्थान र महत्वलाई स्पष्ट पार्ने काम भएको छ। यस उपन्यासमा उपन्यासकार दाहालले नायिका शान्तिलाई तेस्रो पुस्ताकी नारी चरित्रको रूपमा खड़ा गरेका छन्। यस उपन्यासमा नारीका तीन पुस्तालाई केलाउने काम भएको छ। उपन्यासमा पुरुषवर्गको शोषण र दमनलाई खुल्ला रूपमा प्रस्तुत गर्दै उपन्यासकारले नारीको विद्रोहात्मक स्वरूपलाई अघि सारेका छन्। सिक्किम भारतमा विलय भए अघिको र पछिको सामाजिक पृष्ठभूमिमा सिर्जना भएको यस उपन्यासमा दुवै ऐतिहासिक कालखण्डलाई उदाङ्गो पार्ने काम भएको छ। कसरी सिक्किममा तीव्रताका साथ सामाजिक परिवर्तन भयो त्यस कुरालाई उपन्यासकारले विशिष्ट शैलीमा प्रस्तुत गरेका छन्। सामाजिक संस्कार र परिवेश अनि व्यवस्थाले नारीहरूमाथि के-कस्ता प्रभाव पार्दछन् ती कुरालाई उपन्यासमा राम्रारी देखाइएको छ। अभीष्टको खोजको अर्को विशेषता हो, उपन्यासकारको भाषा-शैली। उपन्यासकारले उपन्यासमा जुन भाषा शैलीलाई प्रस्तुत गरेका छन्, त्यसले पाठकलाई आकर्षित पार्दछ। उनको भाषा-शैलीले प्रत्येक वर्गका पाठकलाई मोहित बनाउन सक्षम बनेको छ। दाहालको आञ्चलिक परिवेशमा लेखिएको अनि उत्तराधुनिक उपन्यास लेखनलाई भित्र्याइएको अभीष्टको खोज नेपाली साहित्यका निम्ति गहकिलो कृति बन्नपुगेका छन्।

दाहालको अर्को उपन्यास द्रोह संरचनात्मक दृष्टिकोणमा अभीष्टको खोज भन्दा भिन्नै रहेको छ। यस उपन्यासमा दाहालले उपन्यासलाई विभिन्न खण्डमा शीर्षक दिएर विभाजन गरेका छन्। यस उपन्यासको विशेषता केमा छ भने उपन्यासकारले पात्रहरूको चयनमा देखाएको चतुरपना। एकातिर उनी सूत्रात्मक रूपमा पात्रहरूको नामाकरण गर्छन् भने अर्कातिर समाजका प्रत्येक कुनाबाट उनले पात्रहरू टिपेका छन्। सिक्किमेली सामाजिक, राजनैतिक परिवेशमा लेखिएको यस उपन्यासमा उपन्यासकारको प्रगतिवादी दृष्टिकोण स्पष्ट देखिन्छ। भाषा-शैलीका दृष्टिकोणमा द्रोहमा आइपुग्दा दाहालको लेखन शैली अझ परिष्कृत र परिमार्जित भएको छ। उनी चरित्र चित्रण गर्नमा आफ्नो छुट्टैपना देखाउँछन् भने समाजको विकृति र विसङ्गतिलाई उनले खुल्ला रूपमा चित्रण गरेका छन्। राजनैतिक परिवेशमा

आएको भ्रष्टाचारप्रति उनको तिखो व्यङ्ग्य रहेको छ। यस उपन्यासमा उनले ठाउँ-ठाउँमा असित व्यङ्ग्यको प्रयोग गरेका छन्, जो अघिल्लो उपन्यासमा कम थियो। पात्रहरूको चयन र नामाकरणमा उनले अनौठो प्रयोग गरेका छन्। यस उपन्यासमा जिल्लाराम, विचारलाल, कैंजरबहादुर, एलबीकेसी राई जस्ता पात्रहरूले उपन्यासलाई अर्कै लोकमा पुऱ्याएको छ। यहाँ आइपुग्दा उनी सूत्रात्मक शैलीको पनि प्रयोग गर्न रूचाउँछन्। द्रोहको विशिष्टताकै कारण यस उपन्यासलाई साहित्य अकादमी पुरस्कारका निम्ति चयन गरिएको हो।

उनको तेस्रो उपन्यास विद्रोह्-को पाठकीय ग्राफ अघिल्ला दुइ उपन्यासको तुलनामा केही तल झरेको छ। विशेष गरी विद्रोहमा आइपुग्दा भीम दाहाल मार्क्सवादी चिन्तनधाराबाट बढ़ी प्रभावित भएको पाइन्छ। उपन्यासमा जुन हिसाबमा साम्यवादी विद्रोह भएको छ त्यो शायद आजको परिवेशमा सम्भव पाठकलाई नलागेको हुनसक्छ। यद्यपि, सिक्किमको वास्तविक कथा बोकेको यस उपन्यासमा उपन्यासकारले जतिसक्दो जीवन्त पात्रहरू खड़ा गर्ने कोशिश गरेका छन्। उपन्यासकारको अभीष्ट प्रगतिवादी र साम्यवादी समाजको निर्माण गर्नु रहेको देखिन्छ। यद्यपि, विद्रोहको भाषा-शैली अझ परिष्कृत र परिमार्जित भएको छ अनि यहाँ आइपुग्दा भीम दाहाललाई शैली सम्राट भनेर भन्नसकिने स्थिति खड़ा भएको छ। आफ्ना तीन उपन्यासहरूमा प्रयुक्त भाषा-शैलीबाट भीम दाहाल साँच्चै नै शैली सम्राट बनेका छन्।

समकालीन सिक्किमेली उपन्यास साहित्यको कुरा गर्दा सानु लामाको आख्यान साहित्यको चर्चा नगरी पूरा हुँदैन। उनको हिमालचुली मन्तिर (१९९८) आत्मपरक शैलीमा लेखिएको आख्यानात्मक कृति हो। सानु लामाले यसलाई उपन्यासको दर्जा नदिए पनि यो औपन्यासिक रूपमा तयार गरिएको अनुभवन्यास हो। यो अनुभवन्यास आत्मपरक वृतान्त धारावाहिक शैलीमा लेखिएको छ। यसका मूल पात्र अनुभवन्यासकार लामा नै हुन् र यसका सम्पूर्ण घटनाहरू उनी वरिपरि घुमेका छन्। यस पुस्तकमा समावेश गरिएका कथाहरू सिक्किमका ग्रामीण परिवेशमा सिर्जना भएका छन्। सरल भाषा-शैलीमा कूल २० खण्डमा बाँड़िएको यस कृतिमा अनुभवन्यासकारले सिक्किमका विभिन्न ग्रामीण क्षेत्रहरूमा आफ्नो सरकारी कामका सिलसिलामा बिताएका ती तीता-मीठा पलका अनुभवहरूलाई रेखाङ्कित गरिएको छ। सिक्किमको ग्रामीण परिवेशलाई राम्रोसँग चिनेका अनि त्यसलाई केस्रा-केस्रा केलाउन सफल भएका साहित्यकार सानु लामाको हिमालचुली मन्तिर नेपाली

आख्यान साहित्यका निम्ति अमूल्य रत्न बन्नपुगेको छ।
सन् २००६-मा आएर सिक्किमबाट दुइवटा उपन्यास प्रकाशन भए। पहिलो एम.डी. कार्कीको सिँहासन र दोस्रो पारसमणि शमको लक्ष्यतिर! कार्कीद्वारा लिखित उपन्यास सिँहासनमा सिक्किमको भूत र वर्तमान परिवेशलाई उदाङ्गो पारिएको छ। यस उपन्यासमा वर्णित जनजीवन, घटना र ऐतिहासिक सन्दर्भहरू तथा मिथकीयको समायोजन गर्ने काम भएको छ। इन्द्रकीलको पृष्ठभूमिमा रचिएको यस उपन्यासमा वर्तमान राजनैतिक परिवेशका साथसाथै सिक्किमको ऐतिहासिक पृष्ठभूमिलाई पनि समातेर कथानकलाई अघि बढ़ाउने काम भएकोछ। लोक कथा, दन्ते कथा र ऐतिहासिक पृष्ठभूमिबाट उपन्यासलाई उठाउंँदै वर्तमानको सामाजिक पृष्ठभूमिमा देखा परेका विविध समस्या, विसङ्गति, विकृति आदिलाई उपन्यासकारले प्रस्तुत गरेका छन्। यो एउटा अतीतदेखि वर्तमानसम्मको यात्रा बोकेको एउटा प्रयोगवादी उपन्यास हो। उपन्यासको ऐतिहासिकतालाई लेखकको काल्पनिक कथावस्तुले ठाउँ-ठाउँमा मधुरो बनाएको भए पनि सिक्किमलाई चिनाउन यसले विशेष भूमिका निर्वाह गरेको छ। साधारण र सरल भाषा शैलीमा लेखिएको यो उपन्यास कुल २१ खण्डमा विभाजित छ।

नवोदित उपन्यासकार पारसमणि शमको लक्ष्यतिर उपन्यास विशुद्ध आञ्चलिक परिवेशमा लेखिएको प्रयोगवादी उपन्यास हो। उपन्यासमा शमले सिक्किमको पाण्डाम गाउँको सेरोफेरोमा जीवन्त पात्रहरूद्वारा आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक प्रसङ्गलाई टिप्दै उपन्यासलाई अघि बढाएका छन्। उपन्यासमा संवादको लगभग बहिष्कार गर्दै विवरणात्मक शैली अप्नाइएको छ। सरल र स्पष्ट वाक्य रचना, छोटा वाक्य गठनले उनको शैलीलाई सरल र मधुर बनाउने काम गरेको छ भने उपन्यासमा सिक्किमको ग्रामीण परिवेशलाई एउटै गाउँको कथाले बोकेको छ। उपन्यासमा प्रयुक्त पात्र-पात्रा जीवन्त छन् अनि ती सबै आ-आफ्नै ठाउँमा आ-आफ्नै प्रकारले प्रतिनिधित्व गर्न सक्षम बनेका छन्। कुल ३१ खण्डमा विभाजित यस उपन्यासको प्रत्येक खण्डमा एउटा कथा पाइन्छ तर ती उपकथाहरू उपन्यासकै कथानककै वरिपरि घुमेका छन्। उपन्यासकारको विशेषता केमा रहेको छ भने यो उपन्यास शुरुबाट, बीचबाट अथवा अन्त्यबाट जुनै खण्डबाट अध्ययन गर्दा पनि उपन्यास सिद्धिँदा पाठकले मूल कथानकलाई समाउन सक्षम बन्नेछन्। गाउँ समाजको विकास र समृद्धिको क्रममा देखा परेका अनेकौं मोडहरूलाई उपन्यासकारले जुन हिसाबले प्रस्तुत गरेका छन् त्यो निक्कै घतलाग्दो छ। यसमा

Notes

उपन्यासकारको अग्रगामी दृष्टिकोण अनि समयभन्दा तीव्रताका साथ अघि बढेको परिकल्पनाले उपन्यासलाई रोचक बनाएको छ। यस उपन्यासमा मूल कथानक र उपकथा दुवै नै महत्वपूर्ण छन्। मूल कथाले धागोको काम गरेको छ भन उपकथाले फूलको। उपन्यासकार पारसमणि शमको पहिलो उपन्यास भए पनि लक्ष्यतिरले नौलो स्वाद र परिकार दिन सक्षम बनेको छ भन्न सकिन्छ। १९८८-मै रचना गरिए पनि २००५-मा आएर मात्र प्रकाशित भएरको गंगा कप्तानको उपन्यास इन्दू नारी जीवनमा आइपरेका विभिन्न समस्याहरूलाई लिएर लेखिएको उपन्यास हो। समाजमा नारीहरूको स्थान अनि उनीहरूले भोग्नुपरेका विविध समस्या र उनीहरूको जीवनचर्यामाथि आधारित यस उपन्यासमा इन्दू पात्रले भोग्नुपरेका अनेकौं कष्टसाध्य जीवन यात्राको चित्रण गरिएको छ। उपन्यासकार गंगा कप्तानको सुधारमुखी आग्रह उनको अन्तिम उपन्यास इन्दू-मा आइपुग्दा यथावत रहेको स्पष्ट हुन्छ।

यस अवधिमा लेखिएका अन्य उपन्यासहरूमा कपिलमणि अधिकारीको दुखेको चोट (१९९९), गीता शर्माको खूशबू (१९९२), सविता चामलिङको प्रतीक्षा (१९९०), नन्दू दूतराज "निशा'-को अमर उपहार, जिग्मी लेप्चाको मलाई सिउँदोको सिन्दूरले हत्या गऱ्यो (१९९६), चक्रपाणि भट्टराईको शक्तिको खोज (१९९८), टी.बी. चन्द्र सुब्बाको जीवनदेखि धेरै टाढ़ामा (२०००), सन्तोष गुप्त "उदास'-को सौगात (१९९६), निष्ठुरी (१९९८) र वियोग (२०००) आदिमा स्वच्छन्दतावादी धारालाई समातेर सामाजिक पृष्ठभूमिमा उपन्यास सिर्जना गरिएका छन्। यी उपन्यासहरू बढ़ी भावनात्मक तथा रतिरागात्मक रहेका छन्। गीता शर्माको खूशबू-मा नारी जीवनका विभिन्न पाटालाई केलाउने प्रयास भएको छ भने चक्रपाणि भट्टराईको शक्तिको खोजमा एड्स पीड़ित महिलाले भोग्नुपरेका समस्याहरूलाई देखाइएको छ। टीबी चन्द्र सुब्बाको जीवनदेखि धेरै टाढ़ामा जीवनको अँध्यारो पक्षलाई अघि ल्याइएको छ भने नन्दू दूतराज र सन्तोष गुप्तका उपन्यासहरूमा क्षणिक प्रेमबाट उत्पन्न विविध समस्याहरूलाई रोमान्सेली रूपमा प्रस्तुत गरिएको छ।

## 12.3 उपसंहार

माध्यमिक कालीन अलौकि,अद्भूत्,तिलस्मी –जासूसी प्रवृतिलाई चिर्दै १९९१ सालमा मौलिकता र यथार्थतालाई अंगाल्दै रुद्रराज पाण्डेको रूपमती उपन्यास आएपछि नेपाली उपन्यासमा आधुनिक काल सुरु भएको पाइन्छ। रुद्रराज

पाण्डे**को** रूपमती १९९१ मौलिक आदर्शोन्मुख यथार्थ**,** रुपनारायण सिंह**को** भ्रमर १९९३ स्वच्छन्दतावादी**को प्रयोग,** लैनसिंह वाङ्देल**को** मुलुक बाहिर २००४ यथार्थवादी**को प्रयोग,** इन्द्रबहादुर राई – आज रमिता छ २०२१ विसङ्गतिवादी**को प्रयोग रहेको पाइन्छ।**

उल्लेखित आधुनिक नेपाली उपन्यासको विकासक्रममा प्रतिनिधि उपन्यास र उपन्यासकार अनि तिनका प्रवृत्तिगत विशेषताकै पंक्तिमा अन्य उपन्यासकारहरू पंक्तिबद्ध भएको पाइन्छ । अझै पछिल्ला उपन्यासहरूमा उत्तरआधुनिकता, नारीवाद, द्वन्द्वात्मक भौतिकवाद, फ्रायडवाद, चरित्रप्रधान उपन्यास, वर्तमान जीवनका जटिलता विसङ्गति, विकृति, बिब्ल्याँटा परिस्थिति, नयाँनौला प्रयोगहरू तिखारिदै आइरहेका छन् । भारतीय नेपाली उपन्यासमा यथार्थ-संसार स्थापना पछि यही धरातलमा अर्को विशिष्ट औपन्यासिक कृति जन्मन्छ बसाइँ सन् १९५७ मा। विषयलाई विवादग्रस्त नबनाएर उपरोक्त उपन्यासकारहरूमध्ये पनि उपन्यास विधामा नयाँ मोड दिने अमूल्य योगदान दिने दीर्घकालीन सेवा गर्ने उपन्यासकारहरूलाई ऐतिहासिक परिप्रेक्ष्यमा उल्लेख गर्नु छ।

प्रयोगकालमा आएर भारतेली नेपाली उपन्यास घटनाको जगतबाट हटेर चरित्र तथा तिनका अन्तर्जगतमा केन्द्रित हुन पुगेको पाइन्छ। रोमान्टिक कालका उपन्यासमा पाइने कथानक र घटना विवरणको प्रधानताको साटो यहाँ आएर पात्र-पात्रका विचको र अझ बढी पात्रको स्वयम्सितको अन्तरविरोध र अन्तर्द्वन्द्व र अन्तर्द्वन्द्व नै धेरौजसो उपन्यासमा पाइन्छ जसले गर्दा यी उपन्यास चरित्रप्रधान र विश्लेषणात्मक बनेका छन्। मनोविशलेषण, अस्तित्ववादी चिन्तन, विसङ्गितबोध र व्याङ्ग्यात्मकता नै यस युगका उपन्यासका मूलभूत विशेषता रहेका छन्। यस कालका कवितामा शैलीगत प्रयोगधर्मिता बढी छ भने उपन्यासमा विचारतत्त्व र चिन्तनगत प्रयोगधर्मिता बढी छ। यस कालका प्रतिनिधि उपन्यासकारहरू हुन्- इन्द्रबहादुर राई, रवीन्द्र कुमार मोक्तान, प्रकाश कोविद, सुवास, असीत राई, सुरेश राई, नन्द हाङखिम, नकूल काडी, काजी प्रधान, हर्क योञ्जन विरही, शरद छेत्री, गोविन्द छेत्री, भगीरथ रावत, ओकियामा ग्वाइन, समीरण छेत्री,आदि। प्रयोगकालका प्रमुख उपन्यासकार इन्द्रबहादुर राई एउटै मात्र उपन्यास आज रमिता छ लेखेर उनी नेपाली उपन्यासको इतिहासमा आफ्नो छुट्टै स्थान सुरक्षित राख्न सफल छन्। सतही दृष्टिकोणबाट हेर्दा दार्जिलिङको सामाजिक तथा राजनैतिक जीवनको व्याख्याजस्तो लाग्ने यो उपन्यास वास्तवमा पृथ्वीमा मानिसको जीवनगत

विसङ्गति, अनिश्चितता, अर्थहीनता र सीमाबद्धता तथा यिनलाई छोप्न उसले अपनाउने दाउपेच, आडम्बर अनि समाजको परम्परागत सत्ताको अजेयता देखी उसले लिने नैराश्य, जुगुप्सा र कुण्ठाको आश्रयको चित्रात्मक प्रस्तुतिमा उभिएको पिन्छ। कुनै एउटै केन्द्रीय विचारको धुरीमा उभिएर नरहेको यस उपन्यासमा पात्रहरूले स्वाभाविक जीवन पाएका छन् जसले गर्दा प्रत्येक पात्र आ-आफ्नो स्वतन्त्र व्यक्तित्व लिएर उभिन सकेको छ। लेखकको आड र आश्रय नपाईकनै पनि चरित्रप्रधान उपन्यासका जस्तै जीवन्त र स्वतन्त्र व्यक्तित्वपूर्ण पात्रको स्थिति हुनु आज रमिता छ को एउटा विशेष अभिप्राप्ति हो। काल र दृष्टिकोण तत्त्वको आधारमा केलाउँदा यस अभिप्राप्तिको बहुआयामिकता स्वत प्रस्टिन्छ। हास, वाक्चातुर्य, भाषिक प्राञ्जलता, प्रत्येक भाषिक तथा भाषातीत तत्त्वहरूको विवेकपूर्ण, सध्येय र सार्थक प्रयोग आदि उनका लेखन-शैलीगत विशेषता हुन्। सामान्य कुरामा जीवनको असाधारण गहिराइ र विशेषता देख्नसक्नु उनको प्रतिभाको परिचायक विशेषता हो। उपन्यास जीवनजस्तै अशृङ्खलित र अनिश्चिततापूर्ण तथा सुख दुखात्मक हुँदाहुँदै पनि आफ्नै एउटा समाजतन्त्रमा बाँधिन सफल छ। जीवन र मानव समाजका विविध दृष्टि, पक्ष, रुचि, र धारणाको मेला लागेको छ आड रमिता छ भित्र र यसैमा यो अद्वितीय छ। संरचनाको दृष्टिले मुलुकबाहिर जस्तै यो पनि एउटा प्रजातान्त्रिक समाजतन्त्रसित मिल्दो कृति देखिन्छ। नयाँ युगको प्रारम्भिक दशकमा उपन्यासले आफूलाई कविताका तुलनामा प्रयोगकालीन परम्पराबाट उति पर पुऱ्याउन नसकेको देखिए तापनि शताब्दीको अन्तिम दशक तथा नयाँ सहस्राब्दीमा प्रवेश गर्नाका साथसाथै यस विधामा एउटा नयाँ सृजनशीलता र नवीन शैलीको विकास भएको देखिन्छ। पूर्ववर्ती युगको सृजनकेन्द्रमा उभिएका भारतीय उपन्यासकारहरूमा इन्द्रबहादुर राई, भीम दाहाल, छुदेन काबिमो, प्रेम प्रधान, मत्स्येन्द्र प्रधान, विक्रमबीर थापा, पिटर जे. कार्थक, असीत राई, विन्ध्या सुब्बा, कृष्णसिंह मोक्तान, हायमानदास राई किरात, कृषणसिंह मोक्तान, सुवास घिसिङ, प्रकाश कोविद्, लोकनाथ उपाध्याय चापागाइँ, शरद छेत्री, पुष्पा राई, भगीरथ रावत, आदि हुन्। मत्स्येन्द्र प्रधान थोरै लेखेर निकै ठुलो जस पाउन सफल नेपाली लेखक हुन्। शिथिल संशक्ति, झिनो कथातत्त्व, क्षीण इतिवृत्त, सूक्ष्म विवेचनात्मकता, उपसंहारविहीन समाप्ति, विघटित जीवनमूल्यको आधुनिकतावादी प्रतीति, व्यक्तिको आन्तरिक क्षय, जुगुप्, र जागतिक विसङ्गति नै नीलकण्ठका टङ्कारा विशेषता रहेका छन्। आख्यान लेखनको इन्द्रबहादुरेली शैलीको मध्यचरणको छायाँमुनि लेखेको प्रतीत हुने

नीलकण्ठले खासै नयाँ मालिक आक्यानशैलीको निर्माण भने गर्न सकेको प्रतीत हुँदैन। विक्रमबीर थापा पूर्वाञ्चल भारतका एकजना उल्लेखनीय गद्याख्यान लेखकका रूपमा यस अवधिमा उदाएका छन्। रोमान्स, इतिहास, समसामायिक आञ्चलिकवास्तवता र आख्यानको निकै राम्रो समन्वय राखी लेखिएका उनका विगतको परिवेशभित्र सन् १९८३, टिस्टादेखि सतलजसम्म सन् १९८६ र माटो बोल्दो हो २००७ उपन्यासहरू प्रकाशित छन्। यदि वास्त्वमा र आख्यानात्मकताको परस्पर सम्पुटित प्रयोग नै समकालीन आख्यानको स्वभाव हो भने उनका उपन्यासमा यो स्वभाव प्रमुख चिनारीस्वरूप उपस्थित पाइन्छ। औपन्यासिक उपाधिका रूपमा राजनैतिक उपन्यास लेखनको परम्परा स्थापनतर्फ अग्रसर भारतीय लेखकहरूका ताँतीमा उपन्यासकार विक्रमबीर थापा पनि खुकुलो तरिकाले तर स्पष्टतासित उभिएका देखिन्छन्। समकालीन नेपाली उपन्यासको परम्परालाई एउटा नयाँ दिशा र दृष्टि दिन सचेष्ट अरू उपन्यासकारहरूमा असीत राई, भीम दाहाल, विन्द्या सुब्बाका नाउँ अधिक स्पष्टता र प्रखरतासंग उच्चरित भइरहेका पाइन्छन्।

उपन्यास, कथा र कविताजस्ता एकाधिक साहित्यविधामा कलम चलाउने असीत राईको लेखकीयता उपन्यास विधाभित्रै अधिक उर्वर्तासित प्रकट भएको पाइन्छ। त्यो हिमाल यो जीवन सन् १९६७ देखि नै उपन्यास लेखनमा जुटेका असीत राईका एक दर्जन भन्दा बढी उपन्यासहरू प्रकाशित छन्। सुरूका उपन्यासमा देखिने वैचारिक अलमल, अन्योल र अस्पष्टता पछिका यन्त्रणा सन् १९०० र नयाँ क्षितिजको खोज सन् १९८७ जस्ता उपन्यासमा आइपुग्दा धेरै सङ्गलिएको र स्पष्ट रूपमा देखिन्छ। विस्ङ्गतिमूलक एवम् अस्तित्ववादी जीवनदृष्टि बोकेका उनका उपन्यास गहन अध्ययन र दर्शनका भन्दा अधिक सहजग्राह्य भावात्मकता, समकालीन वास्ततवता तथा क्षीण कलेवरका नै बढी पाइन्छन्। राजनैतिक सचेतता उनका पछिल्ला उपन्यासमा हलुका पाइला चाल्दै भित्रिएको देखिन्छ। असीत राईले जस्तै सुरुमा रोमान्सेली स्वच्छन्दताका उपन्यास लेखेर पछिबाट स्थानीय राजनैतिक सन्दर्भ र संचेतनालाई वाणी दिन उपन्यास लेख्ने अर्को उल्लेखणीय उपन्यासकार हुन् भगीरथ रावत। उनको ओस, बिरानो, र आफ्नत पछि प्रकाशित भएका बास सल्किरहेछ र माटोको माया विशेष गरी राजनैतिक नेपाली उपन्यासको विकासका सन्दर्भमा निक्कै महत्वका देखिन्छन्। तर सन् १९८० को दशकको उत्तरार्धमा दार्जिलिङका पहाडी महकुमाहरूमा भएको राजनैतिक आन्दोलन र उथुलपुथुलपछि भने उनको सृजनोत्साह पुन जागिउठ्ने देखिएको छैन। इतिहास, ऐतिहासिकता र आख्यान

लेखन मात्र ठान्ने सामान्य धारणाबाट बाहिर ल्येर इतिहाससरह वस्तुतथ्यात्मक इतिवृत्तका रूपमा प्रस्तुत गरिदिएकोछ।

भारतीय नेपाली उपन्यासका एकजना प्रबल स्तम्भका रूपमा १९९० को दशकमा देखिएका उपन्यासकार हुन् भीम दाहाल। उनको लेखाइ ठेट ग्रामीण नेपाली जीवन र अभिव्यक्तिको आलोचनात्मकता उनका कथा र कवितामा जस्तै उपन्यासमा पनि टड्कारो छ। विशेष गरी सन् १९७३ पछिको सिक्किमेली राजनैतिक इतिहास र वर्तमानले उनका यी तीनैवटा उपन्यासको अग्रभूमि निर्माण गरेको छ। उनका उपन्यासमा विचारको प्रखरता र दृष्टिको केन्द्रीयता उत्तरोत्तर सघन र ध्रुवीकृत बन्दै आएको पाइन्छ तर त्यतिकै अनुपातमा अभिव्यक्तिमा परिष्कार र धर्य विकसित हुन सकेको भने देखिँदैन। शैलीगत संयमितता र भाषिक परिष्कृतिका दृष्टिले उनको उपन्यास लेखन अभीष्टको खोजबाट उँभो नउक्लिएर मुन्तिरै बसेको अनुभव हुन्छ। तर वैचारिक सन्देश, व्यङ्ग्यात्मकता, वक्रोक्ति, जीवनदर्शन र दृष्टिको स्पष्टता भने पछिल्ला उपन्यासमा उत्तोरत्तर तिक्खर बन्दै व्यापक बन्दै र प्रस्ट बन्दै आएको देखिन्छ। पछिल्ला उपन्यासले निसन्देह उनलाई एकजना ज्ञान-क्षुधालु अध्येताका रूपमा पनि चिनाउँदछन्। अभीष्टको खोजमा भन्दा द्रोह र विद्रोहमा क्रमश उनको लेखन सचेत र वागमिता खचित बन्दै आएको छ। विचार र चिन्ताप्रति जुन प्रकारको इमान्दारिता र गम्भीरता उनमा देखिन्छ उनको अभिव्यक्ति शैली र प्रस्तुतीकरणतर्फ पनि त्यसको किञ्चित निर्वाह हुन सकेको उनका उपन्यास समसामयिकतामा मात्र उन्नत नदेखेर कालजयी कृति कौस्तुभका उच्चतामा निस्सन्देह उभिनसक्ने सामर्थ्य र सम्भावनाले युक्त छन्। समकालीन गद्याख्यानका निर्माताहरूमा अर्को उल्लेखनीय नाउँ हो विन्द्या सुब्बा। सृजनशीलताका दृष्टिले विन्दया सुब्बा अद्यावधि सर्वाधिक उर्वर भारतीय नारी लेखिकाका रूपमा देखा परिरहेकी छन्। फूलहरू, पहाडहरू, धर्साहरूबाट पारिजातेली आख्यान शैलीको छाँया ओढेर अघि हिँडेकी प्रतीत हुने उनी भित्रकी उपन्यास लेखिएका अताह हुँदै निर्गमनमा आइपुग्दा निकै प्रौढ, परिष्कृत र मौलिक रूपमा आफूलाई उत्तरोत्तर प्रस्तुत गर्दै आन सकिरहेको देखा पर्दछिन्। पहिलो उपन्यासले अङ्गालेको पुल्लिङ्गीय वर्चस्वको लेखनबाट अघि आएर निर्गमनमा नारीलेखनको युगीन सचेतता समेट्न पुगेकी देखिन्छन् उपन्यासकार विन्द्या। अथाहको मनस्तात्विक अन्तवेदना र एउटा साँघुरो केन्द्रमा मारिएका ठुलठुला फन्काहरूको वृत्त चक्रबाट निस्केर उनको स्रष्टा निर्गमन नारीचेतना र नारीत्वको स्वत स्फबर्त किटानको रूपमा भन्दा समकालीन नारीवादी

लेखनसँगको सचेतताबाट अभिप्रेरित लेखन नै अधिक प्रतीत हुन्छ। त्यसैले यो पाश्चात्य उत्तरौपनिवेशक अथवा भनू नव्य औपनिवेशिक लेखनको तरङ्गमा लहरिएको उपन्यास बनेको छ। अघिल्ला उपन्यासहरूका तुलनामा निर्गमन शैलीगत परिष्कार र परिमार्जित, अभिव्यक्तिको स्पष्टता र सुसम्पादित फुर्तिलोपना पनि भाषिक शुद्धता र सुकरताका दृष्टिले केही अघि बढेको छ। गद्याख्यानको एउटा मुख्य भेदका रूपमा उपन्यास अनन्त सृजनात्मक सम्भावना र असीम चयनगत विकल्पहरूले युक्त विधा हो। चलचित्र, नाटक र उपन्यामाझ विशेष रूपले मिल्दोजुल्दो कुरा के पाइन्छ भने यी प्रत्येक कलाक्षेत्रका दुई दुईवटा रूप हुन्छन्। लोकप्रचलित सहज लेखनका रूपमा देखापर्ने कृतिलाई व्यावसायिक वा कमर्सियल पनि भन्ने चलन छ। नेपाली उपन्यासको परम्परामा एकातिर रूपनारायण सिंह, लैनसिंह बाङ्गदेल, इन्द्रबहादुर राई, विन्दया सुब्बा र भीम दाहाल जस्ता उपन्यासकारहरू छन् जसका उपन्यासमा चिन्तनशीलता र बौद्धिकता अधिक रहने हुँदा ती गम्भीर साहित्यिक सौन्दर्यात्मक एवम् बौद्धिक रुचि भएका पाठकलाई मात्र मनपर्ने हुन्छन्। अर्कातिर प्रकाश कोविद्, यद्धवीर थापा, सुवास, ज्ञानेश्वर गिरी, जय धमाला आदिका उपन्यास छन् जसमा इतिवृत्तको सरल-सहज प्रवाहमयता, घटनाविवरणको प्रधानता र चिन्तनको न्यूनता विशेष रूपले देखा पर्दछन् जसले गर्दा मनोरञ्जनात्मक आनन्द तिनले पाठकली दिन्छन्। कति उपन्यासलेखकहरू यी दुवै थरीका माझबाट मध्यमवर्गी भई लेखिरहेका भेटिन्छन्। त्यस्ता उपन्यासकारहरूमा इन्द्र सुन्दास, शिवकुमार राई, पिटर जे. कार्थक, बिबि, एच तामङ, शरद् छेत्री, पुष्पा राई, लोकनाथ उपाध्याय चापागाई, देव भण्डारी आदि उल्लेखनीय छन्। यिनका उपन्यास सरल सोझो भाषा-शैली र प्रस्तुतीकरण तथा घटनामूलकताले गर्दा साधरण पाठक र बौद्धिकताका आग्रही पाठक दुवैले उत्तिकै मजा मानेर पढ्न सक्छन्। विशेष गरी यस्ता उपन्यासहरू मध्यमवर्गीय र मध्यम रुचिका पाठकहरूमाझ अधिक लोकप्रिय हुन्छन्। पिटर जे. कार्थकको प्रत्येक ठाउँ प्रत्येक मान्छे सन् १९७५, वि वि. एच. तामङको चुँडेका कतिपय धागाहरू, शरद् छेत्रीका अनुनाद, घात-प्रतिघात, मृगतृष्णा आदि, राधाकृष्ण काफ्लेको भन्न नसकेका कुरा, गहीन उपाध्यायको खोजीमा, पुष्पा राईको भोलिको प्रतीक्षामा आदि यस्ता उपन्यासका नमुना हुन्। उत्तरबङ्गालको नक्सलपन्थी आन्दोलनलाई पृष्ठभूमिमा राखेर लेखेका चुँडेका कतिपय धागाहरू, मनोविश्लेषणका धारमा लेख्न खोजिएका भन्न नसकेका कुरा तथा नारीमुक्तिवादी चिन्तन र आन्दोलनको वैचारिक स्पर्श दिन

खोजेको भोलिको प्रतीक्षामा बाहेक जम्मै यी उपन्यास सामाजिकता र प्रण्य परिण्यका प्रसङ्गसूत्रमा आ-आफ्नै पाराले बाँधिएका छन्। भीम दाहालको अभीष्टको खोज चाहिँ सन् १९७४ मा भारतमा सिक्किमको विलय भएपछि त्यहाँ सामाजिक नैतिक परिवर्तनको पृष्ठभूमिमा उभिएको यथार्थिक उपन्यास हो। वैचारिकताका दृष्टिले पारिजातकै पयो लाग्न रुचाउने उपन्यासकार दाहाल शैलीका दृष्टिले अभीष्ट देखि बिद्रोहसम्म नै ध्रुवचन्द्रको मार्ग हुँदै अघि हिँडिरहेका प्रतीत हुन्छन्। यीबाहेक पनि यस अवधिमा अरू निकैजना उपन्यासकारहरू देखा परेका छन् जसमध्ये उल्लेखनीय छन्- सुवास घिसिङ, ज्ञानेन्द्रप्रसाद घिमिरे, गङ्गा कप्तान, ज्ञानेश्वर गिरी, शेरमान थापा, रामलाल अधिकारी, मोहन दुखुन, टीका खाती, चित्र खाती, मनप्रसाद सुब्बा, मणिकुमार प्रधान, नीलम प्रधान, गीता शर्मा, पारसमणि सम, अनिल गुरुङ आदि।

भारतीय नेपाली उपन्यासको विकासका सन्द्रभमा कुरा गर्दा प्राय उल्लेख नगरिँदै आएको एटा निकै ठुलो अध्याय हो स्वच्छन्दतावादी लेखन र प्रकाश कोविद् को उपन्यास जगत। सामान्यतया हलुका मनोरञ्जनात्मक रोमाञ्चक वा व्यावसायिक उपन्यासका लेखकका रूपमा हेरिने प्रकाश कोविदका तीन दर्जन भन्दा बढी उपन्यासहरू र लगभग आधा दर्जन कथा सङ्ग्रहहरूका अतिरिक्त एउटा नाटक सङ्ग्रह प्रकाशित छन्। आख्यानका पाठकहरू तयार पार्ने काममा उनका उपन्यास निकै उपयोगी रहेका हुन्। रूपनारायण सिंहको भ्रमरबाट थालेको स्वच्छन्दतावादी आख्यान लेखन उनीपछिका शिवकुमार राई, अच्छा री रसिक, इन्द्र सुन्दास, रवीन्द्रकुमार मोक्तान, कृष्णसिंह मोक्तान, नरबहादुर दाहाल, ज्ञानेश्वर गिरी, जय धमाला आदि क्रमश रूपमा देखिँदै आउँछ र त्यसले सर्वाधिक व्यापकता पाउँछ प्रकाश कोविद् मा एर। उनको अर्को जन्म, नोयो, तर कहिले, र चालीस दिन तथा सुवासको मने र लुङ्खुम क्याम्प जस्ता उपन्यासहरू आख्यान कला र युगीन वास्तवताको अङ्कनका दृष्टिले पनि निकै राम्रा कृति हुन् तापनि तिनको उचित मूल्याङ्कन भएको देखिँदैन। उपन्यासभन्दा पनि कथा लेखनमा कोविद अझ परिपक्क र गम्भीर देखिन्छन्। भारतीय नेपाली उपन्यासको विकासबारे कुरा गर्नुपर्दा प्रकाश कोविद् निश्चय नै एउटा ध्यान दिन योग्य अध्यायका रूपमा उभिन आउँछन्।

प्रेम प्रधानका उदासीन रूखहरू नामक उपन्यास एक प्रयोगकालीन उपन्यास हो। पाश्चात्य साहित्यका औपन्यासिक प्रवृत्ति सम्मत चेतना प्रवाहमा लेखिएका प्रयोगात्मक, प्रतीकात्मक केही राम्रा उपन्यास हरुको क्रममा 'उदासीन रुखहरु'-को

मौलिक ठाउँ थपना छ | आत्म कथात्मक परिपाटीमा प्रारम्भ र अन्त भएको यस उपन्यासको औपन्यासिक संरचना विस्तारणले औपन्यासिक परम्परा र प्रवृत्तिमा देखा परेका यथार्थवादी, अति यथार्थवादी, प्रगतिवादी तथा स्वच्छन्दतावादी जस्ता विकास क्रमका घुम्तीहरु पार गर्दै मनोविश्लेषणात्मक प्रवृत्ति अन्तर्गत फ्रायडीय मनोविश्लेषण पूर्वाभास र पद्धतिलाई एकातिर अंगालेको देखिन्छ भने, अर्कोतिर दोस्रो विश्वयुद्धपछि खासगरी युरोपका दुईजना साहित्यकार जिनपर्ल सार्त्रे र अल्वेयर कामुका अस्तित्ववादी चिन्तन र जीवन दर्शनका चस्काहरु यदा कदा प्रतिविम्बित भएको पाइन्छ | यीबाहेक पनि यस अवधिमा अरू निकैजना उपन्यासकारहरू देखा परेका छन् जसमध्ये उल्लेखनीय छन्- सुवास घिसिङ, ज्ञानेन्द्रप्रसाद घिमिरे, गङ्गा कप्तान, ज्ञानेश्वर गिरी, शेरमान थापा, रामलाल अधिकारी, मोहन दुखुन, टीका खाती, चित्र खाती, मनप्रसाद सुब्बा, मणिकुमार प्रधान, नीलम प्रधान, गीता शर्मा, पारसमणि सम, अनिल गुरुङ आदि।

## 12.4 सार

- प्रयोगकालमा आएर भारतेली नेपाली उपन्यास घटनाको जगतबाट हटेर चरित्र तथा तिनका अन्तर्जगतमा केन्द्रित हुन पुगेको पाइन्छ।
- मनोविशलेषण, अस्तित्ववादी चिन्तन, विसङ्गितबोध र व्याङ्ग्यात्मकता नै यस युगका उपन्यासका मूलभूत विशेषता रहेका छन्।
- यस कालका प्रतिनिधि उपन्यासकारहरू हुन्- इन्द्रबहादुर राई, रवीन्द्र कुमार मोक्तान, प्रकाश कोविद, सुवास, असीत राई, सुरेश राई, नन्द हाङखिम, नकूल काडी, काजी प्रधान, हर्क योञ्जन विरही, शरद छेत्री, गोविन्द छेत्री, भगीरथ रावत, ओकियामा ग्वाइन, समीरण छेत्री,आदि।
- यीबाहेक पनि यस अवधिमा अरू निकैजना उपन्यासकारहरू देखा परेका छन् जसमध्ये उल्लेखनीय छन्- सुवास घिसिङ, ज्ञानेन्द्रप्रसाद घिमिरे, गङ्गा कप्तान, ज्ञानेश्वर गिरी, शेरमान थापा, रामलाल अधिकारी, मोहन दुखुन, टीका खाती, चित्र खाती, मनप्रसाद सुब्बा, मणिकुमार प्रधान, नीलम प्रधान, गीता शर्मा, पारसमणि सम, अनिल गुरुङ आदि।

- प्रयोगकालका प्रमुख उपन्यासकार इन्द्रबहादुर राई एउटै मात्र उपन्यास आज रमिता छ लेखेर उनी नेपाली उपन्यासको इतिहासमा आफ्नो छुट्टै स्थान सुरक्षित राख्न सफल छन्।

## 12.5 अनुशीलनी

- प्रयोगपरक भारतेली नेपाली उपन्यासको विश्लेषणात्मक अध्ययन गर्नुहोस्।
- प्रयोगवादी भारतीय नेपाली कथाकारहरूको परिचय दिनुहोस्
- शुरूका उपन्यासमा रहेका प्रयोगबारे चर्चा

## 12.6 अतिरिक्त अध्ययन

घनश्याम नेपाल- नेपाली साहित्यको परिचयात्मक इतिहास

कृष्णचन्द्रसिंह प्रधान- नेपाली उपन्यास र उपन्यासकार

कृष्णहरि बराल, नेत्र एटम- उपन्यास सिद्धान्त र नेपाली उपन्यास

इन्द्रबहादुर राई- नेपाली उपन्यासका आधारहरू

असीत राई- भारतीय नेपाली साहित्यको इतिहास

डा. राजकुमारी दाहाल- नेपाली आञ्चलिक उपन्यास

## 12.7 मूल्यवृद्धिको निम्ति उत्तर तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस-

**तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस–**

1. प्रयोगपरक भारतेली नेपाली उपन्यास

________________________________________________________

________________________________________________________

________________________________________________________

(अङ्क 1. को मूल्यवृद्धिको निम्ति विद्यार्थीहरूले 12.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्।)

2. प्रयोगकालमा देखिएका प्रवृत्तिहरू

__________________________________________________

__________________________________________________

_______________________________

(अङ्क 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीहरूले 12.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्।)

3. प्रयोगकालीन उपन्यास आज रमिता छ बारे चर्चा

__________________________________________________

__________________________________________________

_______________________________

(अङ्क 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीहरूले 12.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्।)

# एकाइ १३ विसङ्गतिवाद तथा अस्तित्ववादका सन्दर्भमा भारतेली नेपाली उपन्यास

**संरचना**

13.0 उद्देश्य

13.1 परिचय

13.2 विसंगतिवाद तथा अस्तित्ववादका सन्दर्भमा भारतेली नेपाली उपन्यास

13.3 उपसंहार

13.4 सार

13.5 अनुशीलनी

13.6 अतिरिक्त अध्ययन

13.7 मूल्यवृद्धिको निम्ति उत्तर

## 13.0 उद्देश्य

विसङ्गतिवाद तथा अस्तित्ववाद जहिले पनि परस्परमा जुडेर आएको हुन्छ। अन्य साहित्यलेखनमा झै उपन्यास लेखनमा पनि यसको प्रयोग गर्दै आइरहेको छ। विसङ्गतिवाद तथा अस्तित्ववादबारे जानकारी गराउनु यस एकाइको उद्देश्य रहेको छ भने यसै सन्दर्भमा भारतेली नेपाली उपन्यासलाई राखेर अध्ययन गर्नु प्रस्तुत एकाइको उद्देश्य रहेको छ। विसङ्गतिवाद तथा अस्तित्ववादको विशेषताबारे पनि ध्ययन गरिएको छ।

## 13.1 परिचय

उपन्यास संस्कृत शब्द हो । (घञ्+अस्+नि+उप) अर्थात् अस् धातुमा उप र नि उपसर्ग सहित घञ् प्रत्यय लागेर उपन्यास शब्द बनेको छ । उपको अर्थ नजिक, न्यासको अर्थ राख्नु, वा स्थापित गर्नु हो । यसरी उपन्यास शब्दले मानिसका नजिक राखिएको वस्तु भन्ने बुझाउँछ । उपन्यासलाई इटलीमा नोविले (ल्यखभिि भ), फ्रान्समा नोवेला अहिले । भनिन्छ ि(ल्यखभ) अंग्रेजीमा र (ल्यखभिि ब) उपन्यासले यथार्थ जीवनमा आधारित कल्पित गद्याख्यानलाई जनाउँछ । पहिले

महाकाव्यले लिएको स्थान अहिले उपन्यासले लिएको हुँदा उपन्यासलाई गद्य महाकाव्य पनि भनिन्छ । समष्टिमा पात्रहरूको माध्यमाट प्रदर्शित वास्तविक जीवन जगतको यथार्थ चित्रण गर्ने आख्यानत्मक वृहद् आकारको गद्य रचना उपन्यासक हो पौडेल),२०६६ः १३५ पर्व विराट अर्यालको ।शक्तिवल्लभ ( (१८२७.सं.वि),भानुदत्तको हितोपदेश मित्रलाभ (वि(१८३३.सं., शक्तिवल्लभकै हास्यकदम्ब (१८५५.सं.वि), भवानीदत्त पाण्डेको मुद्राराक्षस ......(१८५८.सं.वि) (१८७८.सं.वि) व्रतकथा स्वास्थानी, सुन्दरानन्द बाँडाको अध्यात्म रामायण आदि..... प्राथमिक साहित्यको नेपाली कृतिहरू आख्यानात्मक काल १८२७.सं.वि)–१९४५ ( । पर्दछन् फेला मा यस अवधिमा पनि उपदेश दिने भगवान भक्ति जगाउने, भावुक प्रेमकथा, वीरता प्रदर्शन गर्ने अद्‌भूत किसिमका वर्णन, जासूसी, तिलस्मी, ऐøयारी आदि विचित्र सामाजिक विषयवस्तु, अलौकिक वर्णन, अतिरञ्जना, रोमाञ्चक गद्याख्यान फेला पर्छन् जसले नेपाली उपन्यासको जग निर्माण गर्न सहयोग पु¥यायो ।माध्यमिक कालीन अलौकि,अद्‌भूत्,तिलस्मी –जासूसी प्रवृतिलाई चिर्दै १९९१ सालमा मौलिकता र यथार्थतालाई अंगाल्दै रुद्रराज पाण्डेको रूपमती उपन्यास आएपछि नेपाली उपन्यासमा आधुनिक काल सुरु भएको पाइन्छ । सन् १९३६ मा रूपनारायणसिंहको भ्रमरले पाश्चात्य साहित्यको रोमान्टिक परम्पराको शिलान्यास गरेर नेपाली समाजलाई एक शताब्दी अघि पु¥याउँछ। यसरी दुई वर्षको मात्र फरक पारेर रूपमती र भ्रमर छापिएता पनि दुईवटामा वर्णित समाजमा शताब्दीको पार्थक्य छ।

नेपाली वाङ्मयमा उपन्यासको आफ्नै महत्ता र स्थान छ । तुलनात्मक रूपमा अरू विधाभन्दा कान्छो यो विधाको विकास र विस्तार विक्रमको २००० पछाडिको कालखण्डमा भएको हो । कालक्रमिक विवेचना गर्ने हो भने पनि यसको इतिहास ७०–८० वर्षको मात्र छ । विशेषतः हिन्दी उपन्यास, अझ खासगरी तिलस्मी र जासुसी हिन्दी उपन्यास तत्कालीन नेपाली युवाहरूबीच औधि पढिन्थे। एकछिन विवेचना गरौं सुरुवातका नेपाली साहित्यमा रोपित उपन्यासहरूको । नेपाली भाषासाहित्यको इतिहासलाई सर्सर्ती विश्लेषण गर्दा ‘रूपमती’ र ‘भ्रमर’ नै आधुनिक नेपाली उपन्यासका पुराना वंशज हुन् । उपन्यासले जीवनको अध्ययन गर्दछ । मानवीय मनका जटिलता, मनोग्रन्थीहरूलाई देखाउँदै पाठकलाई आकर्षित गर्छ । यसले रमणीयता, काल्पनिकताका साथै संघर्ष स्वच्छन्द, स्वाधीनताको बाटो पनि देखाउँछ । मनोरञ्जन गराउने, कौतूहलता जगाउने उपन्यास कथावस्तु, पात्र, घटना,

परिवेश, भाषा शैली, उद्देश्यको संयोजनबाट निर्मित हुन्छ । जेहोस् उपन्यासले जीवनका द्वन्द्व, अन्तद्र्वन्द्व विरोधाभाष, विसङ्गति, विकृति, संवेदना, करुणा, हाँसो, रोदन, क्रन्दन ...आदि यथार्थ र समयले ल्याएका अनेक समस्यालाई देखाउँदै कल्पनालोक, मानसलोकको परिक्रमा गर्दै सिङ्गो जीवन जगतको चित्र खिच्छ । उपन्यासले राजनीति, धर्म, संस्कार, संस्कृति भूगोल आदि विभिन्न विषयमा तुलो लगाउँदै समाजलाई ठम्याउने काम गर्छ । यसले वैज्ञानिक सत्यभन्दा परको मानसिक, काल्पनिक सत्यको खोजी गर्ने, अनेक रहस्यहरूको उद्घाटन गर्ने काम गर्छ उपन्यासलाई प्रारम्भमा रोमान्स भनिन्थ्यो । रोमान्स भन्नाले भावुक प्रेम र साहसको कथा बुझिन्थ्यो तर उपन्यासमा जीवनको यथार्थ पक्षको चित्रण हुन्छ । जीवनका विविध पक्षको चित्र उपन्यासले खिच्छ । उपन्यासलाई जीवनको आलोचनाका रूपमा डा.रवर्ट मूलरले अथ्र्याएका छन् । उपन्यास मानव चरित्रको चित्र हो भनेर भारतीय विद्वान् प्रेमचन्द भन्दछन्् । नेपाली समालोचक हृदयचन्द्र सिंह प्रधान उपन्यासलाई जीवन दर्शन र मानसिक प्रक्रियाको अध्ययनको रूपमा लिन्छन् ।

प्रथम चरणका उपन्यासले सामाजिक यथार्थका विविध रूपको चित्रण गरेको पाइन्छ। जसरी जुन विधि अपनाए तापनि यस चरणका उपन्यासमा मूलत बाह्य यथार्थको वर्णनमै केन्द्रित हुने साझा प्रवृत्ति पाइन्छ। आदर्शोन्मुख यथार्थवादी धाराका उपन्यासहरू लेखिए। स्वच्छन्दतावादी धाराकारूपनारायण सिंहको भ्रमर, अच्छा राई रसिकको लगन, शिवकुमार राईको डाकबङ्गला, उपन्यास पनि यसै चरणमा देखिए। सन् २०७९ देखिको समयमा समाजसँग सम्बन्धित आलोचनात्मक यथार्थवादी तथा प्रगतिवादी उपन्यासको लेखन विस्तार भएको हुनाले तृतीय चरणलाई प्रयोगवादी र समाजोन्मुख गरी दुई भागमा बाँड्न सकिन्छ भने समाजोन्मुख प्रवृत्तिले नै समकालीन उपन्यासको प्रतिनिधित्व गर्दछ। यसली नेपाली उपन्यासको उत्तरवर्ती चरणका रूपमा पनि वर्णन गरिएको छ। यसरी धुनिक भारतेली नेपाली उपन्यास आज आएर समाजका विसङ्गतिका कुनाकोप्चेराहरू नियाल्दै त्यसको यथार्थ चित्रण गर्न र तिनबाट मुक्तिका लागि प्रेरणा तथा मार्गदर्शन प्रदान गर्नमा लागिपरेको छ। आत्म कथात्मक परिपाटीमा प्रारम्भ र अन्त भएको यस उपन्यासको औपन्यासिक संरचना विस्तारणले औपन्यासिक परम्परा र प्रवृत्तिमा देखा परेका यथार्थवादी, अति यथार्थवादी, प्रगतिवादी तथा स्वच्छन्दतावादी जस्ता विकास क्रमका घुम्तीहरु पार गर्दै मनोविश्लेषणात्मक प्रवृत्ति अन्तर्गत फ्रायडीय मनोविश्लेषण पूर्वाभास र पद्धतिलाई एकातिर अंगालेको देखिन्छ भने, अर्कोतिर

दोस्रो विश्वयुद्धपछि खासगरी युरोपका दुईजना साहित्यकार जिनपर्ल सार्त्रे र अल्वेयर कामुका अस्तित्ववादी चिन्तन र जीवन दर्शनका चस्काहरु यदा कदा प्रतिविम्बित भएको पाइन्छ | नेपाली औपन्यासिक विधाले धेरै प्रवृत्ति, मोड़, परम्परा र प्रयोगका घुम्तीहरू नाघिसकेको छ | हाम्रो साहित्यिक संसारमा पाश्चात्य साहित्यको प्रयोग, परम्परा र प्रभावका पूर्वाभासहरु प्रतिविम्बित हुनु सभ्यताका लक्षण हुन्, अझ त्यस्ता प्रवृत्ति र प्रभावलाई हाम्रै सांस्कृतिक परिवेश र परिपाटीमा उतार्न सकिए साहित्य अध्ययन, मनन र चिन्तनका दिशामा थप योगदान हुनेछ |

अस्तित्ववादी विसङ्गतिवादी उपन्यासकारबाट प्रगतिवादी आख्यानकारका रूपमा पारिजातको कायान्तरण सत्तरीको दशकको अन्त्यतिरै हुन थालेको हो जो पछि आएर झ स्पष्ट र अझ प्रतिबद्ध रूपमा देखा पर्दछ। अस्तित्ववादी एवम् विसङ्गतिवादी प्रवृत्तिलाई चटक्क नछोडीकनै आधुनिकतावादको कध्रुवीय तथा सरलरेखीय स्वभावबाट आफ्नो लेखनीलाई बाहिर ल्याई व्यङ्ग्य, वक्रोक्ति, बहुकेन्द्रीयता तथा विरोधाभासपूर्ण संरचना प्रदान गर्ने ध्रुबचन्द्र गौतम यस युगमा पनि आफ्नो सृजनशीलता उत्तोत्तर गतिशील राख्न सक्षम देखिन्छन्।

## 13.2 विसङ्गतिवाद तथा अस्तित्ववादी धारा

## विसङ्गतिवाद

जर्मनेली  दार्शनिक फ्रेडरिक विल्हेम नित्सेले ईश्वरको मृत्यु घोषणा गरेदेखि विसङ्गतिवादी चेतनाको प्रादुर्भाव भएको मानिन्छ। हेगलका विचारहरूका आधारमा संसारलाई अव्याख्येय र रहस्यमयी बनाएर हेर्ने प्रवृत्ति बढ्दै जाँदा जीवनलाई इन्द्रियको आवेग र व्वेकका बीच भएको द्वन्द्वमा अभिशप्त मान्ने दृष्टिकोणको विकास भयो। जीवन र जगतलाई विसङ्गतिपूर्ण आँखाबाट हेर्दा मान्छेको स्थिति निरीह, असाह्य, लाचार र श्रापित देखिन्छ भन्ने मान्यतालाई अल्बर्ट कामुको कृति LE MYTHE DE SISYPHEUS (1942) मा व्याख्या गरेर विसङ्गतिलाई दार्शनिक र साहित्यिक पक्षमा विस्तार गरिएको हो। विसङ्गतिलाई अङ्ग्रेजीमा ABSURD भनिन्छ। विसङ्गति भनेको निस्सारता वा शून्यता हो। जब आदर्श, आस्था, नैतिकता र मूल्यका सम्पूर्ण आधारहरू नित्सेको ईश्वरको मृत्यु भएको घोषणासँगै ढले, त्यसपछि मान्छेको जीवन निस्सार, असङ्गत तथा शून्य छ भन्ने बोध पश्चिमेलीहरूलाई भयो। जीवनलाई दिइने कुनै पनि मूल्यको कुनै अर्थ नभएकाले जीवनजगत् पनि व्याख्येय छैन भन्ने कुरा नै विसङ्गतिवादको मर्म हो।

विसङ्गतिले संसारलाई ढाकिरहेको छ र यसको नीरसतामा भयावह सन्त्रास छ। मान्छे जन्म र मृत्युका बीच झुन्डिरहेको छ किनभने मृत्यु मानिसका लागि भयानक व्यङ्ग्य र विसङ्गतिको पराकाष्ठा हो। विलियम आई. ओलिभरले यसबारे टिप्पणी गर्दै विसङ्गतिवादले मान्छे र उसले गरेको सिर्जना जहिले पनि व्यर्थ र पूर्ण हुँदाहुँदै पनि हामी कुहिएका चीजको पछि लाग्छौँ भन्ने मान्यता राख्छ भन्ने कुराको व्याख्या गरेका छन्। विसङ्गतिवाद युद्धपछिको पश्चिमेली मानसिकतालाई टिपेर उद्‌बुद्ध भएको दार्शनिक सिद्धान्त भएकाले यसमा परिस्थितिको बढी छाप परेको छ। विसङ्गतिवादीहरूका तीन वर्ग छन्-

**क)** विसङ्गत जीवनलाई सारभूत पार्न यथासम्भव प्रयास गर्दै व्यक्तिले अस्तित्वका निम्ति लड्नुपर्छ भन्ने अस्तित्ववादी विसङ्गतिवादीहरू,

**ख)** जीवनलाई पूर्णत अन्धकारमय, निस्सार र निराशामय देख्ने प्रयासहीन, पलायनवादी विसङ्गतिवादीहरू र

**ग)** जति बेला विसङ्गति आउँछ त्यति बेला विसङ्गति आउँछ त्यति बेला टारौँला भनी सतर्क नभेर काम गरिरहने वेवास्तावादी विसङ्गतिवादीहरू।

विसङ्गतिको बोध गरी व्यक्तिले जीवनमा आफ्नो अस्तित्वरक्षाका लागि प्रयास गर्दछ तर त्यो अन्तगोत्वा झन विसङ्गत हुन्छ। विसङ्गतिको चित्रण गरेर त्यसैमा रुग्ण भई नालीमा कीरा सलबलाएझैँ सलबलाइरहने लक्ष्य कुनै पनि स्रष्टाको हुँदैन। त्यसैले विसङ्गतिवादी लेखकको उच्चस्तरीय लेखन पाठकलाई विसङ्गतिमा डुबाउन होइन, त्यसबाट उतार्न सक्नामा निहित रहन्छ, जसका लागि अस्तित्वमा सङ्क्रमण हुनुपर्दछ। अन्यथा कथानकका साथै शैली र भाषा पनि विसङ्गत पाराले प्रस्तुत गर्दा रचनाको सार्थकता नै प्रमाणित गर्न नसकिने स्थिति पनि आउन सक्छ। स्वतन्त्र रूपले समन्वित हुने र्थ र शब्दको आयोजनालाई यसले स्वीकार्दछ। यी धारहरू अँगालेर लेखिने साहित्य विसङ्गतिवादीधारामा पर्दछन्।

विसङ्गतिवादी उपन्यासका मूलभूत विशेषताहरू निम्नलिखित छन्-

- जीवनको निस्सारता र शून्यताको अभिव्यक्ति दिनु।
- संस्कार, नैतिक मूल्य, अस्तित्वरक्षा आदिका व्यर्थताको प्रकटीकरण गरिनु।
- जीवनको श्राप पाएका मान्छेका निरीहता, भय र सन्त्रासको चित्रण गर्नु।
- समाजका क्रियाकलाप, सम्बन्ध, व्यवस्था, धर्म आदिप्रति व्यङ्ग्य गर्नु।

- स्रष्टा र सिर्जना नै अनावश्यक हुने हुँदा पाठकको बुझाइको कुनै अर्थ ठैन भन्ने ठानिनु।

- दुर्घटित मानवीय इच्छाहरू, विवेकले व्याख्या गर्न नसक्ने यथार्थ र विसङ्गतिका झाँकीहरूको प्रस्तुति रहनु।

- शैली र शिल्पमा क्रमबद्धता, सुश्रृङ्खलिता, सुगठन आदि अस्वीकार गर्नु।

- भाषाको विसङ्गत प्रयोगमा रुचि राख्नु।

संसार विसङ्गतिले भरिपूर्ण छ र मान्छेका सम्पूर्ण क्रियाकलापहरू निरर्थक छन्। विसङ्गतिका बीच पनि बाँच्नैपर्ने श्राप पाएको मान्छेले अस्तित्वको खोजी गर्दछ तर त्यसरी खोजी गर्दा पनि शून्य मात्र हात लाग्दछ। मान्छेले पाएँ भनेर मक्ख परेका मूल्य, मान्यता र रूपको पनि कुनै अर्थ हुँदैन। मान्छे जन्मनु र मर्नु नै ठुलो विसङ्गति हो। यिनै विसङ्गतिका कुराहरूली स्वीकार गरेर लेखिएका उपन्यासहरू विसङ्गतिवादी हुन्छन्।भौतिक आवश्यकता र सामाजिक चेतनामा निरन्तर बृद्धि हु"दै जाने क्रममा विभिन्न दर्शन र विचारधाराहरूको उत्पत्ति र विकास हुने गरेको छ । यसै क्रममा सन् १८४८ मा 'कम्युनिस्ट पार्टीको घोषणापत्र' प्रकाशनसंगै माक्र्सवादी दर्शनले आकार ग्रहण गरेको थियो । कम्युनिस्ट पार्टीको घोषणापत्रका लेखक कार्ल माक्र्स र फ्रेडरिक एंगेल्सको वैचारिक योगदानबाट ऐतिहासिक भौतिकवाद र द्वन्द्वात्मक भौतिकवादको संश्लेषित दर्शन 'माक्र्सवाद'का नामले प्रचलनमा आए पनि भ्लादिमिर इल्यिच लेनिनको नेतृत्वमा सन् १९१७ मा सम्पन्न रुसी अक्टोबर क्रान्तिबाट माक्र्सवादको प्रभावकारी कार्यान्वयन देखाप¥यो र यसको प्रभाव सम्पूर्ण विश्वमा फैलियो । यही प्रयोग र प्रभावका कारण विश्वभरका प्रायः सम्पूर्ण देशहरूमा माक्र्सवाद चिन्तन प्रणालीको खास धाराका रूपमा अध्ययन र प्रयोगको विषय बन्यो । सन् १९१७ को अक्टोबर क्रान्तिबाट रुसमा माक्र्सवादले सामाजिक–आर्थिक–राजनैतिक प्रणालीको आकार ग्रहण गर्दै वर्गसंघर्ष, अर्थशास्त्र र साम्यवादी राज्यव्यवस्थाको विषय मात्र बनेन यो कला, साहित्य र संस्कृतिको नया" धाराका रूपमा पनि प्रयोगमा आयो भन्ने कुरा प्लेखानोव, लूनाचारुकी, क्रिस्टोफर कडवेल, राल्फ फाक्स, जर्ज लुकास, जर्ज थामसन, अर्न्स्ट फिशर जस्ता प्रसिद्ध सौन्दर्यशास्त्रीहरूले प्रकट गरेका अवधारणा र मान्यताहरूले स्पष्ट पारेका छन् । कला र साहित्यका क्षेत्रमा प्रयोग भएको यो नया" विचारधारा सन् १९३५

को अन्तर्राष्ट्रिय प्रगतिशील लेखक सम्मेलनदेखि प्रगतिवादी विचारधारा 'समाजवादी यथार्थवाद'का नामले परिचित बन्दै विश्वका सबैजसो देशमा कला–साहित्यको क्षेत्रमा नया" रुचि, जिज्ञासा र चाखको विषयका रूपमा विकसित भयो । नेपाली साहित्यमा प्रगतिवादको विकास २००७ सालपछि मात्र भएको देखिन्छ । २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापनाले नेपाली साहित्यमा प्रगतिवादलाई अनुकूलता प्रदान गर्ने पृष्ठभूमि तयार पारेको मानिन्छ । यद्यपि २००७ सालको जनआन्दोलनले उत्पन्न गरेको प्रजातन्त्रप्रतिको उत्कट चाहना र त्यससंगै प्राप्त खुकुलो वातावरणले प्रगतिवादी साहित्य सृजनालाई अनूकलता प्रदान ग¥यो । कलालाई कलाको रूपमा मात्रै बुझ्ने परम्परागत सौन्दर्यशास्त्रीय मान्यतालाई तोडेर निश्चित प्रकारको उद्देश्य, विचार र अन्तरवस्तुलाई प्रधान बनाई कलाका माध्यमबाट आख्यानात्मक प्रस्तुतिकरणलाई जोड दिने प्रक्रियासंगै प्रगतिवादी नेपाली साहित्य र त्यसको एक विधाको रूपमा उपन्यासको लेखन प्रारम्भ हुन पुग्यो ।

२००७ सालको जनआन्दोलन र यसै आन्दोलनको परिणाम स्वरूप देखा परेको साहित्यिक आन्दोलनस"गै नेपाली साहित्यमा एक नया" सौन्दर्यशास्त्रीय धाराका रूपमा प्रगतिवादी साहित्यिक आन्दोलन देखा प¥यो । नया" द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणका साथ नेपाली समाजका आधार र अधिरचनाहरूलाई केन्द्र भागमा राखेर आफ्ना उपन्यासलाई सामाजिक चिन्तनको महŒवपूर्ण माध्यम ठान्दै सामाजिक विकृति र विसंगतिहरूलाई खोतल्ने काममा उपन्यासकारहरू सक्रिय बन्न थाले । यसरी प्रगतिवादी नेपाली उपन्यास लेखनको प्रारम्भ गर्दै उपन्यासकार हृदयचन्द्रसिंह प्रधानले नेपालको साहित्यिक आन्दोलनको नया" र विशिष्ट प्रगतिवादी औपन्यासिक धारालाई अगाडि बढाए ।

## अस्तित्ववाद

अस्तित्ववाद विसङ्गतिवादको पृष्ठभूमिमा आएको एउटा दार्शनिक चिन्तन हो। यसलाई अङ्ग्रेजीमा EXISTENTIALISM भनिन्छ। यसका प्रवर्तक डेन्मार्कका दार्शनिक सोरेन किर्केगार्ड हुन्। प्रभाववादी दार्शनिक डिल्थे र ब्रुन्टोनोको व्यवहारिक क्रियाशास्त्र बाट प्रभावित एडमन्ड हुर्सलको दृष्टिकोण तथा त्यही प्रभावमा

हाइडेगरद्वारा व्यक्त विचार नै अस्तित्ववादको पृष्ठभूमिका रूपमा रहेको छ। साहित्यिक क्षेत्रमा यसको प्रयोग द्वितीय विश्वयुद्धका समयमा गरिएको हो र यसको श्रेय जाँ पाल सार्त्र र अल्बर्ट कामुलाई जान्छ। सार्त्रको दार्शनिक पुस्तक BEING AND NOTHINGNESS भविता र शून्यताले अस्तित्ववादको व्याख्या गरेको छ। भविता भनेको आफ्नै प्रयासमा केही नयाँपन प्राप्त गर्ने न्तरिक क्षमता र शक्ति हो। भविता जडधर्मी र चेतनधर्मी गरी दुई प्रकारका हुन्छन्। जड भविता विसङ्गतिबोध गर्न सक्षम त हुन्छ तर ऊ निराश, लाचार र निष्क्रिय हुन्छ। यसपछि व्यक्तिमा अस्तित्वशाली बन्ने सामार्थ्य आयो भने ऊ चेतन भविता मानिन्छ। यसबाट भविताले गर्दा नै हामी अस्तित्ववान् छौँ भन्ने कुरा अनुभव गर्न सक्छौँ भन्ने स्पष्ट हुन्छ। यसै सन्दर्भमा शून्यताको पनि अनुभव हुन्छ भन्ने कुरालाई स्पष्टसंग बुझ्न तलका सूत्र हेरौँ-

जड भविता------ शून्यता विसङ्गतिबोध------ चित्त भविता------- अस्मिताबोध

जीवन र जगतको विसङ्गतिबोध गर्न नसक्ने अवस्थामा जड भविता सक्रिय रहन्छ। जब व्यक्तिको चित्त भविता सक्रिय हुन्छ, उसले जीवनका शून्यता वा विसङ्गतिको स्पष्ट अनुभूति गर्न सक्छ। जीवनका आशा र तिनका इच्छापूर्ति नहुनु तथा आफू उपायहीन भेको थाहा पाउनु नै शून्यताको ज्ञान हो। यस वस्थाबाट अझै अगाडि बढ्दा विसङ्गतिकै बीच पनि अस्तित्वका लागि लागिपर्नुपर्छ भन्ने ज्ञान हुन्छ। यही अवस्थामा चित्त भविता सक्रियताको उपल्लो स्तरमा पुग्दछ र व्यक्तिले आफू हुनाको अस्मिताबोध गर्दछ। यही अन्तिम अवस्था अर्थात विसङ्ग्तिका बीच पनि अस्तित्वको खोजी नै अस्तित्ववादको मूल प्राप्ति हो। अस्तित्ववादलाई क्रिस्चियन अस्तित्ववाद आस्तिका र निरीश्वरवादी अस्तित्ववाद नास्तिक गरी विभाजन गरिएको पाइन्छ। क्रिस्चियन अस्तित्ववादी किर्केगार्ड, ग्राबियल मार्सल, हुर्सलहरू विसङ्गतिबाट मुक्तिका लागि ईश्वरीय अस्तित्वमा निर्भर रहन्छन् भने निरिश्वरवादी हाइडेगर, सार्त्र, कामुजस्ता प्रसिद्ध दार्शनिक लेखकहरी विसङ्ग्तिबाट मुक्तिका लागि आफैँ निर्णय गर्ने र त्यसको परिणाम सहने कुरामा विश्वास गर्दछन्। वास्तवमा आज अस्तित्ववाद भन्नासाथ निरीश्वरवादी चेतना भन्ने बुझिन्छ। अस्तित्ववादको मूल तत्त्व सत्ता अथवा अस्तित्व हो। मानिस निष्प्रयोजन जन्मेको हो भने त्यही निरुद्धेश्यता नै जीवनको सार्थकता हो। मानिय आफ्नो इच्छाविरुद्ध जन्मन्छ र इच्छाविना नै मर्दछ। यही चरम विसङ्गततिका बीच पनि मान्छेले आफ्नो अस्मिता आफैँ छाम्नुपर्छ, आफ्नो जीवनको अर्थ आफैँ खोज्नुपर्छ। आफ्नो कामद्वारा अस्तित्व प्रमाणित गर्न म छु

अथवा म केही हुँ भन्ने देखाउन जीवनका निर्णय र चुनाव स्वतन्त्र भेर गर्नुपर्छ र त्यसबाट पाइने फल भोग्न आफैँ तयार हुनुपर्दछ। विसङ्गतिबोधबाट आत्मसत्ताको अनुभव गर्न गराउन मानिसले कि विद्रोह गर्नुपर्दछ कि त वरणको स्वतन्त्रता र उत्तरदायित्वका माझ अल्झिनुपर्दछ भन्ने मान्यता यसमा रहेको छ। बाध्यतावश नै भए पनि सक्रिय जीवनको आवश्यकतामाथि जोड दिनु यस वादको मुटु हो।

अस्तित्ववादी प्रसिद्ध उपन्यासहरूमा सार्त्रको THE AGE OF REASION, कामुको THE MYTH OF SISYPHUS, र THE PLAGUE, अर्नेस्ट हेमिङ्वेको OLD MAN AND THE SEA आदि पर्दछन्।

अस्तित्ववादी उपन्यासका मुख्य विशेषताहरू निम्नलिखित छन्-

- मान्छेको मापदण्ड नै मान्छे हो र मान्छे हुनाको अर्थ ऊ अपूर्व, अद्वितीय र अस्तित्वको प्रमुख छ भन्ने कुरामा विश्वास हुनु,
- मान्छेसँग परम्परागत मूल्य वा नैतिकता केही छैन भन्ने मान्यता राख्नु,
- मान्छेले आफ्नो निर्णय आफैँ गर्छ र आत्मसत्ता स्थापनाका लागि उत्तरदायित्व पनि आफैँ लिन्छ भन्ने दृष्टिकोण प्रस्तुत गर्नु,
- मान्छेसँग एक्लोपन, दुश्चिन्ता एवम् मृत्यु सधै साथमा हुन्छन् भन्ने कुराको उद्घाटन गर्नु,
- मान्छे बाँच्नु र स्वततन्त्र हुनु उसको सबैभन्दा ठूलो अभिशाप हो भन्ने अभिव्यक्ति सहायक छैनन् भन्ने अभिप्राय व्यक्त गर्नु,
- जीवन निस्सार, शून्य र निष्प्रयोजनीय भए पनि यहाँ केही गरेरै बाँच्नुपर्छ भन्ने छटपटिन्छ भन्ने ठान्नु,
- उपन्यासमा चरम स्वतन्त्र वा मुक्त पात्रको चित्रण गर्नु,
- पात्रको जीवनका जिजीविषा, उत्साह र क्रियाशीलतामा कमी देखिनु,
- विसङ्गतिको भयावह सन्त्रासका बीच अस्तित्वको निरूद्देश्य प्रस्तुति हुनु,
- व्यक्तिवादी, अन्तर्मुखी र प्रलापको कथ्य वस्तुले प्रधानता पाउनु,
- भाषामा काव्यात्मकता रहनु।

दर्शनको परम्परामा अस्तित्ववाद आधुनिक ठहरिन्छ। आधुनिक यस अर्थमा हो, किनभने युद्धोत्तर कालमा मात्र प्रचारमा आएको अस्तित्ववादी चिन्तन व्याप्ति र प्रभावको दृष्टिले पनि धेरै पछिको ठहरिन्छ। तर परम्परा खोज्दै जाने हो भने त ज्याँ पास्काल, किर्केगार्ड र हाइडेगर मात्र होइनन् ईसाई धर्मगुरुहरू वर्नार्ड र

अगस्टिनसम्म पुगिन्छ। अझ सुकरात र ग्रीक स्टोइकहरूसित पनि यसको इतिहास जोडेर सम्ब्याइन्छ। पूर्वाधारहरूको रूपमा विचार वा सिद्धान्तहरूको यस्तो स्रोत तथा पृष्ठभूमि पहिले नै बीजारोपित भएको पनि हुन सक्छ। र यो नै प्राचीन अथवा परम्परा भेर तिनीहरूले इतिहास बोकेका हुन्छन्। अस्तित्ववाद पनि दर्शनको क्षेत्रमा शताब्दी-शताब्दी पूर्वदेखिका अनियोजित चिन्तनहरूको पछिल्लो र सुसम्बद्ध प्रतिक्रिया हो। यसलाई परम्परागत दार्शनिक तर्क तथा मतवादहरूको विरुद्ध एक विद्रोहको रूपमा लिइन्छ। ईश्वरीय सत्ता मान्ने र नमान्ने दुई थरीका अस्तित्ववादमध्ये पहिलोका प्रमुख प्रस्तोता किर्केगार्ड हुन् भने दोस्रोका ज्याँ पाल सार्त्र। तर ईश्वरीय सत्ता माने पनि व्यक्तिको अस्तित्वको निम्त ऊ स्वयम् उत्तरदायी हुन्छ भन्ने विचारमा एकमत हुनाले दुवैको मतभेद अघि बढ्दैन। मोनियरको भनाइ छ यो विचार वस्तुहरूको अतिचारी दर्शनहरूको विरुद्ध मानव-दर्शनको प्रतिक्रिया हो। यसमा अस्तित्ववाद पूर्णत परिभाषित हुन्छ। सारांशमा टिप्ने हो भने अस्तित्ववाद ईश्वरको अनस्तित्व, मानवीय पीडा, एक्लोपन, निराशा बेहोरेर व्याख्यायित हुन्छ।

अस्तित्ववादमा मनुष्यको सृष्टिलाई निस्प्रयोजनीय सम्झिन्छ। उसको इच्छाबिना नै उसलाई यस निरर्थक र असंयोजित संसारमा आउनुपऱ्यो। यसरी पृथ्वीमा प्रक्षिप्त भएर आएपछि कर्म गर्नु र आफ्नो व्यक्तिगत जीवन अर्थात अस्तित्वलाई नै अर्थ र व्यवस्था दिनु मनुष्यको निजी दायित्व हो। संक्षेपमा भन्ने हो भने जीवनलाई निरुपाय, अथवा निरर्थक मानेर यसलाई महत्ता वा मूल्य प्रदान गर्ने चेष्टा तथा दृष्टिकोण अस्तित्ववादमा संरक्षित छ। आफ्नो विवशता वा पराधीनताको सन्दर्भमा अस्तित्ववादी चिन्तनको केन्द्रबिन्दु मनुष्य नै हुन्छ. जसबाट मुक्ति पाउन ऊ आफैले प्रयत्न गर्नुपर्छ। अर्थात उसको नियति त्यही हो, जसलाई सार्त्रभन्दा पूर्ववर्ती मानेर त्यसको सचेतन सथिति सिद्ध गरिन्छ। सार्त्रले मनुष्यको मौलिक प्रकृतिलाई इङ्गित गर्छ, अस्तित्वले कर्मलाई। सार्त्र भन्छन्- सबभन्दा पहिले मनुष्यको अस्तित्व हुन्छ, उसको आगमन हुन्छ, वतरम हुन्छ त्यसपछि ऊ आफ्नो परिभाषा गर्छ। अस्तित्ववादी मनुष्यको कारण हो शुरु-शुरुमा त्यो केही पनि नहुनु। पछि मात्रै त्यो केही हुन्छ, जे-जस्तो हुनेछ त्यो स्वयम् आफूले बनाएजस्तो हुनेछ। अस्तित्ववादको स्थापनामा युरोपेली पृष्ठभूमिको विशेष महत्ता छ। युद्धकालीन भयावह नरसंहार, आतङ्क र विनाशले संत्रस्त मानव-जीवन यति अर्थहीन र क्षुद्र प्रतीत हुन थाल्यो, जसबाट सम्पूर्ण परम्परागत मूल्यप्रति अनास्था उत्पन्न हुन्छ। विद्रोह गरेर एक नयाँ मूल्य स्थापना गर्न, अर्थ प्रदान गर्ने युवा विचारकहरू आन्दोलित भे, कर्मरत भए। साँच्चि

Notes

भनूँ भने जून विवश्ता र विनाशबाट मानिसमा विरक्ति वा निराशा छायो, यसैले विद्रोह गर्न पनि उनीहरूलाई उचाल्यो। यहाँ अस्तित्ववादीहरूको निराशा, अवसाद पलायनमुखी नभएर तिनीहरूकै उन्मूलनका लागि आन्दोलन गर्ने प्रेरक बन्यो। अस्तित्ववाद वस्तुत दार्शनिक विचार हो तर यस दृष्टिकोणबाट चिन्तनका अरू फाँटहरू अप्रभावित रहेका छैनन्। विश्वका बुद्धिजीवी समाजमा केवल चर्चा-परिचर्चाको विषय नभेर त्य दृष्टिकोणबाटै प्रभावित योचिन्तन एक नवीन धारा र मान्यता स्थापित गर्ने कृति-साहित्यका लागि प्रेरक पनि बन्यो। विगत एकृदुई दशकभित्र नेपाली साहित्यमा पनि त्यसको प्रभाव पर्न थालेको दृष्टिगोचर हुन्छ। नेपालीमा विशेष गरेर कथात्मक विधाभित्र यदाकदा चर्चित र विवरणित भएको पाइन्छ। अस्तित्ववादको सत्ता विचार हुनाले र वैचारिक अभिव्यक्तिको सशक्त माध्यम केवल गद्य नै हुने हुँदा कुनै पनि गाद्यिक विधा यसको उपयुक्त माध्यम हुनसक्छ। यो बाहेक अरू विधा र कलालाई सार्त्रले विचारको संसारमा हैन, अन्य विषय, बिम्ब, रंग, ध्वनिको संसारमा विचरण गर्ने भनेका छन्। सम्पूर्णतया अस्तित्ववादी मुखाकृति विश्लेषित र सुसम्बद्ध हुन नसके पनि त्यसको कतिपय पक्ष प्रतिपादित भेर वर्तमान समसामायिक स्थिति, जीवन तथा मनुष्य मूल्याङ्कित हुन खोजेको छ। विसङ्गतिले भरिएको संसारमा मानिसले अनवरत अस्तित्वको खोजीमा सङ्घर्ष गरिरहेको हुन्छ। जीवनमा स्वतन्त्रताको वकालत गर्ने र आफ्नो निर्णयको परिणाम पनि आफैँ भोग्न तत्पर हुने प्रवृत्ति अस्तित्ववादी उपन्यासमा पिन्छ। नैतिकता, परम्परागत मूल्य एवम् मान्यता नचाहिने कुराहरू हुन् किनभने मानिसका साथमा रहने कुरा त एक्लोपन, दुश्चिन्ता, मृत्यु आदि हुन् भन्ने मान्यता यसमा छ। सामाजिक बन्धनलाई भुलेर आफ्नो मूल्यको संरक्षण गर्नु मानिसको काम हो भन्ने विचारलाई प्रमुख विषयवस्तु बनाएर लेखिएका उपन्यासहरू अस्तित्ववादी हुन्छन्।

## 13.3 विसङ्गतिवाद तथा अस्तित्ववादका सन्दर्भमा भारतेली नेपाली उपन्यास

सन् १९६० पछि नै भारतीय नेपाली उपन्यास विधामा अस्तित्ववादी चिन्तन र कामुको विसङ्गतिवादी धारणा जस्ता आधुनिक विश्वको नयाँ दर्शन र चिन्तनको प्रभाव पारेको पाइन्छन्। वर्तमान जीवनको विसङ्गति संत्रास कुण्ठा, दमित भाव,

बौद्धिक विकृति सबै सबैको प्रभाव र अनुकरणले नेपाली उपन्यासमा मोड र स्वरूप निर्माण भयो।

भारतेली नेपाली उपन्यासका क्षेत्रमा विसङ्गतिवादी धाराको सुरुवात इन्द्रबहादुर राईको आज रमिता छ बाट सुरु भएको मानिन्छ। उनीपछि अरू उपन्यासहरू पनि देखा परेका छन्। नेपालीमा कथ्य र शैली दुवैमा केही मात्रामा विसङ्गतिवादी चेतना प्रकट भएको देखिन्छ। इन्द्रबहादुर राईको आज रमिता छ यस्तो औपन्यासिक कृति हो, जसले कथ्य र शैली दुवैको स्तरमा केही मात्रामा विसङ्गति प्रस्तुत गरेको छ। व्यष्टिचरित्रको अत्यन्त सूक्ष्म अध्ययनमा समाजको स्वरूप देख्ने राईले जीवनका बाटाहरूमा भेटिने यथार्थमा धारित पात्रहरू समावेश गरी यो उपन्यास लेखेका छन्। आयामेली लेखनको वैचारिक धरातल पनि यस उपन्यासमा प्राप्त हुन्छ। आज रमिता छ उपन्यासको लेखन २०१५ सालमा भएको र आयामेली आन्दोलनको आरम्भ २०१८ सालबाट भएको हो भने तटस्थ यथार्थ लेख्ने लोभमा लेखकका कमजोरीहरू पनि टड्कारो देखिएका छन्। जीवनलाई पानीमा बग्ने हरियो पातका रूपमा हेरेर दार्जिलिङको पर्यावरण र समाजको अधिसूक्ष्म विश्लेषणका रूपमा आज रमिता छ उपन्यास देखा परेको छ।

दार्जिलिङको चोकबजारमा चलिरहेको जनक र सीताको जीवनलाई मूल कथा बनाएर लेखिएको यस उपन्यासमा रवि, भूदेव, एम.के. बाबुनी, नाम्ग्येल, यमुना आदि पात्रहरूद्वारा मसिनो सूत्र खडा गरी मूलसँग जोडिएको छ। राजनीति, व्यापार, गरिबी आदि समस्याले सताएका इमान्दार मानिसहरू र षड्यन्त्रकारी, छट्टूहरूको भेलामा केही वर्ष जीवन बाँच्ने खेल खेलाएर उपन्यासमा तमासा प्रदर्शन गराइएको छ। यसमा प्रवासी नेपाली जीवन उद्घाटन गर्ने क्रममा थोरै भे पनि नेपालप्रति मुटु चुँडाउने राष्ट्रभक्ति व्यक्त गरिएको छ भने आंशिक परिवेशका रूपमा नेपाल र प्रमुख रूपमा दार्जिलिङको चित्रण गरिएको छ। भाषाको प्रयोगमा दार्जिलिङ्गे भाषिकालाई स्थान दिइएको छ र कतै लेखकले तटस्थ निरीक्षण भन्दाभन्दै आफ्नो विचारको भारी पनि पाठकलाई बोकाएका छन्। यसमा सङ्गठित कथानकको आयोजना गरिएको छैन भने भएको कथानकका टुक्रालाई पनि सचेत ढङ्गले जोडेर डोरेटो दिन खोजिएको छैन। उपन्यासका खण्डहरू लामो अनुच्छेद विश्रामका रूपमा काट्न लगाइएको छ। आज रमिता छ को विशिष्टता केही मात्रामा विसङ्गतिको स्थापना गर्नामा छ। भत्कोसहरूले भरिपूर्ण जीवन आफूले सोचेजस्तो, भनेजस्तो चल्दैन तर विसङ्गति नै भए पनि लचिलो भएर चलिरहन्छ। यही सङ्गतिहीनताको

अवस्थालाई लेखकले शीर्षकदेखि नै देखाउन सुरु गरेका छन्। अभिधात्मक अर्थमा शीर्षकले भनेझैँ रमिता देखाउन उपन्यास सफल छैन तर यसले विश्रृङ्खलताको प्रतिनिधित्व गरेको छ। उपन्यासको सन्दर्भले आज रमिता छैन भन्ने पुष्टि गर्ने हुँदा यहाँ शीर्षकले विपर्यासमूलक समन्विति स्थापित गरेको छ। यही विपर्यास नै जीवनको व्यङ्ग्यात्मक रमिता हो, उपन्यासको कारुणिक जात्रा हो। संरचना-व्यवस्थालाई तोड्नु उपन्यासको सचेत खालको विसङ्गति हो भने घटनालाई उचित विन्यास नगर्नु लेखकले जानीजानी कृत्रिमताको जालो लगाएको हो तर यसबाट उपन्यासमा कुनै कलात्मक सुन्दरता थपिएको छैन। यस उपन्यासमा पात्रका नाममा पनि विपर्यासमूलक सम्बन्धका आधारमा कार्यवविभाजन गरिएको छ, जसले गर्दा यो कृत्रिम विसङ्गतिको पराकाष्ठा बनेको छ। जनक र सीताको विवाह हुनु, जनकले छोरो पाउन नसक्नु, रवि भावुकतामा हराउनु, भूदेव स्वार्थी र समाजविरोधी हुनु, यमुना उत्ताउली वेश्या भएर हिँड्नु आदि विसङ्गतिले उपन्यासका पात्रका नाम र कामको व्यङ्ग्यमूलक र विपरीत संयोजन भएको देखाउँछ। एम. के. त्यसैले जागरिको खोजी गरिरहेको बेला त्यही चीज प्राप्त हुँदा पनि ऊ आत्महत्या गरेर मर्दछ। जनक र यमुना आफैँ इत्रिँदै हिँडछन्। भाञ्जीलाई बिहे गरेर बीरमानले पुरुषार्थ देखाउँछ। रवि र इशाबेलको प्रेम अकारण टुक्रिन्छ। राजनीतिबाट टाढिएको जनक धारा १४४ तोडेर भाषण गर्न बाध्य गराइँदा पक्डिन्छ। यसरी खेलिने जीवनको खेललाई उपन्यासकारले मदारीले बाँदर नचाएझैँ नचाएर तमासा प्रदर्शन गरिरहेका छन्, उपन्यासको परिसरमा बाँच्नाको निरीहता देखाइरहेका छन्। उपन्यासको समस्यासमाधान लेखकको विसङ्गतिमा निर्धारण भेको छ। के यथार्थ भनेको समस्या मात्र हो समाधान कतै पनि हुँदैन भन्ने प्रश्न उठ्तै जान्छ तर उपन्यास फेरि पनि मानवीय सम्बन्धको विसङ्गतिबाटै उघ्रेको छ। धेरैका सङ्गत-विसङ्गत धारणा, भोगाइ, चरित्र, व्यवहार र चिन्तनको थलो बनेर दार्जिलिङ्गे जीवनले देखाएको त्रासद रमिता उपन्यासमा गम्भीर प्रकृतिले आएको छ। मान्छेहरू यही रमिताप्रदर्शक र दर्शक भएरै रहनाका लागि अभिशप्त भई जन्मेका त होइनन् भन्ने प्रश्नका साथ आजको यस रमिताले अनेकौँ विचारका तरेलीहरू उप्काएको छ। विपरीतता र अनिच्छापूर्ण जिन्दगी जिउन बाध्य मानव यथार्थ यो स्थिति सकार्न सक्तैन तर यसको विरोध पनि गर्न असमर्थ नायक आफूले नचाहेको काममा संलग्न हुनुपर्ने विवशताले मानूँ सदैव बाँधेएको छ, मानूँ सधैँ अभिशप्त छ। यसली भाखा दिने जुन कन्ट्रास छ, उपन्यासमा त्यसलाई गहिरो र गाढा पार्छ शीर्षकको विसङ्गतिले, जसको

निष्कर्षममा पढ्नेहरूले तारतम्य नदेख्न सक्छ। यो तारतम्य नभएको सङ्गति, यो प्रसङ्ग मिल्ने विसङ्गतिमा अनुभव गरिने सत्यलाई क्यै नभनीकन पनि भनिरहने कथनसरि उपन्यासको उक्ति भन्नुपर्छ, अभिव्यक्ति भन्नुपर्छ। आज रमिता छ को सृष्टि-स्थिति मिलाउने क्रममा भएर उपन्यास जीवनजति नै निष्कासित भएको छ। अर्थात उपन्यास आफैँ नमिलेको होइन, नमिलेको त जीवन हो, जो यसको कथ्य हो, त्यसैले नियमित नहुनु नियमको विरोध नभेर वास्तविकता हो। जीवन यसै परिसीमाले तोकेको बाध्यता हो, जनक दृष्टान्त र उसले भोगेको सत्य बाँच्नुको निष्कर्ष। जनकले अनुभव गरेको निचोडबाट यो खालि जनकको यथार्थ नठहरिएर व्यक्तिमा घट्दै आका भोगाइ हो, जसबाट मनुष्य परापूर्वदेखि पीडित छन्, शासित छन्, संचालित छन्। एउटै मात्र उपन्यास आज रमिता छ लेखेर इन्द्रबहादुर राई नेपाली उपन्यासको इतिहासमा आफ्नो छुट्टै स्थान सुरक्षित राख्न सफल भएका छन्। सतही दृष्टिकोणबाट हेर्दा दार्जिलिङको सामाजिक तथा राजनैतिक जीवनको व्याख्याजस्तो लाग्ने यो उपन्यास वास्तवमा पृथ्वीमा मानिसको जीवनगत विसङ्गति, अनिशचितता, अर्थहीनता र सीमाबद्धता तथा यिनलाई छोप्न उसले अप्नाउने दाउपेच, आडम्बर अनि समाजको परम्परागत सत्ताको अजेयता देखी उसले लिने नैराश्य, जुगुप्सा र कुण्ठाको आश्रयको चित्रात्मक प्रस्तुतिमा उभिएको पाइन्छ। कुनै एउटै केन्द्रीय विचारको धुरीमा उभिएर नरहेको यस उपन्यासमा पात्रहरूले स्वाभाविक जीवन पाएका छन् जसले गर्दा प्रत्येक पात्र आ- आफ्नो स्वतन्त्र व्यक्तित्व लिएर उभिन सकेको छ। लेखकको आड र आश्रय नपाइकनै पनि चरित्रप्रधान उपन्यासका जस्तै जीवन्त र स्वतन्त्र व्यक्तित्वपूर्ण पात्रको स्थिति हुनु आज रमिता छ को एउटा विशेष अभप्राप्ति हो। सामान्य कुरामा जीवनको असाधारण गहिराइ र विशेषता देख्नसक्नु उनको प्रतिभाको परिचायक विशेषता हो। उपन्यास जीवनजस्तै अशृङ्खलित र अनिश्चिततापूर्ण तथा सुख दुखात्मक हुँदाहुँदै पनि आफ्नै एउटा समाजतन्त्रमा बाँधिन सफल छ। जीवन र मानव समाजका विविध दृष्टि, पक्ष, रुचि र धारणाको मेला लागेको छ ज रमिता छ भित्र र यसैमा यो अद्वितीय छ।

उपन्यास, कथा, र कविताजस्ता एकाधिक साहित्यविधामा कलम चलाउने असीत राईको लेखकीयता उपन्यास विधाभित्रै अधिक उर्वरतासित प्रकट भएको पिन्छ। त्यो हिमाल यो जीवन देखि नै उपन्यास लेखनमा जुटेका असीत राईका एक दर्जनभन्दा बढी उपन्यासहरू प्रकाशित छन्। सुरुका उपन्यासमा देखिने वैचारिक अलमल, अन्योल र अस्पष्टता पछिका यन्त्रणा र नयाँ क्षितिजको खोज जस्ता उपन्यासमा

आइपुग्दा धेरै सङ्गलिएको र स्पष्ट रूपमा देखिन्छ। विसङ्गतिमूलक एवम् अस्तित्ववादी जीवनदृष्टि बोकेका उनका उपन्यास गहन अध्ययन र दर्शनका भन्दा अधिक सहजग्राह्य भावात्मकता, समकालीन वास्त्वता तथा क्षीण कलेवरका बढी पाइन्छन्। राजनैतिक सचेतता उनका पछिल्ला उपन्यासमा हलुका पाइला चाल्दै भित्रेको देखिन्छ।

पाश्चात्य साहित्य र सिद्धान्त विशेषत अस्तित्ववादी चिन्तनका अध्ययन –सचेतक मत्सेन्द्र प्रधान दार्जिलिङका एक प्रबुद्ध पाठक र लेखक हुन्। प्राय एक डेढ दशकको लेखनपछि सन् १९८४ मा प्रकाशित नीलकण्ठ नेपाली उपन्यास जगतमा आफ्नै विशिष्टता स्थापना गरी देखा परेको छ। जीवन, जीवनगत  अनुभूति र जीवन परिधिभित्र वस्तु स्थितिका प्रत्येक क्षणलाई सूक्ष्म अति सूक्ष्म रूपले विश्लेषण गरेर हेर्न खोजिएको नीलकण्ठ आफ्नै लेखनशिल्प भाषिक चमत्कार, सुन्दर टेकनीकलले एक जीवन्त उपन्याससँगै अस्तित्ववादी उपन्यासको एउटा नमूना मान्न सकिन्छ। मान्छेको मानस धरातललाई खुबै दक्षता र सुन्दरतासंग चित्रित गर्न लेखक सफल छन्।

बाङ्गदेलका सबै उपन्यासका मूल पात्रहरू जीवनमा अनेक समस्या र आपतविपत् बोहोर्दै सङ्घर्षबाट पलायन भेर जीवनलाई निराशामा टुङ्ग्याउँछन्। मुलुकबाहिरका रने र माहिला भजेलजस्ता पात्रहरू जीवनबाट निराश भएर मृत्युतिर उन्मुख भएका छन् भने माइतघरकी सानी हरिबाट आधार नपाएपछि अँधेरी रातमा घरबाट बाहिर निस्केर अनिश्चित भविष्यको यात्रामा लाग्न बाध्य भेकी छ। लङ्गडाको साथीमा लङ्गडाले कुकुर हराएपछि निराशामा आफूलाई डुबाएको छ भने रेम्ब्रान्टमा पनि जीवनका हरेक मोडमा असफलता हात लागेपछि रेम्ब्रान्टको निराशा पराकाष्ठामा पुगेको छ। यथार्थवादका नाममा निराशाको कलपना र त्यसको सहानुभूतिशील जीवनदृष्टिमा आधारित भएर नै बाङ्देलका उपन्यास उभिएका छन्। सामाजिक समस्या र आर्थिक बिडम्बनाको समाधानतिर नलागे यस्तो निरीहताको स्थिति उत्पन्न भई नै रहन्छ भन्ने कुरा उनले यसमा सङ्केत गर्न खोजेको देखिन्छ।

आत्म कथात्मक परिपाटीमा प्रारम्भ र अन्त भएको प्रेम प्रधानका उदासीन रूखहरू उपन्यासको औपन्यासिक संरचना विस्तारणले औपन्यासिक परम्परा र प्रवृत्तिमा देखा परेका यथार्थवादी, अति यथार्थवादी, प्रगतिवादी तथा स्वच्छन्दतावादी जस्ता विकास क्रमका घुम्तीहरु पार गर्दै मनोविश्लेषणात्मक

प्रवृत्ति अन्तर्गत फ्रायडीय मनोविश्लेषण पूर्वाभास र पद्धतिलाई एकातिर अंगालेको देखिन्छ भने, अर्कोतिर दोस्रो विश्वयुद्धपछि खासगरी युरोपका दुईजना साहित्यकार जिनपर्ल सार्त्रे र अल्वेयर कामुका अस्तित्ववादी चिन्तन र जीवन दर्शनका चस्काहरु यदा कदा प्रतिविम्बित भएको पाइन्छ | सुनियोजित घट्ना भन्दा पनि आकस्मिक घट्ना र त्यसको परिणामबाट संचालित मानव जीवन वास्तवमा घट्नै घटनाको अन्तहीन शुरुआत र श्रृङ्खला हो र त्यसबाट उत्पन्न विरोधाभास नै विसंगतिको पर्याय हो भन्ने संकेत उपन्यासको यस पंक्तिमा प्रतिफलन हुन्छ – ‘मलाई लाग्यो म पनि त्यो आकाशमा उड़िरहेको कागजको टुक्रा झैं अनिश्चित दिशाहीन हुँदै गइरहेको छु अनि डाँड़ाको जीर्ण र उदासीन रुखहरु झैं केवल अनिश्चितता निस्सरिता रिक्तता र शून्यता बोकेर उभिरहेको छु |’ --- नेपाली औपन्यासिक विधाले धेरै प्रवृत्ति, मोड़, परम्परा र प्रयोगका घुम्तीहरू नाघिसकेको छ | हाम्रो साहित्यिक संसारमा पाश्चात्य साहित्यको प्रयोग, परम्परा र प्रभावका पूर्वाभासहरु प्रतिविम्बित हुनु सभ्यताका लक्षण हुन्, अझ त्यस्ता प्रवृत्ति र प्रभावलाई हाम्रै सांस्कृतिक परिवेश र परिपाटीमा उतार्न सकिए साहित्य अध्ययन, मनन र चिन्तनका दिशामा थप योगदान हुनेछ | प्रस्तुत उपन्यास यही दिशातर्फको एउटा सत्प्रयास हो |”‘मानवीय र विसङ्गति पक्षहरुलाई सविस्तार चित्रण गर्दै प्रेम प्रधानले भारतीय नेपालीहरुमा आइपरेका समस्याको चित्रण राम्ररी गरेका छन् | ... उदासीन रुखहरुमा पाश्चात्य विद्वानहरुले मानेका उपन्यासको छ :विधामा तत्व – कथावस्तु, पात्र, चरित्र, चित्रण, कथापोकथन, देशकाल, शैली र उद्देश्यहरु सम्पूर्णता मा सन्तोषजनक निर्वाह भएको पाइन्छ | यस उपन्यासमा मान्छेको मानसिक स्थिति, वृत्तिहरु र वैयक्तिक जीवनलाई नजिकबाट हेर्ने, पढ्ने र चिन्तन गरिएका छन् सङ्घर्षशील जीवन बाँच्ने कोशिस उपन्यासभित्र जिउँदो पाइन्छ |’

९०-को दशकदेखि यता सिक्किममा उपन्यास साहित्यको निम्ति उल्लेखनीय पहल भएको छ। मलिलो पृष्ठभूमिमा यहाँ भीम दाहाल, सानु लामा, पारसमणि शम, एम.डी. कार्की जस्ता उपन्यासकारहरूको उदय हुन्छ। समकालीन उपन्यास साहित्यमा उपन्यासकारहरूले विभिन्न दृष्टिकोण राखेका छन् भने भाषा-शैली र प्रयोगधर्मिताको दृष्टिकोणमा यस अवधिमा सिक्किममा लेखिएका उपन्यास नेपाली साहित्यका निम्ति बहूमूल्य कृति पुगेका छन्।

Notes

उत्तराधुनिक औपन्यासिक चेतको विकास सँगसँगै नारीवादी लेखनतर्फ अग्रसर बन्दै उपन्यासमा सामाजिक पृष्ठभूमिका यथार्थ कुराहरू हुबहू उतार्न अनि जीवन्त पात्रहरूको प्रयोग गर्न उपन्यासकारहरू अघि सरेको देखिन्छ। उपन्यासमा खोक्रो प्रेम र आडम्बरी मायालाई पर राखी जीवन भोगाइका क्रममा देखापरेका अनेकौं पाटाहरूलाई उपन्यासकारहरूले इमान्दारितापूर्वक पस्किने कोशिश गरेका छन्। यतिमात्र होइन यस अवधिका उपन्यासमा सिक्किमको वास्तविक सामाजिक पृष्ठभूमिलाई खुल्लम-खुल्ला रूपमा प्रस्तुत गर्न खोजिएको छ। भीम दाहालको उपन्यास द्रोह संरचनात्मक दृष्टिकोणमा अभीष्टको खोज भन्दा भिन्नै रहेको छ। यस उपन्यासमा दाहालले उपन्यासलाई विभिन्न खण्डमा शीर्षक दिएर विभाजन गरेका छन्। यस उपन्यासको विशेषता केमा छ भने उपन्यासकारले पात्रहरूको चयनमा देखाएको चतुरपना। एकातिर उनी सूत्रात्मक रूपमा पात्रहरूको नामाकरण गर्छन् भने अर्कातिर समाजका प्रत्येक कुनाबाट उनले पात्रहरू टिपेका छन्। सिक्किमेली सामाजिक, राजनैतिक परिवेशमा लेखिएको यस उपन्यासमा उपन्यासकारको प्रगतिवादी दृष्टिकोण स्पष्ट देखिन्छ। भाषा-शैलीका दृष्टिकोणमा द्रोहमा आइपुग्दा दाहालको लेखन शैली अझ परिष्कृत र परिमार्जित भएको छ। उनी चरित्र चित्रण गर्नमा आफ्नो छुट्टैपना देखाउँछन् भने समाजको विकृति र विसङ्गतिलाई उनले खुल्ला रूपमा चित्रण गरेका छन्। राजनैतिक परिवेशमा आएको भ्रष्टाचारप्रति उनको तिखो व्यङ्ग्य रहेको छ। यस उपन्यासमा उनले ठाउँ-ठाउँमा असित व्यङ्ग्यको प्रयोग गरेका छन्, जो अघिल्लो उपन्यासमा कम थियो। पात्रहरूको चयन र नामाकरणमा उनले अनौठो प्रयोग गरेका छन्। यस उपन्यासमा जिल्लाराम, विचारलाल, कैंजरबहादुर, एलबीकेसी राई जस्ता पात्रहरूले उपन्यासलाई अर्कै लोकमा पुऱ्याएको छ। यहाँ आइपुग्दा उनी सूत्रात्मक शैलीको पनि प्रयोग गर्न रूचाउँछन्। द्रोहको विशिष्टताकै कारण यस उपन्यासलाई साहित्य अकादमी पुरस्कारका निम्ति चयन गरिएको हो।सन् २००६-मा आएर सिक्किमबाट दुइवटा उपन्यास प्रकाशन भए। पहिलो एम.डी. कार्कीको सिँहासन र दोस्रो पारसमणि शमको लक्ष्यतिर! कार्कीद्वारा लिखित उपन्यास सिँहासनमा सिक्किमको भूत र वर्तमान परिवेशलाई उदाङ्गो पारिएको छ। यस उपन्यासमा वर्णित जनजीवन, घटना र ऐतिहासिक सन्दर्भहरू तथा मिथकीयको समायोजन गर्ने काम भएको छ। इन्द्रकीलको पृष्ठभूमिमा रचिएको यस उपन्यासमा वर्तमान राजनैतिक परिवेशका साथसाथै सिक्किमको ऐतिहासिक पृष्ठभूमिलाई पनि समातेर कथानकलाई अघि बढ़ाउने काम भएकोछ। लोक कथा,

दन्ते कथा र ऐतिहासिक पृष्ठभूमिबाट उपन्यासलाई उठाउंँदै वर्तमानको सामाजिक पृष्ठभूमिमा देखा परेका विविध समस्या, विसङ्गति, विकृति आदिलाई उपन्यासकारले प्रस्तुत गरेका छन्। यो एउटा अतीतदेखि वर्तमानसम्मको यात्रा बोकेको एउटा प्रयोगवादी उपन्यास हो। उपन्यासको ऐतिहासिकतालाई लेखकको काल्पनिक कथावस्तुले ठाउँ-ठाउँमा मधुरो बनाएको भए पनि सिक्किमलाई चिनाउन यसले विशेष भूमिका निर्वाह गरेको छ। साधारण र सरल भाषा शैलीमा लेखिएको यो उपन्यास कुल २१ खण्डमा विभाजित छ।

प्रयोगकालमा आएर भारतेली नेपाली उपन्यास घटनाको जगतबाट हटेर चरित्र तथा तिनका अन्तरजगतमा केन्द्रित हुन पुगेको पाइन्छ। अस्तित्ववादी र विसङ्गतिबोध नै यस युगका उपन्यासका मूलभूत विशेषता रहेका छन्।

यसरी हेर्दा नेपालीमा लेखिएका भारतीय नेपाली विसङ्गतिवादी उपन्यासले बौद्धिकताको अत्यधिक संवरण गरेर राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिवेश एवम् घटनाहरूबाट सिर्जित सन्त्रास र विभीषिका देखाएका छन्। यस्ता उपन्यासमा जीवनमा अभिशप्त पीडाका कवचहरू पहिरेर बाँचिरहेका मानिसका सीमान्त अनुभूतिलाई शैलीको विसङ्गत रङ्गमा घोलेर प्रस्तुत गरिएका झाँकीहरू प्राप्त हुन्छन् भने कतै प्रयासरत तर अप्राप्यतासँग सङ्घर्ष गरिरहेका दीनता प्रकट हुन्छन्।

## 13.4 उपसंहार

जर्मनेली दार्शनिक फ्रेडरिक विल्हेम नित्सेले ईश्वरको मृत्यु घोषणा गरेदेखि विसङ्गतिवादी चेतनाको प्रादुर्भाव भएको मानिन्छ। हेगलका विचारहरूका आधारमा संसारलाई अव्याख्येय र रहस्यमयी बनाएर हेर्ने प्रवृत्ति बढ्दै जाँदा जीवनलाई इन्द्रियको आवेग र व्वेकका बीच भएको द्वन्द्वमा अभिशप्त मान्ने दृष्टिकोणको विकास भयो। जीवन र जगतलाई विसङ्गतिपूर्ण आँखाबाट हेर्दा मान्छेको स्थिति निरीह, असाह्य, लाचार र श्रापित देखिन्छ भन्ने मान्यतालाई अल्बर्ट कामुको कृति LE MYTHE DE SISYPHEUS (1942) मा व्याख्या गरेर विसङ्गतिलाई दार्शनिक र साहित्यिक पक्षमा विस्तार गरिएको हो। विसङ्गतिलाई अङ्ग्रेजीमा ABSURD भनिन्छ। विसङ्गति भनेको निस्सारता वा शून्यता हो। जब आदर्श, आस्था, नैतिकता र मूल्यका सम्पूर्ण आधारहरू नित्सेको ईश्वरको मृत्यु भएको घोषणासँगै ढले, त्यसपछि मान्छेको जीवन निस्सार, असङ्गत तथा शून्य छ भन्ने

बोध पश्चिमेलीहरूलाई भयो। जीवनलाई दिइने कुनै पनि मूल्यको कुनै अर्थ नभएकाले जीवनजगत् पनि व्याख्येय छैन भन्ने कुरा नै विसङ्गतिवादको मर्म हो। विसङ्गतिले संसारलाई ढाकिरहेको छ र यसको नीरसतामा भयावह सन्त्रास छ। मान्छे जन्म र मृत्युका बीच झुन्डिरहेको छ किनभने मृत्यु मानिसका लागि भयानक व्यङ्ग्य र विसङ्गतिको पराकाष्ठा हो। विलियम आई. ओलिभरले यसबारे टिप्पणी गर्दै विसङ्गतिवादले मान्छे र उसले गरेको सिर्जना जहिले पनि व्यर्थ र पूर्ण हुँदाहुँदै पनि हामी कुहिएका चीजको पछि लाग्छौँ भन्ने मान्यता राख्छ भन्ने कुराको व्याख्या गरेका छन्। विसङ्गतिवाद युद्धपछिको पश्चिमेली मानसिकतालाई टिपेर उद्‌बुद्ध भएको दार्शनिक सिद्धान्त भएकाले यसमा परिस्थितिको बढी छाप परेको छ। संसार विसङ्गतिले भरिपूर्ण छ र मान्छेका सम्पूर्ण क्रियाकलापहरू निरर्थक छन्। विसङ्गतिका बीच पनि बाँच्नैपर्ने श्राप पाएको मान्छेले अस्तित्वको खोजी गर्दछ तर त्यसरी खोजी गर्दा पनि शून्य मात्र हात लाग्दछ। मान्छेले पाएँ भनेर मक्ख परेका मूल्य, मान्यता र रूपको पनि कुनै अर्थ हुँदैन। मान्छे जन्मनु र मर्नु नै ठुलो विसङ्गति हो। यिनै विसङ्गतिका कुराहरूली स्वीकार गरेर लेखिएका उपन्यासहरू विसङ्गतिवादी हुन्छन्।२००७ सालको जनआन्दोलन र यसै आन्दोलनको परिणाम स्वरूप देखा परेको साहित्यिक आन्दोलनस“गै नेपाली साहित्यमा एक नया“ सौन्दर्यशास्त्रीय धाराका रूपमा प्रगतिवादी साहित्यिक आन्दोलन देखा प¥यो । नया“द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणका साथ नेपाली समाजका आधार र अधिरचनाहरूलाई केन्द्र भागमा राखेर आफ्ना उपन्यासलाई सामाजिक चिन्तनको महŒवपूर्ण माध्यम ठान्दै सामाजिक विकृति र विसंगतिहरूलाई खोतल्ने काममा उपन्यासकारहरू सक्रिय बन्न थाले । यसरी प्रगतिवादी नेपाली उपन्यास लेखनको प्रारम्भ गर्दै उपन्यासकार हृदयचन्द्रसिंह प्रधानले नेपालको साहित्यिक आन्दोलनको नया“ र विशिष्ट प्रगतिवादी औपन्यासिक धारालाई अगाडि बढाए ।

अस्तित्ववाद विसङ्गतिवादको पृष्ठभूमिमा आएको एउटा दार्शनिक चिन्तन हो। यसलाई अङ्ग्रेजीमा EXISTENTIALISM भनिन्छ। यसका प्रवर्तक डेन्मार्कका दार्शनिक सोरेन किर्केगार्ड हुन्। प्रभाववादी दार्शनिक डिल्थे र ब्रन्टोनोको व्यवहारिक क्रियाशास्त्र बाट प्रभावित एडमन्ड हुर्सलको दृष्टिकोण तथा त्यही प्रभावमा हाइडेगरद्वारा व्यक्त विचार नै अस्तित्ववादको पृष्ठभूमिका रूपमा रहेको छ। साहित्यिक क्षेत्रमा यसको प्रयोग द्वितीय विश्वयुद्धका समयमा गरिएको हो र यसको

श्रेय जाँ पाल सार्त्र र अल्बर्ट कामुलाई जान्छ। सार्त्रको दार्शनिक पुस्तक BEING AND NOTHINGNESS भविता र शून्यताले अस्तित्ववादको व्याख्या गरेको छ। भविता भनेको आफ्नै प्रयासमा केही नयाँपन प्राप्त गर्ने न्तरिक क्षमता र शक्ति हो। भविता जडधर्मी र चेतनधर्मी गरी दुई प्रकारका हुन्छन्। जड भविता विसङ्गतिबोध गर्न सक्षम त हुन्छ तर ऊ निराश, लाचार र निष्क्रिय हुन्छ। यसपछि व्यक्तिमा अस्तित्वशाली बन्ने सामार्थ्य आयो भने ऊ चेतन भविता मानिन्छ। यसबाट भविताले गर्दा नै हामी अस्तित्ववान् छौँ भन्ने कुरा अनुभव गर्न सक्छौँ भन्ने स्पष्ट हुन्छ। भारतेली नेपाली उपन्यासका क्षेत्रमा विसङ्गतिवादी धाराको सुरुवात इन्द्रबहादुर राईको आज रमिता छ बाट सुरु भएको मानिन्छ। उनीपछि अरू उपन्यासहरू पनि देखा परेका छन्। नेपालीमा कथ्य र शैली दुवैमा केही मात्रामा विसङ्गतिवादी चेतना प्रकट भएको देखिन्छ। इन्द्रबहादुर राईको आज रमिता छ यस्तो औपन्यासिक कृति हो, जसले कथ्य र शैली दुवैको स्तरमा केही मात्रामा विसङ्गति प्रस्तुत गरेको छ। व्यष्टिचरित्रको अत्यन्त सूक्ष्म अध्ययनमा समाजको स्वरूप देख्ने राईले जीवनका बाटाहरूमा भेटिने यथार्थमा धारित पात्रहरू समावेश गरी यो उपन्यास लेखेका छन्। आयामेली लेखनको वैचारिक धरातल पनि यस उपन्यासमा प्राप्त हुन्छ। आज रमिता छ उपन्यासको लेखन २०१५ सालमा भएको र आयामेली आन्दोलनको आरम्भ २०१८ सालबाट भएको हो भने तटस्थ यथार्थ लेख्ने लोभमा लेखकका कमजोरीहरू पनि टड्कारो देखिएका छन्। जीवनलाई पानीमा बग्ने हरियो पातका रूपमा हेरेर दार्जिलिङको पर्यावरण र समाजको अधिसूक्ष्म विश्लेषणका रूपमा आज रमिता छ उपन्यास देखा परेको छ। दर्शनको परम्परामा अस्तित्ववाद आधुनिक ठहरिन्छ। आधुनिक यस अर्थमा हो, किनभने युद्धोत्तर कालमा मात्र प्रचारमा आएको अस्तित्ववादी चिन्तन व्याप्ति र प्रभावको दृष्टिले पनि धेरै पछिको ठहरिन्छ। तर परम्परा खोज्दै जाने हो भने त ज्याँ पास्काल, किर्केगार्ड र हाइडेगर मात्र होइनन् ईसाई धर्मगुरुहरू वर्नार्ड र अगस्टिनसम्म पुगिन्छ। अझ सुकरात र ग्रीक स्टोइकहरूसित पनि यसको इतिहास जोडेर सम्ब्याइन्छ। पूर्वाधारहरूको रूपमा विचार वा सिद्धान्तहरूको यस्तो स्रोत तथा पृष्ठभूमि पहिले नै बीजारोपित भएको पनि हुन सक्छ। र यो नै प्राचीन अथवा परम्परा भेर तिनीहरूले इतिहास बोकेका हुन्छन्। अस्तित्ववाद पनि दर्शनको क्षेत्रमा शताब्दी-शताब्दी पूर्वदेखिका अनियोजित चिन्तनहरूको पछिल्लो र सुसम्बद्ध प्रतिक्रिया हो। यसलाई परम्परागत दार्शनिक तर्क तथा मतवादहरूको विरुद्ध एक विद्रोहको रूपमा लिइन्छ। ईश्वरीय सत्ता मान्ने र

नमान्ने दुई थरीका अस्तित्ववादमध्ये पहिलोका प्रमुख प्रस्तोता किर्केगार्ड हुन् भने दोस्रोका ज्याँ पाल सार्त्र। तर ईश्वरीय सत्ता माने पनि व्यक्तिको अस्तित्वको निम्त ऊ स्वयम् उत्तरदायी हुन्छ भन्ने विचारमा एकमत हुनाले दुवैको मतभेद अघि बढ्दैन। मोनियरको भनाइ छ यो विचार वस्तुहरूको अतिचारी दर्शनहरूको विरुद्ध मानव-दर्शनको प्रतिक्रिया हो। यसमा अस्तित्ववाद पूर्णत परिभाषित हुन्छ। सारांशमा टिप्ने हो भने अस्तित्ववाद ईश्वरको अनस्तित्व, मानवीय पीडा, एक्लोपन, निराशा बेहोरेर व्याख्यायित हुन्छ।

अस्तित्ववादमा मनुष्यको सृष्टिलाई निस्प्रयोजनीय सम्झिन्छ। उसको इच्छाबिना नै उसलाई यस निरर्थक र असंयोजित संसारमा आउनुपऱ्यो। यसरी पृथ्वीमा प्रक्षिप्त भएर आएपछि कर्म गर्नु र आफ्नो व्यक्तिगत जीवन अर्थात अस्तित्वलाई नै अर्थ र व्यवस्था दिनु मनुष्यको निजी दायित्व हो। संक्षेपमा भन्ने हो भने जीवनलाई निरुपाय, अथवा निरर्थक मानेर यसलाई महत्ता वा मूल्य प्रदान गर्ने चेष्टा तथा दृष्टिकोण अस्तित्ववादमा संरक्षित छ। आफ्नो विवशता वा पराधीनताको सन्दर्भमा अस्तित्ववादी चिन्तनको केन्द्रबिन्दु मनुष्य नै हुन्छ. जसबाट मुक्ति पाउन ऊ आफैले प्रयत्न गर्नुपर्छ। अर्थात उसको नियति त्यही हो, जसलाई सार्त्रभन्दा पूर्ववर्ती मानेर त्यसको सचेतन सथिति सिद्ध गरिन्छ। सार्त्रले मनुष्यको मौलिक प्रकृतिलाई इङ्गित गर्छ, अस्तित्वले कर्मलाई। सार्त्र भन्छन्- सबभन्दा पहिले मनुष्यको अस्तित्व हुन्छ, उसको आगमन हुन्छ, वतरम हुन्छ त्यसपछि ऊ आफ्नो परिभाषा गर्छ। अस्तित्ववादी मनुष्यको कारण हो शुरु-शुरुमा त्यो केही पनि नहुनु। पछि मात्रै त्यो केही हुन्छ, जे-जस्तो हुनेछ त्यो स्वयम् आफूले बनाएजस्तो हुनेछ। अस्तित्ववादको स्थापनामा युरोपेली पृष्ठभूमिको विशेष महत्ता छ। युद्धकालीन भयावह नरसंहार, आतङ्क र विनाशले संत्रस्त मानव-जीवन यति अर्थहीन र क्षुद्र प्रतीत हुन थाल्यो, जसबाट सम्पूर्ण परम्परागत मूल्यप्रति अनास्था उत्पन्न हुन्छ। विद्रोह गरेर एक नयाँ मूल्य स्थापना गर्न, अर्थ प्रदान गर्ने युवा विचारकहरू आन्दोलित भे, कर्मरत भए। साँच्चि भनूँ भने जून विवश्ता र विनाशबाट मानिसमा विरक्ति वा निराशा छायो, यसैले विद्रोह गर्न पनि उनीहरूलाई उचाल्यो। यहाँ अस्तित्ववादीहरूको निराशा, अवसाद पलायनमुखी नभएर तिनीहरूकै उन्मूलनका लागि आन्दोलन गर्ने प्रेरक बन्यो। अस्तित्ववाद वस्तुत दार्शनिक विचार हो तर यस दृष्टिकोणबाट चिन्तनका अरू फाँटहरू अप्रभावित रहेका छैनन्। विश्वका बुद्धिजीवी समाजमा केवल चर्चा-परिचर्चाको विषय नभेर त्य दृष्टिकोणबाटै प्रभावित योचिन्तन एक नवीन धारा र

मान्यता स्थापित गर्ने कृति-साहित्यका लागि प्रेरक पनि बन्यो। विगत एकदुई दशकभित्र नेपाली साहित्यमा पनि त्यसको प्रभाव पर्न थालेको दृष्टिगोचर हुन्छ। नेपालीमा विशेष गरेर कथात्मक विधाभित्र यदाकदा चर्चित र विवरणित भएको पाइन्छ। अस्तित्ववादको सत्ता विचार हुनाले र वैचारिक अभिव्यक्तिको सशक्त माध्यम केवल गद्य नै हुने हुँदा कुनै पनि गाद्यिक विधा यसको उपयुक्त माध्यम हुनसक्छ। यो बाहेक अरू विधा र कलालाई सार्त्रले विचारको संसारमा हैन, अन्य विषय, बिम्ब,  रंग, ध्वनिको संसारमा विचरण गर्ने भनेका छन्। सम्पूर्णतया अस्तित्ववादी मुखाकृति विश्लेषित र सुसम्बद्ध हुन नसके पनि त्यसको कतिपय पक्ष प्रतिपादित भेर वर्तमान समसामायिक स्थिति, जीवन तथा मनुष्य मूल्याङ्किकत हुन खोजेको छ।। विसङ्गतिले भरिएको संसारमा मानिसले अनवरत अस्तित्वको खोजीमा सङ्घर्ष गरिरहेको हुन्छ। जीवनमा स्वतन्त्रताको वकालत गर्ने र आफ्नो निर्णयको परिणाम पनि आफैँ भोग्न तत्पर हुने प्रवृत्ति अस्तित्ववादी उपन्यासमा पिन्छ। नैतिकता, परम्परागत मूल्य एवम् मान्यता नचाहिने कुराहरू हुन् किनभने मानिसका साथमा रहने कुरा त एक्लोपन, दुश्चिन्ता, मृत्यु आदि हुन् भन्ने मान्यता यसमा छ। सामाजिक बन्धनलाई भुलेर आफ्नो मूल्यको संरक्षण गर्नु मानिसको काम हो भन्ने विचारलाई प्रमुख विषयवस्तु बनाएर लेखिएका उपन्यासहरू अस्तित्ववादी हुन्छन्।

दार्जिलिङको चोकबजारमा चलिरहेको जनक र सीताको जीवनलाई मूल कथा बनाएर लेखिएको यस उपन्यासमा रवि, भूदेव, एम.के. बाबुनी, नाम्ग्येल, यमुना आदि पात्रहरूद्वारा मसिनो सूत्र खडा गरी मूलसँग जोडिएको छ। राजनीति, व्यापार, गरिबी आदि समस्याले सताएका इमान्दार मानिसहरू र षड्यन्त्रकारी, छट्टूहरूको भेलामा केही वर्ष जीवन बाँच्ने खेल खेलाएर उपन्यासमा तमासा प्रदर्शन गराइएको छ। यसमा प्रवासी नेपाली जीवन उद्घाटन गर्ने क्रममा थोरै भे पनि नेपालप्रति मुटु चुँडाउने राष्ट्रभक्ति व्यक्त गरिएको छ भने आंशिक परिवेशका रूपमा नेपाल र प्रमुख रूपमा दार्जिलिङको चित्रण गरिएको छ। भाषाको प्रयोगमा दार्जिलिङ्गे भाषिकालाई स्थान दिइएको छ र कतै लेखकले तटस्थ निरीक्षण भन्दाभन्दै आफ्नो विचारको भारी पनि पाठकलाई बोकाएका छन्। यसमा सङ्गठित कथानकको आयोजना गरिएको छैन भने भएको कथानकका टुक्रालाई पनि सचेत ढङ्गले जोडेर डोरेटो दिन खोजिएको छैन। उपन्यासका खण्डहरू लामो अनुच्छेद विश्रामका रूपमा काट्न लगाइएको छ। आज रमिता छ को विशिष्टता केही मात्रामा विसङ्गतिको

स्थापना गर्नामा छ। भत्कोसहरूले भरिपूर्ण जीवन आफूले सोचेजस्तो, भनेजस्तो चल्दैन तर विसङ्गति नै भए पनि लचिलो भएर चलिरहन्छ। यही सङ्गतिहीनताको अवस्थालाई लेखकले शीर्षकदेखि नै देखाउन सुरु गरेका छन्। अभिधात्मक अर्थमा शीर्षकले भनेझैँ रमिता देखाउन उपन्यास सफल छैन तर यसले विश्रृङ्खलताको प्रतिनिधित्व गरेको छ। उपन्यासको सन्दर्भले आज रमिता छैन भन्ने पुष्टि गर्ने हुँदा यहाँ शीर्षकले विपर्यासमूलक समन्विति स्थापित गरेको छ। यही विपर्यास नै जीवनको व्यङ्ग्यात्मक रमिता हो, उपन्यासको कारुणिक जात्रा हो। संरचना-व्यवस्थालाई तोड्नु उपन्यासको सचेत खालको विसङ्गति हो भने घटनालाई उचित विन्यास नगर्नु लेखकले जानीजानी कृत्रिमताको जालो लगाएको हो तर यसबाट उपन्यासमा कुनै कलात्मक सुन्दरता थपिएको छैन। यस उपन्यासमा पात्रका नाममा पनि विपर्यासमूलक सम्बन्धका आधारमा कार्यवविभाजन गरिएको छ, जसले गर्दा यो कृत्रिम विसङ्गतिको पराकाष्ठा बनेको छ। जनक र सीताको विवाह हुनु, जनकले छोरो पाउन नसक्नु, रवि भावुकतामा हराउनु, भूदेव स्वार्थी र समाजविरोधी हुनु, यमुना उत्ताउली वेश्या भएर हिँड्नु आदि विसङ्गतिले उपन्यासका पात्रका नाम र कामको व्यङ्ग्यमूलक र विपरीत संयोजन भएको देखाउँछ। एम. के. त्यसैले जागरिको खोजी गरिरहेको बेला त्यही चीज प्राप्त हुँदा पनि ऊ आत्महत्या गरेर मर्दछ। जनक र यमुना आफैँ इत्रिँदै हिँडछन्। भाञ्जीलाई बिहे गरेर बीरमानले पुरुषार्थ देखाउँछ। रवि र इशाबेलको प्रेम अकारण टुक्रिन्छ। राजनीतिबाट टाढिएको जनक धारा १४४ तोडेर भाषण गर्न बाध्य गराइँदा पक्डिन्छ। यसरी खेलिने जीवनको खेललाई उपन्यासकारले मदारीले बाँदर नचाएझैँ नचाएर तमासा प्रदर्शन गरिरहेका छन्, उपन्यासको परिसरमा बाँच्नाको निरीहता देखाइरहेका छन्। उपन्यासको समस्यासमाधान लेखकको विसङ्गतिमा निर्धारण भेको छ। के यथार्थ भनेको समस्या मात्र हो समाधान कतै पनि हुँदैन भन्ने प्रश्न उठ्तै जान्छ तर उपन्यास फेरि पनि मानवीय सम्बन्धको विसङ्गतिबाटै उघ्रेको छ। धेरैका सङ्गत-विसङ्गत धारणा, भोगाइ, चरित्र, व्यवहार र चिन्तनको थलो बनेर दार्जिलिङ्गे जीवनले देखाएको त्रासद रमिता उपन्यासमा गम्भीर प्रकृतिले आएको छ। मान्छेहरू यही रमिताप्रदर्शक र दर्शक भएरै रहनाका लागि अभिशप्त भई जन्मेका त होइनन् भन्ने प्रश्नका साथ आजको यस रमिताले अनेकौँ विचारका तरेलीहरू उप्काएको छ। उपन्यास, कथा, र कविताजस्ता एकाधिक साहित्यविधामा कलम चलाउने असीत राईको लेखकीयता उपन्यास विधाभित्रै अधिक उर्वरतासित प्रकट भएको पिन्छ। त्यो हिमाल यो जीवन

देखि नै उपन्यास लेखनमा जुटेका असीत राईका एक दर्जनभन्दा बढी उपन्यासहरू प्रकाशित छन्। सुरुका उपन्यासमा देखिने वैचारिक अलमल, अन्योल र अस्पष्टता पछिका यन्त्रणा र नयाँ क्षितिजको खोज जस्ता उपन्यासमा आइपुग्दा धेरै सङ्गलिएको र स्पष्ट रूपमा देखिन्छ। विसङ्गतिमूलक एवम् अस्तित्ववादी जीवनदृष्टि बोकेका उनका उपन्यास गहन अध्ययन र दर्शनका भन्दा अधिक सहजग्राह्य भावात्मकता, समकालीन वास्त्वता तथा क्षीण कलेवरका बढी पाइन्छन्। राजनैतिक सचेतता उनका पछिल्ला उपन्यासमा हलुका पाइला चाल्दै भित्रेको देखिन्छ।

पाश्चात्य साहित्य र सिद्धान्त विशेषत अस्तित्ववादी चिन्तनका अध्ययन –सचेतक मत्सेन्द्र प्रधान दार्जिलिङका एक प्रबुद्ध पाठक र लेखक हुन्। प्राय एक डेढ दशकको लेखनपछि सन् १९८४ मा प्रकाशित नीलकण्ठ नेपाली उपन्यास जगतमा आफ्नै विशिष्टता स्थापना गरी देखा परेको छ। जीवन, जीवनगत अनुभूति र जीवन परिधिभित्र वस्तु स्थितिका प्रत्येक क्षणलाई सूक्ष्म अति सूक्ष्म रूपले विश्लेषण गरेर हेर्न खोजिएको नीलकण्ठ आफ्नै लेखनशिल्प भाषिक चमत्कार, सुन्दर टेकनीकलले एक जीवन्त उपन्याससँगै अस्तित्ववादी उपन्यासको एउटा नमूना मान्न सकिन्छ। मान्छेको मानस धरातललाई खुबै दक्षता र सुन्दरतासंग चित्रित गर्न लेखक सफल छन्।

बाङ्गदेलका सबै उपन्यासका मूल पात्रहरू जीवनमा अनेक समस्या र आपतविपत् बोहोर्दै सङ्घर्षबाट पलायन भेर जीवनलाई निराशामा टुङ्ग्याउँछन्। मुलुकबाहिरका रने र माहिला भजेलजस्ता पात्रहरू जीवनबाट निराश भएर मृत्युतिर उन्मुख भएका छन् भने माइतघरकी सानी हरिबाट आधार नपाएपछि अँधेरी रातमा घरबाट बाहिर निस्केर अनिश्चित भविष्यको यात्रामा लाग्न बाध्य भेकी छ। लङ्गडाको साथीमा लङ्गडाले कुकुर हराएपछि निराशामा आफूलाई डुबाएको छ भने रेम्ब्रान्टमा पनि जीवनका हरेक मोडमा असफलता हात लागेपछि रेम्ब्रान्टको निराशा पराकाष्ठामा पुगेको छ। यथार्थवादका नाममा निराशाको कलपना र त्यसको सहानुभूतिशील जीवनदृष्टिमा आधारित भएर नै बाङ्देलका उपन्यास उभिएका छन्। सामाजिक समस्या र आर्थिक बिडम्बनाको समाधानतिर नलागे यस्तो निरीहताको स्थिति उत्पन्न भई नै रहन्छ भन्ने कुरा उनले यसमा सङ्केत गर्न खोजेको देखिन्छ।

आत्म कथात्मक परिपाटीमा प्रारम्भ र अन्त भएको प्रेम प्रधानका उदासीन रूखहरू उपन्यासको औपन्यासिक संरचना विस्तारणले औपन्यासिक परम्परा र प्रवृत्तिमा देखा परेका यथार्थवादी, अति यथार्थवादी, प्रगतिवादी तथा स्वच्छन्दतावादी जस्ता विकास क्रमका घुम्तीहरु पार गर्दै मनोविश्लेषणात्मक प्रवृत्ति अन्तर्गत फ्रायडीय मनोविश्लेषण पूर्वाभास र पद्धतिलाई एकातिर अंगालेको देखिन्छ भने, अर्कोतिर दोस्रो विश्वयुद्धपछि खासगरी युरोपका दुईजना साहित्यकार जिनपर्ल सार्त्रे र अल्वेयर कामुका अस्तित्ववादी चिन्तन र जीवन दर्शनका चस्काहरु यदा कदा प्रतिविम्बित भएको पाइन्छ | सुनियोजित घट्ना भन्दा पनि आकस्मिक घट्ना र त्यसको परिणामबाट संचालित मानव जीवन वास्तवमा घट्नै घटनाको अन्तहीन शुरुआत र श्रृङ्खला हो र त्यसबाट उत्पन्न विरोधाभास नै विसंगतिको पर्याय हो भन्ने संकेत उपन्यासको यस पंक्तिमा प्रतिफलन हुन्छ – 'मलाई लाग्यो म पनि त्यो आकाशमा उड़िरहेको कागजको टुक्रा झैं अनिश्चित दिशाहीन हुँदै गइरहेको छु अनि डाँड़ाको जीर्ण र उदासीन रुखहरु झैं केवल अनिश्चितता निस्सरिता रिक्तता र शून्यता बोकेर उभिरहेको छु |' --- नेपाली औपन्यासिक विधाले धेरै प्रवृत्ति, मोड़, परम्परा र प्रयोगका घुम्तीहरू नाघिसकेको छ | हाम्रो साहित्यिक संसारमा पाश्चात्य साहित्यको प्रयोग, परम्परा र प्रभावका पूर्वाभासहरु प्रतिविम्बित हुनु सभ्यताका लक्षण हुन्, अझ त्यस्ता प्रवृत्ति र प्रभावलाई हाम्रै सांस्कृतिक परिवेश र परिपाटीमा उतार्न सकिए साहित्य अध्ययन, मनन र चिन्तनका दिशामा थप योगदान हुनेछ | प्रस्तुत उपन्यास यही दिशातर्फको एउटा सत्प्रयास हो |"'मानवीय र विसङ्गति पक्षहरुलाई सविस्तार चित्रण गर्दै प्रेम प्रधानले भारतीय नेपालीहरुमा आइपरेका समस्याको चित्रण राम्ररी गरेका छन् | ... उदासीन रुखहरुमा पाश्चात्य विद्वानहरुले मानेका उपन्यासको छ : विधामा तत्व – कथावस्तु, पात्र, चरित्र, चित्रण, कथापोकथन, देशकाल, शैली र उद्देश्यहरु सम्पूर्णता मा सन्तोषजनक निर्वाह भएको पाइन्छ | यस उपन्यासमा मान्छेको मानसिक स्थिति, वृत्तिहरु र वैयक्तिक जीवनलाई नजिकबाट हेर्ने, पढ्ने र चिन्तन गरिएका छन् सङ्घर्षशील जीवन बाँच्ने कोशिस उपन्यासभित्र जिउँदो पाइन्छ |' प्रयोगकालमा आएर भारतेली नेपाली उपन्यास घटनाको जगतबाट हटेर चरित्र तथा तिनका अन्तरजगतमा केन्द्रित हुन पुगेको पाइन्छ। अस्तित्ववादी र विसङ्गतिबोध नै

यस युगका उपन्यासका मूलभूत विशेषता रहेका छन्। यसरी हेर्दा नेपालीमा लेखिएका भारतीय नेपाली विसङ्गतिवादी उपन्यासले बौद्धिकताको अत्यधिक संवरण गरेर राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिवेश एवम् घटनाहरूबाट सिर्जित सन्त्रास र विभीषिका देखाएका छन्। यस्ता उपन्यासमा जीवनमा अभिशप्त पीडाका कवचहरू पहिरेर बाँचिरहेका मानिसका सीमान्त अनुभूतिलाई शैलीको विसङ्गत रङ्गमा घोलेर प्रस्तुत गरिएका झाँकीहरू प्राप्त हुन्छन् भने कतै प्रयासरत तर अप्राप्यतासँग सङ्घर्ष गरिरहेका दीनता प्रकट हुन्छन्।

## 13.5 सार

- विसङ्गति भनेको निस्सारता वा शून्यता हो।
- मान्छे जन्मनु र मर्नु नै ठुलो विसङ्गति हो। यिनै विसङ्गतिका कुराहरूलाई स्वीकार गरेर लेखिएका उपन्यासहरू विसङ्गतिवादी हुन्छन्।
- अस्तित्ववाद विसङ्गतिवादको पृष्ठभूमिमा आएको एउटा दार्शनिक चिन्तन हो।
- भारतेली नेपाली उपन्यासका क्षेत्रमा विसङ्गतिवादी धाराको सुरुवात इन्द्रबहादुर राईको आज रमिता छ बाट सुरु भएको मानिन्छ।
- पाश्चात्य साहित्य र सिद्धान्त विशेषत अस्तित्ववादी चिन्तनका अध्ययन – सचेतक मत्सेन्द्र प्रधान दार्जिलिङका एक प्रबुद्ध पाठक र लेखक हुन्। प्राय एक डेढ दशकको लेखनपछि सन् १९८४ मा प्रकाशित नीलकण्ठ नेपाली उपन्यास जगतमा आफ्नै विशिष्टता स्थापना गरी देखा परेको छ।
- प्रयोगकालमा आएर भारतेली नेपाली उपन्यास घटनाको जगतबाट हटेर चरित्र तथा तिनका अन्तरजगतमा केन्द्रित हुन पुगेको पाइन्छ। अस्तित्ववादी र विसङ्गतिबोध नै यस युगका उपन्यासका मूलभूत विशेषता रहेका छन्।

## 13.6 अनुशीलनी

- विसङ्गतिवाद तथा अस्तित्ववादी धाराका विशेषताबारे अध्ययन गर्नुहोस्।
- विसङ्गतिवाद तथा अस्तित्ववादीका सन्दर्भमा भारतेली नेपाली उपन्यासको अध्ययन।
- विसङ्गतिवादी र अस्तित्ववादी उपन्यासकारहरूको चर्चा

## 13.7 अतिरिक्त अध्ययन

घनश्याम नेपाल- नेपाली साहित्यको परिचयात्मक इतिहास

कृष्णचन्द्रसिंह प्रधान- नेपाली उपन्यास र उपन्यासकार

कृष्णहरि बराल, नेत्र एटम- उपन्यास सिद्धान्त र नेपाली उपन्यास

इन्द्रबहादुर राई- नेपाली उपन्यासका आधारहरू

असीत राई- भारतीय नेपाली साहित्यको इतिहास

डा. राजकुमारी दाहाल- नेपाली आञ्चलिक उपन्यास

## 13.8 मूल्यवृद्धिको निम्ति उत्तर

**तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस--**

**1.** विसङ्गतिवादीको परिचय

____________________________________________

____________________________________________

(अङ्क **1.** को मूल्यवृद्धिको निम्ति विद्यार्थीहरूले **13.2** को खण्डमा उत्तर खोज्न सक्नेछन्।)

**2.** विसङ्गतिवादी र अस्तित्ववादी धारा

____________________________________________

____________________________________________

(अङ्क 3. को मूल्यवृद्धिको निम्ति विद्यार्थीहरूले 13.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्।)

**3.** विसङ्गतिवादी तथा अस्तित्ववादीका सन्दर्भमा भारतेली नेपाली उपन्यासमा

____________________________________________

____________________________________________

(अङ्क 2. को मूल्यवृद्धिको निम्ति विद्यार्थीहरूले 13.3 को खण्डमा उत्तर खोज्न सक्नेछन्।)

# एकाइ 14 भारतेली नेपाली उपन्यासमा ऐतिहासिक सन्दर्भ र राजनैतिक परिप्रेक्ष्य

**संरचना**

14.0 उद्देश्य

14.1 परिचय

14.2 भारतेली नेपाली उपन्यासमा ऐतिहासिक सन्दर्भ र राजनैतिक परिप्रेक्ष्य

14.3 उपसंहार

14.4 सार

14.5 अनुशीलनी

14.6 अतिरिक्त अध्ययन

14.7 मूल्यवृद्धिको निम्ति उत्तर

## 14.0 उद्देश्य

उपन्यासको वर्गीकरण विभिन्न आधारमा गरिन्छ। उपन्यासको वर्गीकरण अन्तर्गत ऐतिहासिक उपन्यास र राजनीतिक उपन्यास पनि पर्दछ। ऐतिहासिक र राजनीतिक उपन्यासका विषयवस्तुका रूपमा पनि राख्न सकिन्छ। ऐतिहासिक र राजनीतिक विषयबारे जानकारी गराउँदै भारतेली नेपाली उपन्यासमा विषयवस्तु ऐतिहासिक सन्दर्भ र राजनैतिक परिप्रेक्ष्यबारे अध्ययन गर्नु नै प्रस्तुत एकाइको उद्देश्य रहेको देखिन्छ।

## 14.1 परिचय

